२२ औं वार्षिकोत्सव
यात्रा २३ वर्षको

गन्तव्य




मध्यान्ह

२१ माघ २०८१, सोमबार | 3 February 2025, Monday

# देश हिँड्नुपर्ने बाटो



■ मदनकुमार श्रेष्ठ

> दोहोरो अंकमा आर्थिक वृद्धि दर संभव हुनेगरी सरकारको नीति तथा कार्यक्रम बन्न अत्यन्तै जरुरी छ । रोजगारीको विस्तार, उत्पादनमा वृद्धि, भौतिक संरचना निर्माणमा फड्को र सामाजिक न्यायको सशक्त आधार तयार पार्नेगरी मुलुक अगाडि बढ्नुपर्छ

संसदीय अभ्यासको लगभग घोषित प्रचलन हो- प्रतिनिधिसभाको पहिलो र दोस्रो राजनीतिक शक्ति मिलेर सरकार नबनाउने । अझ संविधानको सर्वोच्चता रहने मुलुकमा २ प्रमुख शक्ति मिलेर सरकार बनाउँदा राज्यको शक्ति सन्तुलन नै बिग्रन पुग्छ ।

त्यसैले संसदीय अभ्यासमा पहिलो र दोस्रोमध्ये एउटा राजनीतिक शक्तिले सरकारको नेतृत्व गर्ने अनि अर्को प्रतिपक्षमा बस्ने अभ्यास गरिन्छ । प्रमुख प्रतिपक्षलाई 'वेटिङ गभर्मेन्ट' भनिनुको अर्थ पनि राज्य शक्ति सन्तुलनकै कुरा हो ।

यदि संविधानको सीमारेखा र जनताको भावनाविपरीत सरकार चल्न थाल्यो भने मुलुकलाई नयाँ सरकार दिनुपर्ने हुन्छ, त्यस्तो कार्यको नेतृत्व प्रमुख प्रतिपक्षीले गर्ने गर्छन् । तर, बाह्य संसारमा प्रचलित संसदीय भावनाविपरीत हामीकहाँ भने नेपाली कांग्रेस-नेकपा एमाले गठबन्धनको सरकार चलिरहेको छ ।

संसद्को सबैभन्दा ठूलो दल कांग्रेसको समर्थनमा दोस्रो दल एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छन् । प्रधानमन्त्री ओलीलाई अरू साना शक्ति गरी ७ दलको समर्थन छ । अर्थात्, संसदीय गणितका हिसाबले पनि वर्तमान सरकार बलियो छ ।

कांग्रेस-एमाले मिल्नुपर्ने तर्कमा भने नेताहरूले ७ बुँदे आधार सार्वजनिक गरेका छन् । उक्त ७ बुँदेबमोजिम वर्तमान सरकारका मुख्य २ दायित्व छन्- संविधान संशोधन र देशलाई असफल हुनबाट रोक्ने ।

तर, सरकारले ६ महिने अवधि पार गरिसक्दा ७ बुँदेका दुवै काम अगाडि बढ्न सकेका छैनन् । उल्टै, एमालेको आन्तरिक बैठकमा प्रधानमन्त्री ओलीले संविधान संशोधन २०८७ सालमा मात्र हुने अभिव्यक्ति दिएर आलोचनामा परेका छन् । त्यस्तो अभिव्यक्ति खण्डित हुनेगरी ठोस पहलकदमी लिइएको देखिँदैन ।

देशलाई असफल हुनबाट रोक्न कांग्रेस र एमाले मिल्नुपरेको निष्कर्ष निकालेका नेताहरूले सरकार बनेपछि केके काम भयो भन्ने विश्वासिलो तथ्यांक प्रस्तुत गर्न सकिरहेका छैनन् । स-साना स्वघोषित लक्ष्य पूरा भएको जिकिर प्रधानमन्त्री र सत्तारूढ नेताहरूले गरिरहेका छन् ।

देश हिँड्नुपर्ने बाटो र पुग्नुपर्ने गन्तव्य भने प्रस्ट छ- समाजवादी राज्य प्रणाली स्थापना । संविधानले देशको मार्गदर्शन गर्ने भएकाले हाम्रो गन्तव्य समाजवादी अर्थ-राजनीतिक प्रणाली स्थापना नै हो । त्यसका निम्ति अल्पकालीन र दीर्घकालीन योजनासहित राज्य संचालन हुनुपर्ने हुन्छ । तर, देशलाई दिनुपर्ने समाजवाद उन्मुख दिशा दिन हाम्रा नेतृत्व चुकिरहेका छन् । अनि, परम्परागत संसदीय कौशलमार्फत सत्ता हत्याउने भुमरीमै नेतृत्व अल्मलिरहेको प्रस्ट देखिन्छ ।

## ■ विधिको शासन

सरकारले प्रत्याभूत गर्नुपर्ने पहिलो दायित्व विधिको शासन नै हो, जसमा नेताहरूले एकपछि अर्को गल्ती गरिरहेका छन् । संसदीय अभ्यासलाई बेवास्ता गर्दै गठित सरकारले संविधान संशोधनको औचित्यबारे गरेको तर्क आफैंमा चित्तबुझ्दो छैन । जनताको माग नभएर २ ठूला दलका सीमित नेताहरूको चाहनाबमोजिम साना र क्षेत्रीय शक्तिहरू सिध्याउनेगरी संविधान संशोधन गर्न खोजिँदै छ । यदि अहिले गरिएको तर्कअनुसार संविधान संशोधन गरियो भने संविधानकै स्वीकारोक्ति कमजोर हुने छ ।

अनि, निश्चित नेतालाई लाग्नासाथ असहमतिकै बाबजुद संविधान संशोधन गर्नेतिर लाग्ने हो भने जनतामा निहीत सार्वभौम सत्ता कमजोर रहेको सन्देश जाने छ । त्यो भनेको उल्टो यात्रा हो । मुलुकलाई २०४७ सालतिर फर्काउनु हो किनकि २०४७ सालको संविधानले देशको सार्वभौमसत्ता राजा र राजपरिवारमा निहीत गरेको थियो । राजाको मनलाग्दी देश चल्ने गर्थ्यो । संविधान र जनताभन्दा माथि हुन्थे राजा ।

तर, २०६३ सालको जनक्रान्तिपश्चात् जनताका प्रतिनिधिहरू सामेल संविधानसभाबाट २०७२ सालमा जारी संविधानले देशको सार्वभौमसत्ता नेपाली जनतामा निहीत गरेको छ । संविधानका आँखामा सबै बराबर छन् र संविधानभन्दा माथि कोही छैनन् । संविधानभित्रै रहेर समाजवाद उन्मुख राज्य प्रणाली स्थापना गरिने प्रस्तावना संविधानमै छ । त्यसैले हाम्रा नेतृत्वबाट निश्चित गरिनुपर्ने मूल काम नै संविधानको सम्मान हो, विधिको शासन हो ।

कार्यकारी, व्यवस्थापिका र न्यायालय विधिबमोजिम चलिरहेका अनुभूति जनतामा हुनुपर्छ । सरकारका निर्णयहरू पारदर्शी र प्रक्रियासम्मत हुनुपर्छ । व्यवस्थापिकाले हमेसा संवैधानिक लक्ष्य र जनताको भावनालाई सम्बोधन गर्न सक्नुपर्छ । न्यायालयको निष्पक्षतामाथि प्रश्न उठ्ने बाँकी ठाउँ नरहेको राम्रो हो ।

प्रचलित कानुन, नजिर र तथ्यहरूका आधारमा निष्पक्ष न्याय निरूपण गरिनुपर्छ । तर, विडम्बना ! कार्यपालिका र व्यवस्थापिकाजत्तिकै विवादमा न्यायालय पनि परिररहेको छ । हरेकजसो फैसलामा राजनीतीकरण भएको टिप्पणी हुन थालेको छ । न्यायाधीश नियुक्ति प्रक्रियामै खुलेआम राजनीतिक भागबन्डा चलिरहेको छ । न्यायालयमा देखिने यो उदाहरणले हाम्रो लोकतन्त्र कमजोर बनिरहेको पुष्टि गर्छ किनकि न्यायाधीश नियुक्ति नै दलहरूबीचको भागबन्डामा गरिन्छ भने बाँकी कुनै पनि काम व्यक्तिको योग्यता र प्रक्रियाबमोजिम हुन्छ भन्ने विश्वास हुन्न ।

यसले एकपछि अर्कोगरी विधि उल्लंघन र अपारदर्शी निर्णयहरूलाई प्रोत्साहन गर्छ र देशको लक्ष्य अन्यत्रै मोडिन्छ । भ्रष्टाचार, कुशासन र बेथिति ब्याप्त हुँदै जाँदा देश समाजवादमा नभएर अन्योलको भुमरीमा फस्ने छ । विगतका भएका गल्ती नै विधिको शासन स्थापित नहुनु हो । विधिलाई शासकको स्वार्थबमोजिम चलाउन खोज्दा मुलुकको सदावहार एजेन्डा नै व्यवस्था परिवर्तन जस्तो हुन पुग्यो ।

## ■ सामाजिक न्याय

राज्यले तय गर्नुपर्ने अर्को गन्तव्य हो- सामाजिक न्याय । विविधता नेपाली समाजको सौन्दर्य-शक्ति भनेर परिभाषा गरिरहँदा इतिहासमा थुप्रै असमानता र अन्याय पनि भएका छन् । विभेदको रूप एउटा मात्र छैन ।

जति धेरै विविधता छन्, विभेदको पत्र पनि उत्तिकै बाक्लो छ । अल्पसंख्यक, दलित, मधेशी, महिला, आदिवासी जनजाति, बिपन्न समुदाय, भौगोलिक विकटता जस्ता अनेक पत्रमा विभेद हुर्किएका छन् । धनी र गरिबबीचको दुरी फराकिलो बनिरहेको छ ।

यी तमाम विभेदका पर्खालहरू तोडेर समतामूलक समाजको निर्माण गर्नुपर्ने छ । २०७२ सालको संविधानले बिगतमा भएका गल्ती सच्याउनेगरी समानुपातिक समावेशी समाजको परिकल्पना गरेको छ । विगतका संविधान र प्रणालीभन्दा यसर्थ वर्तमान संविधान प्रगतिशील छ । अतः संविधानको समावेशी राज्य निर्माण गर्ने गन्तव्यमा देश प्रस्ट हुनुपर्छ । राज्यका हरेक निकायले समतामूलक-समावेशी समाज निर्माणको लक्ष्य किटान गरेर बढ्नुपर्छ ।

## ■ आर्थिक समुन्नति

देशले तय गर्नुपर्ने तेस्रो तर महत्त्वपूर्ण गन्तव्य हो- आर्थिक समुन्नति । अहिले पनि २० प्रतिशत नेपाली गरिबीको रेखामुनि छन् । यो भनेको २०७८ सालको जनगणनाअनुसार ५८ लाख ३२ हजार नेपाली आधारभूत जीवन पनि बाँच्न सकिरहेका छैनन् ।

इतिहासका कुनै कालखण्डमा आत्मनिर्भर देश अहिले रेमिटचान्सको भरमा चलिरहेको छ । तथ्यांकहरूका अनुसार ३५ लाख नेपाली विदेशमा छन् । तीमध्ये अधिकांश रोजगारीका निम्ति बिदेसिएका युवा पर्छन् । कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदानलाई (२३ दशमलव ९५ प्रतिशत) उछिनेर अहिले रेमिटचान्स (२६ प्रतिशत) पर्नुले पनि देशको अर्थतन्त्रबारे एउटा चित्र कल्पना गर्न सकिन्छ ।

त्यो चित्र हामीले हिमाली, उच्च पहाडी र पहाडी क्षेत्रहरूमा पुगेर थप पुष्टि गर्न सक्छौं । पहाडमा युवाहरू अडिन सकिरहेका छैनन् । युवासँगै धेरैथोक शहर र विदेश गइरहेको छ । कुनै बेला पहाडैपहाडको देश भनेर चिनिने नेपालमा अहिले युवा पलायनले पिरैपिर थपिएको छ । नेपालले नलडेका युद्धहरूमा नेपाली युवाहरूले ज्यान गुमाइरहेका छन् ।

ती युवाहरू युद्धमा होमिन तयार हुनुका पछाडि भविष्यप्रतिको (आफू मरे पनि परिवारलाई खुसी दिने चाहना) चिन्ता जोडिएको छ । देशभित्रै रोजगारी पाउने र गुणस्तरीय जीवन प्रणाली संभव हुने हो भने पक्कै पनि पराया देशको सुरक्षा या समृद्धिका निम्ति कुनै नेपाली युवाले रगत, पसिना बगाउने थिएनन् ।

त्यसैले तीव्र आर्थिक विकासका निम्ति प्रभावकारी नीति-कार्यक्रम सरकारले ल्याउन आवश्यक छ । आर्थिक विकासमा छलाङ मार्न राजनीतिक स्थिरता चाहिएको छ । अहिले जस्तो चरम राजनीतिक अस्थिरताबाट आर्थिक समृद्धि संभव देखिँदैन । राजनीतिक स्थिरता जनमतको पनि चाहना हो ।

अतः दोहोरो अंकमा आर्थिक वृद्धि दर संभव हुनेगरी सरकारको नीति तथा कार्यक्रम बन्न अत्यन्तै जरुरी छ । रोजगारीको विस्तार, उत्पादनमा वृद्धि, भौतिक संरचना निर्माणमा फड्को र सामाजिक न्यायको सशक्त आधार तयार पार्नेगरी मुलुक अगाडि बढ्नुपर्छ । संसार जुन रफ्तारमा कुदिरहेको छ, त्यसलाई भेट्न पनि हामीसँग अर्को गन्तव्य छैन ।

RAMESH CORP.
LITMUS CABLES
QUALITY मा NO. 1
NEPAL'S LARGEST MANUFACTURER OF WIRES CABLES CONDUCTORS
POWER TRANSMISSION AND DISTRIBUTION
ACSR CONDUCTORS
ABC CABLES
XLPE COVERED CONDUCTORS
RESIDENTIAL WIRING
ECOWIRE-ZH
FRLS FIRE RETARDANT LOW SMOKE
COMMERCIAL AND INDUSTRIAL WIRING
LV POWER CABLES
CONTROL CABLES
SUBMERSIBLE CABLES
CONCENTRIC CABLES
FR FIRE RETARDANT
INDUSTRIAL ELECTRICAL USES
ENAMEL WINDING WIRES
PAPER INSULATED COPPER STRIPS
ANNEALED BARE COPPER WIRES
FLEXIBLE TWIN TWISTED CABLES



MEDIUM VOLTAGE (11/33KV)
XLPE COVERED CONDUCTORS
(First of its kind in Nepal)
LITMUS INDUSTRIES LIMITED
NS QUALITY AWARD WINNER
47 YEARS INDUSTRY EXPERIENCE
500+ EMPLOYEE STRENGTH
ADVANCED GERMAN TECHNOLOGY
2 PLANTS STATE-OF-ART FACILITIES
STRONG DISTRIBUTION
72000+ KMPA PRODUCTION CAPACITY
9801914455
litmus@rameshcorp.com
www.litmus.com.np

प्रधानमन्त्री

काठमाडौं, नेपाल ।

### शुभकामना

**मध्यान्ह राष्ट्रिय दैनिक** २३ औं वर्ष प्रवेश गरेको अवसरमा म यस पत्रिकाका प्रकाशन र सम्पादन समूहमा कार्यरत सम्पूर्ण सञ्चारकर्मीहरुलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु । स्थापना दिवसका अवसरमा यस दैनिकले **वार्षिकोत्सव विशेषाङ्क** प्रकाशन गर्न लागेकामा म प्रकाशन सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।

**मध्यान्ह राष्ट्रिय दैनिकले** राष्ट्रिय हितका समसामयिक राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक तथा विविध विषयमा नागरिकलाई सूसुचित तुल्याउँदै जिम्मेवार र विकास पत्रकारिताको सही अभ्यास गर्ने लक्ष्यमा आफूलाई आगामी दिनमा अझ सबल र उन्नत बनाउन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

अहिलेको सरकार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति पूर्ण निष्ठावान् छ । प्रेस स्वतन्त्रताप्रतिको हाम्रो निष्ठा व्यवहारसिद्ध छ । समाजको महत्वपूर्ण अंगको भूमिका पाएको प्रेस जगतले राष्ट्रियता, लोकतन्त्र, सुशासन र विकासलाई सहयोग पुग्नेगरी जिम्मेवार भूमिका खेल्न सक्नु पर्दछ । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षासहित अहिलेको सरकारले राष्ट्रका अभिभारा पूरा गर्ने गन्तव्य निर्धारण गरेको छ । यस उद्देश्यलाई प्राप्त गर्न हामी स्पष्ट दूरदृष्टि, तदअनुसारका नीति र कार्यक्रमहरु एंव ती नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्न क्षेत्रगत कार्ययोजना र आवधिक लक्ष्यहरुसहित अघि बढिरहेका छौं । राष्ट्रका अभिभारा पूरा गर्न सरकारले अघि सारेको सामाजिक परिवर्तन, विकास, सुशासन, स्वच्छता र पारदर्शिताको यस आन्दोलनलाई जनसमक्ष विस्तार गर्न **मध्यान्ह राष्ट्रिय दैनिकले** महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने मेरो विश्वास छ ।

अन्त्यमा, **मध्यान्ह राष्ट्रिय दैनिकले** २३औं वर्ष प्रवेशका अवसरमा प्रकाशन गर्न लागेको **वार्षिकोत्सव विशेषाङ्क** प्रकाशनको भव्य सफलताका लागि पुनः शुभकामना व्यक्त गर्दछु ।

१८ माघ, २०८१

केपी शर्मा ओली

---

संसारका मजदुरहरु - एक होऔं !
Workers of the world, unite !

मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !
Long Live Marxism -Leninism -Maoism !

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
Communist Party of Nepal (Maoist Centre)
केन्द्रीय कार्यालय
Central Office

### शुभकामना सन्देश

**मध्यान्ह** राष्ट्रिय दैनिकको २३ औं वर्ष प्रवेशका अवसरमा यस दैनिकसँग सम्बद्ध सबैलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

नेपालको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका आन्दोलनहरुमा नेपालका आमसञ्चार माध्यमले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । विगतका हरेकजसो राजनीतिक आन्दोलनमा सञ्चार जगतले खेलेको सकारात्मक भूमिकाकै कारण आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रका सार्वभौम नागरिक बन्न पाएका छौं । संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ गर्दै राजनीतिक उपलब्धिहरुलाई जनताको बीचमा स्थापित गरेर बदिलएको व्यवस्थाअनुकूल जनताको अवस्था बदल्नु अबको हाम्रो साझा कार्यभार हो । यसमा विगतमा जस्तै सञ्चार जगतले पनि भूमिका निर्वाह गर्न आवश्यक छ ।

संविधानमा विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकलाई मौलिक हकका रूपमा राखिएको छ । यसको कार्यान्वयनमार्फत स्वतन्त्र र मर्यादित पत्रकारिताको अभ्यास गर्दा सञ्चार क्षेत्रमा मात्र होइन, समग्र मुलुकमै अवस्थामा परिवर्तन प्रत्याभूत गराउन सहयोग पुग्ने छ । हाम्रो मिडियाप्रतिको विश्वासलाई नेपाली मिडियाले टुट्न दिने छैनन् विश्वास लिएको छु । नयाँ युगमा खुलेका अनेक मिडियासँगै पुरानो मानिने छापामाध्यमले पनि उत्तिकै प्रभावकारी र मर्यादित अनि जिम्मेवार ढंगले सूचना, समाचार र विचारहरू सम्प्रेषण गर्दै आएका छन् ।

अन्त्यमा, देश र जनताका मूलभूत सवालहरूमा निरन्तर सचेतना, सजगता र खबरदारी गरिरहेको **मध्यान्ह** राष्ट्रिय दैनिकले अझै आफ्नो भूमिका बढाउँदै लैजान सकोस्, पुनः शुभकामना व्यक्त गर्दछु ।

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष
नेकपा (माओवादी केन्द्र)

---

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

मा. पृथ्वीसुब्बा गुरुङ
सञ्चार तथा सूचना प्रविधि मन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

### शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ । यस अवसरमा प्रकाशक, सम्पादकसहित मध्यान्ह परिवारलाई बधाईका साथै भविष्यमा थप सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।

पत्रिका प्रकाशनको सुरुवातीदेखि हालसम्म निरन्तर रूपमा आमनागरिकलाई सुसूचित गराउने अभियानमा मध्यान्ह राष्ट्रिय दैनिक निरन्तर रहनु ठूलो उपलब्धि हो । पछिल्लो समय आमसञ्चार क्षेत्रमा उल्लेख्य प्रगति भएको छ । सञ्चार क्षेत्र आमनागरिकको दैनिकी बन्दै गएको छ । मुलुकको जुनसुकै ठाउँमा बसे पनि सञ्चार माध्यमले राष्ट्रिय एकताको सूत्रमा बाँध्ने कार्य गरेको छ । यसो त, सूचना तथा प्रविधिमा आएको परिवर्तनसँगै छापा माध्यमका बारेमा संसारभर बहस चलिरहेको छ । नेपाल पनि यो बहसबाट अछूतो छैन । लामो समयदेखि प्रकाशनमा रहेका ठूला अखबारहरू डिजिटल प्रविधिमा रूपान्तरण भएका छन् । यसले गर्दा परम्परागत आमसञ्चार माध्यमको रूपमा रहेको छापा माध्यम सामु अस्तित्व र उपस्थितिको चुनौती देखिएको छ ।

मुलुकको सीमित विज्ञापन बजारले देशभर खुलेका सबै प्रकारका सञ्चार माध्यमको व्यवस्थित सञ्चालन हुन सक्ने अवस्था छैन । सामाजिक संजालको अनियन्त्रित उपस्थितिले पनि आमसंचार माध्यममाथि थप चुनौती छ । यस्तो परिस्थितिबाट आमसञ्चार क्षेत्रलाई स्थापित गर्न उसले आफ्नो प्रभावकारिता बढाउन जरुरी छ । यो अझ महत्वपूर्ण कुरा हो कि लोकतन्त्र संस्थागत गर्न र सामाजिक परिवर्तनका लागि नेपाली प्रेसको उपस्थिति अनिवार्य छ । आमनागरिकको आवाज मुखरित गर्न प्रेसले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । मध्यान्ह राष्ट्रिय दैनिक यो दायित्व निर्वाह गर्न अविचलित छ भन्ने मेरो विश्वास छ । मध्यान्ह दैनिकले सबै क्षेत्रका समाचारहरुलाई समेट्दै सन्तुलितरुपमा आफ्नो उपस्थितिलाई पाठक वर्ग सामु उभ्याइरहेको छ ।

अन्त्यमा, मध्यान्ह राष्ट्रिय दैनिकको २३औं वर्ष प्रवेशको अवसरमा पुनः पत्रिका परिवारमा हार्दिक बधाईका साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

शुभकामना ।
१८ माघ २०८१

पृथ्वीसुब्बा गुरुङ
मन्त्री, संचार तथा सूचना प्रविधि मन्त्रालय

---

"स्वस्थ, स्वच्छ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री"
प्रेस काउन्सिल नेपाल
(..........................महाशाखा/शाखा)
सञ्चारग्राम, तिलगंगा, काठमाडौं

प. सं. ०८१/८२
च. नं.

मिति : २०८१/१०/१८

### शुभकामना

नेपाली पत्रकारितामा करिब साढे २ दशक निरन्तर व्यावसायिक पत्रकारिताको अभ्यास गरिरहेको **मध्यान्ह राष्ट्रिय दैनिक** २२ वर्ष पूरा गरी **२३औं वर्षमा** प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालको पछिल्लो राजनीतिक आरोह–अवरोहमा निरन्तर लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता, जनाधिकार, स्वतन्त्र र व्यावसायिक पत्रकारिताको अभ्यासमा क्रियाशील मध्यान्ह राष्ट्रिय दैनिकले आगामी दिनमा पनि निरन्तर रूपमा आफ्नो कर्तव्य र जिम्मेवारीलाई यसरी नै पूरा गर्न सकोस् भन्ने कामना गर्न चाहन्छु । साथै पत्रकार आचारसंहिताको पूर्ण पालना गरी मर्यादित र जिम्मेवारपूर्ण प्रकाशन बन्न सकोस् भन्ने शुभेच्छासहित वार्षिकोत्सवको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

**बालकृष्ण बस्नेत**
अध्यक्ष
प्रेस काउन्सिल नेपाल
अध्यक्ष

---

नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय कार्यालय, सञ्चारग्राम, काठमाडौं, नेपाल

Ref No. :

मिति : २०८१।१०।१८

### शुभकामना

काठमाडौंबाट प्रकाशित **मध्यान्ह दैनिकले** प्रकाशनको २२औं वर्ष सफलतापूर्वक पूरा गरी २३औं वर्षमा प्रवेश गरेको खबरप्रति खुसी प्रकट गर्दछु । यस अवसरमा सम्पादकीय नेतृत्वलगायत सम्बन्धित सम्पूर्ण सञ्चारकर्मी मित्रहरूमा हार्दिक बधाई दिन चाहन्छु ।

नेपाली पत्रकारिता क्षेत्र चौतर्फी अभाव र चुनौतीलाई सामना गर्दै व्यावसायिक सफलताका लागि अगाडि बढिरहेको छ । यो परिप्रेक्ष्यमा सीमित साधन र स्रोतका भरमा **मध्यान्ह दैनिकले** नेपाली पत्रकारिता क्षेत्रमा छुट्टै पहिचान बनाएको छ । राजनीतिक, आर्थिक, सामाजिकलगायत विविध क्षेत्रमा **मध्यान्ह दैनिकले** प्रवाह गरेका समाचार र विचारहरू सन्तुलित र विश्वसनियता कायम गर्न सफल रहिरहोस ।

**मध्यान्ह दैनिकले** प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्ध रही व्यावसायिक पत्रकारिताको अभ्यासमार्फत नागरिकलाई सुसूचित गर्दै समाजमा विद्यमान समस्याहरूको उजागर गर्दै समाज रुपान्तरणको दिशामा खेलेको भूमिकाको प्रशंसा गर्दछु ।

यो **दैनिकले** **www.madhyanhadaily.com** अनलाईन पोर्टल र युटघब च्यानल **https;//www.youtube.com/@madhyanhatv** सञ्चालनमा ल्याएर विश्वभरका पाठकसामु समाचार, विचार र विभिन्न सामग्रीहरू संप्रेषण गर्दै आएको छ, यो थप खुसीको कुरा हो ।

आगामी दिनमा पनि यो **दैनिकले** नागरिकको सुसूचित हुने अधिकारको रक्षाका लागि व्यावसायिक पत्रकारिताको माध्यमबाट अझ सशक्त भूमिका निर्वाह गर्ने विश्वासका साथ **पत्रिकाको** उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

साथै, **मध्यान्ह दैकिकको** २३औं वार्षिकोत्वको अवसरमा थप रङ्गीन पृष्ठसहित प्रकाशित हुने विशेषाङ्कले नेपाली पत्रकारिता क्षेत्रले भोगिरहेको समस्या र चुनौतीसँग जुझ्न मद्दत पुऱ्याउनुका साथै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र पत्रकारिताको संस्थागत विकासमा समेत योगदान दिन सफल रहोस भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**निर्मला शर्मा**
**अध्यक्ष**

Headquarters, Media Village, Kathmandu, Nepal

# चिन्नुपर्ने सौराहाको शक्ति



■ डा. उद्धव पुरी

चितवन र सौराहाको पर्यटकीय विकासका लागि स्वदेश र विदेशको धेरै ठूलो लगानी भइरहेको छ, जुन नेपालको अन्य स्थानमा कमै भएको छ । तर, आजको दिनलाई विश्व पर्यटनको सैद्धान्तिक अवधारणामा कसी लगाएर हेर्दा सौराह धेरै कमजोर देखिन्छ

चितवन क्षेत्र नेपालको पर्यटनको मुख्य गन्तव्य स्थान हो। यहाँको धार्मिक, सांस्कृतिक तथा प्राकृतिक विविधता र महत्त्व आध्यात्मिक रूपमा विभिन्न युग एवं कालखण्डको विषयसँग जोडिएर आइरहन्छ, जुन अहिले पनि उत्तिकै महत्त्व, आकर्षण र मनोरञ्जनपूर्ण मानिन्छ ।

वैदिक कालखण्डलाई छाडेर नेपालको राणाकालमा राणा र विदेशी पाहुनासमेतलाई शिकार खेल्न, तीर्थ व्रत र प्राकृतिक आनन्द लिन उपयोग भएको क्षेत्र हो चितवन । जतिखेर अहिलेको जस्तो आधुनिक पर्यटनको स्वरूपमा नभए पनि नेपालको हिमालपछि विश्वमा परिचित भएको नेपालका सुन्दर एवं पर्यटकीय स्थान भनी चितवन नै बाहिरी संसारमा परिचित भएको मानिन्छ ।

नेपालमा व्यावसायिक पर्यटनको सुरुवात हुनुभन्दा पहिले नै चितवनका विभिन्न क्षेत्रमा युरोपका राजा माहाराजा, उच्च पदस्थहरूले भ्रमण गरेका र त्यहाँको बयान गरेको तथ्य इतिहासमा धेरै पाइन्छ। पछिल्लो समय अर्थात् व्यावसायिक पर्यटनको सुरुसँगै चितवनको सौराहा विश्व पर्यटनको परिचित नाम बन्न पुग्यो । यहाँका थारू संस्कृतिका साथै वन्यजन्तु, प्राकृतिक सुन्दरता र विविधता आदिले पर्यटकलाई लठ्ठै बनाएको देखिन्छ । चितवन राष्ट्रिय निकुञ्जको स्थापनापछि अझ यसले व्यवस्थित र परिचित पर्यटकीय गनतव्य बन्न पाएको हो ।

झण्डै आधा दशकभन्दा बढी समय बिताइसकेको सौराहाले सैद्धान्तिक रूपमा आफूलाई विश्व पर्यटनको पर्यटकीय स्थल बन्न र बनाउन भने अझै सकेको देखिँदैन । यो नेपालकै दिगो पर्यटनको समस्या पनि हो ।

सौराहा राष्ट्रिय निकुञ्जसँग जोडिएको छ। ठूला नदी राप्ती र ढुंग्रेलगायतका अन्य स-साना नदीहरू रहेको क्षेत्र पनि हो, जहाँ सुरी नामको माछा ज्यादै प्रचलित छ र थियो अनि साथमा थारू परिकारले मानिसहरूलाई सौराहसम्म तान्ने गरेको भनाइ पनि छ ।

आजको दिनसम्म आइपुग्दा सौराहा पर्यटकीय शहरका रूपमा बनिसकेको छ । साँस्कृतिक र प्राकृतिक दुबै आनन्द एकै साथ एकै थलोमा लिन सकिने विश्वको नाम चलेका गन्तव्यहरूमा आफ्नो नाम पनि सौराहाले परिचित गराएको छ। पर्यटकीय मौसमबाहेका समयहरूमा पनि बाह्य र आन्तरिक पर्यटकहरू देख्न र भेट्न पाइने स्थान सौराह पर्थ्यो । सौराहा, थारू, वन्यजन्तुलगायतका विषयमा धेरै अध्ययन र अनुसन्धान पनि भएका छन् र तिनलाई कसरी पर्यटकीय बजारसम्म दिगो रूपमा लैजाने भन्ने सम्बन्धमा पनि धेरै काम भएको देखिन्छ ।



यस अर्थमा चितवन र सौराहाको पर्यटकीय विकासका लागि स्वदेश र विदेशको धेरै ठूलो लगानी भइरहेको छ, जुन नेपालको अन्य स्थानमा कमै भएको छ। तर, आजको दिनलाई विश्व पर्यटनको सैद्धान्तिक अवधारणामा कसी लगाएर हेर्दा सौराह धेरै कमजोर देखिन्छ। प्रतिवेदनहरू थन्किएर नै होला यहाँको पर्यटकीय प्रगति स्थान विशेषको संलग्नतामा नकारात्मक हिसाबमा अगाडि बढ्दै गएको भन्न सकिन्छ ।

सौराहामा पर्यटन विकास २०३० सालदेखि तीव्र रूपमा बढ्दै गयो । पर्यटन र पर्यटकका लागि पहिलो प्राथमिकता शान्ति हो, जुन त्यसबेला थियो । तर, त्यस समय पर्यटनको सैद्धान्तिक ज्ञान नभएका टाठाबाठा व्यापारीहरूले नाफाको हिसाबले यस व्यवसायलाई छोपे ।

राज्य र सरकारका निकाय तिनै व्यवसायीलाई पर्यटनविज्ञ मानी ढुक्क भयो, जुन परिपाटी र विकास दिगो पर्यटनको नजिकै रहने खालको देखिँदैन। लुम्बिनी, पोखरा, नगरकोटलगायतलाई यसको उदाहरणमा लिन सकिन्छ । सौराहामा झण्डै ६-७ दशकको समयमा पनि त्यसले स्थानीय रूपमा कुनै पकड जमाउन सकेन बरु कतिपय स्थानीय विस्थापित भए, स्थानीय संस्कृति, स्थानीय उत्पादन, कला आदिका विषयमा पनि स्थानीयको दह्रो उपस्थिति रहेन ।

प्राकृतिक पर्यटन उनीहरूको बसमा हुने कुरा पनि रहेन । बाहिरी हस्तक्षेप र लगानीले सौराहालाई छोप्यो । २०४६ सालपछिको समयमा माओवादी आन्दोलनले २०६२ सालसम्म नेपालको पर्यटन विकास र विस्तारलाई निस्तेज बनायो । यता, २०४६ सालपछि नै नेपालको पर्यटन क्षेत्रमा बढ्न सुरु भएको निजी क्षेत्रको लगानी अस्वस्थ प्रतिस्पर्धामा देखियो र उनीहरूको व्यापार आवसरवादितामा बढी हुन थाल्यो ।

कोरोना महामारीले विश्व पर्यटनलाई पूर्ण रूपमा असर गऱ्यो । सौराहको पर्यटन र त्यहाँको पर्यटकीय विकास थला पऱ्यो । अहिले सबैतिर पर्यटनको गति बढ्न थालेको छ । लगभग ३-४ वर्षको दौरानपछि सौराहाको पर्यटनमा धेरै नयाँ कुरा, नयाँ व्यवसायी, नयाँ थालनीका स्वरूपहरू देखापरे । अहिले पर्यटकको मध्य समयमा पनि त्यहाँ लगानीअनुरूपको पर्यटन गतिविधि छैन ।

धेरै स्थानीय र थारू समुदाय गरिक भएर व्यवसायीबाट कारिन्दा वा कामदार भएका भेट्न सकिन्छ। अध्ययन र अनुसन्धानको संकेत एकातिर भए पनि नयाँ लगानी भइरहेको छ । पुरानाहरू घाटाका व्यनपारमा पनि बाँच्ने प्रयत्न गरिरहँदा नयाँका गतिविधिले तिनलाई झन् मर्नु र बाँच्नु बनाएको छ । राष्ट्रिय अर्थतन्त्रमा पनि पूर्ववत् योगदान राम्रो रूपमा देखिँदैन। स्थानीय र केन्द्रीय सरकारको पर्यटकीय संयन्त्र कमजोर छ। स्थानीय पर्यटकीय बजारको सहकार्य, समन्वय र पर्यटकीय वा सैद्धान्तिक ज्ञानको कमीले पर्यटकहरू ठगिने र झुक्किने क्रम बढेको छ भने बजारीकरण तथा अतिथि सत्कारको अवस्थामा धेरै दोषहरू छन् । यो विश्व पर्यटन बजारका लागि सबैभन्दा कमजोर अवस्था मानिन्छ ।

त्यसैले सौराहालाई पर्यटकीय अर्थमा बचाउन नयाँ अध्ययन र हस्तक्षेप नीतिको अविलम्ब थालनी हुनु राम्रो हुन सक्छ । यदि समयमै विषयलाई गम्भीरताका साथ लिइएन भने कालान्तरमा सौराहा विस्थापित भएर पर्यटनको हिसाबमा खण्डहरको नजिक पुग्न सक्छ । विश्व पर्यटनमा यस्ता धेरै उदाहरणहरू छन्, जसमा सौराह पनि समावेश हुन सक्छ ।









# व्यवस्था परिवर्तनले नहेरेको अवस्था



■ जनक बराल

> बेरोजगारी बढ्दो छ, महँगी नियन्त्रणबाहिर छ । शिक्षा, स्वास्थ्य, आवास जस्ता न्यूनतम विषयमा पनि सरकारले कुनै सुनिश्चितता गर्न सकेको छैन । सरकारले दिने केही सेवा, सुविधा र राहत तथा अनुदान पनि लक्षित वर्गमा पुग्नु त कहाँ हो, अलिकति पहुँचवाला र दलका कार्यकर्ताभन्दा तल पुग्न सम्भवै देखिँदैन

कोरोना महामारीपछि देशमा अर्को महामारी फैलिएको छ, त्यो हो- चरम बेरोजगारीसँगै युवा पलायनको महामारी । धेरैलाई लागेको थियो, कोरोना अनि कोरोनाले निम्त्याएको आर्थिक संकट केही समयपछि नै सामान्य अवस्थामा फर्किन्छ । देशको अर्थतन्त्र क्रमशः सुधार हुँदै जाने छ ।

पुनः आर्थिक गतिविधि पुरानै लयमा फर्किने छन् । जीवनयापन फेरि सामान्य तरिकाले अगाडि बढ्ने छ । तर, देशमा विकास भएको आर्थिक समस्याको मूल जड कोरोना मात्र नभईकन राजनीतिक अस्तव्यस्तताको महामारी रहेछ भन्ने बुझ्न अब कसैलाई पनि गाह्रो छैन ।

देशमा राजनीतिक परिवर्तनका नाममा गरिएका विभिन्न युद्ध र आन्दोलनमा सहभागी भएका र मुलुकलाई लोकतान्त्रिक गणतन्त्रमा पुऱ्याउन योगदान गर्नेहरू त सबैजसो पलायन भइसकेका छन्, सँगै युग बदल्न गरिएको भनिने २०६२/०६३ सालको जनआन्दोलन र त्यसको महान उपलब्धि मानिएको गणतन्त्र प्राप्ति पछाडि जन्मिएका नयाँ पुस्ता पनि उच्च अध्ययनकै नाममा सही, विदेश पलायन हुन सुरु गरिसकेका छन् ।

देशमा पहिला राजनीतिक क्रान्ति हुन्छ र त्यो राजनीतिक क्रान्तिको सफलतापश्चात् आर्थिक क्रान्ति हुन्छ अनि देशले आर्थिक फड्को मारेसँगै आमजनताको जीवन परिवर्तन हुन पुग्छ । यो विकास र परिवर्तनको नियम पनि हो र आज सबै विकसित मानिएका समृद्ध मुलुकहरू पनि त्यही चरण पार गर्दै आजको अवस्थामा आइपुगेका हुन् ।

तर, हाम्रोमा दुःखद् कुरा के छ भने, नेपाली आमजनमानसले आन्दोलन गर्न जाने, सामान्य जनताका छोरा-छोरीलाई सत्ताको बागडोर सम्हाल्ने ठाउँमा पुऱ्याउन त जाने तर आफ्नो जीवनकालमा कहिल्यै सुख, शान्ति अनि समृद्धि देख्न पाएनन् ।

हरेक परिवर्तनका आन्दोलनमा सहभागी बनेको एउटा पुस्ता त परिवर्तनको अनुभूतिबिना नै यो संसारबाट बिदा भएर गइसकेका छन् ।

समय परिवर्तनशील छ, प्रविधिले पूरै प्रभावित बनाएको छ । संसारको एउटा कुनामा घटेको कुनै घटना वा आविष्कारको प्रभाव अर्को कुनामा केही पलमै पर्ने गर्छ, जसको सिको वा अनुसरण तुरुन्तै सबैतिर हुने गर्छ । युवा शक्तिमा केही गरौं भन्ने जोस त हुन्छ नै, तर सोचेजस्तो नभएमा तुरुन्त निराश भइहाल्ने प्रवृत्ति पनि हुने गर्छ ।




संसार कत्रो छ, संसारको कुन कुनामा के हुँदै छ, कहाँ सुख छ, कहाँ धेरै आम्दानी छ र कहाँ गयो भने जीवन सोचेजस्तो सुखद हुन सक्छ भनेर आमयुवा पिँढी सबै जानकार छन् । देश प्रेम र खोक्रो राष्ट्रियताले मात्र जीवन चल्दो रहेनछ, गुजारा हुँदो रहेनछ भन्ने बुझेपछि आफ्नो देश र माटोले मात्र व्यक्तिलाई रोकिराख्न सक्दो रहेनछ भन्ने कुरा पछिल्ला २ वर्षमा भएको युवा पलायनले प्रस्ट देखाइसकेको छ ।

एकातर्फ आफूसँगै पढेका र आफ्नोभन्दा राम्रो गरिरहेका साथीभाइले विदेश जाने विकल्प रोजिसकेपछि त्यसको मानसिक असर त हरेक युवामा पर्ने नै भयो । त्यससँगै देशमा बस्दा आफ्नो सन्तानले केही गर्न नसक्ने पो हुने हो कि ! आर्थिक रूपमा कमजोर पो हुने हो कि वा यथावस्थामा आफ्नो सन्तान स्वदेश बस्नुभन्दा विदेश जानु नै उत्तम विकल्प हो भनेर अभिभावकले आफ्ना सन्तानलाई विदेश जान प्रोत्साहन गर्न थाल्नु नै अहिले देशमा युवा पलायनको मुख्य कारण बनेको छ ।

स्वदेशमा अध्ययन गरौं, शिक्षा व्यावसायिक र जीविकोपार्जन उपयोगी छैन । त्यसमाथि पनि परीक्षा कहिले हुने र त्यसको नतिजा कहिले प्रकाशन हुने ? कुनै टुंगो छैन । अझै गरिब र विपन्न वर्गका विद्यार्थीको त उच्च शिक्षा अध्ययनसम्म पहुँच नै पुग्न सकेको देखिँदैन ।

यदि कसैले दुःख सुख गरेर पढिहाल्यो भने पनि रोजगारीको ग्यारेन्टी छैन । रोजगारी पाइहाले पनि त्यहाँबाट हुने आम्दानीले अहिलेको अवस्थामा आफ्ना र परिवारका आधारभूत आवश्यकता पनि परिपूर्ति हुने निश्चित छैन भने यो अवस्थामा स्वदेशमा रहन र संघर्ष गर्न को चाहन्छ ?

बेरोजगारी बढ्दो छ, महँगी नियन्त्रणबाहिर छ । शिक्षा, स्वास्थ्य, आवास जस्ता न्यूनतम विषयमा पनि सरकारले कुनै सुनिश्चितता गर्न सकेको छैन । सरकारले दिने केही सेवा, सुविधा र राहत तथा अनुदान पनि लक्षित वर्गमा पुग्नु त कहाँ हो, अलिकति पहुँचवाला र दलका कार्यकर्ताभन्दा तल पुग्न सम्भवै देखिँदैन ।

न सरकार जनताप्रति उत्तरदायी छ, न त देशको प्रचलित कानुन र व्यवस्था युवामैत्री छ । देशमा छ त केवल दलाली, घुसखोरी र भ्रष्टहरूको लुटतन्त्र । यस्तो प्रतिकूल परिस्थितिमा युवाहरू सोच्दै छन्, देशको व्यवस्था परिवर्तन भए पनि हाम्रो अवस्था परिवर्तन हुन सकेन ।

आखिर २ छाक हात-मुख जोड्नकै लागि विदेशीको गुलामी गर्नुपर्ने कहिलेसम्म ? देशका कर्णधार भर्भराउँदा युवा शक्तिलाई देशमै बस्ने र आफ्नो बुद्धि र पसिना आफ्नै माटोमा खर्च गर्ने व्यवस्था ल्याउन असम्भव बनेकै हो त ? सरकार ! यसको जबाफ कसले दिने ?






# अवसर र चुनौती



■ खिमराज गिरी

अहिले आएका न्यु मिडिया जस्तै सोसल मिडियामा कुनै पनि समाचार संप्रेषण गर्दा मिसइन्फर्मेसन, डिसइन्फर्मेसनतिर ध्यान नदिई बिनाआधार तथ्यहीन समाचारहरु धेरै भ्युज प्राप्त गर्ने तथा भाइरल बन्ने मनशायले संप्रेषण गरेको देखिन्छ

वैकल्पिक मिडिया भन्नाले मुख्य धारका मिडिया, जस्तै : प्रिन्ट, रेडियो तथा टेलिभिजनभन्दा फरक धारबाट संचार माध्यममा काम गर्ने मिडिया, जस्तै : सामुदायिक रेडियो, ब्लग तथा पोस्टकार्ड, सोसियल मिडिया प्लेटफर्महरूअन्तर्गत फेसबुक, इन्स्टाग्राम, ट्वीटर, म्यासेन्जर, भाइबर, युटच्युबका साथै विगतका शासकहरूका विरुद्धमा संचारित विविध सूचना दिने माध्यम, जस्तै : पञ्चायतकालमा भूमिगत रूपमा संचालनमा रहेको पत्रिका 'मुक्ति' आदिलाई लिन सकिन्छ ।

बैकल्पिक मिडियालाई मुख्य धारका मिडियासँग तुलना गर्ने हो भने मुख्य धारका मिडिया, जो शक्तिशाली संचार प्रतिष्ठानद्वारा आर्थिक रूपमा पनि धेरै नै लगानी गरेर मिडिया हाउसहरूले मिडिया संचालन गरेका हुन्छन् भने वैकल्पिक मिडियाले गैरलाभकारी, निश्चित समुदायमा केन्द्रित रहेर विशेषगरी सामाजिक मुद्दालाई उठाउने प्रयत्न गरेका हुन्छन् ।

यसको उदेश्य भनेको समाजमा दबिएका आवाजहरूलाई स्थान दिने, सामाजिक न्यायको वकालत गर्ने, जस्तै : मानवअधिकार, जातीय मुद्दा, लैंगिक समानता, अल्पसंख्यकको प्रतिनिधित्व गर्नेजस्ता विषयवस्तुहरूमा ध्यान केन्द्रित गर्नु हो ।

त्यसैगरी कुनै पनि महत्त्वपूर्ण विषयमा जनसहभागितामा जोड दिनु नै वैकल्पिक मिडियाको उद्देश्य हो । त्यस्तै, यसले पारदर्शिता तथा स्थान विशेषका समस्या र मुद्दाहरूबारे पहिचान गरी स्थानीय स्तरमा जनचेतना बढाउनमा मद्दत गर्छ । यसले विशेषगरी स्थानीय मुद्दाहरूमा ध्यान दिने गर्छ, जुन मुद्दाहरूवारे सरकार तथा राष्ट्रियस्तरका मिडियाहरूको ध्यान नजान सक्छ ।

यसमा सबभन्दा राम्रो पक्ष भनेको स्वतन्त्रता र पारदर्शिता हो । नयाँ मिडियाको रूपमा उदाएको तथा आजकल वैकल्पिक मिडियाको रूपमा प्रख्यात रहेको अर्को मिडिया हो, युटचुब । यसमा कुनै पनि सामग्री निर्माण गर्दा सामग्रीको लोकतान्त्रीकरणअनुरूप निर्माण गर्न सक्छ । पिछडिएका वर्ग तथा आवाजविहीनहरूको आवाज पनि यसले उजागर गर्न सक्छ। यसले मनोरञ्जनका साथै विविध सामग्रीहरू उपलब्ध गराउन सक्छ । विशेषगरी विभिन्न जातजाति, भाषाभाषी, क्षेत्र, वर्ग, समुदाय तथा विविध कारणवश पछाडि परेका समुदायहरूको आवाज युटचुबले उजागर गरिदिन्छ । यसमा कमेन्ट, लाइक र शेयर गरेर अडियन्सबीच पारदर्शी रूपमा हरेक विषयमा छलफल प्रक्रियामा भाग लिने प्रक्रियालाई सुचारु गर्न सकिन्छ । यसका साधारण व्यक्तिले पनि सामग्री सिर्जना गर्न सक्षम हुन्छन् ।

यसरी अनलाइन प्लेटफर्महरू, जस्तै : ब्लग, विभिन्न युटचुब च्यानलहरू तथा अन्य डिजिटल च्यानलहरूले विविध क्षेत्रसँग सम्बन्धित समुदायहरूको मुद्दाहरू उजागर गर्दै




आइरहेका छन् । त्यसैगरी सामुदायिक रेडियोहरूलाई पनि वैकल्पिक मिडियाको महत्त्वपूर्ण उपयोगी माध्यमको रूपमा लिन सकिन्छ ।

यसको इतिहासतिर फर्केर हेर्दा सुरुवाती चरणमा अर्थात् १७औं शताब्दीतिर वैकल्पिक मिडियाको रूपमा प्रशासनिक सूचना तथा विविध खबरहरू भित्ता तथा गल्ली र सडकका वालहरूमा टाँसेर राखिन्थ्यो र सर्वसाधारण जनताले त्यसबाट धेरै खबरहरू प्राप्त गर्न सक्ने अवस्था हुन्थ्यो । त्यसैगरी १८औं र १९औं शताब्दीतिर युरोपतिर औद्योगिक क्रान्तिपश्चात् श्रमिकहरूले वैकल्पिक मिडियाको आवश्यकता ठानी श्रमिक पत्रिका 'द वर्किङ म्यान्स एडभोकेट' जस्ता पत्रिकाहरू प्रकाशन गर्न थाले ।

त्यसैगरी नेपालमा वैकल्पिक मिडियाको कुरा गर्दा पञ्चायतकालमा प्रतिबन्धित पत्रिका 'मुक्ति'को चर्चा निकै चल्यो । २०४६ सालको प्रजातन्त्र प्राप्तिपश्चात् सरकारी मिडियामा मात्र भर नपरी जनताको आवाज बुलन्द गर्नकै लागि विभिन्न किसिमका निजी मिडिया हाउसहरू पनि खुल्ने क्रम जारी रह्यो र त्यसमा प्रिन्ट तथा ब्रोडकास्टिङ मिडियाअन्तर्गत विभिन्न दैनिक तथा साप्ताहिक पत्रिका र प्रसारण माध्यामतर्फ निजी रेडियो र टेलिभिजनहरू पनि संचालन गर्न थालियो ।

तिनीहरूको ठूलो लगानी रह्यो र मेन स्ट्रिम मिडियाको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार संप्रेषण गर्न थाले तर त्यसै क्रममा देशका कुना कन्दरातिरका आवाजविहीनहरूको आवाज बुलन्द गर्नका लागि भने स्थानीय रूपमा नै खोजीनीति गर्नुपर्ने आवश्यकताअनुरूप २०५४ सालमा सामुदायिक रूपमा रेडियो सगरमाथा संचालन हुन थाल्यो ।

यसलाई दक्षिण एसियाकै पहिलो सामुदायिक रेडियो मान्न सकिन्छ र यसले पर्यावरणीय मुद्दा तथा सामाजिक न्याय र जनचेतनासम्बन्धी कार्यक्रमहरूको रूपरेखा तयार पार्छ । पछि ६० को दशकमा यसले टेलिभिजन कार्यक्रम नै संचालन गर्न थाल्यो ।

यस्तै, नेपालमा संचालित अन्य केही प्रमुख सामुदायिक रेडियोहरूमध्ये बुटवलबाट संचालन हुने रेडियो लुम्बिनी सामुदायिक रेडियो हो र यसले स्थानीय भाषा, संस्कार, संस्कृतिलाई प्रवर्द्धन गर्दै आएको छ । त्यस्तै, गण्डकी सामुदायिक रेडियोले पनि स्थानीय रूपमा समाजमा हरेक क्षेत्रसँग सम्बन्धित सकारात्मक कार्यक्रमहरू संचालन गर्दै आइरहेको पाइन्छ । रेडियो पाल्पा पनि तानसेनबाट संचालन भएको छ र यसले पनि स्थानीय जनसमुदायको आवाज बुलन्द गर्छ ।

यसैगरी सामुदायिक टेलिभिजनको रूपमा गोर्खा, माउन्टेन र अन्नपूर्ण टेलिभिजनले पनि स्थानीय रूपमा समुदायका आवाजहरू उजागर गर्दै आइरहेका पाइन्छ ।

यसरी वैकल्पिक मिडियाको विकासक्रममा विश्व परिवेशलाई नियाल्ने हो भने सन् १९९० को दशक पछाडि इन्टरनेटको आविष्कार भएपश्चात् संचार जगत् डिजिटल युगमा प्रवेश गऱ्यो । जस्तै : ब्लग, पोडकास्ट, सोसल मिडिया आदिको प्रयोग गरेर मानिसले अनलाइन तथा नागरिक पत्रकारिताको अभ्यास गर्न थाले र कुनै पनि ठाउँमा घटेका घटनाहरू आधुनिक किसिमका डिजिटल मोबाइलको प्रयोगबाट तुरुन्तै सन्देश राखी सोसल मिडियामा दिन सक्ने वातावरण बन्यो ।

यसको महत्त्व : वैकल्पिक मिडियाको महत्त्वलाई हेर्ने हो भने यसले जनताको वास्तविक आवश्यकता र समस्यालाई प्राथमिकतामा राख्छ, जुन कि राष्ट्रियस्तरका मिडियाले हेर्ने समय दिन नसकेको स्थानीयस्तरका विविध आवाजहरूलाई यिनले उजागर गर्ने प्रयत्न गर्छन् । त्यसमा स्थानीय संस्कार, संस्कृति, भाषाभाषी तथा परम्परालाई जस्ताको तस्तै पृथक् समुदायलाई पनि जनचेतना अभिवृद्धि गर्ने अभिप्रायले प्रचार तथा प्रसारण गर्छन् ।

यसरी नेपालमा पनि वैकल्पिक मिडियाले राष्ट्रियस्तरका मिडियाले कभर गर्न नसकेका स्थानीय स्तरका मुद्दाहरू सजिलैसँग सतहमा ल्याउने र जसले गर्दा स्थानीय तथा केन्द्रीय सरकारले पनि त्यसको लेखाजोखा गर्ने अवसर मिल्ने भएकाले पनि यसको महत्त्व झल्किएको हो ।

### चुनौती तथा नकारात्मक पक्ष

यसका विभिन्न चुनौतीहरू छन्, जस्तै : आर्थिक स्रोतको अभाव सदैव रहनु यसको मुख्य चुनौतीका रूपमा रहेको देखिन्छ किनकि प्रायः वैकल्पिक मिडियामा विज्ञापनमा आधारित आम्दानीमा कमी आउने भएकाले पनि यो समस्या तथा चुनौतीको जड बनेको छ। त्यसैगरी ग्रामीण क्षेत्रका लागि अझै पनि प्रायः इन्टरनेटको अभावका कारण डिजिटल डिभाइड हुनु स्वाभाविकै हो । गाउँघर तथा दूरदराजका गाउँबस्तीहरूमा अझै पनि बिजुलीको समस्याका कारण इन्टरनेटको पहुँच सहज छैन र डाटाबाट पनि सम्भव नरहेको देखिन्छ ।

मूलधारका राष्ट्रियस्तरका मिडियाहरूले कुनै पनि समाचार संप्रेषण गर्दा सत्य, तथ्य तथा आधिकारिक प्रमाणित गरेर मात्र गर्छन् किनकि जनता र सरकारका विश्वासिला मेरुदण्डका रूपमा उक्त मिडिया रहेका देखिन्छ ।

तर, अर्कातर्फ अहिले आएका न्यु मिडिया जस्तै सोसल मिडियामा कुनै पनि समाचार संप्रेषण गर्दा मिसइन्फर्मेसन, डिसइन्फर्मेसनतिर ध्यान नदिई बिनाआधार तथ्यहीन समाचारहरू धेरै भ्युज प्राप्त गर्ने तथा भाइरल बन्ने मनशायले संप्रेषण गरेको देखिन्छ । यसले गर्दा सामाजिक क्षेत्रमा त यसको असर नकारात्मक रूपमा प्रस्फुटित हुन्छ नै, राजनीतिक, धार्मिक, साँस्कृतिक तथा अन्य जनजीविकाको सवालमा पनि सैद्धान्तिक रूपमा एउटा प्रखर बोल्न सक्ने तर व्यवहारमा केही गर्न नसक्ने नेताको पछाडि लागेका युवा जमातको भीड देख्दा लाग्छ, निकट भविष्यमा नै कतै यो देशको अवस्था पनि नाजुक स्थितिमा र लैलै बरिलैको कथामा आधारित हुने त होइन ?

यसलाई जे पनि बोल्न र लेख्न पाइने नेपालको संविधान, २०७२ को धारा १७ मा उल्लेखित वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको प्रयोगको नाममा लोकतन्त्र, प्रजातन्त्र र गणतन्त्रको रूपमा परिभाषित गर्दै गर्दा कतै कुनै निश्चित व्यक्तिको आस्था र विश्वासको भरमा दौडिने भीडले गर्दा भविष्यमा कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकामा समेत असर पुऱ्यायो भने त्यसको जिम्मेवार को त ?






# भविष्य स्वच्छ ऊर्जाको



■ कृष्ण अधिकारी

> स्वच्छ ऊर्जा उपयोग गर्न सकेमा नेपालले पेट्रोलियम पदार्थ आयातमा वार्षिक रूपमा खर्च हुने करिब साढे २ खर्ब रुपैयाँ बचत गर्न सक्छ भने परम्परागत ऊर्जामाथिको निर्भरतामा पनि कमी आउँछ । नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनमार्फत आधुनिक ऊर्जाको पहुँच वृद्धि गर्ने तथा ऊर्जा सुरक्षा सुनिश्चित हुन सक्छ

आज विश्व सूचना, सञ्चार प्रविधि, पूर्वाधारको क्षेत्रमा मात्र नभएर उपयोगका विभिन्न स्रोतहरूमा पनि आमूल परिवर्तनतर्फ अघि बढिरहेको छ । मानिसको जन्मदेखि मृत्युपर्यन्त नभई नहुने स्रोत ऊर्जा क्षेत्रमा पनि ठूलो रूपान्तरण भएको छ। परम्परागत र खनिज इन्धनले नै ऊर्जाको आधारभूत आवश्यकता परिपूर्तिदेखि विकासमा फड्को मारेको विश्व आज यसबाट सिर्जित वातावरणीय प्रभावका कारण अनेक समस्यासँग जुध्न बाध्य भएको छ ।

यी दुवै ऊर्जा वातावरणीय दृष्टिले मात्र हानिकारक नभई यसको अस्तित्व पनि समाप्त हुने हुँदा विकल्पमा नवीकरणीय वा स्वच्छ ऊर्जाको आवश्यकता महसुस भयो र पछिल्लो केही दशकयता विश्वभर नै यसको विकास र विस्तारमा जोड दिन थालिएको छ । स्वच्छ ऊर्जा स्रोतहरूले परम्परागत जीवाश्म इन्धनहरूको निर्भरता घटाउने र जलवायु परिवर्तनको प्रभावलाई कम गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् ।

स्वच्छ ऊर्जाले वातावरणीय संरक्षण हुने मात्र नभई दिगो विकास र समृद्ध भविष्य सुनिश्चित गर्ने उपाय पनि हो। वातावरणीय दिगोपनलाई प्राथमिकता दिने आर्थिक प्रणालीको रूपमा हरित अर्थतन्त्रलाई लिने गरिन्छ। हरित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जाको रूपान्तरण एक प्रमुख आधार हो, जसले प्रदूषण घटाउँदै ऊर्जा आवश्यकतालाई पूरा गर्छ र दिगो विकासका लक्ष्य हासिल गर्न मद्दत गर्छ।

उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रूपान्तरणबाट आर्थिक समृद्धि ल्याउन सकिन्छ । खनिज तथा परम्परागत ऊर्जाको प्रयोगले गर्दा नै आज विश्व जलवायु परिवर्तनबाट सिर्जित अनेक समस्याहरूबाट नराम्ररी प्रभावित बनेको छ । यस शताब्दीकै मुख्य चुनौतीको रूपमा रहेको जलवायु परिवर्तनको प्रभावलाई कम गर्न स्वच्छ तथा नवीकरणीय ऊर्जा प्रयोग अपरिहार्य हुन्छ । स्वच्छ ऊर्जाको प्रयोगले वातावरणीय सन्तुलन कायम राख्न मात्र नभई रोजगारी सिर्जना र स्थानीय स्रोतहरूको उपयोग भई दिगो विकासमा सहयोग पुग्छ ।

संयुक्त राष्ट्रसंघले पनि पृथ्वी र पृथ्वीमा बसोबास गर्ने मानव तथा सम्पूर्ण प्राणी जगत्को हित गर्ने स्वच्छ ऊर्जाको न्यायपूर्ण र समावेशी रूपान्तरणका लागि सचेतना जगाउने र सोहीबमोजिमका क्रियाकलापहरू संचालनमा जोड दिएको छ ।



जलवायु परिवर्तनबाट सिर्जित असरलाई न्यूनीकरण गर्नका लागि स्वच्छ ऊर्जा रूपान्तरण अपरिहार्य छ भन्ने तथ्यलाई विश्वले स्वीकार गरी ऊर्जा रूपान्तरणमा जोड दिन थालेका छन् ।

### नेपालको अवस्था

नेपाल स्वच्छ तथा नवीकरणीय ऊर्जाको ठूलो सम्भावना रहेको मुलुक भएकाले यसको उपयोगबाट आयातीत इन्धनमा निर्भरता घटाएर ऊर्जा सुरक्षामा वृद्धि गर्न र मुलुकको अर्थतन्त्रलाई नै बलियो बनाउन सकिन्छ । नेपालको हरित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जाका रूपान्तरणका क्षेत्रहरूमा जलविद्युत्, सौर्य ऊर्जा, बायो ग्यास र जैविक ऊर्जा, वायु ऊर्जा, भू-तापीय ऊर्जा, बायोग्यास जस्ता ऊर्जा स्रोतहरू रहेका छन् ।

परम्परागत ऊर्जा र आयातीत इन्धनमा नै निर्भर रहँदै आएको नेपालमा पछिल्लो केही वर्षयता ऊर्जा रूपान्तरण विविध क्षेत्रमा भइरहेको छ । हाम्रो जस्तो विकासशील देशमा ऊर्जा रूपान्तरणले आर्थिक विकास, ग्रामीण क्षेत्रको विकास र जीवनस्तर सुधारमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

नेपालमा पानीको स्रोत अत्यधिक भएकाले जलविद्युत् ऊर्जा रूपान्तरणको प्रमुख क्षेत्र हो । सूर्यको किरणलाई सोलार प्यानलमार्फत विद्युत् ऊर्जाको रूपमा रूपान्तरण गरिएको छ। हिजो वाटको रूपमा घरेलु सौर्य प्रणालीको रूपमा उपयोग हुँदै आएको सौर्य ऊर्जा अहिले मेगावाटको रूपमा विस्तार भएको छ। सौर्य ऊर्जालाई मिनी ग्रिडको रूपमा वितरण गर्न थालिएको छ ।

जैविक फोहोरदेखि गाईभैंसीको गोबर, कृषिजन्य फोहोर र जैविक फोहोरलाई बायो ग्यास प्लान्टबाट ग्यास मात्र नगरी विद्युत् ऊर्जामा रूपान्तरण गरिएको छ। हिमाली र पहाडी क्षेत्रमा हावाको शक्तिलाई विद्युत् ऊर्जा उत्पादन गर्ने प्रयासहरू पनि भइरहेका छन् । पेट्रोल, डिजेल जस्ता खनिज इन्धनलाई प्रयोग गरेर सवारी साधन र मेसिनहरू चलाउन यान्त्रिक ऊर्जामा रूपान्तरण गरिन्छ ।

नेपालमा रहेको थर्मल स्प्रिङ (हट स्प्रिङ)हरूलाई भू-तापीय ऊर्जामा रूपान्तरण गर्ने सम्भावना छ ।

नेपालले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि ऊर्जा रूपान्तरणमा जोड दिन थालिएको छ। पेरिस सम्झौतामा प्रतिबद्धता जनाएबमोजिम नेपालले सन् २०४५ सम्ममा खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्नका लागि जलविद्युत्बाहेकका नवीकरणीय ऊर्जाको विकास गर्नुपर्ने छ भने सन् २०३० सम्ममा २० प्रतिशत ऊर्जाको खपत नवीकरणीय स्रोतबाट गर्ने आवधिक योजनामा उल्लेख छ। नेपालले दोस्रो राष्ट्रिय निर्धारित योगदान, २०२० को प्रतिवेदनले २०३० सम्ममा ५ हजार मेगावाट क्षमता बराबर नवीकरणीय ऊर्जाबाट विद्युत् उत्पादन गर्ने लक्ष्य तय गरेको छ ।

कोप सम्मेलनहरूमा गरिएको संकल्प प्रस्तावहरूमा समेत नेपालले पेट्रोलियम पदार्थको प्रयोगमा न्यूनीकरण गर्ने तथा नवीकरणीय ऊर्जाको लगानीलाई वृद्धि गर्ने भन्ने प्रतिबद्धता जनाएको छ ।

स्वच्छ ऊर्जा उपयोग गर्न सकेमा नेपालले पेट्रोलियम पदार्थ आयातमा वार्षिक रूपमा खर्च हुने करिब साढे २ खर्ब रुपैयाँ बचत गर्न सक्छ भने परम्परागत ऊर्जामाथिको निर्भरतामा पनि कमी आउँछ । नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनमार्फत आधुनिक ऊर्जाको पहुँच वृद्धि गर्ने तथा ऊर्जा सुरक्षा सुनिश्चित हुन सक्छ ।

सरकारले हालै सन् २०३५ सम्ममा जडित क्षमता २८ हजार ५०० मेगावाट र वार्षिक प्रतिव्यक्ति विद्युत् खपत १ हजार ५०० किलोवाट घण्टा (युनिट) पुऱ्याउने लक्ष्यसहित हालै स्वीकृत गरेको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना ल्याई स्वच्छ ऊर्जालाई उच्च महत्त्व दिएको छ ।

अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसको अवसरमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले हालै आयोजना गरेको उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रूपान्तरणसम्बन्धी सम्मेलनका अवसरमा पनि उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रको विकासमा सघाउ पुऱ्याउने स्वच्छ ऊर्जा रूपान्तरणलाई तीव्रता दिनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका थिए। सो अवसरमा नेपालको ऊर्जा रूपान्तरण एवं जलवायु परिवर्तनसँग सम्बन्धित वर्तमान विकास साझेदारी एवं भविष्यको लगानी छनोटका सन्दर्भमा यस क्षेत्रमा भएका सफल आयोजना एवं थालनीका अभ्यासहरूको अनुभव आदानप्रदान भएको थियो ।

यसर्थ, स्वच्छ ऊर्जा प्रवर्द्धन गरेर वातावरण संरक्षणसँगै आर्थिक विकासलाई दिगो बनाउने ठूलो सम्भावना रहेकाले सरकारका हरेक नीति योजना, कार्यक्रमहरू यसतर्फ लक्षित हुन आवश्यक छ ।






# गन्तव्य मधेश



■ निमिष झा

नेपालमा आएर बढी खर्च गर्नेमा भारतीय पर्यटक पहिलो स्थानमा पर्छन् । त्यसैले उनीहरूबाट बढी फाइदा लिन छुट्टै पर्यटन नीति आवश्यक छ

भौगोलिक बनोट एवं प्राकृतिक तथा सांस्कृतिक सम्पदाको हिसाबले नेपाल पर्यटन क्षेत्रको अग्रणी देश हो । यहाँको भूबनोट ६० देखि ८ हजार ८०० मिटरसम्मको उचाइमा फैलिएकाले यहाँ प्रत्येक १० किलोमिटरको अन्तरालमा फरक हावापानी पाइन्छ, जसले धेरै पर्यटक आकर्षित हुने गरेको छ ।

भगवान् गौतमबुद्धको जन्मभूमिका रूपमा चिनिने नेपाल विश्वमा सांस्कृतिक धरोहरको रूपमा रहेको छ । करिब १२५ जातजाति बसोबास गर्ने यो देशमा १२३ भाषा बोलिन्छन्, जसका कारण यहाँको जनजीवनमा विविधता पाइन्छ ।

निःसन्देह प्राकृतिक तथा सांस्कृतिक दृष्टिकोणले नेपालमा पर्यटन उद्योगका केही सम्भावना छन् । परन्तु, हालसम्म पनि विश्वसामु राम्ररी चिनाउन नसकेकाले यहाँको पर्यटन उद्योगले ठोस विकास गर्न सकेको छैन ।

नेपालको पर्यटन उद्योग हिमाल र पहाडमा केन्द्रित भएकाले मधेश प्रदेशको प्राथमिकतामा नपरेको हुन सक्छ । भारतसँगको खुला सिमाना र भौगोलिक सुगमता मधेशमा पर्यटन समृद्धिको आधार बन्न सक्छ । हालसम्म पनि संघ तथा प्रदेश दुवै सरकारले मधेशको पर्यटन विकासलाई प्राथमिकतामा राखेको छैन ।

मधेश प्रदेशका ८ वटै जिल्ला छिमेकी राष्ट्र भारतको धेरै जनसंख्या भएको विहार राज्यसँग जोडिएका छन् । भारतकै उत्तर प्रदेश र पश्चिम बंगाल राज्यसँग पनि सहज आवागमन भएकाले यी भारतीय राज्य नेपालको पर्यटन बजारका सम्भावना पनि हुन् । भविष्यमा यसको लाभ मधेशले भारतीय पर्यटकबाट प्रत्यक्ष लिन सक्छ ।

मधेशमा अधिकांश पर्यटक भारतबाट भित्रिन्छन् । हालसम्म पनि उनीहरूको आकर्षणका लागि सिमानामा राम्रो व्यवस्था गरिएको छैन । नेपालमा आएर बढी खर्च गर्नेमा भारतीय पर्यटक पहिलो स्थानमा पर्छन् । त्यसैले उनीहरूबाट बढी फाइदा लिन छुट्टै पर्यटन नीति आवश्यक छ ।

वीरगन्जको शंकराचार्य द्वार, गढीमाई, घण्टाघर, विन्ध्यवासिनी, पर्सा निकुञ्ज, बाराको गहवामाई, सिम्रौनगढ, धनुषाको धनुषाधाम, जनकपुरको विश्व प्रसिद्ध जानकी मन्दिर आदि मधेशको पर्यटनको धरोहर हुन् । धार्मिक स्थल जनकपुरलाई रामायण संजालसँग जोड्ने घोषणा भए पनि यसलाई मूर्त रूप दिन सकिएको छैन ।

नेपाल पर्यटन बोर्डद्वारा प्रकाशित तथ्यांकअनुसार सन् २०२३ मा नेपालमा १० लाखभन्दा बढी पर्यटक भित्रिए । कोभिड- १९ को महामारीपछि उक्त वर्ष यहाँ सबैभन्दा बढी पर्यटक आएका थिए । यद्यपि, मधेश प्रदेशमा कति पर्यटक कहाँबाट आए, त्यसको लेखाजोखा हुन सकेको छैन ।

नेपाल सरकारले सन् २०२५ लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउने घोषणा गरेको छ । साथै, सन् २०२३ देखि २०३२ सम्मलाई पर्यटन दशकका रूपमा मनाएर प्रतिवर्ष ३५ लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको छ । यस लक्ष्यलाई व्यवहारमा उतार्न सके मधेशको अर्थतन्त्र सबलीकरणमा केही टेवा पुग्ने छ ।

## ■ मिथिला–मधेश

तराई-मधेश अर्थात् मिथिला संस्कृतिको समृद्ध क्षेत्र । मधेशको पर्यटन भन्नासाथ धनुषाको जनकपुरधामलाई लिइन्छ । यो क्षेत्र जानकी मन्दिरका कारण पनि मिथिला संस्कृतिको पर्यायवाची बनेको छ ।

धार्मिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण मधेश प्रदेश आन्तरिक तथा बाह्य पर्यकटको रोजाइमा पर्दै आएको छ । विशेष गरेर भारतीय पर्यटक मधेशको भ्रमणमा आउने गरेका छन् तर आन्तरिक तथा बाह्य पर्यटकलाई टिकाउन सकस छ ।

मिथिला, भोजपुरी र बज्जिका भाषाको क्षेत्र मधेश प्रदेशमा मठमन्दिरलगायत धार्मिक स्थलको बाहुल्य छ । घुमफिरमा आउने अधिकांश पर्यटकको धार्मिक भ्रमण हुने गरेको छ ।

मधेशका ८ वटै जिल्लामा धार्मिकस्थल छन् । जानकी, गढीमाई, कंकालिनी, छिन्नमस्ता भगवती, राजदेवी, सलहेश फूलबारी, लक्ष्मीनारायण, पारसनाथ मन्दिर प्रमुख आकर्षण हुन् । जानकी मन्दिर विश्वभरका हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्र हो । सबैभन्दा धेरै पर्यटक जानकी मन्दिरकै भ्रमणमा आउने गरेका छन् ।

हिन्दु धर्मावलम्बी मात्र नभई मुस्लिम, बौद्ध तथा जैन धर्मावलम्बीका आस्थाका केन्द्रहरू पनि हुनु यहाँको सबैभन्दा सुन्दर पक्ष हो । महोत्तरीको बलवा नगरपालिकामा रहेको ३०० वर्ष पुरानो रौजा मजार छ । यो इस्लाम धर्मावलम्बीहरूको एक प्रमुख धार्मिकस्थल हो ।

प्रत्येक वर्ष चैत महिनामा मजारमा उर्ष जलसा (धार्मिक प्रवचन) भव्य रूपमा मनाइने गरिन्छ, जहाँ हिन्दुहरू पनि सहभागी हुन्छन् । त्यसैगरी सप्तरीको वनस्खण्डी सिख समुदाय, पर्साको भिष्वा मठ बौद्ध र एतिहासिक, पुरातात्विक धरोहर पारसनाथ मन्दिर जैन धर्मको आस्थाको केन्द्रका रूपमा परिचित छन् ।

मधेश आफैंमा एउटा सुन्दर फूलबारी हो । यहाँ मधेशी-पहाडी, हिन्दु, मुस्लिम, जैन धर्मावलम्बीको समेत बसोबास छ । मिथिलाकालीन कला, संस्कृति, वेशभूषा, धार्मिक विविधता, आदिम धर्म संस्कारसँग जोडिएका मूल्य मान्यता, मठमन्दिर, कृषि पर्यटन, जैविक विविधता, नेपाल भारत सांस्कृतिक/वैवाहिक सम्बन्धसँग जोडिएका हेर्नलायक प्राचीन सम्पदाहरू पनि यहीं विद्यमान छन् ।

नेपालमा अहिले संचालनमा रहेको एक मात्र रेल सेवा मधेश प्रदेशकै जनकपुरधाममा छ । त्यसको संचालनपछि भारतीय धार्मिक पर्यटकहरूको आवागमन पनि बढेको छ तर त्यसरी आएका धार्मिक पर्यटकहरूलाई जनकपुरको जानकी मन्दिरभन्दा अरू ठाउँ पनि लैजानेगरी कुनै योजना बनेको देखिँदैन ।



मध्यान्ह
हार्दिक बधाई
२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह
अवरोह पार गर्दै आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी
२३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जनक रावल
अध्यक्ष
तथा
मिलन कट्टेल
महासचिव
प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
परिवार
पिंगलास्थान, गौशाला, काठमाडौं

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य
BPA 2018
SAFA 2018
L&D BFIN 2023
ISO
घरको सपना पूरा गर्नुहोस् अब
महालक्ष्मी ग्रीन होम लोनसंग !
८.९९%
वार्षिक ब्याजदर
* T&C Applied
www.mahalaxmibank.com

२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक
२२ वर्ष पुरा गरी २३ औं
वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा
उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
रविन कंडेल
प्रबन्ध निर्देशक तथा
THE KANTIPUR GROUP
कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.
परिवार
सामाखुसी-३, काठमाडौं, फोन नं.: ०१-४९८८८६६, ४९८८८०८, ४९६४३३८

हार्दिक बधाई
मध्यान्ह
मध्यान्ह राष्ट्रिय दैनिक
२२ वर्ष पुरा गरी २३औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई
तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको
नेपाल फाईनान्स लिमिटेड
NEPAL FINANCE LIMITED
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था"
IT Plaza, Kamaladi-28, Kathmandu, Nepal, 01-4545885 | 4545886
Email: info@nepalfinance.com.np, Website: www.nepalfinance.com.np

# गरिबी न्यूनीकरणमा लघुवित्त



उमा जोशी बोहरा

मुलुकको सन्तुलित विकासका लागि समाजको तल्लो तहमा रहेका जनसंख्या र विकासको दृष्टिकोणले कमजोर रहेको क्षेत्रको विकास अपरिहार्य हुन्छ । गरिबी न्यूनीकरणका लागि संचालनमा रहेका कार्यक्रमहरूमध्ये लघुवित्त कार्यक्रम एउटा उपयुक्त कार्यक्रम बन्दै आएको छ

७० प्रतिशतभन्दा बढी जनसंख्या बसोवास गर्ने ग्रामीण क्षेत्रको गरिबीलाई न्यूनीकरण नगरेसम्म मुलुकको समग्र गरिबी घटाउन सम्भव देखिँदैन । नेपाल जीवनस्तर सभेक्षण, चौथो, २०७९/०८० अनुसार कुल जनसंख्याको २० दशमलव २७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको र सोमध्ये ग्रामीण क्षेत्र र शहरी क्षेत्रमा रहेको गरिबीको रेखामुनिको जनसंख्या क्रमशः २४ दशमलव ६६ प्रतिशत र १८ दशमलव ३४ प्रतिशत छ ।

त्यसैगरी पछिल्लो जनगणनाअनुसार कुल जनसंख्यामध्ये आधाभन्दा बढी संख्या महिलाको रहेको र आर्थिक विकासका दृष्टिकोणले महिला वर्गको अवस्था औसतभन्दा कमजोर रहेको पाइन्छ। गरिबीको रेखामुनि रहेको महिलाको संख्या ठ्याक्कै यति नै छ भन्ने तथ्यांक प्राप्त नभए पनि पनि ग्रामीण क्षेत्रमा रहेका अधिकांश महिलाहरू आर्थिक दृष्टिकोणले पिछडिएका छन् भन्न सकिन्छ । त्यसैले मुलुकको सन्तुलित विकास गर्नका लागि कमजोर अवस्थामा रहेका महिला वर्गको आर्थिक र सामाजिक अवस्थामा सुधार गर्नुपर्ने हुन्छ। यसका लागि उनीहरूलाई आर्थिक क्रियाकलापमा संलग्न गराउनुपर्छ।

आर्थिक रूपले कमजोर रहेको महिला वर्गलाई आयमूलक क्रियाकलापमा संलग्न गराउने उद्देश्यले नेपाल सरकार, विभिन्न गैरसरकारी संस्था, सहकारी तथा बैंकिङ क्षेत्रबाट महिला वर्ग केन्द्रित कार्यक्रमहरू विगतदेखि नै संचालन भएको पाइन्छ । यस आलेखमा बैंकिङ क्षेत्रबाट संचालन गरिएका लक्षित महिला वर्ग केन्द्रित कार्यक्रमहरूका बारेमा चर्चा गरिने छ ।

वित्तीय पहुँचबाट बिमुख रहेका ग्रामीण क्षेत्रका लक्षित महिलाहरूलाई वित्तीय पहुँचका माध्यमबाट आर्थिक क्रियाकलापमा संलग्न गराई उनीहरूको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउने उद्देश्यले २०३२ सालदेखि कृषि विकास बैंकले साना किसान विकास कार्यक्रममार्फत लघुवित्तीय सेवाको सुरुवात भएको थियो । त्यसैगरी २०३९ सालमा ग्रामीण महिलाका लागि उत्पादनशील कर्जा कार्यक्रम, २०४९ सालमा एसियाली विकास बैंकको सहयोगमा महिलाका लागि लघुउद्यम कार्यक्रम संचालनमा ल्याइएको पाइन्छ ।




लघुवित्तीय सेवालाई निरन्तरता दिने उद्देश्यले २०४९ सालदेखि सरकारी र निजी क्षेत्रको पहलमा लघुवित्तीय सेवाको पुनः प्रारम्भ भयो ।

नेपाल राष्ट्र बैंकबाट प्राप्त तथ्यांकअनुसार २०८१ असोज मसान्तमा ५२ वटा लघुवित्त वित्तीय संस्थाले ५ हजार ८ शाखामार्फत लक्षित वर्गलाई संस्थामा आवद्ध गरी लघुवित्तीय सेवा प्रदान गरीरहेका छन्। यी संस्थामा आवद्ध भएका ६० दशमलव ४६ लाख सदस्यमध्ये २६ दशलव ७४ लाख ऋणी सदस्य छन् ।

त्यसैगरी संस्थामा आवद्ध भएका सदस्यबाट १ दशमलव ७७ खर्ब बचत संकलन र ऋणी सदस्यलाई ४ दशमलव १० खर्ब ऋण प्रवाह भएको छ । संस्थामा आवद्ध भएका सदस्यमध्ये महिला सदस्यको संख्या ९७ प्रतिशत रहेकाले उल्लेखित तथ्यांकका आधारमा लघुवित्त वित्तीय संस्थाले विपन्न वर्गका महिलाहरूलाई वित्तीय पहुँचको माध्यमबाट आर्थिक गतिविधिमा संलग्न गराउन उल्लेख्य भूमिका खेलेको स्पष्ट देख्न सकिन्छ ।

लक्षित महिला वर्ग केन्द्रित लघुवित्तीय सेवा प्रदान गर्ने लघुवित्त वित्तीय संस्थाको उपस्थिति मुलुकका सबै भागमा समानुपातिक तवरले भएको पाइँदैन । प्रदेशगत रूपमा लघुवित्त वित्तीय संस्थाको सबैभन्दा धेरै उपस्थिति लुम्बिनी प्रदेशमा २३ प्रतिशत (१ हजार १५२ वटा) र सबैभन्दा न्यून उपस्थिति कर्णाली प्रदेशमा ४ प्रतिशत (२०० वटा) छ ।

त्यसैगरी मधेश प्रदेशमा २१ प्रतिशत (१ ह्जार ५२ वटा), कोशी प्रदेशमा १७ प्रतिशत (८५१ वटा), बाग्मती प्रदेशमा १५ प्रतिशत (७५१ वटा), गण्डकी प्रदेशमा ११ प्रतिशत (५५१ वटा) र सुदूरपश्चिम प्रदेशमा ९ प्रतिशत (४५१ वटा) लघुवित्त वित्तीय संस्थाको शाखा संचालनमा रहेका छन् ।

नेपाल जीवनस्तर सर्भेक्षण, चौथो, २०७९/०८० अनुसार प्रदेशगत रूपमा गरिबीको रेखामुनि रहेको जनसंख्याको संख्या लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, मधेश प्रदेश, कोशी प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशमा क्रमशः २४ दशमलव ३५ प्रतिशत, २६ दशमलव ६९ प्रतिशत, २२ दशमलव ५३ प्रतिशत, १७ दशमलव १९ प्रतिशत, १२ दशमलव ५९ प्रतिशत, ११ दशमलव ८८ प्रतिशत र ३४ दशमलव १६ प्रतिशत छ ।

उल्लेखित तथ्यांकलाई अध्ययन गर्दा गरिबीको रेखामुनि रहेका जनसंख्याको बसोवास भएको प्रदेशमा लघुवित्त वित्तीय संस्थाको कमजोर उपस्थितिले लक्षित वर्ग अझै पनि लघुवित्तीय सेवाबाट बञ्चित रहेको स्पष्ट देख्न सकिन्छ । त्यसैले लक्षित वर्गलाई वित्तीय पहुँचका माध्यमबाट लघुवित्त कार्यक्रममार्फत आर्थिक गतिविधिमा संलग्न गराउने कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

पछिल्लो समय ७५३ स्थानीय तहमा नै बाणिज्य बैंकको उपस्थिति भइसकेको भए पनि जनसंख्याको उल्लेख्य संख्या बैंकिङ सेवाबाट बिमुख रहेको देखिन्छ। करिब ५७ प्रतिशत जनसंख्या मात्र वित्तीय रूपले साक्षर भएको तथ्यांकले अझै पनि बैंकिङ क्षेत्रले समेट्नुपने जनसंख्याको हिस्सा उल्लेख्य रहेको स्पष्ट देखिन्छ ।

त्यसैगरी माथि उल्लेखित तथ्यांकअनुसार लघुवित्तीय सेवाको पहुँचबाट बिमुख रहेको लक्षित वर्ग सामान्यतयाः विकासका दृष्टिले कमजोर रहेको क्षेत्रमा बसोवास गने जनसंख्या भएकाले तीनै क्षेत्रहरूमा लघुवित्त वित्तीय संस्थाको विस्तार गर्नुपर्ने देखिन्छ ।

मुलुकको सन्तुलित विकासका लागि समाजको तल्लो तहमा रहेका जनसंख्या र विकासको दृष्टिकोणले कमजोर रहेको क्षेत्रको विकास अपरिहार्य हुन्छ । गरिबी न्यूनीकरणका लागि संचालनमा रहेका कार्यक्रमहरूमध्ये लघुवित्त कार्यक्रम एउटा उपयुक्त कार्यक्रम बन्दै आएको छ ।

यसरी नेपालमा संचालन गरिएका लक्षित वर्ग केन्द्रित कार्यक्रमहरूमध्ये लक्षित महिला वर्गको उत्थानका लागि लघुवित्त कार्यक्रम कोशेढुंगा नै सावित भएको छ। त्यसैले आगामी दिनमा लघुवित्तीय सेवाबाट बिमुख भएका क्षेत्रका लक्षित वर्गलाई लघुवित्त कार्यक्रममा आवद्ध गराई उनीहरूको सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनका लागि नेपाल सरकार, नेपाल राष्ट्र बैंक, लघुवित्त वित्तीय संस्था, सदस्यहरू र नागरिक समाजको भूमिका प्रभावकारी हुनुपर्ने देखिन्छ ।






# अलमलिएको गन्तव्य



■ रेशमराज पौडेल

नेपाली कामदारका लागि परम्परागत श्रम गन्तव्य र केही नयाँ गन्तव्यमा अवसरहरु देखिन्छन् तर सरकारी निकायहरुको उदासीनताले ती अवसरहरु खेर गइरहेको अवस्था छ । समस्याको समाधान हुन नसक्नुमा राजनीतिक तथा सरकारी पक्षलाई गैरसरकारी पक्षबाट पारिएको नकारात्मक प्रभावले भूमिका खेलेको सम्बद्ध सरोकारवाला बताउँछन्

कामदारका लागि आफ्नो र परिवारको आर्थिक सुरक्षा र सरकारका लागि रेमिटचान्स नै वैदेशिक रोजगारीको मुख्य लक्ष्य हो । चालू आर्थिक वर्षको मंसिर मसान्तसम्म ६ खर्ब ४० अर्ब ४३ करोड बराबरको रेमिटचान्स आप्रवाह भएको छ । यस हिसाबले स्थिति यथावत् रहेमा रेमिटचान्स आप्रवाहको स्थिति चालू आर्थिक बर्ष २०८१/०८२ को अन्त्यसम्म १६ खर्ब नाघ्ने छ ।

मुलुकको अर्थतन्त्रमा पर्यटनपछि रेमिटचान्सको योगदान उच्च छ । हाल प्रत्येक बर्ष नेपालले प्राप्त गर्ने रेमिटचान्स रकम नेपाली बजेटको हाराहारीमा नै पुग्न थालेको छ । आगामी फेब्रुअरीदेखि मलेसियामा बढेको नयाँ न्यूनतम तलब कार्यान्वयनमा जाँदा नेपाल आउने रेमिटचान्स रकम थप बढ्ने अपेक्षा गर्न सकिन्छ ।

नेपालको हकमा गरिबी न्यूनीकरण, बालबालिकाको शिक्षा, आवास, स्वास्थ्य, औषधोपचार र कतिपय अवस्थामा मानव पुँजी विकास, उद्यमशीलता र सामाजिक सुरक्षालाई रेमिटचान्सले भरथेग गरेको छ ।

केही देशहरूले पूर्वाधार, शिक्षा वा स्वास्थ्य जस्ता प्रमुख क्षेत्रहरूमा रेमिटचान्सको योगदान प्रयोग गर्न विशेष कोष वा फन्डहरू स्थापना गरेका छन् । रेमिटचान्ससँगै नेपाली कामदारले विदेशमा सिकेको स्रोत, सीप र ज्ञानबाट नेपालको विकासले लाभ उठाउन सक्छ ।

जलवायु परिवर्तनको असरका कारण नेपालको कृषि उत्पादन निकै घटेको छ । त्यसले वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता आगामी दिनमा थप बढाउने आँकलन छ । तर, श्रम गर्न सक्षम नेपालीलाई कुन मुलुकमा पठाउने ? नेपाली कामदारका परम्परागत श्रम गन्तव्य खाडी मुलुक र मलेसिया मात्र कि जापान, दक्षिण कोरिया र युरोपेली मुलुक पनि ? भन्ने प्रश्न निकै अगाडिदेखि उठेको छ । यसको उत्तर खोज्ने ठोस काम भने सरकारी स्तरबाट हुन सकेको छैन ।

निजी क्षेत्रबाट गरिएका प्रयासलाई पनि मागपत्र प्रमाणीकरण नगरेर अवरोध खडा गर्ने काम अन्यत्रबाट नभई सरकारी पक्षबाट नै भएको छ ।

सरकारले श्रम गन्तव्यको स्थानान्तरण गर्ने नीति लिइने बताएको धेरै अगाडिदेखि हो । राष्ट्रपति रामचन्द्र पौडेलले पछिल्लो पटक संघीय संसद्को संयुक्त बैठकमा पेस गरेको नेपाल सरकारको नीति तथा कार्यक्रममा श्रम कूटनीतिलाई थप सक्रिय बनाउँदै विभिन्न मुलुकसँगको श्रम सम्झौताको पुनरावलोकन तथा थप गन्तव्य मुलुकसँग श्रम सम्झौता तथा समझदारी गरिने उल्लेख छ । त्यस्तै, वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगार सम्बद्ध कानुनमा परिमार्जन गरिने प्रतिबद्धता पनि गरिएको थियो ।

सरकारी कार्यक्रममा वैदेशिक रोजगार क्षेत्रमा सुधारका प्रतिबद्धतामा कमी देखिँदैन । यसअघिको गठबन्धन सरकारको नीति तथा कार्यक्रममा पनि वैदेशिक रोजगार क्षेत्र सुधारसहित नयाँ गन्तव्यको




खोजी, श्रम सम्झौता, श्रम स्वीकृति, स्वदेश फर्केका कामदारको सीप परीक्षण, पुनर्स्थापना, उद्यमशीलताको विकास, एकीकृत तथ्यांक संकलन जस्ता दर्जन बढी कार्यक्रम समेटिएका थिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले सुधारका दर्जनौं प्रतिबद्धता जनाउने गरेका छन् । खाडी मुलुकमा रहेको न्यूनतम तलब, ट्रेड युनियन अधिकारको अभाव, उच्च गर्मीको समस्या अर्थात् 'हिट स्ट्रेस' जस्ता जोखिमबाट नेपाली युवा-युवतीलाई बाहिर निकाली जापान, कोरिया, युरोपेली मुलुकमा पठाई रोजगार गन्तव्य परिवर्तन गर्ने सरकारी भनाइ पटकपटक सार्वजनिक हुने गरेको छ ।

बढ्दो गर्मीले पुरुषको प्रजनन क्षमतामा कमी र कलिलो उमेरमै मिर्गौलामा खराबी हुने क्रममा तीव्र रूपमा भएको वृद्धिले नेपालले निरन्तर रूपमा खाडी मुलुकमा कामदार पठाउनु स्वास्थ्यका दृष्टिकोणले समेत उच्च जोखिम रहेको देखाइसकेको छ ।

वैदेशिक रोजगारीमा जानेहरूमा लागि नयाँ र आकर्षक गन्तव्यहरू प्रवर्द्धन गर्ने, वैदेशिक रोजगारीका श्रम सम्झौताको पुनरावलोकन गर्नुका साथै नयाँ र आकर्षक गन्तव्य मुलुकहरूमा रोजगारी प्रवर्द्धन गर्ने बिषय नीति तथा कार्यक्रमहरूमा आउँदा देखिने उत्साह समयक्रममा ती विषय कार्यान्वयनमा नआउँदा निराशामा परिवर्तन भएको स्थिति छ । यसले श्रम गन्तव्य परिवर्तनको सरकारी लक्ष्य नै अलमलिएको देखिएको छ । युरोपेली महादेशका २ मुलुक रोमानिया र जर्मनीसँग श्रम समझदारी गरेर सरकारले परम्परागत वैदेशिक रोजगारीलाई नयाँ दिशा दिने प्रयास गरेको सन्देश दिएको थियो तर त्यसपछि ठोस काम हुन सकेको छैन ।

सरकारले विश्वका १११ मुलुक नेपाली कामदारका लागि खुला गरेको छ तर गत पुस महिनामा म्यानपावर कम्पनीले १४ मुलुकमा मात्र कामदार पठाउन सके । युरोपेली मुलुकमा रहेका नेपाली राजदूतावासहरूले मागपत्र प्रमाणीकरण नगर्दा म्यानपावर कम्पनीहरूले डिमान्ड भएका ती मुलुकमा पनि कामदार पठाउन नसकेका बताउँछन् ।

हाल करिब १ हजारको संख्यामा म्यानपावर कम्पनी क्रियाशील छन् । तीमध्ये पुसमा ६९२ म्यानपावर कम्पनीले मात्र कामदार पठाउन सकेका छन् । डिमान्ड नपाउँदा अन्य म्यानपावर कम्पनी निष्क्रिय जस्तै बने । युरोपेली मुलुकमा संस्थागतभन्दा व्यक्तिगत श्रम स्वीकृतिमा जाने र पठाउने क्रम रोकिएको छैन ।

वैदेशिक रोजगार नीति, २०६८ ले परम्परागत श्रम गन्तव्यको विविधीकरण गर्दै नेपालीलाई उच्च आय भएका मुलुकमा रोजगारी उपलब्ध गराउने विषयलाई समेटिएको छ । यसको अर्थ परम्परागत रोजगार गन्तव्य खाडीमा नेपालीको परिश्रम बढी र आम्दानी कम भएको निष्कर्ष हो । सरकारले यसअघि खाडी र मलेसियाबाहेक उच्च आय भएका इजरायल, जापान, मरिससलगायत देशसँग श्रम समझदारी गरेको छ । रोमानिया र जर्मनीसँग भएको श्रम समझदारीपछि नेपालको श्रम संझौता भएका मुलुकको संख्या १२ पुगेको छ ।

बेलायतको स्वास्थ्य सेवामा नेपाली स्वास्थ्यकर्मी जान थालेका छन् तर पनि संख्यात्मक वृद्धि देखिँदैन । नयाँ गन्तव्य खोजी नहुँदा सीप र ज्ञानको नयाँ चरण पनि सुरु हुन सकेको छैन । परम्परागत गन्तव्य मुलुक खाडी र मलेसियामा पठाउने हालको अवस्था यथावत् राख्ने हो भने वैदेशिक रोजगारीमा जाने दक्ष र गुणात्मक जनशक्तिको क्षमता वृद्धिमा समेत रोक लाग्ने छ ।

नेपालको वैदेशिक रोजगार व्यवसाय संस्थागत रूपमा संचालन हुन थालेको ३ दशक हुन थालेको छ । निजी क्षेत्रका व्यवसायीहरूको निरन्तरको मिहिनेत र जोखिम उठाउने साहसका कारण वैदेशिक रोजगार क्षेत्र एउटा बृहत् उद्योगको हैसियतमा विकास भइरहेको छ ।

प्रत्येक बर्ष श्रम बजारमा आउने ५ लाख बढी युवा-युवतीलाई आन्तरिक श्रम बजारले रोजगारी प्रदान गर्न नसक्दा वैदेशिक रोजगारी नै उनीहरूको जीविकाको विकल्प र परिवारको सुरक्षाको आधार बनेको छ । राजनीतिको आन्तरिक खिचातानी र प्रशासनमा रहेको चरम भ्रष्टाचारका कारण मुलुकमा तत्काल ठूलो परिमाणमा विदेशी लगानी र प्रविधि भित्रिई रोजगारीका नयाँ अवसर सिर्जना हुने संभावना देखिएको छैन ।

यस्तो अवस्थामा वैदेशिक रोजगारको वर्तमान स्थितिमा सुधार र नयाँ गन्तव्य खोजीमा देखिएको अलमल अन्त्य नै वैदेशिक रोजगारीमा जाने कामदार तथा सिंगो मुलुकको हितमा देखिन्छ ।

नेपाली कामदारका लागि परम्परागत श्रम गन्तव्य र केही नयाँ गन्तव्यमा अवसरहरू देखिन्छन् तर सरकारी निकायहरूको उदासीनताले ती अवसरहरू खेर गइरहेको अवस्था छ । समस्याको समाधान हुन नसक्नुमा राजनीतिक तथा सरकारी पक्षलाई गैरसरकारी पक्षबाट पारिएको नकारात्मक प्रभावले भूमिका खेलेको सम्बद्ध सरोकारवाला बताउँछन् ।

वैदेशिक रोजगार ऐन, २०६४ मा सशोधन गरी इजाजतपत्र नवीकरण गर्दा प्रतिवर्ष सय जना कामदार अनिवार्य पठाउनुपर्ने व्यवस्थाको अन्त्य, वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई रोजगार करारपत्रका आधारमा अन्तिम श्रम स्वीकृति दिनुपर्ने, भिजिट भिसा निरुत्साहित गर्नुपर्ने, नेपाली श्रमिकहरूका लागि आकर्षक मानिएका युरोपेली गन्तव्य मुलुकहरूको मागपत्र प्रमाणीकरमा सहजता ल्याउनुपर्ने, जापानमा प्रशिक्षार्थी कामदार पठाउने विषय श्रम मन्त्रालयका प्राथमिकताका क्षेत्र हुन् । यसमा अलमलको अवस्था रहनु हुँदैन । अलमल राष्ट्रको अहितमा हुने छ ।






# नेपाली महिला र निर्वाचन



■ रञ्जु दर्शना

> समावेशिताको मर्मअनुरूप सामानुपातिक निर्वाचन प्रणालीको सुविधालाई हेरफेर गर्दै, महिलाहरूलाई त्यहाँ मात्र टिकट प्रदान गरेर संसद्भित्रको ३३ प्रतिशत पुऱ्याउने मनशाय पनि छर्लंग छ । यो मोही माग्ने ढुंग्रो लुकाउने जस्तो प्रवृत्ति हो

यो २१औं शताब्दी हो र संसारका केही अतिवादी मुलुकबाहेक प्रायः देशमा कानुनी रूपमा महिला हकहितको व्यवस्था छ । आदिम, कृषि युगमा महिलाहरूको भूमिका केवल सन्तान प्राप्ति र पारिवारिक स्याहार्यार सुसार हो भनेर केन्द्रित थियो, जुन कालान्तरमा महिलाको प्रमुख भूमिकाको रूपमा स्थापित भयो ।

विश्व मानचित्रमा औद्योगीकरणको युगदेखि महिलाहरूको भूमिका, सामाजिक स्थानमा परिवर्तन आउन थाल्यो र महिलावादी आन्दोलनको समेत धरातल निर्माण भयो । पुरुषहरू, त्यसमाथि धनी/साहुहरूको दबदबा रहेको सामाजिक संरचनामा महिलाले आफ्नो विशिष्ट स्थान, आत्मसम्मान र काममा समान व्यवहारका लागि खुब लड्नुपऱ्यो । पछि महिला हकहितका विषय पनि स्थापित हुन पुगे । चाहे आफ्नो गर्भमा आफूले नचाहीकन रहेको भ्रुणबाट मुक्ति पाउने अधिकार लिन होस् वा चाहे लाखौं महिलालाई सशक्तीकरण गर्न निर्वाचनमा लड्ने अधिकार पाउन होस्, संसारभरका महिलाले विभिन्न समयमा पटकपटक आन्दोलन नै गर्नुपरेको यथार्थ हामी्माझ स्पष्ट छ ।

नेपाल कहिल्यै बाह्य शक्तिको अधीनमा रहनु नपरे तापनि देशभित्रैका जहानियाँ राणा शासकहरूले अन्धकारमा राखेको अवस्था थियो । प्रकृतिले प्रदान गरेको अनुपम सौन्दर्य, प्राचीनकालदेखि बनेका विभिन्न कला, कृति, संरचना, दरबारहरू भए पनि शासकहरूले जनताको जीवनस्तर उन्नतिका लागि खासै मतलब गरेनन्, लोकतन्त्रको कुरा त परै जाओस् ।

छिमेकी राष्ट्र भारत अंग्रेजहरूबाट स्वतन्त्रता पाउने लामो विद्रोहमा होमिँदै गर्दा नेपालमा पनि जहानियाँहरूविरुद्ध आवाजहरू उठ्दै गए । ढल्नलाई त विधिवत् रूपमा राणा शासन २००७ सालमा ढल्यो तर त्यसको बिउ १९३२ सालमै लखन थापा मगरले रोपेका थिए ।

भारतमा भएको स्वतन्त्रताको लडाइँको प्रभाव नेपालमा पनि पर्न सक्ने अनुमानले झारो टार्न भए पनि २००४ सालमा पहिलो पटक काठमाडौं नगरपालिकाको निर्वाचन गराइयो, जसमा शासकले खल्तीबाट झिकेका व्यक्ति निर्वाचित भए । अब यसलाई कस्तो लोकतान्त्रिक अभ्यास भन्ने हामी आफैं विश्लेषण गरौं ।

त्यस निर्वाचनमा २५ वर्ष पुगेका पुरुषहरूले मात्र मतदान गर्न पाउने अधिकार थियो । त्यसपछि दोस्रो निर्वाचन २०१० सालमा भयो, जसमा महिलालाई मतदान गर्ने र उम्मेदवार बन्न पाउने अधिकार पनि प्राप्त भयो । निर्वाचन जितेर पहिलो पटक महिला प्रतिनिधिको रूपमा साधना प्रधान स्थापित भइन् । २०१५ सालमा भएको आमनिर्वाचनबाट भने पहिलो पटक द्वारिकादेवी ठकुरानी सांसद हुँदै मन्त्रीसमेत भइन् ।



इन्टर-पार्लियामेन्ट्री युनियनको एक रिपोर्टअनुसार विश्वमा महिलाहरूलाई सांसद हुन शताब्दीऔं लागेको छ । स्विडेनको संसद्मा महिला निर्वाचित हुन ४८६ वर्ष लागेको थियो भने नर्वेमा ३७ वर्ष लागेको थियो । यस अवस्थालाई नियाल्ने हो भने त नेपालमा लोकतन्त्र स्थापनासँगै महिलाहरूको अधिकार स्थापित भएको छ । यसको अर्थ हामी प्रगतिशील स्थानमा रहेछौं ।

तर, पहिलो आमनिर्वाचन २०१५ देखि पछिल्लो संघीय निर्वाचन २०७९ सम्मलाई हेर्ने हो भने महिलाहरूको उम्मेदवारी कम देखिन्छ । राजनीतिक दलले त झन् महिलालाई प्रत्यक्ष उम्मेदवारीमा कमभन्दा कम राखेर पुरुषलाई बढीभन्दा बढी टिकट दिने गरेका छन् ।

समावेशिताको मर्मअनुरूप सामानुपातिक निर्वाचन प्रणालीको सुविधालाई हेरफेर गर्दै, महिलाहरूलाई त्यहाँ मात्र टिकट प्रदान गरेर संसद्भित्रको ३३ प्रतिशत पुऱ्याउने मनशाय पनि छर्लंग छ । यो मोही माग्ने ढुंग्रो लुकाउने जस्तो प्रवृत्ति हो । २०६३ सालपछि स्थापना भएको ३३ प्रतिशत अनिवार्य महिला प्रतिनिधित्वको कानुनलाई मनलाग्दो प्रयोग त भएकै थियो तर अहिलेको समयमा आएर महिला नेताहरूलाई प्रत्यक्ष निर्वाचनमा सहभागी हुन थप कठिनाइ भएको देखिन्छ, जसका कारण र सम्भावित समाधानका विषयमा यहाँ चर्चा गरिएको छ ।

१) खर्चिलो निर्वाचन : निर्वाचन आयोगले हरेक वर्ष निर्वाचनको प्रचारप्रसारमा लाग्ने खर्च कतिसम्म गर्न पाइन्छ भनेर तोकेको हुन्छ । तर, तोकिएको खर्च सिलिङभन्दा सजिलै दोब्बर, तेब्बरसम्म खर्च हुने गरेको नेता तथा उम्मेदवारहरू सुनाउँछन् । सडक, सवारी साधनको सहजताका कारण यातायात खर्च ग्रामीण भेगमा बढी लाग्छ भने निर्वाचनलाई चाड पर्व, मेला जस्तै मान्नाले उम्मेदवार र दलका नेताहरूले भोज-भतेर नै खुवाउने गलत प्रचलनका कारण निर्वाचन खर्च बढेको छ ।

यस कारणले गर्दा महिला नेतृहरू प्रत्यक्ष निर्वाचनमा उठ्ने कुरामा हच्किएको पनि अवस्था छ । निर्वाचन खर्च कम गराउन निर्वाचन आयोगले उजुरी पर्खिनुपर्ने अवस्था छ । निर्वाचन प्रचारप्रसारको समयसीमा कम गर्ने हो भने पनि धेरै हदसम्म खर्च कम हुन सक्छ ।

साथै, निर्वाचन प्रचारप्रसारमा हुने अन्य खर्चमा मतदाता शिक्षा पनि पर्छ । उम्मेदवारहरू आफैंले पनि मतदाता शिक्षामा काम गरिरहनुपरेको छ, जुन निर्वाचन आयोगको काम हो । यसमा समेत निर्वाचन आयोगको पूर्वतयारी राम्रो हुन जरुरी छ । हालको अवस्थामा महिलाहरूलाई उम्मेदवारी दर्ता गर्दा धरौटी रकम ५० प्रतिशत कम छ । यो राज्यका तर्फबाट एक प्रकारको प्रोत्साहन हो ।

यसका अलावा अघिल्लो निर्वाचनमा मतको तोकिएको संख्या कटाएकाहरूलाई राज्यले अर्को निर्वाचनमा केही आर्थिक सहयोग पनि गरिदिँदा थप प्रोत्साहन मिल्न जान्छ ।

२) उम्मेदवार छनोट प्रणाली : पुराना दलहरूभित्र निर्वाचनमा उम्मेदवार हुने आकांक्षीको लाइन, पहिलेपहिले यातायात कार्यालयमा कर तिर्न जाँदाजत्तिकै लामो लाइन हुने गर्छ । र, सो लाइनमा अधिकांश धेरै भोटो फटाएका पुरुष नेताहरू हुन्छन् । तसर्थ, पार्टी संरचनाको भुइँस्तरदेखि उम्मेदवारको सिफारिस भएर आए तापनि निकै न्यून संख्यामा प्रत्यक्ष प्रणालीमा महिला उम्मेदवारहरू हुन्छन् ।

पार्टीले अनिवार्य ३३ प्रतिशत प्रत्यक्ष उम्मेदवारीमा महिला हुनुपर्ने जस्तो कुनै बाध्यकारी कानुन बने मात्र यस समस्याको समाधान गर्न सकिन्छ । यसका साथै विश्वका धेरै देशमा राष्ट्रिय निर्वाचनअघि दलभित्रै पूर्वनिर्वाचन गराएर उम्मेदवार छानिने प्रणाली छ । अमेरिकामा पनि त्यस्तै छ । नेपालमा भने सामान्य रूपले त्यसको प्रयोग भएको छैन । हुने कुरा भने यदाकदा उठ्ने गरेको छ ।

२०७४ सालको स्थानीय निर्वाचनका बेला विवेकशील नेपाली दलले पहिलो पटक 'खुल्ला उम्मेदवार नीति' लिएको थियो, जसअनुरूप संविधानले तोकेको मापदण्डअनुसार योग्य व्यक्तिले निवेदन हाल्न सक्थे र पार्टीभित्रका नेता र बाहिरका विज्ञहरूको टिमले सो निवेदन उपर छलफल, विश्लेषण गरी उम्मेदवारीका लागि टिकट दिन सक्थ्यो । पूर्वनिर्वाचनसँगै खुल्ला उम्मेदवार नीति अर्को एक विकल्प हुन सक्छ, जसले उम्मेदवार छनोट प्रणालीलाई वैज्ञानिक र जबाफदेही बनाउन सकिन्छ ।

३) आथिक स्रोत, साधनको ज्ञान : धेरै महिलाहरूको बाल्यकालदेखिको हुर्काइमा उनलाई पालन पोषण गर्न, व्यवस्थापन गर्न सिकाइएको हुन्छ । तर, अर्थको स्रोत कहाँकहाँ हुन्छ र कसरी जुटाउन सकिन्छ भन्नेबारे ज्ञान निकै कम प्राप्त भएको हुन्छ । यसै कारणले पनि वर्तमान अवस्थामा महिला उम्मेदवारहरूलाई निर्वाचन आउनासाथ आत्मविश्वास बलियो भएकै हुँदैन । आर्थिक स्रोत, साधन हुनु आत्मविशवासको पहिलो कडी हो ।

यस कारण राजनीतिक दल, निर्वाचन आयोगले समेत समयसमयमा आर्थिक स्रोत, साधन संकलनसम्बन्धी गोष्ठी, तालिम दिन अतिआवश्यक छ । मुख्यगरी राजनीतिक दलहरूले आफ्ना उम्मेदवारहरूलाई सिपाही बनाई निर्वाचनको मैदानमा बिनाहातहतियार पठाउन हुँदैन । यसै कारण राजनीतिक दलहरूले समेत आफ्ना महिला उम्मेदवारहरूलाई एकीकृत आर्थिक स्रोत, साधन वा सो सरहको सेवा उपलब्ध गराएमा धेरै महिलाले उम्मेदवारी दिन हिच्किचाउने थिएनन् ।

२०१५ देखि २०७९ सालसम्म आउँदा पनि निर्वाचनमा महिलाहरूको सहभागिता उल्लेखनीय हुन नसक्नुमा प्रणालीगत त्रुटि र कमजोरीहरू रहेका हामीले स्वीकार्नुपर्छ । २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा २ हजार १८७ जना उम्मेदवार थिए । त्यसमा महिला उम्मेदवार २२५ जना मात्र थिए । सोही निर्वाचनमा ६२ वटा राजनीतक दलले भाग लिएका थिए । औसतमा १ पार्टीले २ दशमलव ३ जना मात्र महिला उम्मेदवार प्रत्यक्षतर्फ उठाएको पाइन्छ जबकि सोहीअनुसार भने २२ जना पुरुषहरू उम्मेदवार थिए ।

महिलाअधिकारसम्बन्धी महासन्धिहरू पनि सही गर्ने, आफ्नै देशको कानुनमा समेत महिला सशक्तीकरण, महिला हकहित र अधिकारका कुराहरू उल्लेख गर्ने तर नीति नियम, कानुन बनाउने मूल थलोसम्म पुग्न भने बाटोको कठिनाइ हटाउन मोही माग्ने ढुंग्रो लुकाउने प्रवृत्ति हट्नुपर्छ ।






# रित्तिँदै गाउँ, पातलिँदै शहर



■ कृष्ण वर्मा

> विद्यालयमा शिक्षकको विज्ञापन १०औं पटक गर्दा शिक्षक पाइँदैन । अस्पताल लैजाने नौजवानविहीन बनेको छ गाउँ । मान्छे मर्दा मलामी जाने र घर कुर्ने मान्छे छैनन्, अवस्था कहालीलाग्दो बनेको छ । चिन्ता सबैको छ तर चिन्तन कसैको छैन

अहिले हामी सबैको बिहानी सामाजिक संजालमा चिने जानेका मात्र १०-१२ जनालाई शुभयात्रा र बधाई तथा शुभकामना दिँदैमा बित्छ । रेमिटचान्सका लागि अन्य कम कमाइ हुने देशमा जानेहरूको भीडले एयरपोर्ट खचाखच छ। भारतमा र अन्य अवैधानिक रूपले जानेहरूको त इन्तिगिन्ती छैन । चोक तथा मोटर बाटो पुराना झिटी गुण्टा बोकेर हिँडेका २-४ गाडीहरूलाई बिदाइ गर्नुपर्ने दैनिकी बनेको छ। शहरका हरेक गल्ली र घरहरूमा कोठा भाडामा खाली भन्ने सूचना देख्न पाइन्छ । कहिलेकाहीँ अत्यास लाग्ने मलामी नपाएको, १-२ जनाले लास कुरेको, उपचार नपाएको समाचार र फोटोको त कुरै नगरौं । माथिका यी सबै गर्ने र देख्ने हाम्रो दैनिकी बनेको छ ।

यही क्रियाकलाप निरन्तर रहने हो भने अब यो गाउँ, शहर र देशमै को बस्ने छन् भन्ने कुराको एउटै उत्तर छ- बूढाबूढी र असहायहरू मात्र। गाउँमा युवा आउन त शिरीष देवकोटाको गीत जस्तै 'छन त छन् छोरा र छोरी, फर्कंदैनन् बाउ-आमा नमरी' भएको छ ।

अहिले नै गाउँघर खण्डहर बनेको छ । विकास र निर्माणले तीव्र रूप लिएको छ। बाटो पिच भएका छन्, खानेपानी घरघरमा पुगेको छ, अस्पताल र विद्यालयहरू ठूलाठूला बनेका छन् तर न अस्पतालमा डाक्टर छन्, न त विद्यालयमा विद्यार्थी ।

खेत र बारी बाँझो भएको छ, रूख बिरुवाले घर र बारी ढाकेको छ । गाउँ मान्छेभन्दा बढी बाँदर र जंगली जनावरको कब्जा बनेको छ । विद्यालयमा शिक्षकको विज्ञापन १०औं पटक गर्दा शिक्षक पाइँदैन । अस्पताल लैजाने नौजवानविहीन बनेको छ गाउँ । मान्छे मर्दा मलामी जाने र घर कुर्ने मान्छे छैनन्, अवस्था कहालीलाग्दो बनेको छ। चिन्ता सबैको छ तर चिन्तन कसैको छैन ।

अन्तर्राष्ट्रिय व्यापारिक पत्रिका फोर्ब्सले भनेको छ, 'जब उत्पादन र सेवाको माग हुँदैन, तब व्यापार असफल हुन्छ ।' यही कुरालाई नेपालको परिप्रेक्ष्यमा गाउँ, शहर र देश खाली भएको अवस्थालाई प्रमाणित गरेको छ । जब युवाहरूलाई यहाँ रोजगारी र केही नयाँ गर्ने वातावरण मिल्दैन, तब हुने भनेकै स्थानन्तरण हो ।



यहाँ प्रचुर मात्रामा रोजगारी र उत्पादनमा मात्र हुने हो भने हाम्रो सफलता युवा पलायन रोक्नमा हुने थियो । तर, हालसम्म यो हुन सकेको छैन। कुनै समयपछि सुरक्षा र सरकारी सेवामा समेत अन्य देशले जस्तै लोटरी फर्म भराउने अवस्था नआउला भन्न सकिन्नँ भने शैक्षिक योग्यता १२ भन्दा माथि हुने छैन ।

हरेकको सोच, गाउँ छाडेर बजार जाने, बजार छाडेर विदेश जानेमा मात्र छ । हाम्रो शिक्षाले पनि त्यही नै सिकाएको छ, समय सापेक्ष हाम्रा पाठ्यक्रमहरू परिमार्जित भएनन्। शिक्षा र स्वास्थ्यमा व्यापार र विभेद भयो । व्यवस्थाहरू बदलिए अवस्थाहरू बदलिएनन् । नेता, नेतृत्व र उच्च पदस्थहरूले मात्र देश खर्लप्पै खाए, खाएर मात्र नभएर गाउँ, समाज र देशका लागि प्रत्युत्पादक बने । हरेक ठूला बडाका सन्तान हेर्ने हो भने सबै विदेश छन् घर र बसाइ भने शहर र बजारमा, त्यही सिको सर्वसाधरणले गर्न थाले ।

हामीले निर्वाचनपछि सधैं नेता र नेतृत्वलाई गाली गरेका हुन्छौं तर निर्वाचनमा भने गाउँ भरिनेगरी तिनै नेतालाई भोट हालेर जिताउँछौं। राजनीति सुधारका लागि धेरै आन्दोलन र घटना पनि भए तर उपलब्धि भने हरेक दिन राज्यको ऋण बढ्ने, तुच्छ शब्दमा एकले अर्कालाई गाली गर्ने, भ्रष्टाचार र अनियमिततालाई राजनीतिक नेतृत्वले पक्षपोषण गर्ने, आफ्नो भनाइमा सहमत नहुनेहरूलाई जेलनेल राख्नसमेत पछि नपर्ने, केही गरौं भन्नेहरूलाई राज्यको लम्बेतान प्रक्रियामा अल्झाएर पैसा असुल्ने, उत्पादन सुरु गरे चाहिनेभन्दा बढी कर लगाउने, करको दुरुपयोग गर्नेभन्दा अर्को भएको देखिँदैन। यी र यस्ता अवस्था भएपछि यो देशमा बस्छ को ?

देशलाई भ्रष्टाचार र अनियमितताको पनि धेरै हिस्सा छ, यो अवस्थामा जानका लागि । हाम्रो व्यवस्था र पद्धतिले भने अझै पनि सुशासन र सदाचारको कुरा उठाउन छाडेको छैन । कुनै ठाउँ र स्थान छैन होला, जहाँ भ्रष्टाचार र अनियमितता नहोस् ।

जागिरका लागि सोर्स, कामका लागि सोर्स, व्यापार व्यवसाय सुरु गर्न/गराउन सोर्स, उपचार पाउन सोर्स, राम्रो विद्यालयमा पढ्न सोर्स, सरुवा हुन सोर्स । अवस्था यस्तो भइसकेको छ कि बिनासोर्स र पैसा यहाँ केही सेवा र सुविधा प्राप्त गर्न सकिँदैन ।

यहाँ त जसले यी सबै गर्न सक्छ, त्यो मात्र बस्न सक्ने अवस्था सिर्जना भइसकेको छ। कसैले त भन्न पनि थालिसके, भ्रष्टाचार र अनियमितता रोकिने हो भने अहिले बसेकाहरू पनि यो देशमा बस्ने छैनन् । मतलब, अनियमितता र भ्रष्टाचार गर्न रमाउनेहरू मात्र यो देशमा बस्छन् भन्ने भाष्य बनिसकेको छ ।

हरेक स्थानीय तहमा १५ शयचाका अस्पताल बने तर त्यहाँ न डाक्टर छन्, न त उपकरण । जिल्लाका हरेक सदरमुकामको जिल्ला अस्पतालमा न सुविधा सम्पन्न भवन छ, न त चिकित्सक र उपकरण छन् । भएका चिकित्सकहरू पनि निजीमा गएर जनताको मन अमिलो हुनेगरी लुटिरहेका छन् ।

बजार हुँदै गाउँ जाने बाटो पिच भयो तर उपभोग गर्नेहरू भने त्यही बाटो हुँदै शहर, बजार हुँदै विदेश पलायन भएका छन् । विकास र व्यवस्थापनको तालमेल नमिल्नु पनि बसाइँसराइको एउटा कारण हो । हाम्रोमा भौतिक पूर्वाधार विकास निर्माण जनताका लागि भन्दा पनि भ्रष्टाचार र अनियमितताका लागि हो भन्दा उपयुक्त हुन्छ। होइन भने यस्तो अवस्थामा हामीले राज्यको पैसा दुरुपयोग किन गरिरहेका छौं ? कि त गाउँको बसाइँसराइ रोकौं कि विकास रोकौं ।

यी सबैको चिन्तन राजनीतिक दल र नेतृत्वले गर्नुपर्ने हो तर उनीहरूलाई आफ्नो पद जोगाउने र राज्यको ढुकुटीमा कालसँग बच्नेभन्दा अर्को कुनै सोच नै छैन। उच्च पदस्थ नेतृत्व र कर्मचारीहरूलाई देशको माया नै छैन। यदि उहाँहरूलाई देशको माया हुने हो भने यो पक्कै पनि रोकिन्छ । तर, त्यो उहाँहरूबाट सम्भवै छैन । हेर्दा र समाचार बनाउँदा भने यो देश स्वर्ग बन्नमा अब धेरै छैन भन्ने देख्न र सुन्न पाइन्छ तर हेर्दा भने धिक्कार लाग्ने भइसकेको छ ।

दक्ष जनशक्तिलाई देशमा बस्ने र काम गर्ने वातावरण बनाउने, भौतिक सुख र सुविधालाई न्युनीकरण गर्ने नैतिक शिक्षा लागू गर्ने, सदाचार र कर्तव्यपरायणलाई नागरिकको कर्तव्य बनाउने, सामाजिक सद्भाव र सहिष्णुतालाई अनिवार्य गराइनु, कानुनी राज्यको महसुस नागरिकले गर्ने बनाउनु, विकास र निर्माणलाई पारदर्शी, गुणस्तरीय र उपयोगी बनाउने, सत्ता र नेतृत्वको मोह त्यागी पुस्ता हस्तान्तरण गर्ने, सरकारी सेवालाई सजिलो, समय सापेक्ष, झन्झटरहित, जबाफदेही र पारदर्शी बनाउने, कर प्रणालीलाई व्यवस्थित, सहज र सजिलो बनाउने, पारिवारिक र नागरिक कर्तव्यलाई अपरिहार्य बनाउनतर्फ लाग्ने हो भने यो अवस्थाबाट छुटकरा पाइने छ होइन भने गाउँघर रित्तिँदै, शहर पतलिँदै र देश युवाविहीन बन्नमा कसैले रोक्न सकिने छैन ।

हामी सबै आ-आफ्नो ठाउँबाट यसमा लाग्नुपर्ने देखिन्छ। देश रित्तो हुँदै छ यसमा हामी सबैको चिन्तन हुनु अनिवार्य छ। बसाइँसराइ र स्थानान्तरण निरन्तर प्रक्रिया भए पनि यसका फ्याक्टरहरूलाई सुधार गर्न सकिए गाउँ रित्तो हुने छैन। वृद्धवृद्धा, असहाय र जंगली जनावरले गाउँ रुङ्नुपर्ने छैन ।







# संविधानको बहुपक्षीय सरोकार



■ सी. बी. बस्याल

> जबसम्म जनहितको विषयले प्राथमिकता पाउँदैन, तबसम्म बहुमतको बलमा गरिने निर्णयले कुनै अर्थ राख्दैन । यदि संविधानलाई मूल कानुन मान्ने हो भने संघीयताको कार्यान्वयन पक्षलाई जोड दिइनुपर्छ

संविधान भनेको राज्य संचालनका लागि राज्यशक्ति, अधिकार र कर्तव्य बाँडफाँटको लिखित दस्तावेज हो । यो आफ्नो समयको दायित्व र शक्ति विभाजनको सम्झौतापत्र हो ।

देशका सारा कानुनहरू संविधानमुताबिक नै बन्छन् । जुन संविधानमुताबिक छैनन्, ती खारेज हुन्छन् । देशको मूल कानुन नै संविधान हो । संविधानले शक्ति संरचनाको निर्धारण, वितरण र सन्तुलन गर्छ । संविधान त्यतिबेला लेखिन्छ वा जनता आफैंले त्यसबेला लेख्छन्, जुनबेला आमूल परिवर्तन आफ्नै बलमा भएको हुन्छ र सामाजिक जीवनपद्धतिमा ठूलो रूपान्तरणको खाँचो तीव्र गतिमा हुन्छ ।

नेपालमा संघीय गणतन्त्रको संविधान बनाउनुको सट्टा लोकतान्त्रिक गणतन्त्रात्मक संविधानमा सहमति गरियो । सबै अंगहरूमा सबै प्रकारका उत्पीडित समुदायहरूको पूर्ण समानुपातिक समावेशी प्रतिनिधित्व हुनुपर्छ भन्ने थियो ।

जनताले रोजेको संविधानमार्फत परिवर्तनले तय गरेका समाज रूपान्तरणका मुद्दा प्रतिविम्बित हुनेगरी राज्य संचालन हुनुपर्थ्यो । नेपालको वर्तमान संविधानमा देश अब समाजवाद उन्मुख छ भनी उल्लेख त गरियो तर समाजवादको दिशातर्फको यात्रा तय गर्ने प्रक्रिया वा ‘रोड म्याप’ यकिन भएन । त्यसका लागि पनि फेरि अर्को आन्दोलन वा विद्रोहको खाँचो महसुस हुन्छ । हुनत समाजवाद निर्माणको बाटो लामो, कष्टकर अनि दुरुह प्रक्रिया हो भन्ने भनाइ नै छ । अबको सबैभन्दा केन्द्रीय कार्यभार भनेको राष्ट्रिय पुँजीको विकास र न्यायोचित वितरण हुन सक्नुपर्छ । समाजवादका आधारभूत विशेषताहरूलाई संविधानमा समेटिनु अपरिहार्य छ । संविधान राज्यसत्ता संचालनलाई निर्देश गर्ने मूल कानुन हो ।

## ■ जनताको अपेक्षा

देश, जनता, समाज र समुदायलाई सेवा गर्ने, प्रगति र समृद्धितिर लैजाने खालको संविधान हुनुपर्छ भन्ने जनअपेक्षा छ । देशलाई स्वाधीन बनाउने, जनतालाई आत्मनिर्भर र स्वाभिमानी बनाउने योजना र लक्ष्यलाई पनि संविधानले समेट्नुपर्ने हुन्छ ।

विगतका वर्षहरूमा देशमा धेरै राजनीतिक अभ्यास भए तर त्यस्ता अभ्यासको प्रतिफल सर्वसाधारणलाई प्राप्त भएन । सर्वसाधारणको दैनिकी अझैसम्म पनि कष्टकर नै छ । ‘समृद्ध नेपाल : सुखी नेपाली’को परिकल्पना नारामा सीमित छ ।

नीतिगत सुधार गरेर अर्थतन्त्रलाई सही दिशातर्फ उन्मुख तुल्याउन अग्रसर हुनुको सट्टा मनगढन्ते तथ्यांक प्रस्तुत गरेर जनसाधारणलाई रनभुल्लमा पार्ने चेष्टा गरिएको छ । कर्तव्यपालना र जिम्मेवारी भाषणमा सीमित हुन्छ ।

जनताका मौलिक अधिकारभित्र राखिएका विषयलाई जनताले नै उपभोग गर्न नसकेर बञ्चित हुनुपरेको छ । खासगरी शिक्षा, स्वास्थ्य, रोजगारी, सुरक्षा आदि क्षेत्रहरूमा जनताले कठिनाइ झेल्नुपरेको छ । शिक्षा र स्वास्थ्यलाई निजीकरणको रोगले ग्रस्त पार्दै लगेको छ । नेपाली युवाहरू विश्वका कुनाकुनामा सस्तो श्रम गर्न बाध्य छन् ।



आर्थिक लेनदेन, नाफाघाटा, व्यक्तिगत स्वार्थ परिपूर्तिका लागि जे पनि गर्ने संस्कृतिको विकास भएको छ । पैसा र शक्तिको आडमा राजनीति संचालित छ । जनताले गरेको रूपेक्षा यो थिएन । परिवर्तनको आन्दोलनले समाज रूपान्तरणका विषयहरूलाई संविधानमार्फत प्रतिविम्बित गर्नुपर्थ्यो ।

## ■ लोकतन्त्रका शर्तहरू

राज्यको सर्वोच्च स्थान जनतामा निहीत हुनु लोकतन्त्रको विशेषता हो । असल लोकतन्त्रमा कुनै आदेश, सनक वा तजबिज चल्दैन । हरेक परिवर्तनका अधिकार जनताको मतमा आधारित हुनु नै असल लोकतन्त्र हो । यो पूर्णतः लोकतान्त्रिक मूल्य-मान्यताको आधारमा विधिअनुरूप संचालित हुन्छ ।

लोकतन्त्र भनेको जनताको शासन हो । यसमा शासक र शासित वर्गमा विभाजन हुँदैन । लोकतन्त्रका लागि नभई नहुने केही शर्तहरू हुन्छन् । आधुनिक बजार अर्थतन्त्र तथा समाज, कुनै प्रलोभनमा नपरी काम गर्न सक्ने उच्च मनोबल भएको कर्मचारीतन्त्र, सेना र प्रहरी उपर निर्वाचित पदाधिकारीको नियन्त्रण, बलियो बाह्य शक्तिको नियन्त्रण नभएको, उच्च गुणस्तरका राजनीतिज्ञ, आलोचना सहन सक्ने र गल्ती नदोहोर्‍याउने राजनीतिक संस्कार आदि लोकतन्त्रका शर्तहरू हुन् ।

## ■ शासकीय स्वरूप

लोकतन्त्रका २ प्रकारका रूप हुन्छन् । पहिलो, अप्रत्यक्ष लोकतन्त्र र दोस्रो, प्रत्यक्ष लोकतन्त्र । अहिले नेपालमा अप्रत्यक्ष लोकतन्त्र अभ्यासमा छ । अप्रत्यक्ष लोकतन्त्रमा जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूले राज्य संचालन गर्छन् । प्रत्यक्ष लोकतन्त्रमा जनता स्वयं सहभागी भई शासन संचालन गर्छन् ।

प्रत्यक्ष लोकतन्त्रमा सुशासन हुने, जबाफदेहिता बढ्ने, भ्रष्टाचार नहुने, छोटो समयमै विकास र समृद्धि प्राप्त गर्न सकिने, राजनीतिक स्थिरता कायम रहने अवस्था हुन्छ । नेपालमा अहिले लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था छ । यसले पुँजीवादी संसदीय व्यवस्थालाई जन्म दिएको छ ।

पुँजीवादी अर्थ व्यवस्थाकै कारण राष्ट्रिय अर्थतन्त्र धराशायी बन्दै गएको छ । कालोबजारी, तस्करी, भ्रष्टाचार, कमिसन, कृत्रिम अभाव, महँगी, उपभोक्तावादी संस्कृति, आवश्यकताहरूको व्यापक बिस्तार, उत्तर-आधुनिकताको प्रवृत्ति आदिले जनजीवन अस्तव्यस्त बन्न पुगेको छ ।

अप्रत्यक्ष शासकीय स्वरूपको विकल्पमा प्रत्यक्ष शासकीय स्वरूपको छनोट गर्नुपर्ने विषय उठेको छ । प्रत्यक्ष लोकतन्त्रमा कार्यकारी प्रमुख (राष्ट्रपति वा प्रधानमन्त्री)को व्यवस्था हुन्छ । अब नेपालका लागि उपयुक्त र उत्तम शासन प्रणाली भनेको प्रत्यक्ष लोकतन्त्र हुन सक्छ ।

## ■ लुटतन्त्रको अन्त्य

पारदर्शिता, विधिको शासन, शक्तिविन्यास, नियन्त्रण र सन्तुलनयुक्त राज्य संचालन लोकतन्त्रमा हुन्छन् । नेपालका संसदीय पार्टीहरू र तिनका नेतृत्व राजनीतिक संस्कार र मूल्य-मान्यताअनुसार चलेका छैनन् । तिनीहरूमा स्वेच्छाचारी प्रवृत्ति हावी रहेको देखिन्छ । कुरा लोकतन्त्रको गर्छन्, काम चाहिँ अधिनायकवादी ।

सरकार पनि अध्यादेशमार्फत देश चलाउन उद्यत छ । स्वेच्छाचारी प्रवृत्तिले पूर्ण रूपमा भ्रष्ट बनाउँछ । पार्टी र सरकारमा मौलाउँदै गएको यो प्रवृत्तिको अन्त्य हुनुपर्छ । भ्रष्टाचार आफैंमा नदेखिने हिंसा हो । यसलाई नियन्त्रणमा राख्न नसक्नु भनेको लुटतन्त्रको राज हो ।

लोकतन्त्रमा कसैलाई पनि लुट्ने छुट हुँदैन । संरचनागत र संस्थागत लुट लोकतन्त्रको अघोषित रूप बन्न दिनुहुँदैन । यो लुटतन्त्रको पर्दाफास गर्नु जरुरी छ र यसको अन्त्य गर्नका लागि शून्य सहनशीलता अपनाउनु अहिलेको प्रमुख काम हो ।

## ■ सरकारको दायित्व

राजनीतिलाई हरेक नीतिको मूल नीति मानिन्छ । राजनीतिले नै हरेक कुराको निर्णायक भूमिका निर्वाह गर्छ । देशको राजनीति सही बाटोमा छ भने मात्र अरू नीति प्रभावकारी हुन सक्छन् ।

राजनीतिले परिवर्तनका लागि ठूलो अर्थ राख्छ । राजनीतिले लोकतन्त्र र देशको समृद्धिमा महत्त्वपूर्ण योगदान दिन्छ । राजनीतिलाई सफा र राम्रो खेलको रूपमा परिभाषित गर्न यसका खेलाडीहरू पनि असल, इमान्दार, अनुशासित, त्यागी, निष्ठावान्, योग्य, निरोगी, चरित्रवान्, निष्पक्ष, पारदर्शी अनि सफल हुनुपर्छ । यो आजको आवश्यकता हो ।

सरकारमा पनि तिनै पार्टी र तिनका नेताहरू सहभागी हुने भएकाले देश र जनताप्रतिको दायित्व भुल्नुहुँदैन । नागरिकका आधारभूत आवश्यकता पूरा गर्नुपर्ने दायित्वबाट सरकार विमुख हुनुहुँदैन । राजनीति, सत्ता र सरकारलाई देश लुट्ने खेल बनाउन पाइदैन ।

नागरिकका न्यूनतम आवश्यकता पूरा गर्न नसक्ने सरकारले अरू धेरै कुरा गर्छु भन्नुको कुनै तुक हुँदैन । राज्यले मलाई हेरेको छ भन्ने कुराको अनुभूति हरेक नागरिकले गरेको हुनुपर्छ ।

## ■ संघीयताको कार्यान्वयन

संघीयता लोकतन्त्रको मूल तत्त्व हो । सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा संघीयता आधारित हुन्छ । लोकतन्त्रलाई जरैदेखि स्थापित गर्न संघीयता अभ्यासमा आएको हो । राज्य व्यवस्थाको केन्द्रीय सरकारले प्रयोग गर्ने निरंकुश अधिकारलाई समाप्त गरी राज्यको अधिकारलाई तलमाथि विभाजन गर्ने लोकतान्त्रिक प्रक्रिया नै संघीयता हो ।

स्थानीय स्रोत, साधनको अधिकतम परिचालन हुने, केन्द्रको मुख ताक्नु नपर्ने र आत्मनिर्भरता तथा स्वावलम्बन बढ्ने हुनाले देशको समग्र विकास हुने अवस्था संघीय व्यवस्थामा रहन्छ । तर, संविधानतः स्थानीय र प्रदेशलाई दिइनुपर्ने अधिकार दिइएको छैन । जनता जहाँ बस्छन्, त्यही ठाउँमा अधिकार दिनु संघीयताको मर्म हो ।

संघीयतामा केन्द्रीकरणको प्रश्न गौण हुन्छ तर व्यावहारिक रूपमा त्यसो हुन सकेको छैन । केन्द्रमा सरकार विघटन र परिवर्तन भएमा त्यसको असर प्रदेशसम्म पर्ने गरेको छ । वस्तुतः संविधान राजनीतिक शक्तिहरूबीचको सम्झौता र समझदारीबाहेक अरू केही होइन भन्ने कुराको पुष्टि गरिँदै छ ।

जबसम्म जनहितको विषयले प्राथमिकता पाउँदैन, तबसम्म बहुमतको बलमा गरिने निर्णयले कुनै अर्थ राख्दैन । यदि संविधानलाई मूल कानुन मान्ने हो भने संघीयताको कार्यान्वयन पक्षलाई जोड दिइनुपर्छ । जसले बहुमत प्राप्त गर्छ, उही सरकारमा जान्छ र बहुमतको दण्ड चलाइरहने प्रक्रियालाई अनन्तकालसम्म जानबाट रोक्नुपर्छ ।









# अमूर्त साँस्कृतिक सम्पदा पुनर्जागरणको सवाल



■ श्याममदन के. सी.

❝ नेपालको अमूर्त साँस्कृतिक विविधताले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न सकेको हुँदा यसलाई समाजमा पुनर्जागरण गर्ने लक्ष्य हुनुपर्छ । अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणका लागि विवरणसूची तयार पार्नका लागि र कार्यक्रम, परियोजनालगायतका क्रियाकलापहरूलाई अगाडि बढाउनुपर्ने देखिन्छ

नेपालमा आएको राजनीतिक परिवर्तनले नेपाली जनतालाई विखण्डतिर लगेको छ । समाजमा एकत्रित भएर बसेका विभिन्न जाति, जनजातिका समुदायहरूलाई छिन्नभिन्न पारिएको छ । यसले समाजमा मिलेर बसेका समुदायलाई छिन्नभिन्न पार्ने अवस्थामा पुऱ्याएको छ । राजनीतिमा देखिएको विकृतिले दिनप्रतिदिन समाजलाई जुटाउनेभन्दा फुटाउनेतिर अघि बढेको देखिन्छ ।


यस्तो स्थितिबाट समाजलाई बचाउनका लागि एक मात्र सूत्रको रूपमा अमूर्त साँस्कृतिक सम्पदाले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यस्ता अमूर्त साँस्कृतिक सम्पदाहरूले नेपाली जनताको हृदयमा संवेदना जगाउने काम गर्ने छन् । विशेषगरी नेपाली जनताको परम्परा र जीवनशैलीसँग सम्बन्धित हुने भएकाले अमूर्त सम्पदाहरू महत्त्वपूर्ण भएका हुन् ।

यस्ता संस्कृति र समुदायले गाउन सकिने गीत, जन्मदेखि मृत्युसम्मका संस्कारहरू र वाचन गर्न सकिने कथाका रूपमा रहेका हुन्छन् । नेपालभर छरिएर रहेका यस्ता अमूर्त साँस्कृतिक सम्पदाहरूलाई राष्ट्रिय एकताको प्रतीकको रूपमा अंगीकार गर्नुपर्छ । यसरी राष्ट्रका पूर्वदेखि पश्चिमसम्मका जनतालाई एकताबद्ध बनाउने अमूर्त साँस्कृतिक सम्पदा मुलुकको अबको गन्तब्य हुनुपर्छ ।

अमूर्त सांस्कृतिक सम्पदा भन्नाले अघिका पुर्खाहरूबाट परम्परागत रूपमा प्राप्त गरी आगामी सन्ततिहरूमा हस्तान्तरण हुँदै आएका परम्परा एवं जीवन्त अभिव्यक्तिहरू हुन् । यसमा मौखिक परम्परा, प्रस्तुतिकला, सामाजिक अभ्यास, रीति रिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान हुन् ।

त्यसैगरी अभ्यास एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू समावेश गरिएको हुन्छ । यस्ता अमूर्त साँस्कृतिक सम्पदा समुदाय आफैंले पहिचान एवं परिभाषित गरेका हुन्छन् । प्रचलन र अभ्यासहरू अमूर्त साँस्कृतिक सम्पदाका अंशहरू हुन् भन्ने निर्णय गर्ने अधिकार सम्बन्धित स्थानको समुदायसँग रहेको देखिन्छ ।

अमूर्त साँस्कृतिक सम्पदाहरूमा परम्परागत ज्ञान, सीप र रीतिमा निर्भर रहन्छ । अमूर्त



संस्कृति एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरण भई निरन्तर समुदाय र समूहद्वारा पुन निर्मित गरिन्छ । यसले उनीहरूलाई पहिचान र निरन्तरताको बोध गराउँछ ।

यसरी साँस्कृतिक विविधता र मानव सिर्जनशीलताका लागि सम्मान प्रवर्द्धन गर्छ । विभिन्न समुदायको अमूर्त साँस्कृतिले अन्तरसाँस्कृतिक सम्वादमा सहयोग पुऱ्याउने तथा एकअर्काका जीवनशैलीलाई पारस्परिक सम्मान गर्न प्रोत्साहित गरेको देखिन्छ । ज्ञानको हस्तान्तरणको सामाजिक र आर्थिक मूल्य राज्यका अल्पसंख्यक समूह र मूलधारमा रहेका सामाजिक समूहका लागि उत्तिकै सान्दर्भिक छ ।

यसले विविध साँस्कृतिक समूहहरूले भाग लिने समकालीन ग्रामीण तथा शहरी प्रचलनहरू समेटेको छ । यस्ता अमूर्त साँस्कृतिक सम्पदाहरूले हाम्रा विगत, वर्मेमान र भविष्यलाई जोड्ने सेतुको रूपमा काम गर्दै आएका छन् । प्रत्येक समुदायको पहिचान र निरन्तरताको बोध गराउन योगदान पुऱ्याएको छ ।

सामान्य अमूर्त संस्कृति निरन्तर रूपमा परिवर्तित हुँदै र विकसित हुँदै सबै पुस्तालाई अटाउने किसिमले विकसित गरिएका छन् । समझदारीको अभावले गर्दा जोखिममा परेको अमूर्त संस्कृतिलाई ग्रामीण र शहरी क्षेत्रमा गहन रूपमा राष्ट्र निर्माणमा यसको भूमिकाका सम्बन्धमा चर्चा गर्नु अबको गन्तव्य बनाउनुपर्छ ।

पर्यटक भित्र्याउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अमूर्त साँस्कृतिक सम्पदाको स्याहार संभार गर्न सकिएको छैन । नेपालीहरूको जीवनलाई सहज र एकताबद्ध बनाउने अमूर्त संस्कृतिलाई समाप्त पार्न खोजिएको छ । यस कार्यले संस्कृति मात्र नभई हाम्रो सामाजिक, साँस्कृतिक, धार्मिक क्षेत्रलाई ध्वस्त बनाउने देखिन्छ । यस्तो खतराबाट बचाउनका लागि आगामी गन्तव्य अमूर्त साँस्कृतिक सम्पदालाई जोगाउनु हुनुपर्छ । राष्ट्र जोगाउने गन्तव्यका रूपमा यसलाई उपयोग गर्नुपर्ने देखिन्छ । राष्ट्र बचाउन र समुदायलाई अझ एकआपसमा बलियो बनाउनका लागि अमूर्त संस्कृतिलाई जीवन्त राख्नु अनिवार्य छ । यसका लागि अमूर्त संस्कृतिलाई समुदायभित्र र युवा पुस्ताहरूका बीच नियमति रूपमा अभ्यास गर्नुपर्ने र सिकिरहनुपर्ने वातावरण तयार पार्नु आवश्यक छ ।

यसलाई नाटक मञ्चन, गीत, संगीत, सांगीतिक बाजागाजा वा शिल्पहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण तथा संचारमा संलग्न प्रक्रियाहरूमा केन्द्रित गरि नुपर्छ । यसले आजको पुस्ताका लागि जीवनको सक्रिय अंशका रूपमा सुनिश्चित गर्नु हो । यसले समुदायमा रहेका भाषासहितका मौखिक परम्पराहरू तथा अभिव्यक्तिहरूलाई जोगाउँछ ।

प्रदर्शनकारी र अभिनयकलाहरू, सामाजिक व्यवहार, अनुष्ठानहरू तथा चाडपर्वका उत्सवहरूले समाजलाई एक ढिक्का बनाउन सघाउँछन् । प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू र परम्परागत सीप तथा कलाकौशलहरूलाई जोगाउनु भविष्यको लक्ष्य हुनुपर्छ । त्यसका लागि संरक्षणका उपायहरू अवलम्बन गरी जीवन्तता, निरन्तर पुनर्सिर्जना र हस्तान्तरण सुनिश्चित गर्ने लक्ष्य राख्नुपर्ने देखिन्छ । त्यसका लागि अमूर्त संस्कृतिको पहिचान, अभिलेखीकरण औपचारिक र अनौपचारिक शिक्षाका माध्यमबाट गरिनुपर्छ । लोप हुन पुगेका अमूर्त साँस्कृतिक सम्पदाहरूको अनुसन्धान, संरक्षण, प्रवर्द्धन, अभिवृद्धि र हस्तान्तरण गरी विविध पक्षहरूलाई पुनर्जीवन दिनेजस्ता क्रियाकलापहरू समावेश गर्नु प्रमुख लक्ष्य हुनुपर्छ ।

नेपालको अमूर्त साँस्कृतिक विविधताले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न सकेको हुँदा यसलाई समाजमा पुनर्जागरण गर्ने लक्ष्य हुनुपर्छ । अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणका लागि विवरणसूची तयार पार्नका लागि र कार्यक्रम, परियोजनालगायतका क्रियाकलापहरूलाई अगाडि बढाउनुपर्ने देखिन्छ ।

नेपालको पहिचान अभिव्यक्तिको प्रमुख माध्यम भएका भाषा जगेर्नादेखि समुदायको कला, संस्कृति, मौखिक तथा लिखित साहित्य, रीति रिवाज, परम्परागत ज्ञान, सीपलगायत विविध पक्षको संरक्षण र सम्वर्द्धन गरी पर्यटन प्रवर्द्धन र स्थानीय रोजगारी वृद्धि गरी जनतालाई एकजुट बनाउने अभियान हालको लक्ष्य हुनुपर्छ ।

हिमालयन जीवन उपहार योजना
हिमालयन जीवन उपहार, दोहोरो लाभको वहार
जीवन उपहार बीमा योजनाका विशेषताहरु
- न्युनतम बीमाङ्क रकम : रु. ५,००,०००/- अधिकतम : असिमित
- बीमा योजना प्रवेश उमेर : १६ वर्ष देखी ५४ बर्ष सम्म
- बीमाको अवधि : १६ बर्ष (Fixed Term)
- मुल बीमालेखको प्रथम बार्षिकोत्सबमा मुल बीमालेखमा उल्लेखित बीमाङ्क रकम बराबरको सहायक बीमालेख नि:शुल्क प्रदान गरिनेछ ।
- ऐच्छिक सुविधा अर्न्तगत १ करोड सम्मको दुर्घटना मृत्यु लाभ (ADB) तथा अपाङ्ग अशक्त सुविधा (TPD & WOP) प्राप्त गर्न सकिनेछ ।
हिमालयन लाइफ इन्स्योरेन्स (साविकको प्राइम,यूनियन र गुराँस लाइफ इन्स्योरेन्स कं.लि. गाभिएर बनेको बीमक)
HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड
केन्द्रीय कार्यालय : मनकामना मार्ग || हातिसार || काठमाडौं || फोन : ०१-५९७००५७
Email : info@himalayanlife.com.np || URL: www.himalayanlife.com.np

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह
२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सानीभेरी गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्यरुपमा परिचय पत्र नविकरण गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गापामा जानकारी गराऔं ।
विर्खबहादुर विष्ट, अध्यक्ष
दीपक बुढाथोकी, प्रमुख प्रशासकीय अधिकृत
कमला रोका पुन, उपाध्यक्ष
सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम), कर्णाली प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह
२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुनछहारी गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्यरुपमा परिचय पत्र नविकरण गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गापामा जानकारी गराऔं ।
धनबहादुर पुन मगर, अध्यक्ष
प्रेमबहादुर घर्ती, प्रमुख प्रशासकीय अधिकृत
ननकला घर्ती, उपाध्यक्ष
सुनछहारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह
२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
थवाङ गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्यरुपमा परिचय पत्र नविकरण गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गापामा जानकारी गराऔं ।
ऋषि केशव बुढा मगर, अध्यक्ष
हेमराज घर्ती मगर, प्रमुख प्रशासकीय अधिकृत
शर्मिला बुढा मगर, उपाध्यक्ष
थवाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थवाङ, रोल्पा, लुम्बिनी, प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह
२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
त्रिवेणी गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्यरुपमा परिचय पत्र नविकरण गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गापामा जानकारी गराऔं ।
गणेशकुमार केसी, अध्यक्ष
यज्ञबहादुर भण्डारी, प्रमुख प्रशासकीय अधिकृत
राजकुमारी रेउले, उपाध्यक्ष
त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुतु खारानेटा, रुकुम (पश्चिम), कर्णाली प्रदेश, नेपाल

# १० वर्षसम्म छुट्टिएन क्षेत्राधिकार



■ विमला ढकाल

> प्राकृतिक स्रोतको उपयोग र संरक्षणमा कुन तहले के गर्ने ? सामाजिक-आर्थिक दायित्व, राजस्व संकलनलगायत क्षेत्रमा कुन तहको कति अधिकार ? भन्नेमा कानुनी स्पष्टता छैन । संघ, प्रदेश र स्थानीय तहको संवैधानिक क्षेत्राधिकारबारे कानुनी स्पष्टता नहुँदा तहगत स्वायत्ततामै प्रश्न उठ्न थालेको छ

नागरिकले प्रदेश र स्थानीय तहको अधिकार थाहा पाएका छन् । तर, प्राप्त अधिकार प्रयोगका लागि प्रदेश र स्थानीय तहले आवश्यक कानुन पाएका छैनन् । यस्तोमा नागरिकले प्रश्न गर्ने तर प्रदेश र स्थानीय सरकारले क्षेत्राधिकारको अस्पष्टताले काम गर्न पनि नसक्ने अवस्था विद्यमान छ । सिंचाइमा समस्या छ । खानेपानीमा समस्या छ । यसको जिम्मा कसले कति लिने भन्ने कानुनी स्पष्टता छैन । संघीय वन ऐन बनेको छैन । प्राकृतिक स्रोतको उपयोग खै ? भनेर नागरिकले प्रश्न गर्छन् । तर, यसमा प्रदेश र स्थानीय सरकार अगाडि बढ्न सक्ने स्थिति छैन । यस कारण प्रदेश र स्थानीय सरकारका जनप्रतिनिधहरू तनाव झेलिरहेका छन् ।

यी समस्याहरूको जड ३ तहको क्षेत्राधिकारबारे कानुनी स्पष्टता नहुनु हो । संघीय सरकार नै ३ तहको क्षेत्राधिकारबारे स्पष्ट पार्न तयार नहुँदा प्रदेश र स्थानीय तहमा काम गर्न समस्या भएको हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएको १० वर्ष भयो । केन्द्रीकृत शासनसत्ता र केन्द्रीकृत अधिकारलाई विकेन्द्रीकृत गर्दै २०७२ सालमा जारी भएको संविधानअनुसार मुलुकमा ३ तहका सरकार क्रियाशील छन् । ३ वटै सरकारका लागि २ पटक निर्वाचन भइसके ।

२०७४ सालको पहिलो निर्वाचनबाट निर्वाचित ३ वटै तहका जनप्रतिनिधिहरू कार्यकाल सम्पन्न गरेर बिदा भए । २०७९ सालमा भएको निर्वाचनबाट आएका ३ वटै तहका जनप्रतिनिधिहरूले पनि आधा कार्यकाल पूरा गर्न लागे । तर, संविधानले नै ३ वटा तहले अभ्यास गर्ने भनेको शक्ति, प्रयोग गर्ने भनेको साधन-स्रोतको उपयोग र पाउने भनेका अधिकारबारे प्रस्टता आउन सकेको छैन । संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारसँग सम्बन्धित विषयमा कानुनी स्पष्टता हुन सकेको छैन ।

नेपालको संविधानको अनुसूची ५ देखि अनुसूची ९ सम्म संघ, प्रदेश र स्थानीय तहका एकल अधिकार सूची र साझा अधिकार सूचीको व्यवस्था छ ।

सोही अधिकार विन्यासको सूचीमा आधारित भएर तीनै तहले आ-आफ्नो अधिकार क्षेत्रका कानुन निर्माण गर्न सक्छन् । प्रदेशको कानुन संघीय कानुनसँग र स्थानीय तहको कानुन सम्बन्धित प्रदेश कानुनसँग बाझिन नहुने र बाझिएमा बाझिएको हदसम्म अमान्य हुने संवैधानिक व्यवस्था छ ।




संघीय कानुन नेपालभर र नेपालको कुनै क्षेत्रमा मात्र लागू हुनेगरी बनाउन सकिन्छ । प्रदेश कानुन प्रदेशभर र आवश्यकताअनुसार प्रदेशको कुनै क्षेत्रमा मात्र लागू हुनेगरी बनाउन सकिन्छ । स्थानीय तहले बनाएको कानुन सम्बन्धित स्थानीय तहमा मात्र लागू हुन्छ । संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूचीअन्तर्गत २२ वटा विषयहरू सूचीकृत छन्, जहाँ नगर प्रहरी, सहकारी संस्था, एफएम संचालन, स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, जरिमाना, मनोरञ्जन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिमाना, मालपोत संकलनको अधिकार स्थानीय तहको एकल अधिकारका रूपमा समावेश छन् । आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ पनि स्थानीय सरकारको एकल अधिकार सूचीका विषय हुन् ।

घर जग्गा धनी पुर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, बेरोजगारको तथ्यांक संकलन स्थानीय तहले गर्नुपर्छ ।

कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत् आयोजना, जलाधार वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण भाषा, संस्कृति र ललितकलाको संरक्षण पनि स्थानीय सरकारको एकल अधिकार क्षेत्रअन्तर्गतका विषय हुन् ।

यी विषयमा स्थानीय तहले कानुन बनाउन सक्छन् । तर, साझा अधिकार सूचीसँग सम्बन्धित भए स्थानीय तहले कानुन बनाउँदा वा कानुन बनाउनुपर्व प्रदेश र संघीय तहसँग परामर्श गर्नुपर्ने हुन्छ ।

स्थानीय तहको कानुन बनाउने अधिकार गाउँसभा र नगरसभामा निहीत छ । गाउँसभा तथा नगरसभा संचालन कार्यविधि ऐन, २०७५ ले स्थानीय तहमा कानुन निर्माण प्रक्रियाका बारेमा व्यवस्थित गरेको छ ।

तर, संघ, प्रदेश र स्थानीय तहको संवैधानिक क्षेत्राधिकारबारे कानुनी स्पष्टता नहुँदा तहगत स्वायत्ततामै प्रश्न उठेको कतिपय अध्ययनले औंल्याएका छन् ।

राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले पनि विभिन्न प्रदेशमा गएर स्थलगत अध्ययन गरेको थियो । त्यसले पनि अनेक अस्पष्टता औंल्याएको छ ।

विधायन व्यवस्थापक समिति सदस्य जयन्तीदेवी राईका अनुसार प्रकृतिक स्रोतको उपयोग र संरक्षणमा कुन तहले के गर्ने ? सामाजिक-आर्थिक दायित्व, राजस्व संकलनलगायत क्षेत्रमा कुन तहको कति अधिकार ? भन्नेमा कानुनी स्पष्टता छैन । संघ, प्रदेश र स्थानीय तहको संवैधानिक क्षेत्राधिकारबारे कानुनी स्पष्टता नहुँदा तहगत स्वायत्ततामै प्रश्न उठ्न थालेको हो ।

३ तहका बीचमा समन्वय हुनुपर्ने विषयमा समन्वय हुन नसक्दा वा यससम्बन्धी कानुनी स्पष्टता नहुँदा यसको प्रत्यक्ष असर प्रदेहश र स्थानीय तहमा परेको छ । कतिपय संघीय तहहरूबीच समन्वय हुनुपर्ने प्रकृतिका विषयमा सारभूत रूपमा समन्वय प्रभावकारी हुन नसक्दा त्यसको छाया प्रदेश र स्थानीय तहमा परेको हो । अर्थात्, केन्द्रीकृत शासन संचालनको प्रभाव नै प्रदेश र स्थानीय सरकारमा पर्ने अवस्था विद्यमान छ ।

१० वर्षसम्म ३ तहको क्षेत्राधिकार प्रस्ट नहुनु वा नपारिनुको प्रमुख कारण संघीय सत्तामा जानेहरू वा गएकाहरूमध्ये कतिपयको अनिच्छा, कतिपयको आलस्य र धेरैजसोको केन्द्रीकृत मानसिकता हो ।

संविधानतः प्राप्त अधिकार लिनका लागि स्थानीय तह र प्रदेशको दबाब र पहल पनि नपुगेको पनि देखिन्छ । अन्जान वा अन्य विविधि कारणले होला, स्थानीय तह र प्रदेशबाट संघ सरकारलाई दबाब दिने, संविधानतः प्राप्त अधिकार लिनका लागि पहल लिनेसँग सम्बन्धित गतिविधि नपुगेको वा नसकेको देखिन्छ । यसमा पनि सुधार आवश्यक छ ।


















# संघीयताअघि र पछि मधेशको अर्थ व्यवस्था



■ डा. सुरेन्द्र लाभ

नेपालमा संघीयता कार्यान्वयन भएपछि मधेश प्रदेशले विभिन्न परिवर्तनहरू अनुभव गरिरहेको छ । यो प्रदेश, जुन पहिले विकासको दृष्टिकोणले पछाडि परेको थियो, अहिले नयाँ अवसर र चुनौतीहरूको सामना गरिरहेको छ । संघीयताले स्थानीय सरकारलाई अधिकार दिएको छ, जसले गर्दा विकास प्रक्रियामा स्थानीय जनताको सहभागिता बढेको छ ।

मधेश प्रदेशको आर्थिक अवस्थामा सुधार ल्याउन संघीयताले एउटा अवसर प्रदान गरेको छ तर यसलाई सही रूपमा प्रयोग गर्न धेरै चुनौतीहरू पनि छन् ।

संघीयतापश्चात् मधेश प्रदेशको कृषि क्षेत्रमा केही सुधार देखिएको छ । स्थानीय सरकारहरूले कृषिमा लगानी बढाएका छन्, जसले गर्दा सिँचाइ सुविधामा केही सुधार भएको छ । प्रदेश सरकारको कृषि मन्त्रालयको तथ्यांकअनुसार संघीयता लागू भएपछि सिँचाइ सुविधामा लगभग १५ प्रतिशतले वृद्धि भएको छ । तर, अझै पनि कुल खेतीयोग्य जमिनको ४५ प्रतिशतमा मात्र सिँचाइ सुविधा उपलब्ध छ, जसले गर्दा धेरै किसानहरू वर्षामा निर्भर छन् ।

उन्नत बिउको प्रयोगलाई प्रोत्साहन गरिएको छ र उन्नत बिउ प्रयोग गर्ने किसानहरूको संख्यामा २० प्रतिशतले वृद्धि भएको छ । कृषि उत्पादनमा वार्षिक वृद्धि दर ३ प्रतिशत पुगेको छ, जुन संघीयतापूर्व २ दशमलव ५ प्रतिशत थियो । यद्यपि, अझै पनि परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गर्न, बजारको पहुँच बढाउन र कृषिजन्य उद्योगहरू स्थापना गर्न आवश्यक छ । उदाहरणका लागि मधेश प्रदेशमा धान उत्पादनमा वृद्धि भएको छ तर बजारको अभावमा धेरै किसानहरूले उचित मूल्य पाउन सकेका छैनन् । संघीयताले मधेश प्रदेशमा उद्योग र व्यापारको विकासका लागि नयाँ अवसरहरू ल्याएको छ । स्थानीय सरकारहरूले उद्योग स्थापना गर्न प्रोत्साहन गरिरहेका छन् । साना तथा घरेलु उद्योगहरूलाई प्रविधि र पुँजीमा पहुँच पुऱ्याउन विभिन्न कार्यक्रमहरू संचालन भइरहेका छन् ।उद्योग मन्त्रालयको तथ्यांकअनुसार संघीयता लागू भएपछि नयाँ साना तथा घरेलु उद्योगहरूमा १० प्रतिशतले वृद्धि भएको छ । सीमावर्ती क्षेत्रमा व्यापारिक गतिविधिहरू बढेका छन्, जसले राजस्वमा वृद्धि गरेको छ । प्रदेशको व्यापारमा वार्षिक वृद्धि दर ५ प्रतिशत पुगेको छ । तर, ठूला उद्योगहरू स्थापना गर्न अझै लगानीको आवश्यकता छ । यस क्षेत्रमा पर्यटनको विकास गर्न पनि धेरै सम्भावनाहरू छन् । पर्यटन बोर्डको तथ्यांकअनुसार मधेश प्रदेशमा पर्यटकहरूको आगमनमा १५ प्रतिशतले वृद्धि भएको छ तर पर्यटन पूर्वाधारको विकासमा अझै धेरै काम गर्न बाँकी छ ।

उदाहरणका लागि जनकपुरधाम र सिम्रौनगढ जस्ता धार्मिक स्थलहरूमा पर्यटकको आकर्षण बढेको छ तर होटेल र यातायातको राम्रो व्यवस्था हुन सकेको छैन ।

संघीयताले मधेश प्रदेशमा रोजगारीका अवसरहरू सिर्जना गर्न मद्दत गरेको छ । स्थानीय सरकारहरूले विभिन्न विकास परियोजनाहरू संचालन गरेका छन्, जसले गर्दा रोजगारीका अवसरहरू बढेका छन् । श्रम तथा रोजगार मन्त्रालयको तथ्यांकअनुसार संघीयता लागू भएपछि बेरोजगारी दरमा ५ प्रतिशतले कमी आएको छ, जुन अझै पनि १० प्रतिशतभन्दा माथि छ ।

युवाहरूलाई सीप विकास तालिम प्रदान गर्ने कार्यक्रमहरू पनि संचालनमा छन् र स्थानीय विकास परियोजनाहरूमा रोजगारीमा संलग्न हुने युवाहरूको संख्यामा २० प्रतिशतले वृद्धि भएको छ । प्रदेशमा प्रतिव्यक्ति आयमा वार्षिक वृद्धि दर ४ प्रतिशत पुगेको छ, जुन संघीयतापूर्व २ प्रतिशत थियो । तर, अझै पनि धेरै युवाहरू रोजगारीको खोजीमा विदेश जान बाध्य छन् ।

वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्यामा अझै पनि कमी आउन सकेको छैन । यस क्षेत्रमा रोजगारी सिर्जना गर्न र युवाहरूलाई स्वदेशमै अवसर प्रदान गर्न थप कार्यक्रमहरू ल्याउन आवश्यक छ । संघीयताले मधेश प्रदेशमा पूर्वाधार विकासमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । सडक, बिजुली, खानेपानी र संचार जस्ता पूर्वाधारहरूमा लगानी बढेको छ ।

सडक विभागको तथ्यांकअनुसार संघीयता लागू भएपछि पक्की सडकको लम्बाइमा २० प्रतिशतले वृद्धि भएको छ तर अझै पनि धेरै ग्रामीण क्षेत्रमा कच्ची सडकहरू मात्र छन् । नेपाल विद्युत् प्राधिकरणको तथ्यांकअनुसार विद्युत्‌को पहुँचमा १५ प्रतिशतले वृद्धि भएको छ तर सबै गाउँहरूमा अझै विद्युत् पुग्न सकेको छैन ।

> मधेश प्रदेशको आर्थिक विकासका लागि एक एकीकृत दृष्टिकोण अपनाउनुपर्छ । स्थानीय सरकार हरूले कृषि, उद्योग, पर्यटन र पूर्वाधारको विकासमा ध्यान दिनुपर्छ । निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गर्नुपर्छ




खानेपानी तथा सरसफाइ मन्त्रालयको तथ्यांकअनुसार खानेपानीको पहुँचमा १० प्रतिशतले वृद्धि भएको छ तर अझै पनि धेरै जनसंख्याले स्वच्छ खानेपानी पाउन सकेका छैनन् । उदाहरणका लागि ग्रामीण क्षेत्रमा अझै पनि धेरै परिवारहरूले धाराको पानी प्रयोग गर्न पाएका छैनन् र खोलाको पानी पिउन बाध्य छन् ।

संघीयताले मधेश प्रदेशमा शिक्षा, स्वास्थ्य र सरसफाइ जस्ता सामाजिक क्षेत्रमा पनि सकारात्मक परिवर्तनहरू ल्याएको छ । शिक्षा मन्त्रालयको तथ्यांकअनुसार संघीयता लागू भएपछि साक्षरता दरमा ८ प्रतिशतले वृद्धि भएको छ तर अझै पनि राष्ट्रिय औसतभन्दा कम छ । स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार बाल मृत्यु दरमा १० प्रतिशतले कमी आएको छ तर मातृ मृत्यु दरमा सोचेजस्तो कमी आउन सकेको छैन । सरसफाइको पहुँचमा १५ प्रतिशतले वृद्धि भएको छ तर अझै पनि धेरै घरहरूमा चर्पीको अभाव छ ।

स्थानीय सरकारहरूले विद्यालयको भौतिक सुधार, स्वास्थ्य चौकीको स्थापना र सरसफाइ कार्यक्रममा जोड दिएका छन् । तर, शिक्षाको गुणस्तर सुधार गर्न, स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन र सरसफाइको स्तरलाई अझै माथि पुऱ्याउन आवश्यक छ ।

संघीयता लागू भएपछि मधेश प्रदेशमा धेरै सकारात्मक परिवर्तनहरू भए तापनि केही चुनौतीहरू पनि छन् । राजनीतिक अस्थिरता, भ्रष्टाचार र स्थानीय सरकारहरूको क्षमताको कमीले विकास प्रक्रियामा बाधा पुऱ्याइरहेको छ । राष्ट्रिय योजना आयोगको एक अध्ययनअनुसार मधेश प्रदेशमा भ्रष्टाचारको दर अझै उच्च छ, जसले विकासको गतिलाई सुस्त बनाएको छ । साथै, प्राकृतिक प्रकोप, जस्तै : बाढी र डुबानले गर्दा पनि यस क्षेत्रको आर्थिक विकासमा नकारात्मक असर परिरहेको छ । जलवायु परिवर्तनका कारण बाढी र डुबानको समस्या बढ्दो छ, जसले गर्दा कृषि उत्पादनमा पनि असर परिरहेको छ । यी चुनौतीहरूको सामना गर्न सबै सरोकारवालाहरू एकजुट भएर लाग्नुपर्ने आवश्यकता छ । समग्रमा, संघीयतापश्चात् मधेश प्रदेशको आर्थिक अवस्थामा सुधार देखिएको छ । कृषि, उद्योग, रोजगारी, पूर्वाधार र सामाजिक विकास जस्ता क्षेत्रमा सकारात्मक परिवर्तनहरू भएका छन् । तर, अझै पनि धेरै चुनौतीहरू बाँकी छन् ।

मधेश प्रदेशको आर्थिक विकासका लागि स्थानीय सरकारहरूले अझ प्रभावकारी योजनाहरू ल्याउन आवश्यक छ । यस क्षेत्रमा लगानी बढाउन, रोजगारीका अवसरहरू सिर्जना गर्न, पूर्वाधार विकासलाई तीव्र बनाउन र सामाजिक विकासलाई प्राथमिकता दिन आवश्यक छ । संघीयताले ल्याएको अवसरलाई सदुपयोग गर्दै मधेश प्रदेशको आर्थिक विकासमा सबै सरोकारवालाहरूले मिलेर काम गर्नुपर्ने देखिन्छ । यस क्षेत्रको विकासका लागि पारदर्शिता, जबाफदेहिता र सहभागितालाई प्रवर्द्धन गर्नुपर्छ ।

## चुनौती र अवसर

पहिलो चुनौती भनेको कृषि क्षेत्रको परम्परागत प्रणाली हो । मधेश प्रदेशको अर्थतन्त्र कृषिमा आधारित भए पनि यहाँ अझै पनि पुरानै प्रविधि र परम्परागत खेती प्रणाली प्रयोग गरिन्छ । सिँचाइको अभाव, उन्नत बिउ र मलको कमी तथा बजारको पहुँच नहुँदा कृषि उत्पादन कम हुन्छ । यसले किसानहरूको आयस्तर न्यून राख्छ र गरिबीको समस्यालाई बढाउँछ । साथै, जलवायु परिवर्तनको असरले गर्दा बाढी र डुबानको समस्या बढ्दो छ, जसले कृषि क्षेत्रलाई थप जोखिममा पारेको छ ।

दोस्रो चुनौती भनेको उद्योग र व्यापारको कमी हो । मधेश प्रदेशमा ठूला उद्योगहरू स्थापना हुन सकेका छैनन्, जसले गर्दा रोजगारीका अवसरहरू कम छन् । साना तथा घरेलु उद्योगहरू पनि प्रविधि र पुँजीको अभावमा राम्रोसँग फस्टाउन सकेका छैनन् । सीमावर्ती क्षेत्रमा अनौपचारिक व्यापारको ठूलो हिस्सा छ, जसले सरकारी राजस्वमा नकारात्मक असर पारेको छ । यस क्षेत्रमा पर्यटनको विकासको सम्भावना भए पनि पूर्वाधारको कमीले यसलाई अगाडि बढाउन गाह्रो भएको छ ।

तेस्रो चुनौती भनेको पूर्वाधारको कमी हो । मधेश प्रदेशमा सडक, बिजुली, खानेपानी र संचार जस्ता पूर्वाधारहरूको विकास पर्याप्त हुन सकेको छैन । ग्रामीण क्षेत्रमा सडकको अवस्था राम्रो नहुँदा बजारमा सामान पुऱ्याउन र ल्याउन समस्या छ । विद्युत्‌को अभावमा उद्योग र व्यवसाय संचालन गर्न कठिनाइ छ । राजनीतिक अस्थिरता, भ्रष्टाचार र स्थानीय सरकारहरूको क्षमताको कमी पनि मधेश प्रदेशको आर्थिक विकासका प्रमुख चुनौती हुन् ।

मधेश प्रदेशको माटो उर्वर छ र यहाँ धान, गहुँ, मकै, दलहन, तेलहन र तरकारी जस्ता बालीहरूको राम्रो उत्पादन हुने सम्भावना छ । परम्परागत बालीका साथै फलफूल, तरकारी र जडीबुटी खेतीमा विविधीकरण गर्न सकिन्छ ।

मधेशमा गाई, भैंसी, बाख्रा, कुखुरा र माछापालन जस्ता पशुपालन व्यवसायको पनि राम्रो सम्भावना छ ।

कृषिमा आधारित उद्योगहरू, जस्तै : खाद्य प्रशोधन उद्योग, चिनी उद्योग, जुट उद्योग स्थापना गर्न सकिन्छ । स्थानीय स्रोत र सीपमा आधारित साना तथा घरेलु उद्योगहरूलाई प्रोत्साहन गर्न सकिन्छ । मधेशमा धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनको विकास गर्न सकिन्छ । जनकपुरधाम, सिम्रौनगढ जस्ता धार्मिक स्थलहरू र विभिन्न प्राकृतिक सम्पदाहरूले पर्यटकहरूलाई आकर्षित गर्न सक्छन् ।

भारतसँगको खुला सीमाका कारण व्यापारको ठूलो सम्भावना छ । यसलाई व्यवस्थित गरेर आयात, निर्यातलाई बढाउन सकिन्छ । यसका साथै मधेश प्रदेशमा जलविद्युत्‌को जडान क्षमता धेरै छ । साथै, सौर्य ऊर्जाको प्रयोगलाई पनि प्रोत्साहन गर्न सकिन्छ ।

यी अवसरहरूलाई उपयोग गर्नका लागि सरकार, निजी क्षेत्र र स्थानीय समुदाय मिलेर काम गर्नुपर्ने आवश्यकता छ ।

संघीयतापूर्व मधेश प्रदेशको आर्थिक अवस्था कमजोर थियो । परम्परागत कृषि प्रणाली, उद्योगको कमी, रोजगारीको अभाव र पूर्वाधारको कमीले यस क्षेत्रको विकासमा बाधा पुऱ्याएको थियो । तर, संघीयता लागू भएपछि स्थानीय सरकारहरूलाई विकासको जिम्मेवारी दिइएको छ, जसले गर्दा केही सकारात्मक परिवर्तनहरू देखिएका छन् ।

मधेश प्रदेशको आर्थिक विकासका लागि एक एकीकृत दृष्टिकोण अपनाउनुपर्छ । स्थानीय सरकारहरूले कृषि, उद्योग, पर्यटन र पूर्वाधारको विकासमा ध्यान दिनुपर्छ । निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गर्नुपर्छ । युवाहरूलाई सीप विकास तालिम दिएर रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ । साथै, भ्रष्टाचार नियन्त्रण गर्न र पारदर्शितालाई बढावा दिनुपर्छ ।

हार्दिक बधाई तथा शुभकामना

२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २२ औं वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पालुङ्टार नगरपालिकाको अनुरोध

- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्यरुपमा परिचय पत्र नविकरण गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गापामा जानकारी गराऔं ।

विवस चिन्तन
प्रमुख

कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

बन्दना पाण्डे
उपप्रमुख

पालुङ्टार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा, गण्डकी प्रदेश, नेपाल



# खेल क्षेत्रमा प्रविधिको फड्को



■ उत्तम कार्की

> डिजिटल प्रविधिको विकाससँगै खेल प्रत्यक्ष प्रसारण मात्र नभई खेल नै डिजिटल भइसकेको छ । अहिले इ-स्पोर्ट्सले पनि विश्वभर चर्चा कमाइरहेको छ । इ-स्पोर्ट्सका पनि ठूलाठूला प्रतियोगिता भइरहेका छन्

नेपालले बल अगाडि बढायो, हरि खड्कासँग बल, हरि खड्का..., र यो गोल........., नेपालले १-० गोलको अग्रता लियो ।'

यसरी रेडियोमा फुटबलको कमेन्ट्री सुन्नुपर्ने अवस्थाबाट अहिले हातहातमै मोबाइलमा हरेक खेलको भिडियो तथा 'लाइभ स्ट्रिमिङ' हेर्न सकिने युग आइसकेको छ । विश्वभर हुने विभिन्न खेल अहिले एउटा कुनामा बसेर मोबाइलबाटै प्रत्यक्ष हेर्न मिल्छ ।


युटचुब, फेसबुक, वेबसाइटलगायतका प्लेटफर्ममार्फत अहिले फुटबल, क्रिकेट, भलिबल, टेनिसलगायतका खेल हातैमा मोबाइलबाट हेर्न सकिन्छ । अहिले युटचुबमा खेलकुदका जुनसुकै लाइभ भिडियो हेर्नेहरूको संख्या उल्लेख्य मात्रामा पाइन्छ ।

नेपालकै खेलकुदका कुरा गर्ने हो भने पनि फुटबल, क्रिकेट, भलिबललगायतका खेलको युटचुबमा हुने प्रत्यक्ष प्रसारणमा दर्शकको संख्या उच्च हुन्छ । साथै, खेलका अन्य भिडियोमा पनि दर्शकको संख्या लाखौं हुन्छ ।

१ मे २०२३ मा ओएसआर युटचुबमा प्रसारित नेपाल र यूएईबीचको एसीसी मेन्स प्रिमियर कपको फाइनल खेल १९ लाखले हेरेका छन् । सन् २०२३ मा हिमालय टी. भी.बाट प्रत्यक्ष प्रसार गरिएको नेपाल सुपर लिगको धनगढी एफसी र ललितपुर सिटी एफसीबीचको फाइनल खेल ५ लाख ५० हजार जनाले हेरेका छन् ।

यसरी नै २१ अगस्ट २०२३ मा हाम्रो खेलकुदले युटचुबमा प्रत्यक्ष प्रसारण गरेको नेपाल र भारतबीचको काभा भलिबलको फाइनल खेल ९८ हजार जनाले हेरेका छन् ।

भर्खरै मात्र सम्पन्न फ्रेन्चाइज क्रिकेट प्रतियोगिता नेपाल प्रिमियर लिग (एनपीएल) पनि नेपाली खेलकुदका लागि महत्त्वपूर्ण सावित भयो । एनपीएलका हरेक खेल भारतीय टेलिभिजन स्पोर्ट्स च्यानल स्टार स्पोर्ट्सले प्रत्यक्ष प्रसारण गरेको थियो । यसका कारण विश्वका धेरै देशका नागरिकले नेपालमा खेलिएको खेल हेर्न पाए भने नेपाली खेलाडीहरूलाई चिन्न पाए ।




रेडियोमा कमेन्ट्री सुन्नुपर्ने नेपालका खेल अहिले विश्वका कुनाकुनाबाट हेर्न मिल्ने अवस्थामा आइपुग्दा लाग्छ- प्रविधिको सहयोगमा नेपाली खेलकुद क्षेत्रले आफ्नो गन्तव्य आफैं तय गर्दै लामा पाइला चालिरहेको छ । यसरी डिजिटल प्रविधिको सहयोगमा खेलप्रेमीहरूले आ-आफ्ना मनपर्ने खेल कम्प्युटर, मोबाइलबाट हेर्न पाइरहेका छन् । यसकै माध्यमबाट हरेक खेलका दर्शकको संख्या छुटचाउन पनि सहज भएको छ । कुन खेल कतिले हेरे, कतिले कस्ता प्रतिक्रिया जनाए, यस्ता सबै सूचकहरू युटचुब, फेसबुक आफैंले देखाइदिन्छन् ।

डिजिटल प्रविधि आउनुअघि खेलप्रेमीलाई खेल हेर्न कि स्टेडियममा जानुपर्ने नभए टेलिभिजनमा हेर्नुपर्ने बाध्यता थियो । तर, अहिले युटचुब, फेसबुकमा खेल हेर्दै आफ्नो प्रतिक्रिया पनि जनाउन सकिन्छ । पहिले पहिले स्टेडियममै गएर खेल हेर्दा प्रविधिको कमीका कारण 'रि-प्ले' नहुँदा छुटेका खेलका भाग हेर्न पाइँदैन थियो । तर अहिले प्रविधिको विकासले 'रि-प्ले' सँगै एक पटक प्रसारित खेल जतिबेला पनि हर्न मिल्छ ।

अहिले 'स्पोर्ट्स स्ट्रिमिङ' व्यापार नै बन्दै गएको छ । हरेक खेलको डिजिटल राइट्स विक्री हुन्छ । डिजिटल राइट्स किन्ने संस्थाले मनग्य रकम खर्चिनुपर्ने हुन्छ । डिजिटल राइट्स खरिद गरेपछि उक्त खेल उक्त क्षेत्र वा देशमा उक्त संस्थाबाहेक अन्य कसैले प्रसारण गर्न पाउँदैन । कुनै प्रतियोगिता आयोजना गर्नुपर्दा डिजिटल राइट्स प्राथमिकतामा पर्छ । सबै दर्शक खेलको लाइभ प्रसारण कुरेर बस्ने भएकाले पनि डिजिटल राइट्स किन्न ठूलै प्रतिस्पर्धा गर्नुपर्ने स्थिति छ ।

काठमाडौंमा केही समयअघि आयोजित भलिबलको फ्रेन्चाइजी लिग एभरेष्ट महिला भलिबल लिगको टेलिभिजनतर्फको राइट्स कान्तिपुर टी. भी.ले लिएको थियो भने युटचुबका लागि ओएसआर स्पोर्ट्सले लिएको थियो । कान्तिपुर र ओएसआरले हरेक खेल लाइभ गरे भने युटचुबमा लिग हेर्ने दर्शकको संख्या पनि उच्च रह्यो ।

लिगका प्रत्येक खेलमा २ लाख हाराहारीमा भ्युज आएको देखिन्छ भने लाइभ हेर्दै कमेन्ट सेक्सनमा प्रतिक्रिया दिनेहरूको संख्या पनि उल्लेख्य मात्रामा रहेको पाइन्छ । यसरी लाइभ हेर्दै प्रतिक्रिया आदनप्रदान गर्न पाउँदा दर्शकलाई स्टेडियममै बसेर अरू दर्शकसँग कुरा गर्दै खेल हेरेको अनुभूति हुन्छ । यसले पछिल्लो प्रविधिको फाइदा भनेर बुझिने ' इन्टऱ्याक्सन'लाई पनि संकेत गर्छ ।

दर्शक, खेलाडी र अन्यबीचमा हुने प्रत्यक्ष अन्तरक्रिया यही प्रविधिका कारण संभव भएको छ । यसले खेल खेल्ने र टाढा रहेर सँगै हेर्नेहरूबीच संवादको अवस्था सिर्जना गरी झनै रोचक र 'लाइभ' वा जीवन्त बनाएको महसुस हुन्छ ।

डिजिटल प्रविधिको विकाससँगै खेल प्रत्यक्ष प्रसारण मात्र नभई खेल नै डिजिटल भइसकेको छ । अहिले इ-स्पोर्ट्सले पनि विश्वभर चर्चा कमाइरहेको छ । इ-स्पोर्ट्सका पनि ठूलाठूला प्रतियोगिता भइरहेका छन् । इ-स्पोर्ट्स भर्चुअल माध्यमबाट खेलिने खेल हो । कम्प्युटर, मोबाइलबाट खेलिने यस खेलको पनि विश्वकप हुने गरेको छ । पब्जी, काउन्टर स्ट्राइक, क्ल्यास अफ क्यान्सलगायत दर्जनौं प्रतियोगिता अहिले भर्चुअल माध्यमबाट खेलाइन्छ भने विजेताले ठूलो राशिको पुरस्कार पनि पाउने गरेका छन् ।

नेपालबाट पनि पब्जी खेलाडीहरू विभिन्न देशमा आयोजना गरिएका पब्जी प्रतियोगितमा भाग लिँदै आएका छन् । पब्जी मोबाइल ग्लोबल च्याम्पियनसिपमा नेपाली टोली द रिअल सोल्जर्स (डीआरएस) उपविजेता बन्दै झन्डै साढे ३ करोड रुपैयाँ पुरस्कार स्वरूप जितेको थियो । डीआरएससहित नेपालको अर्को टोली ट्रेन्ड टु किल (टीटूके) उक्त प्रतिस्पर्धाको अन्तिम चरणमा पुगेको थियो ।

यसरी डिजिटल प्रविधिको विकास भएसँगै खेल क्षेत्र पनि थप विस्तार हुँदै गएको छ । अझै आउँदा दिनमा के-कस्ता प्रविधिले खेल क्षेत्रलाई कसरी अगाडि बढाउलान् भन्ने थप चासोको विषय बन्दै गएको छ ।


















# अवसर र चुनौतीबीच स्वास्थ्य क्षेत्र



■ तुलबहादुर मगर

नेपालको स्वास्थ्य क्षेत्रले चुनौतीहरूका बीचमा अवसरहरू पनि प्रस्तुत गरेको छ । ग्रामीण क्षेत्रको पहुँचमा सुधार, स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयन र आधुनिक स्वास्थ्य सेवा प्रणालीको विकासले नेपालको स्वास्थ्य प्रणालीलाई बलियो बनाउन सक्छ

नेपालको स्वास्थ्य क्षेत्रले विगत केही दशकमा उल्लेखनीय प्रगति गरेको छ । विभिन्न सरकारी नीतिहरू, गैरसरकारी संस्थाहरूको सक्रियता र अन्तर्राष्ट्रिय सहयोगले स्वास्थ्य सेवाको पहुँचमा सुधार ल्याएको छ। यद्यपि, अझै पनि स्वास्थ्य सेवामा धेरै चुनौतीहरू छन्, जसलाई समाधान गर्न आवश्यक छ ।

### स्वास्थ्य क्षेत्रको वर्तमान अवस्था

नेपालको संविधान, २०७२ अनुसार हरेक नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गरिएको छ । यसका लागि सरकारले विभिन्न स्वास्थ्य सेवा कार्यक्रमहरू संचालनमा ल्याएको छ । मातृ शिशु स्वास्थ्य सुधारका लागि सुरक्षित मातृत्व कार्यक्रम, खोप अभियान र पोषण सुधार कार्यक्रम प्रभावकारी मानिन्छन् । ग्रामीण क्षेत्रका लागि 'गाउँगाउँमा स्वास्थ्यकर्मी, प्रत्येक घरमा स्वास्थ्य सेवा' नाराका साथ स्वास्थ्य चौकीहरू स्थापना गरिएको छ ।

कोरोना महामारीपछि, स्वास्थ्य सेवामा सरकारले ठोस कदम चाल्न थालेको छ। भेन्टिलेटर, अक्सिजन प्लान्ट र आपत्कालीन स्वास्थ्य पूर्वाधारको विस्तार गरिएको छ । तर, यी सुविधाहरू अझै पनि शहर केन्द्रित छन्, जसले ग्रामीण जनताको पहुँचलाई प्रभावित बनाएको छ ।

### स्वास्थ्य सेवामा सुधारका प्रयासहरू

नेपालमा प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य र सरुवा रोग नियन्त्रणमा महत्त्वपूर्ण प्रगति भएको छ। उदाहरणका लागि, पोलियो उन्मूलन, कालाजार नियन्त्रण र खोप अभियानले सरुवा रोगहरूलाई कम गर्न सहयोग पुऱ्याएको छ। मातृ मृत्यु दर र शिशु मृत्यु दरमा पनि केही हदसम्म सुधार भएको छ।




सरकारले स्वास्थ्य बीमालाई प्राथमिकता दिँदै नागरिकहरूलाई न्यूनतम शुल्कमा सेवा दिने व्यवस्था गरेको छ । ग्रामीण क्षेत्रमा रहेका प्राथमिक स्वास्थ्य चौकीहरूले सामान्य रोगहरूको उपचारका साथै गर्भवती महिलालाई निःशुल्क सल्लाह र औषधि प्रदान गरिरहेका छन् ।

### स्वास्थ्य क्षेत्रमा देखिएका चुनौतीहरू

स्वास्थ्य क्षेत्रको सुधारका लागि भएका प्रयासहरूका बावजुद धेरै समस्या छन् । सबैभन्दा ठूलो चुनौती भनेकै स्वास्थ्य सेवाको असमान वितरण हो। ग्रामीण क्षेत्रका मानिसहरू अझै पनि आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित छन्। विशेषज्ञ डाक्टर र अत्याधुनिक उपकरणहरू प्रायः शहरहरूमा मात्र उपलब्ध छन् ।

अर्को समस्या भनेको वित्तीय सीमितता हो । सरकारको बजेटको थोरै मात्र हिस्सा स्वास्थ्य क्षेत्रमा छुट्याइएको छ। यसले गर्दा पर्याप्त पूर्वाधार निर्माण, जनशक्ति विकास र आधुनिक उपकरणको खरिदमा बाधा परेको छ ।

स्वास्थ्यकर्मीहरूको कमी, उनीहरूको असन्तोषजनक तलब र विदेश पलायनले पनि यो क्षेत्रलाई कमजोर बनाएको छ। धेरै दक्ष स्वास्थ्यकर्मी रोजगारीको खोजीमा विदेश जान्छन्, जसले गर्दा ग्रामीण क्षेत्रमा दक्ष जनशक्तिको अभाव देखिन्छ।

सरुवा र नसर्ने रोगहरूको बढ्दो समस्या अर्को चुनौती हो । शहरमा बढ्दै गएको प्रदूषण, अस्वस्थ जीवनशैली र उचित खानेकुराको अभावले नसर्ने रोगहरू, जस्तै : मधुमेह, उच्च रक्तचाप र मुटुरोग बढ्दै गएका छन् ।

### समाधानका उपायहरू

१. स्वास्थ्य सेवाको पहुँच विस्तार : सबै क्षेत्रका नागरिकलाई समान स्वास्थ्य सेवा प्रदान गर्न ग्रामीण क्षेत्रमा अस्पताल, स्वास्थ्य चौकी र मोबाइल स्वास्थ्य सेवाको विस्तार गर्नुपर्छ।
२. स्वास्थ्य बजेट वृद्धि : सरकारले स्वास्थ्य क्षेत्रको बजेट वृद्धि गर्दै अनुसन्धान, उपकरण खरिद र पूर्वाधार निर्माणमा लगानी गर्नुपर्छ।
३. जनशक्ति व्यवस्थापन : स्वास्थ्यकर्मीहरूको उचित तलब, तालिम र प्रोत्साहनको व्यवस्था गर्नुपर्छ। विदेश पलायन रोक्न दीर्घकालीन योजना आवश्यक छ ।
४. प्राविधिक सुधार : डिजिटल स्वास्थ्य प्रणाली लागू गरेर जनतालाई टेलिमेडिसिन र अनलाइन स्वास्थ्य सेवाको सुविधा दिन सकिन्छ।
५. सचेतना कार्यक्रम : रोगहरूको रोकथामका लागि व्यापक जनचेतना कार्यक्रम संचालन गर्नु जरुरी छ। स्वस्थ जीवनशैली अपनाउन र सरसफाइमा ध्यान दिन प्रेरित गर्नुपर्छ।

नेपालको स्वास्थ्य क्षेत्रले चुनौतीहरूका बीचमा अवसरहरू पनि प्रस्तुत गरेको छ । ग्रामीण क्षेत्रको पहुँचमा सुधार, स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयन र आधुनिक स्वास्थ्य सेवा प्रणालीको विकासले नेपालको स्वास्थ्य प्रणालीलाई बलियो बनाउन सक्छ।

नागरिक र सरकारको सहकार्यले मात्र सुसंगत र दिगो स्वास्थ्य क्षेत्रको विकास सम्भव छ। सरकार, स्वास्थ्यकर्मी र नागरिकहरू सबैले आ-आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्नुपर्ने समय आएको छ ।













# अर्थतन्त्रमा नयाँ गन्तव्यको आवश्यकता



■ गम्भीरबहादुर हाडा

नेपाल दक्षिण एसियामा अवस्थित भूपरिवेष्टित मुलुक हो। नेपालको उत्तरी भेगमा दाँतका लहर जस्तै पंक्तिबद्ध रूपमा अवस्थित हिउँ र चट्टानले निर्मित हिमाली क्षेत्रले नेपालको १५ प्रतिशत भूभाग समेटिएको छ। करिब २५ देखि ५० किलोमिटर उत्तर-दक्षिण चौडाइभित्र फैलिएको हिमाली प्रदेश समुद्र सतहदेखि करिब ३ हजार मिटर माथिको उचाइमा अवस्थित छ।

नेपालमा ४६० गाउँपालिका, २७६ नगरपालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिकासहित जम्मा ७५३ स्थानीय तह कार्यान्वयनमा छन्। नेपालमा हाल ७७ प्रशासनिक जिल्लाहरू कायम छन्। नेपालको आर्थिक तथा सामाजिक विकासमा नयाँ गन्तव्यको आवश्यकता परेको छ, जसलाई हामीले निम्न शीर्षकहरूमा विभाजन गर्न सकिन्छ :

(१) कृषि विकास : कृषि क्षेत्र राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहँदै आएको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४ दशमलव ० प्रतिशत छ भने करिब ६२ दशमलव ० प्रतिशत परिवारको प्रमुख पेसा कृषि छ। कुल जनसंख्याको ६७ दशमलव ० प्रतिशत जनसंख्या कृषक परिवारभित्र छन्।

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट कृषकको जीवनस्तरमा सुधार ल्याउनु अवाश्यक छ। कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरणमार्फत यस क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षा, जीवनस्तरमा सुधार र कृषिजन्य वस्तुको निकासी अभिवृद्धि गर्नुपर्ने देखिन्छ। प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षण गर्दै कृषि व्यवसायको दिगोपनाका लागि समुदायमा आधारित जलवायु उत्थानशील कृषि प्रणाली प्रवर्द्धन गर्न जरुरी देखिएको छ।

(२) औद्योगिक विकास : उद्योग क्षेत्र उत्पादन, आय र रोजगारीका दृष्टिले आर्थिक विकासको मेरुदण्डका रूपमा रहेको छ। सार्वजनिक, निजी एवं विदेशी लगानीमार्फत औद्योगिक क्षेत्रको विकास र विस्तारमा सघाउ पुग्दै आएको छ। यद्यपि, औद्योगिक क्षेत्रको सुदृढीकरण एवं विस्तारका लागि लगानी न्यून छ भने यस्तो लगानीबाट अपेक्षित प्रतिफल हासिल हुन सकेको छैन।

आधारभूत वस्तुमा समेत मुलुक आत्मनिर्भर बन्न सकेको छैन। औद्योगिक क्षेत्रको विकासका लागि सार्वजनिक लगानीलाई औद्योगिक पूर्वाधारको विकासमा केन्द्रित गर्नुपर्ने र स्वदेशी तथा विदेशी निजी लगानीलाई उत्पादन तथा रोजगारी अभिवृद्धिमा परिचालन गर्नुपर्ने आवश्यकता छ। वस्तुको निकासी प्रवर्द्धन तथा पैठारी व्यवस्थापन गर्दै मागमा आधारित वस्तु तथा सेवाको आपूर्ति गर्नेतर्फ औद्योगिक, वाणिज्य तथा आपूर्ति नीति केन्द्रित गर्नुपर्ने देखिन्छ।

(३) वैदेशिक व्यापार : नेपालको आर्थिक विकासमा वैदेशिक व्यापारको महत्त्व तथा आवश्यकता छ। आर्थिक वर्ष २०८०/०८१ को फागुनसम्म कुल वस्तु व्यापार घाटा २ दशमलव ५ प्रतिशतले घटेर ९ खर्ब २९ अर्ब ६१ करोड छ। चालू आर्थिक वर्ष २०८१/०८२ को ६ महिनामा ७ खर्ब २३ अर्ब ५८ करोड रुपैयाँको व्यापारघाटा भएको छ।

भन्सार विभागका अनुसार नेपालले ६ महिनामा कुल ९ खर्ब २१ अर्ब १६ करोड रुपैयाँको वैदेशिक व्यापार गरेको छ। तथ्यांकअनुसार गत पुस मसान्तसम्ममा ८ खर्ब २२ अर्ब ३७ करोड ५ लाख रुपैयाँ बराबरको वस्तु आयात भएको छ। पुससम्ममा ९८ अर्ब ७८ करोड ९२ लाख रुपैयाँ बराबरको मात्र निर्यात भएको छ।

आयातलाई निर्यात व्यापार बृद्धितर्फ आबद्ध गरी विश्व बजारमा मूल्य अभिवृद्धियुक्त वस्तुको निकासी बढाई व्यापारघाटा कम गर्नुपर्छ। वस्तु तथा सेवा व्यापारलाई प्रतिस्पर्धी एवं सुदृढ बनाई आय तथा रोजगारीका अवसर बढाउने र गरिबी घटाउन सहयोग पुऱ्याउने माध्यमको रूपमा उपयोग गर्नु आवश्यक छ। आन्तरिक व्यापार र वैदेशिक व्यापारबीचको अन्तरसम्बन्ध स्पष्ट रूपमा स्थापित गरी एकअर्काको परिपूरक रूपमा विकास गर्नुपर्छ। वैदेशिक व्यापारको क्षेत्रमा आयातभन्दा निर्यात बढाउनुपरेको छ र यसका लागि औद्योगिक विकास गर्नु अतिआवश्यक छ।

> ❝ आन्तरिक व्यापार र वैदेशिक व्यापारबीचको अन्तरसम्बन्ध स्पष्ट रूपमा स्थापित गरी एकअर्काको परिपूरक रूपमा विकास गर्नुपर्छ। वैदेशिक व्यापारको क्षेत्रमा आयातभन्दा निर्यात बढाउनुपरेको छ र यसका लागि औद्योगिक विकास गर्नु अतिआवश्यक छ

(४) पर्यटन : विशिष्ट प्रकृतिका पर्यटकीय गन्तव्य र उपजका कारण नेपाल विश्वकै प्रमुख गन्तव्य मुलुकको रूपमा रहेको छ। भूकम्पबाट क्षतिग्रस्त अधिकांश साँस्कृतिक एवं पर्यटकीय सम्पदाको पुनर्निर्माण सम्पन्न हुनुका साथै नयाँ पर्यटकीय गन्तव्यको समेत विकास हुँदै गएको छ। २ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भई संचालनमा आएका छन्।

पर्यटन प्रवर्द्धनका लागि सन् २०२३-२०३२ लाई पर्यटन दशकको रूपमा मनाई प्रतिपर्यटक प्रतिदिन खर्च १२५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिइएको छ। सन् २०२४ को मार्चसम्म ३ महिनाको अवधिमा पर्यटक आगमन सन् २०२३ को मार्चसम्मको तुलनामा ३३ दशमलव ८ प्रतिशतले वृद्धि भई ३ लाख ४ हजार ६९३ पुगेको छ। पर्यटन उद्योगको विकासका लागि यातायात तथा संचारको विकास गर्नुका साथै पूर्वाधार निर्माण गर्नु अतिआवश्यक छ।

(५) वैकल्पिक ऊर्जाको आवश्यकता : आर्थिक विकासमा ऊर्जाको अतिमहत्त्व रहेको छ। ऊर्जाको विकासमा वैकल्पिक ऊर्जाको विकास गरिनु अतिआवश्यक रहन आएको छ। विद्युत् उत्पादनमा वृद्धि हुँदै गएसँगै ऊर्जा उपलब्धता सहज हुँदै गएको छ। पछिल्लो अवधिमा विद्युत् आयातमाथिको निर्भरता कम भएको छ भने खुद विद्युत् निर्यात बढ्दै गएको छ।

आर्थिक वर्ष २०८०/०८१ को फागुनसम्म भारततर्फ १ हजार ४७५ गिगावाट प्रतिघण्टा बराबरको विद्युत् निर्यात भएको छ भने ९२८ गिगावाट प्रतिघण्टा विद्युत् आयात भएको छ। कुल जडित क्षमता ३ हजार ६० मेगावाटमध्ये २०८० फागुनसम्म नवीकरणीय ऊर्जाको हिस्सा ५ दशमलव ९ प्रतिशत छ।

वैकल्पिक ऊर्जाको रूपमा विद्युत् शक्ति, बायोग्यास प्लान्ट, सौर्य घरेलु विद्युत् प्रणाली, सुधारिएको चुलोको व्यवस्था, वायु ऊर्जा आदिको बढीभन्दा बढी मात्रामा विकास गरिनु आवश्यक छ।

(६) भौतिक पूर्वाधारको विकास : भौतिक पूर्वाधार, यातायात तथा संचार आर्थिक, सामाजिक विकासका प्रमुख संवाहक हुन्। मुलुकको समृद्धिका लागि गुणस्तरीय र दिगो विकास गर्न यस क्षेत्रमा सार्वजनिक र निजी लगानी अभिवृद्धि गर्न आवश्यक छ। यसबाट मुलुकको आर्थिक, सामाजिक रूपान्तरणलगायत सार्वजनिक सेवाको गुणात्मक विकासमा समेत योगदान पुग्छ।


सडक यातायात संजालको थप विस्तार एवं गुणस्तर अभिवृद्धि गरी आर्थिक क्रियाकलापमा बढोत्तरी ल्याउनुपर्ने छ। यसैगरी सहज, सुरक्षित र भरपर्दो सार्वजनिक यातायात सेवाको सुनिश्चिततामार्फत आमनागरिकको जनजीवनलाई सहज बनाउनुपर्ने छ। सूचना प्रविधिको निरन्तर विकाससँगै आमजनमा यसको पहुँच विस्तार हुँदै गएको छ। पछिल्लो दशकमा सडकको विकास एवं विस्तारमा उल्लेख्य उपलब्धि हासिल भएको छ।

(७) गरिबी र बेरोजगारी समस्या निराकरण : सरकारले अवलम्बन गरेको नीतिगत व्यवस्था र लक्षित कार्यक्रमको कार्यान्वयनबाट निरपेक्ष गरिबी क्रमशः घट्दै गएको छ। स्वदेशभित्र लाभजन्य रोजगारीका अवसर सीमित रहँदा रोजगारीका लागि बिदेसिने क्रम बढ्दै गएको छ। उत्पादनमूलक उद्योग, निर्माण, पर्यटन जस्ता क्षेत्र अपेक्षित रूपमा विकास हुन नसक्दा देशभित्र पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन।

२०८० फागुनसम्म बैदेसिक रोजगारीमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या ५९ लाख ६९ हजार पुगेको छ। गरिबी र बेरोजगारीको समस्या निराकरण गर्नका लागि उद्योगधन्दाको विकासमा खास गरेर उद्यमशीलताको विकास (स्टार्टअप) र घरेलु तथा साना उद्योगको विकास, कृषि विकासमा व्यावसायीकरण र वैज्ञानिकीकरणको व्यवस्था, वैदेशिक रोजगारीको रोकथामका लागि आन्तरिक रोजगारीको व्यवस्था गरिनु आवश्यक छ।

(८) बसाइँसराइ र शहरीकरणको उचित व्यवस्थापन : नेपाल क्रमशः शहरीकरणतर्फ उन्मुख भएको छ। आवास तथा बस्ती विकास, भवन, निर्माण, ग्रामीण पूर्वाधार र स्थानीय पूर्वाधारको क्षेत्रमा सरकारको लगानी बढ्दै गएको छ। बसाइँसराइ र शहरीकरणको उचित व्यवस्थापनका लागि ग्रामीण विकास कार्यक्रम संचालन गरेर ग्रामीण क्षेत्रतिर बढी मात्रामा बसोबास गराउने र शहरी क्षेत्रको आवागमनलाई केही मात्रामा भए पनि सही व्यवस्थापन गरेर रोकथाम गरिनु आवश्यक छ। मानिसहरूलाई शहरतर्फ भन्दा गाउँ क्षेत्रतर्फ र पुरानो आफ्नो पुर्ख्यौली ठाउँमा बसाइँसराइ गराउन आवश्यक कदम चालिनु आवश्यक छ।

नेपालको आर्थिक विकासमा निजी क्षेत्रको सहभागिता बढाउन अर्थ व्यवस्थामा निजी क्षेत्रको स्थानका बारेमा राष्ट्रिय स्तरमा एकमत कायम गर्ने, लगानीमैत्री वातावरण निर्माण गरी लगानीका लागि निजी क्षेत्रलाई उत्प्रेरित गर्ने, लचिलो श्रम सम्बन्ध विकास गर्ने, औद्योगिक सुरक्षाको राम्रो प्रबन्ध गर्ने, यसका लागि औद्योगिक सुरक्षा बलको गठन गर्ने, निजी लगानीको अभिवृद्धिका विविध विषयहरू समेटेर ल्याइएका वाणिज्य नीति, औद्योगिक नीति, पर्यटन नीति लगायतका नीतिको प्रभावकारी कार्यान्वयन गर्ने, मौजुदा कानुनहरूमा ती नीतिको व्यवस्थाअनुरूप सुधार गर्दै लैजानु आवश्यक छ।




हार्दिक बधाई
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
दिपक थापा
अध्यक्ष
महेश कुमार बस्नेत
महासचिव
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
परिवार
नयाँबानेश्वर, काठमाडौं

हार्दिक बधाई तथा शुभकामना
२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक २२ वर्ष पुरा गरी २३ औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।
SGMC
शेरमन ग्लोबल म्यानेजमेन्ट कन्सल्टेन्ट्स प्रा. लि.
परिवार
सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ४४७३७०५, ४४९४४५७

# रोजगारी, रेमिट्यान्स अनि कहाली




■ रत्न प्रजापति


> उत्पादन वृद्धि हुन नसक्दा र निर्यात वृद्धि हुन नसक्दा बढ्दो आयातका कारण व्यापारघाटा चुलिएर धरापमा परेको अर्थतन्त्रको बलियो टेको बनेको छ रेमिट्यान्स । रेमिट्यान्स नआए देशको अर्थतन्त्र के हुन्छ ? अर्थतन्त्रमा परेको संकटको असर देशको सबै क्षेत्रमा पर्ने हुँदा जनजीविका कष्टकर बन्छ, बनेको छ

नेपाल र नेपाल जस्तै अतिकम विकसित र विकासोन्मुख मुलुकहरूका लागि वैदेशिक रोजगारी आवश्यकताकै रूपमा रहेको छ । यस्ता मुलुकहरूले मुलुकभित्रै पर्याप्त रोजगारीको अवसर सिर्जना गर्न सम्भव नहुँदा वैदेशिक रोजगारीलाई विकल्पको रूपमा लिने गरेका छन् । अन्तर्राष्ट्रिय श्रम संगठनले प्रकाशन गरेको अनुमानित आँकडाअनुसार सन् २०२२ मा संसारभर आप्रवासी कामदारको संख्या १६ करोड ७७ लाख छ, जुन विश्व श्रम बजारमा उपलब्ध श्रम शक्तिको ४ दशमलव ७ प्रतिशत हो । नेपालबाट पनि ६० लाखभन्दा बढी कामदार रोजगारीका लागि बिदेसिएको सरकारी तथ्यांक छ ।

नेपालमा धेरै पटक राजनीतिक परिवर्तनहरू भए । ती परिवर्तनले देशको शासन व्यवस्था पनि धेरै पटक फेरिए । पञ्चायत, प्रजातन्त्र, बहदल, पुनः प्रजातन्त्र हुँदै अहिले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था छ । तर, मुलुकमा जस्तोसुकै राजनीतिक परिवर्तन भए पनि र जस्तोसुकै शासन व्यवस्था लागु भए पनि विकास र समृद्धिले गति लिन नसकेकाले जनता गरिबी, अभाव र पछौटेपनबाट मुक्त हुन सकेका छैनन् ।

आर्थिक विकास र समृद्धि राजनीतिक दल र नेताहरूको चुनावी एजेन्डा मात्र बन्यो । जनतालाई फकाउने र भोट सुनिश्चित गर्ने माध्यम मात्र बन्यो विकास र समृद्धिको नारा ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा राजनीतिक बेथिति र कुशासन विगतका शासन व्यवस्थामा भन्दा झन् बढेकाले रंगीन सपना देख्ने महत्त्वाकांक्षी युवा निरन्तर निराशाको गर्तमा डुब्दै आएका छन् । विकास र समृद्धिको मुद्दा लिएर चुनावी मैदानमा होमिने राजनीतिक दलहरूले देशमा आर्थिक क्रियाकलापलाई बढावा दिने काममा सहयोग नगर्दा रोजगारी सिर्जना ठप्प जस्तै भयो ।

चुनावी घोषणापत्रमा युवाका लागि आकर्षक योजना समेट्ने राजनीतिक दलहरूले निर्वाचनपछि आफ्नो घोषणापत्रलाई चटक्कै बिर्सिने रोग पुरानै हो । चुनावी घोषणापत्र युवालाई लोभ्याउने र भोट सुनिश्चित गर्ने रणनीति मात्र रहेछ भन्ने कुरा निर्वाचनपछि राजनीतिक दलहरूले आफ्नै घोषणापत्रलाई कार्यान्वयन नगर्ने प्रवृत्तिले पुष्टि गरेको छ ।

देशमा रोजगारी सिर्जना गर्ने क्षेत्र भनेको निजी क्षेत्र नै हो । विभिन्न उद्योग तथा कलकारखाना स्थापना र संचालन हुन सके रोजगारीको अवसर सिर्जना हुने हो । तर, राज्यको नीति, नियम र द्रव्य पिचाश कर्मचारीतन्त्रले



गर्दा निजी क्षेत्र निकै प्रताडित छ । त्यसमाथि निजी क्षेत्रलाई दुहुनो गाई जस्तै ठान्ने र हरेक निर्वाचन, पार्टीको महाधिवेशन र पार्टी संचालनका लागि तिनै निजी क्षेत्रलाई दुहुने राजनीतिक प्रवृत्तिले गर्दा निजी क्षेत्र हायलकायल छ ।

उद्योगधन्दा अथवा व्यापार व्यवसाय संचालनमा सहजता छैन । देशमा उद्योग व्यवसायमैत्री वातावरण नै छैन । 'डुइङ् बिजिनेस सूचकांक'ले पनि यस्तै इंगित गरिरहेको छ । यस्तैयस्तै कारणले गर्दा देशमा थप रोजगारीको अवसर सिर्जना हुन सकिरहेको छैन ।

देशमा आर्थिक क्रियाकलापमा बढोत्तरी हुन नसकेर थप रोजगारी सिर्जना हुन नसकिरहेकै अवस्थामा भएको रोजगारी पनि धरापमा परेको खबरले थप चिन्ता बढाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वका विभिन्न मुलुकलाई प्रदान गर्दै आएको अमेरिकी वैदेशिक सहायतामा रोक लगाउने निर्णय गरेसँगै नेपालमा पनि १० हजार बढीको रोजगारी धरापमा परेको खबर सार्वजनिक भएको छ ।

अमेरिकी वैदेशिक सहायतामा राष्ट्रपति ट्रम्पले गरेको पुनर्मूल्यांकन र पुनर्गठनसम्बन्धी कार्यकारी आदेशअनुसार हाल अमेरिकाले अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसआईडी)मार्फत प्रवाह गर्दै आएको विकास सहायता कम्तीमा ३ हिना अर्थात ९० दिनका लागि रोक्ने निर्णयले त्यससँग सम्बन्धित झन्डै १० हजार नेपालीको रोजगारी धरापमा परेको हो ।

अमेरिकी राष्ट्रपति ट्रम्पको आदेश कार्यान्वयन गर्दै नेपालस्थित अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको कार्यालयले १४ माघ सोमबार अर्थ मन्त्रालयलाई पत्राचार गर्दै अमेरिकी सहयोगमा संचालित कार्यक्रमहरू तत्कालका लागि ९० दिन रोक्नू भनेको छ । अमेरिकी सहयोगमा संचालित कार्यक्रमहरूले अब निरन्तरता पाउने वा नपाउने भन्ने अनिश्चयले गर्दा उपर्युक्त संख्याका नेपालीको रोजगारी धरापमा परेको खबरमा उल्लेख छ ।

रोजगारी सिर्जनाका लागि उद्योग व्यवसाय नियमित संचालन हुनुपर्छ र थप नयाँ उद्योग व्यवसाय स्थापना हुनुपर्छ । तर, देशमा राजनीतिक अस्थिरता, नीतिगत अन्योल, कुशासन आदि कारणले थप नयाँ उद्योग व्यवसाय स्थापना हुन सकेको छैन भने भएका उद्योग व्यवसाय पनि पूर्ण क्षमतामा संचालन हुन सकेका छैनन् ।

नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०८०/०८१ को आर्थिक गतिविधि अध्ययनको अर्धवार्षिक प्रतिवेदनअनुसार देशका प्रमुख उद्योगहरूको औसत क्षमता उपयोग ४२ दशमलव ९ प्रतिशत मात्र छ ।

विभिन्न कारणले उद्योगी व्यवसायी प्रोत्साहित हुन नसक्दा देशमा आर्थिक क्रियाकलाप बढ्न सकेको छैन अथवा त्यसले नियमित गति लिन सकेको छैन । यसले गर्दा थप रोजगारी सिर्जना प्रभावित बन्दै आएको छ । थप रोजगारी सिर्जना नहुँदा बेरोजगारको संख्या अकल्पनीय रूपमा बढेको छ ।

सरकारी तथ्यांकले नै बेरोजगारी दर ११ दशमलव ४ प्रतिशत रहेको देखाएको छ । रोजगारीका आकांक्षी बढ्ने तर रोजगारीको अवसर नबढ्ने अवस्थाले रोजगारीको अवसर प्राप्तिमा निकै प्रतिस्पर्धा पनि बढेको छ । तर, त्यही अवसर पनि निष्पक्ष र समानुपातिक रूपमा वितरण नहुँदा रोजगारीका आकांक्षी युवा निराश हुन बाध्य छन् ।

राजनीतिक, सामाजिक र आर्थिक कारणले रोजगारी सिर्जना प्रभावित हुँदा देशमा बेरोजगारीको समस्या कहालीलाग्दो बन्दै गएको छ । बर्सेनि श्रम बजारमा प्रवेश गर्ने करिब साढे ५ लाख जनशक्ति बेरोजगार बन्न अथवा वैदेशिक रोजगारीमा जान विवश छन् । अन्ततः तिनै बिदेसिएका युवाले पठाएको रेमिटचान्सले तिनको घरको चुलोमा आगो बलेको छ भने देशको अर्थतन्त्र पनि त्यही रेमिटचान्सबाट चलेको छ ।

उत्पादन वृद्धि हुन नसक्दा र निर्यात वृद्धि हुन नसक्दा बढ्दो आयातका कारण व्यापारघाटा चुलिएर धरापमा परेको अर्थतन्त्रको बलियो टेको बनेको छ रेमिटचान्स । रेमिटचान्स नआए देशको अर्थतन्त्र के हुन्छ ? अर्थतन्त्रमा परेको संकटको असर देशको सबै क्षेत्रमा पर्ने हुँदा जनजीविका कष्टकर बन्छ, बनेको छ ।

अहिले देशमा गरिबी, अभाव, महँगी, बेरोजगारीले कष्टकर बनिरहेको छ भने कुशासन, भ्रष्टाचार र अव्यवस्थापनले सर्वसाधारण जनताको जीविका निकै कष्टकर बनेको छ । विद्यमान स्थितिमा सुधार ल्याउने प्रयास नभए अथवा अहिलेकै स्थिति कायम रहे जनजीविका थप कष्टकर बन्ने निश्चित छ ।


अर्थतन्त्र सुदृढीकरणका लागि प्रथमतः आन्तरिक उत्पादन वृद्धि अपरिहार्य छ । तर, अहिले उत्पादनको मुख्य क्षेत्र कृषि राज्यबाटै उपेक्षित भएको, कृषिमा जनशक्ति आकर्षित हुन नसकेको, युवा जनशक्ति बिदेसिएको आदि कारणले कृषि उत्पादनमा वृद्धि हुनुको सट्टा ह्रास भइरहेको अवस्था छ ।

देशका ५० दशमलव १ प्रतिशत आर्थिक दृष्टिकोणले सक्रिय जनसंख्या कृषिमा आवद्ध भएको तथ्यांकले देखाए पनि उपर्युक्त कारणले कृषि उत्पादन ह्रासोन्मुख छ । कृषिप्रधान भनिएको देशमा बर्सेनि झन्डै ३ खर्ब रुपैयाँभन्दा बढीको कृषिवस्तु आयात भइरहेको छ । पर्याप्त कृषि उत्पादन नहुँदा कृषिमा आधारित अन्य उद्योग क्षेत्र पनि प्रभावित छ । यसले गर्दा समग्र आन्तरिक उत्पादन अत्यन्तै न्यून भई निर्यात पनि अत्यन्तै न्यून हुँदा वैदेशिक व्यापारघाटा बढ्दै गएर देशको अर्थतन्त्र निकै जोखिममा परेको छ ।

आर्थिक वर्ष २०८०/०८१ को तथ्यांकअनुसार कुल १७ खर्ब ४५ अर्ब ३६ करोड ६१ लाखको वैदेशिक व्यापारमा कुल १४ खर्ब ४० अर्ब ६० करोड ४९ लाखको व्यापारघाटाले देशको अर्थतन्त्र निरन्तर जोखिमतर्फ धकेलिएको देखिन्छ । यस्तो अवस्थामा ठूलो परिमाणमा रेमिटचान्स नआएको भए देशको अर्थतन्त्र के हुन्थ्यो ? कल्पना मात्र गर्दा पनि कहाली लाग्छ ।







# नेपाली चलचित्रले खोजेको बाटो




■ लक्ष्मण सुवेदी


बोर्डले अहिलेसम्म विभिन्न राजनीतिक पार्टीका तर्फबाट डेढ दर्जन बढी अध्यक्ष, सयौं सदस्यहरू पाइसक्यो । तर, जुन उद्देश्यले गठन गरिएको भनिएको हो, त्यो पूरा हुनु त कहाँ हो कहाँ, एक छेउ पनि नपुगेको गुनासो चलचित्रकर्मीहरूको छ

४ वटा गीत, ५-६ वटा फाइट, धनी केटी र गरिब केटाबीच प्रेम प्रसंग, गाउँ-शहरमा जमिनदार-खलपात्रको अत्याचार, अन्त्यमा हिरोको जित, भिलेनको हार । करिब डेढ दशकअघिसम्म अधिकांश नेपाली चलचित्रको मूल विषय र परिवेश यही र यस्तै हुने गरेका थिए । नवीन कथामा नवीन पात्र निर्माण गरी क्यामेरामा कैद गरी दर्शकलाई नौलो विषयवस्तुको चलचित्र पस्कन निर्माता, निर्देशकहरू हम्मेसी आँट गर्दैन थिए ।

सन् १९९० को दशक, त्योभन्दा पनि अघिका हिन्दी चलचित्रबाट हुबहु कपी गरेर नेपाली चलचित्र निर्माण गर्नेजस्तो सहज तरिकाले कलाकारिता चलिरहेको अवस्थामा नयाँ विषय पहिल्याएर नयाँ दर्शक खोज्ने चेष्टा कमैले गरे । फलस्वरूप, एकाध छाडेर त्यही बेला बाँकी निर्देशकलाई हिन्दी चलचित्र चोरेर नेपाली बनाएको आरोप लाग्ने गर्थ्यो ।

तर, अहिले मनस्थिति, परिस्थिति, परिवेश, पात्र र प्रवृत्तिमा धेरै परिवर्तन आएको छ । पछिल्लो समय नेपाली चलचित्र निर्माणमा मौलिक विषयवस्तु, पात्र र प्रस्तुतीकरण खोज्न थालिएको छ । यद्यपि, सबैले मौलिक कथामै चलचित्र निर्माण गरिरहेका भने होइनन् । अहिले पनि हिन्दी, कोरियाली, टर्किस, साउथ इन्डियन चलचित्रका प्लट, सर्ट, पात्र, संवाद उडाएर नेपाली बनाउनेहरू पनि छन् । तथापि, अहिलेका दर्शकले त्यस्ता चोरी गरिएका चलचित्रलाई 'रिजेक्ट' गर्दै गइरहेका छन् ।

पुराना पुस्ताका अधिकांश निर्देशकले आफूलाई पर्याप्त मात्रामा 'अपडेट' गर्न नसकेका चाहिँ पक्कै हुन् तर पनि ५० को दशकदेखि चलचित्र निर्माण गरिरहेका केही निर्देशक भने अहिले पनि नयाँ पुस्ताका निर्देशकहरूसँग प्रतिस्पर्धात्मक तवरले मैदानमा छन् । धेरैले भने चलचित्रलाई बाईबाई गरिसकेका छन् । कतिपय निर्देशकले मौलिक कथामा चलचित्र निर्माण गर्न खोजे तापनि नयाँ प्राविधिसँग अभ्यस्त हुन नसकेको पनि देखिन्छ । यस कारण चलचित्रको संख्या थप्नेबाहेक अर्थोक उपलब्धि भएको पाइँदैन ।

एकताका नेपाली चलचित्र हेर्ने दर्शकको ठूलो हिस्सा बिदेसिएको भन्दै संकटकालको अवस्थासमेत सृजना भएको थियो । चलचित्रसँग सम्बन्धित संघसंस्था तथा निर्माता, निर्देशकहरूले चलचित्रमा संकटकाल लगाउनेसम्मका प्रस्तावहरू पेस गरेका थिए । यद्यपि, युवा पुस्ताका दर्शकलाई लक्षित गरी 'लुट', 'चपली हाइट' जस्ता एडल्ट कन्टेन्ट/संवादयुक्त चलचित्रहरू निर्माण भए । यसले संकटकालीन अवस्थामा पुगेको चलचित्र बजारलाई बिउँत्यायो । त्यसपछि यस प्रकारका चलचित्र निर्माणको बाढी नै आयो । त्यो बाढीले धेरै नोक्सान पनि गर्न पुग्यो ।

पछिल्लो समय 'स्टार पावर'ले मात्र धानेको छैन । दर्शकले 'कन्टेन्ट' खोज्न थालेका छन् । यस कारण अधिकांश निर्माता, निर्देशकहरूले मौलिक कथाको खोजी गरिरहेका छन् । अहिले जुन रूपमा मौलिक कथा, पात्र, परिवेश भनेर एक किसिमको लहर चलेको छ, यो पनि दूरगामी हुने आभास चलचित्रकर्मीमा छ ।

उस्तै, उही कलाकारलाई दोहोऱ्याई-दोहोऱ्याई एकै प्रकारको चलचित्र निर्माण गरिने खतरा झन् बढेर गएको छ । हिजोको दिनमा सहअभिनेताका रूपमा फाट्टफुट्ट अभिनय गर्नेहरू पनि अहिले एकाएक 'स्टार' बन्न पुगेका छन् । बजारले थेग्न नसक्ने संख्यामा चलचित्र निर्माण घोषणा भइरहेका छन् । यो शुभसंकेत भने होइन । चलचित्र निर्माण अहिले निकै खर्चिलो भएको छ । सामान्यतया: अहिले एउटा चलचित्र २ करोड रुपैयाँभन्दा कममा निर्माण, प्रदर्शन हुन नसक्ने अवस्था भएको छ । २ करोड लागत लागेको चलचित्रले साँवा मात्र उठाउन ५ करोड बढीको ब्यापार गर्नुपर्ने हुन्छ ।

पछिल्लो आँकडाअनुसार माघ महिनाको पहिलो साता प्रदर्शन भएको एउटा चलचित्रले देशभरबाट जम्मा साढे २८ हजार रुपैयाँको ब्यापार गरेको बक्स अफिस रिपोर्ट सार्वजनिक भएको छ । सो ब्यापारबाट चलचित्र निर्मातालाई करिब १२ हजार रुपैयाँ हात पर्छ ।

**चलचित्र ब्यापारको वास्तविकता**

'पूर्णबहादुरको सारंगी'ले घरेलु बक्स अफिसमा राम्रो ब्यापार गरेको दृष्टान्त हेरेर अन्य चलचित्रको ब्यापार आँकलन गरिनु निकै हचुवा र गलत उदाहरण हुन पुग्छ । पछिल्लो समयको चलचित्र निर्माण, प्रदर्शन जुन रूपमा खर्चिलो छ, सोही अनुपातमा ब्यापार पनि निकै जोखिमयुक्त छ ।

कुनै ब्यक्तिले सटर दिएर चिया पसल खोल्यो । उसलाई चिया पसल चलाउन मन लागेन भने समान, भाँडाकुँडा र 'स्पेस' बेच्दा उसलाई घाटा नपर्न सक्छ । अर्थात्, निकै न्यून घाटा होला । तर, एउटा चलचित्र निर्माण गरेर प्रदर्शन गऱ्यो, हलमा दर्शक आइदिएनन् भने करिब ८५ प्रतिशत सिधा घाटा हुन्छ । बाँकी १५ प्रतिशत डिजिटल राइट्सले चाहिँ 'कभर' गर्छ ।

यस प्रकारको अधिक जोखिमपूर्ण चलचित्र व्यवसायलाई अहिलेसम्म सरकारले उद्योगको मान्यता, सेवा सुविधा, सहुलियत र प्राथमिकता दिएको छैन ।

अन्य ब्यापार गर्नका लागि बैंक, वित्तीय संस्थाले सहजै ऋण दिन्छन् । तर, सयौंले रोजगारी पाइरहेका, हजारौं नागरिक आश्रित, भाषा, कला, संस्कृतिको प्रवर्द्धनको सशक्त माध्यम, वर्षमा करोडौंको ब्यापार हुने चलचित्र निर्माण, वितरण, प्रदर्शन व्यवसायलाई भने न राज्यले, न कर्पोरेट हाउसले, न त व्यावसायिक घरानाले प्राथमिकतामा राख्ने गरेका छन् ।

तर, पनि निजी क्षेत्रबाट, व्यक्तिगत लगानीमा चलचित्र भवन तथा चलचित्र निर्माण कार्यले तीव्रता पाइरहेको छ । आजको नेपाली चलचित्र क्षेत्रको जति विकास भएको देखिएको छ, अन्तर्राष्ट्रिय जगत्मा समेत नेपाली चलचित्रको जति विस्तार भइरहेको छ, त्यसमा सत प्रतिशत नै व्यक्तिगत लगानी, निरन्तरता र आँटले काम गरिरहेको छ ।

**चलचित्र र नेपाल सरकार**

सरकारले नेपाली चलचित्रको विकास, विस्तार, सम्वर्द्धन गर्नका लागि भने २०५७ सालमा चलचित्र विकास बोर्ड गठन गऱ्यो । बोर्डले अहिलेसम्म विभिन्न राजनीतिक पार्टीका तर्फबाट डेढ दर्जन बढी अध्यक्ष, सयौं सदस्यहरू पाइसक्यो । तर, जुन उद्देश्यले गठन गरिएको भनिएको हो, त्यो पूरा हुनु त कहाँ हो कहाँ, एक छेउ पनि नपुगेको गुनासो चलचित्रकर्मीहरूको छ ।

२०५० देखि २०६० को दशकमा देशभर करिब साढे ४०० वटा सिनेमा घर संचालनमा रहेकामा पछिल्लो समय डेढ सयको संख्यामा खुम्चिएको छ । त्यसमाथि निर्बाध रूपमा प्रदर्शनकै दिन भित्रिने विदेशी चलचित्रहरूसँग पनि नेपाली चलचित्रहरूले प्रतिस्पर्धा गर्नुपरिरहेको छ तर पनि चलचित्र निर्माण, चलचित्र अभिनय, वितरण अनि प्रदर्शनलाई नै 'करिअर' बनाउन चाहने नयाँ पुस्ताको आकर्षण भने घटेको छैन । चलचित्रमा चलेमा नाम छ, दाम छ, सम्मान छ । नचलेमा निराशा, चरम संघर्ष र बेरोजगारी छ तर पनि यो क्षेत्रमा सर्वाधिक आकर्षण छ । ग्ल्यामरको दुनियाँ, सामान्य मान्छे पनि रातारात स्टार बन्न सक्छ । अनि, स्टार पनि रातारात बेरोजगार बन्न सक्छ । चरम जोखिमपूर्ण पेसा भए तापनि यसको चमकले जो कोहीलाई आफूतिर तानिरहेको छ ।

यस्तो आकर्षणको पेसालाई सरकारी निकायले मूलधारको पेसाका रूपमा अझै पनि स्वीकारेको छैन । सरकारले चलचित्र निर्माण, प्रदर्शन र लगानी सुरक्षामा थोरै मात्र सहयोग गर्ने हो भने साँच्चै नै यो क्षेत्रले ठूलो फड्को मार्ने छ । सृजनात्मकताको क्षेत्रलाई अनावश्यक बन्देज, सेन्सर अनि जुनसुकै कुरामा पनि अनुमति लिनुपर्ने, सिफारिस, दस्तुर बुझाउन बाध्यकारिता लगाउनाले चलचित्रकर्मीहरूले एउटा चलचित्र निर्माण गर्दा थुप्रै झन्झट र दिक्दारी बेहोर्नुपरिरहेको छ । कुनै कलाकार, प्राविधिक बिरामी पर्दा बोर्डअन्तर्गतको चलचित्र कलाकार कल्याणकारी कोषले भने केही रकम सहायता गर्ने गरेको छ । त्यसबाहेक दिनेश डी. सी. अध्यक्ष भएपछि उनले कुनै पनि चलचित्रकर्मीको अन्त्यष्टिको खर्च बोर्डले बेहोर्ने प्रावधान स्थापित गरेका छन् । चलचित्र निर्माणताका कुनै दुर्घटना भएमा दुर्घटना बीमाको व्यवस्था केही वर्षअघिदेखि नै लागू छ तर चलचित्र, पूरा प्रोजेक्ट बीमाबारे भने कुनै ठोस प्रावधान छैन ।

**चलचित्र नीति कहिले लागू हुन्छ ?**

राष्ट्रिय चलचित्र नीति, २०७१ सालमै तर्जुमा भएको थियो । बरिष्ठ चलचित्रकर्मी यादव खरेलको संयोजकत्वमा चलचित्र नीति तयार गरियो । त्यसपछि पटकपटक संशोधन, परिमार्जन गरियो । जुनसुकै नयाँ अध्यक्ष नियुक्त भएर आए पनि आउनेबित्तिकै पहिलो बोली हुने गरेको छ- 'म राष्ट्रिय चलचित्र नीति जसरी पनि लागू गराइछाड्छु ।'

यसो भन्दाभन्दै एक दशक बितिसक्यो । चलचित्र नीति संचार मन्त्रालयको श्रव्यदृश्य शाखाबाट वेग मागेर संसद्मा पुगी पास हुन भने कसैगरी सकिरहेको छैन । चलचित्रकर्मी, चलचित्र व्यवसायीका सबै समस्या सोही चलचित्र नीतिले समाधान गर्ने अपेक्षा गरिएको छ । तर, नीति पास गर्नतिर न मन्त्री, न मन्त्रालय, न त सरोकारवाला निकायले यथोचित पहल गरेको देखिन्छ । यसरी नै चलिरहेको नेपाली चलचित्र व्यवसाय/कर्म/क्षेत्र ।

**अब कस्ता चलचित्र बनाउने ?**

'पूर्णबहादुरको सारंगी'को अभुतपूर्व ब्यापारले गर्दा अधिकांश निर्माता, निर्देशक गाउँले चरित्र, परिवेश, पात्र र मौलिकता खोज्नतिर लागेको पाइन्छ । केही दिनअघिको एक समाचार रिपोर्टमा यो वर्षको पुस महिनासम्म १०० भन्दा बढी चलचित्रले निर्माण इजाजत लिएको खबर प्रकाशन भएको थियो । निर्माण इजाजत लिएका चलचित्रका नाम प्रायः गाउँले चरित्र, परिवेश, घटनाहरूबाट राखिएको बताइएको छ । तसर्थ, अब केही समय 'पूर्णबहादुरको सारंगी' खालका चलचित्र निर्माणको बाढी आउने आँकलन गर्न सकिन्छ । नेपाली चलचित्रप्रति दर्शकको बढ्दो आकर्षण, बढ्दो ब्यापार र बढ्दो निर्माण क्रमको गहन रूपमा मूल्यांकन गरी नयाँ, नेपाली मौलिक माटो, गाउँले जनजीवनका कथा मात्र होइन, शहरिया जीवनका विविध ढाँचा, अत्याधुनिकता, विश्व जगत्मा भइरहेका घटना, त्यसका प्रभाव अनि उपस्थितिका विषयमा समेत पर्याप्त अध्ययन गरी पर्दामा उतार्न सके अबको केही समयमै नेपाली चलचित्रले साँच्चै नै छलाङ लगाउने ठोकुवा गर्न सकिन्छ ।

*(सुवेदी बरिष्ठ चलचित्र पत्रकार, चलचित्र निर्माता, लेखक तथा निर्देशक हुन् ।)*










# चीनको विकास र नेपाल



■ सञ्जु दाहाल

विगत २ दशकमा नेपालमा विभिन्न राजनीतिक उथलपुथल भए । अर्थ व्यवस्था र आर्थिक गतिविधि सुस्त भए । यही अवधिमा चीनमा केवल २ वटा सत्ता परिवर्तन भए तर आर्थिक विकासमा कुनै असर भएन । अर्थात्, आर्थिक नीतिमा चीन दृढ रह्यो । २१औं शताब्दीको कूटनीति नै आर्थिक विकास हो भन्ने तथ्य चीनले बुझेको छ तर नेपालले यो तथ्यलाई बुझ्नै सकेको छैन ।

विश्वलाई सहयोग गर्ने चीनको आर्थिक विकास उत्कृष्ट छ । तर, विश्वले सहयोग गर्ने नेपालको आर्थिक विकास हरिबिजोग छ । चीनले ३०-४० प्रतिशत आर्थिक वृद्धि गर्दा नेपाल ७-८ प्रतिशतमै खुम्चिएको छ । चीनले कसरी आर्थिक प्रगति गरेको छ र नेपालले कहाँ चुकेको छ ? यसको समीक्षा पनि जरुरी छ ।

हामी जंगली जनावर जस्तै चिच्याउँदै, दोष लगाउँदै, गालीगलौज गर्दै बस्ने कि अब प्रगतिको मार्ग पहिल्याउने ? चीनको आर्थिक विकास दर २ अंकको छ तर नेपालको अवस्था विगत २५ वर्षदेखि यही टिठलाग्दो छ । कोभिड- १९ को प्रभावले सन् २०२० सम्म ठूलो प्रभाव देखियो भने अन्य वर्षहरूमा निरन्तर विकास भइरहेको छ ।

चीन आज विश्वको १ नम्बर आर्थिक समृद्ध मुलुक भएको छ । आर्थिक विकासको दरमा चीनभन्दा लगभग झन्डै २०० वर्षपछि नेपाल रहेको छ । विश्व बैंकका अनुसार सन् २०२२ मा नेपालको प्रतिव्यक्ति आय १ हजार १९० अमेरिकी डलर थियो भने चीनको प्रतिव्यक्ति आय १२ हजार ७४० अमेरिकी डलर थियो । चीनको प्रतिव्यक्ति आय नेपालभन्दा करिब १० गुणा बढी छ ।

" दीर्घकालीन र स्थिर आर्थिक नीतिहरू, पूर्वाधारको तीव्र विकास र अन्तर ाष्ट्रिय बजारसँग जोडिने प्रयासले मात्र नेपाललाई आर्थिक वृद्धिमा सशक्त बनाउन सक्छ

**चीनको आर्थिक वृद्धिका कारणहरू**

१. सन् २००१ मा चीनले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरेपछि अन्तर्राष्ट्रिय व्यापारमा व्यापक पहुँच पायो । यसले चीनलाई नयाँ बजारहरूमा प्रवेश गर्न र निर्यातलाई तीव्र रूपमा विस्तार गर्न सहयोग गर्‍यो ।
२. विशेष आर्थिक क्षेत्र जस्तै : सानजाई, सांघाई र ग्वाङ्झाओई सशक्त पारियो । यी क्षेत्रहरूले विदेशी लगानी, कर छुट र प्राविधिक ज्ञानलाई आकर्षित गरे । चीन आर्थिक क्षेत्र निर्माणमा लाग्यो ।



३. चीनले सस्तो र उच्च गुणस्तरीय उत्पादनमा ध्यान केन्द्रित गर्‍यो । इलेक्ट्रोनिक्स, वस्त्र र अन्य उपभोक्ता सामानहरू उत्पादन गर्दै विश्वव्यापी आपूर्ति शृंखलामा प्रमुख स्थान हासिल गर्‍यो ।
४. सन् २००० पछि चीनले अनुसन्धान तथा विकासमा ठूलो लगानी गर्‍यो । सूचना प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स, जैविक प्रविधि र नवीकरणीय ऊर्जा जस्ता क्षेत्रमा चीनले तीव्र प्रगति गर्‍यो ।
५. चीनले रेलमार्ग, राजमार्ग, बन्दरगाह, एयरपोर्ट र ऊर्जा पूर्वाधारमा भारी लगानी गर्‍यो । यसले व्यापार, यातायात र उद्योगलाई सशक्त बनायो ।
६. चीनले सस्तो श्रम र कुशल उत्पादन प्रणालीको उपयोग गर्दै विश्वभरको आपूर्ति शृंखलामा प्रभुत्व जमायो । धेरै बहुराष्ट्रिय कम्पनीहरूले चीनलाई उत्पादन केन्द्र बनाए ।
७. सन् २००० पछि चीनले केवल उत्पादनमा होइन, सेवा क्षेत्र, उच्च प्रविधि उद्योग र वित्तीय बजारमा पनि ध्यान केन्द्रित गर्‍यो ।
८. चीनले सौर्य प्यानल, विद्युतीय सवारी साधन र वायु ऊर्जामा ठूलो लगानी गर्‍यो । यसले नयाँ उद्योगहरू सिर्जना गर्दै आर्थिक वृद्धिलाई टेवा दियो ।
९. चीनलाई उच्च प्रविधि उत्पादन केन्द्र बनाउन प्रयास गरियो ।
१०. अन्तर्राष्ट्रिय व्यापार र लगानी विस्तार गर्ने रणनीति चीनले लियो, जसले चीनलाई विश्वव्यापी अर्थतन्त्रसँग गहिरो रूपमा जोड्न मद्धत गर्‍यो ।
११. चीनले आफ्नो ठूलो जनसंख्यालाई उत्पादनशील बनाउन शिक्षा र तालिममा ध्यान केन्द्रित गर्‍यो । सस्तो श्रमले चीनलाई विश्व बजारमा प्रतिस्पर्धात्मक बनायो ।
१२. चीनले आफ्नो मुद्रा युआनलाई अपेक्षाकृत स्थिर राख्दै निर्यातलाई सशक्त बनायो । साथै, ठूला सार्वजनिक निर्माण परियोजनाहरूमा सरकारको लगानीले आर्थिक वृद्धिलाई गति दियो ।

नेपालको आर्थिक वृद्धिका समस्या

१. नेपालले विगत २५ वर्षमा बारम्बार सरकार परिवर्तन, माओवादी सशस्त्र द्वन्द्व र संवैधानिक संकटहरू सामना गर्नुपर्‍यो । राजनीतिक अस्थिरताका कारण दीर्घकालीन विकास योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न असम्भव भयो । राजनीति सुधार नेपालको पहिलो आवश्यकता हो ।
२. नेपालमा यातायात, ऊर्जा र संचार जस्ता आधारभूत पूर्वाधारको विकास पर्याप्त छैन । कमजोर सडक संजाल, अनियमित विद्युत् आपूर्ति, सीमित औद्योगिक क्षेत्र आदिले गर्दा पनि आर्थिक विकासले गति लिन सकेन । सडक संजाल तथा औद्योगिक क्षेत्र निर्माण गर्न सरकारहरूले ठोस कदम चाल्न सकेनन् ।
३. नेपालको भौगोलिक संरचनाले यातायात र व्यापारलाई कठिन बनाएको छ । सीमित क्षेत्रहरू मात्र औद्योगिकीकरणका लागि उपयुक्त छन् ।
४. नेपालको निर्यात प्रायः कृषि उत्पादन र कच्चा मालमा निर्भर छ । प्रतिस्पर्धात्मक उत्पादनहरूको अभावका कारण निर्यात कमजोर छ र आयातमा निर्भरता उच्च छ ।
५. नेपालको ठूलो श्रमशक्ति विदेशमा रोजगारीमा निर्भर छ । रेमिटचान्सले अर्थतन्त्रलाई चलायमान बनाए पनि दीर्घकालीन उत्पादनशीलतामा सुधार गर्न सकेको छैन ।
६. नेपालको कृषि क्षेत्रले कुल श्रम शक्तिको ठूलो हिस्सा ओगटे पनि आधुनिक प्रविधिको अभाव र साना जोतका कारण उत्पादनशीलता न्यून छ । त्यसैले कृषिको विकल्प खोज्नु जरुरी छ । यो कृषिले हुँदैन । भारतीय बिषादीयुक्त तरकारी, फलफूल रोक्ने समेत हाम्रो क्षमता छैन । स्वस्थ अर्ग्यानिक राष्ट्र नेपाल घोषणा गर्न ढिला गर्नु हुन्न ।
७. नेपालले चीनको तुलनामा विदेशी लगानी आकर्षित गर्न सकेन । यसका कारणहरू भनेको कमजोर व्यापारिक वातावरण, राजनीतिक अस्थिरता र अपारदर्शी प्रशासनिक प्रक्रिया नै हुन् । नेपालमा आर्थिक नीति र योजना बारम्बार परिवर्तन हुँदा लगानीकर्ताहरू असुरक्षित महसुस गर्छन् ।
८. नेपालको शिक्षा प्रणालीले श्रम बजारको मागअनुसार सीपयुक्त जनशक्ति उत्पादन गर्न सकेको छैन ।
९. नेपालले घरेलु उद्योगहरूलाई विश्वव्यापी प्रतिस्पर्धामा लैजान पर्याप्त प्रविधि र नीति लागू गर्न सकेको छैन । कुनै योजना नै छैन ।
१०. विश्वकै दोस्रो ठूलो जलस्रोत भएको देश भएर पनि नेपालले जलविद्युत् उत्पादन र त्यसको निर्यातमा पर्याप्त प्रगति गर्न सकेन । स्रोत परिचालनसमेत गर्न सकेनन् ।
११. नेपालको धेरैजसो व्यापार भारतसँग निर्भर छ । वैकल्पिक व्यापार मार्ग र अन्तर्राष्ट्रिय बजारको पहुँचमा कमी छ । नेपालले चीनसँग सहकार्य नै गर्न सकेन ।
१२. नेपाल पर्यटनमा ठूलो सम्भावना भएको देश हो । तर, विज्ञापनको अभाव, कमजोर यातायात र सीमित पूर्वाधारका कारण यो क्षेत्रले पूर्ण क्षमता प्रयोग गर्न सकेको छैन ।

नेपालको आर्थिक सुस्तताका कारण मुख्यतः आन्तरिक अस्थिरता, कमजोर पूर्वाधार र सीमित औद्योगिकीकरणमा केन्द्रित देखिन्छन् । दीर्घकालीन र स्थिर आर्थिक नीतिहरू, पूर्वाधारको तीव्र विकास र अन्तर्राष्ट्रिय बजारसँग जोडिने प्रयासले मात्र नेपाललाई आर्थिक वृद्धिमा सशक्त बनाउन सक्छ । विकास निर्माणका काम समयमै सम्पन्न हुनुपर्छ ।

२२औं वार्षिकोत्सव यात्रा २३ वर्षको
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह

मध्यान्ह राष्ट्रिय दैनिक २२ वर्ष पुरा गरी २३औं वर्षमा प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु । यस दैनिकले आगामी दिनमा पनि अझै अटल रहेर काम गर्नेछ भन्ने मलाई विश्वास छ । वार्षिकोत्सवको अवसरमा यसका प्रकाशक, सम्पादकलगायत यससँग जोडिनु भएका सम्पूर्ण साथीहरूलाई हार्दिक शुभकामना दिन चाहन्छु ।



मन्जर आलम
समाजसेवी/युवा व्यवसायी
धनपालथान गाउँपालिका-१, मोरङ
हाल, दोहा, कतार

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह

आज श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो स्थापनाको २२ वर्ष पार गरी २३औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले निरन्तर रूपमा प्रवास र विशेष गरी न्यून आए भएका खाडीका श्रमिकका पक्षमा उठाउँदै आएको आवाज अझै बुलन्द र निष्पक्ष बन्दै जानेछ भन्ने आशा भरोसा र विश्वास व्यक्त गर्दै नेपाली पत्रकारिता जगतमा थप सफलताको शुभकामना व्यक्त गर्दछौं ।

अगन्धर देवकोटा (अग्नि)
अध्यक्ष एवं
कास्की आदर्श समाज कतार, परिवार

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह

आज श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो स्थापनाको २२ वर्ष पार गरी २३औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले निरन्तर रूपमा प्रवास र विशेष गरी न्यून आए भएका खाडीका श्रमिकका पक्षमा उठाउँदै आएको आवाज अझै बुलन्द र निष्पक्ष बन्दै जानेछ भन्ने आशा भरोसा र विश्वास व्यक्त गर्दै नेपाली पत्रकारिता जगतमा थप सफलताको शुभकामना व्यक्त गर्दछौं ।

नन्दलाल बिक (अजय)
का.वा. अध्यक्ष
गण्डकी प्रदेश समन्वय परिषद् कतार, परिवार

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह

आज श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो स्थापनाको २२ वर्ष पार गरी २३औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले निरन्तर रूपमा प्रवास र विशेष गरी न्यून आए भएका खाडीका श्रमिकका पक्षमा उठाउँदै आएको आवाज अझै बुलन्द र निष्पक्ष बन्दै जानेछ भन्ने आशा भरोसा र विश्वास व्यक्त गर्दै नेपाली पत्रकारिता जगतमा थप सफलताको शुभकामना व्यक्त गर्दछौं ।

श्री राजु पौडेल
अध्यक्ष
म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) कतार, परिवार

श्री बिक्रम कार्की
अध्यक्ष
मोना कतार बहुउद्देश्यीय अक्षय कोष सञ्चालक समिति, परिवार

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह

आज श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो स्थापनाको २२ वर्ष पार गरी २३औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले निरन्तर रूपमा प्रवास र विशेष गरी न्यून आए भएका खाडीका श्रमिकका पक्षमा उठाउँदै आएको आवाज अझै बुलन्द र निष्पक्ष बन्दै जानेछ भन्ने आशा भरोसा र विश्वास व्यक्त गर्दै नेपाली पत्रकारिता जगतमा थप सफलताको शुभकामना व्यक्त गर्दछौं ।

माया के सी
अध्यक्ष एवं
नेपाली महिला समाज कतार, परिवार

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह

आज श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो स्थापनाको २२ वर्ष पार गरी २३औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले निरन्तर रूपमा प्रवास र विशेष गरी न्यून आए भएका खाडीका श्रमिकका पक्षमा उठाउँदै आएको आवाज अझै बुलन्द र निष्पक्ष बन्दै जानेछ भन्ने आशा भरोसा र विश्वास व्यक्त गर्दै नेपाली पत्रकारिता जगतमा थप सफलताको शुभकामना व्यक्त गर्दछौं ।

घनश्याम जैसी
अध्यक्ष
स्याङ्जा सहयोग समाज कतार, परिवार

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह

आज श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो स्थापनाको २२ वर्ष पार गरी २३औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले निरन्तर रूपमा प्रवास र विशेष गरी न्यून आए भएका खाडीका श्रमिकका पक्षमा उठाउँदै आएको आवाज अझै बुलन्द र निष्पक्ष बन्दै जानेछ भन्ने आशा भरोसा र विश्वास व्यक्त गर्दै नेपाली पत्रकारिता जगतमा थप सफलताको शुभकामना व्यक्त गर्दछौं ।

सन्तोष क्षेत्री
अध्यक्ष एवं
पर्वत समाज कतार, परिवार

# देशले चिन्न नसकेको कृषि र कृषक



■ ध्रुव न्यौपाने

❝ नेपालको कृषिलाई एउटा दिगो विकासको मोडलमा लैजान आवश्यक छ । नेपालको कृषि व्यवस्थापनमा आमूल परिवर्तको खाँचो छ । त्यसका लागि भोलि होइन, आजैदेखि सुरु गर्नुपर्छ

नेपाल कृषिप्रधान मुलुक भने पनि कृषिलाई हेर्ने दृष्टिकोण साँघुरो छ। अथाह सम्भावना भएको कृषि क्षेत्रलाई अहिले लगानीको जोखिमको रूपमा हेर्दा कृषि क्षेत्र नै फस्टाउन सकिरहेको छैन । हामीले उत्पादन गर्नुभन्दा आयात गरेर रमाउने सोचका कारण हाम्रो कृषि क्षेत्र फस्टाउन सकिरहेको छैन ।

कृषि गर्ने व्यक्तिलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन नआएकै कारण कुनै बेला दक्षिण कोरिया, भारत, बंगलादेश निर्यात गर्ने हामी अहिले आयात गर्नुपर्ने अवस्थामा छौं। देशभर कृषकहरू घट्दै छन् भने जमिन बाँझिँदै गएको तितो यथार्थ हाम्रा अगाडि नै छ।

खेतीयोग्य जमिन छाडेर मानिसहरू शहर भित्रिरहेका छन् । बसाइँसराइले गाउँदेखि शहर, शहरदेखि विदेश जाने लहड चलेको छ। खेतीपाती हुने स्थान बाँझो हुँदा देशभित्रको खाद्य उत्पादनमा ह्रास भइरहेको छ भने आयात निरन्तर बढ्दो छ ।

अब हामीले गाउँमा केही नगर्ने हो भने अथाह सम्भावना भएको क्षेत्र जंगलमा परिणत हुन्छ । हाम्रा पुर्खाले उत्पादन गर्ने स्थानमा नयाँ सोचका साथ काम गर्ने लक्ष्य हामीमा हुन आवश्यक छ । ग्रामीण क्षेत्रका किसानहरूले गर्दै आएको निर्वाहमुखी कृषिलाई व्यावसायीकरण गर्न अति नै आवश्यक छ ।

नेपालमा अहिलेसम्म पनि व्यावसायिक कृषि प्रणाली भन्दा पनि निर्वाहमुखी खेती प्रणाली भइरहेको छ । बिहानदेखि साँझसम्म काम गर्दासमेत कृषिबाट गुजारा चलाउनेबाहेक थप काम हुन सकेको छैन, जसका कारण आम्दानी बढ्न सकेको छैन, अझ भनौं, उत्पादन लागतको अनुपातमा आम्दानी नै हुन सकेको छैन ।

आज नेपालका सबै कृषकहरूको समस्या भनेको दिनभर माटोमा काम गर्दासमेत बचत नहुनु नै हो । अहिलेसम्मको कृषिको काम भनेको आफ्नो घरमा खानका लागि मात्र भएको छ । तर, स्वास्थ्य, शिक्षा, लत्ताकपडादेखि भैपरी आउने समस्याले कृषकलाई गाँजेको छ । कृषिको विकल्प नहुँदा अहिले पनि दैनिक हजारौं युवा घर छाडेर परदेश जान बाध्य भएका छन् । नेपालमा अहिले जति पनि बिदेसिनुपरेको छ वा गाउँ छाडेर शहर बजार जानुपर्ने बाध्यता छ, त्यसको प्रमुख कारण गाउँमा आम्दानीको स्रोतको पहिचान नहुनु नै हो । अब गाउँमा मानिस अडचाउने हो भने गाउँबाटै कृषि कर्म सुरु गर्न आवश्यक छ । कृषकका लागि आर्थिक आम्दानीको स्रोत अब कृषिजन्य उपज नै बनाउनुपर्छ ।



नेपालको पूर्वदेखि पश्चिमसम्म जुनसुकै पहाडी भेगमा कृषिका लागि सम्भाव्यता छ। पहाडमा उत्पादन हुने तत्त्व अन्य स्थानमा उत्पादन हुनेभन्दा निकै फरक छ । देशभर नै पहाडी भेग उस्तै सम्भावना भएको क्षेत्र हुँदाहुँदै पनि सुरुवात कसले गर्ने भन्ने नै छ । सरकारको दीर्घकालीन योजना कृषिमा छैन। आयातमा रमाएका हामीले आफ्नो स्वदेशी उत्पादनलाई माया गर्न सकिरहेका छैनौं। जबसम्म नेपालमा उत्पादन हुने वस्तुलाई आफ्नो भनेर गौरव गर्ने वातावरण बन्दैन, तबसम्म देशमा बस्नेभन्दा छाडने धेरै हुने छन् ।

## ■ देशमै सम्भावना

अहिले हामीले देशमा भएका सम्भावनालाई चिन्न सकिरहेका छैनौं। काम गर्न समस्या त छन् तर अवसर र सम्भावनासमेत उस्तै देखिन्छन् । देशको कृषि उपज वस्तुमा धेरै सम्भावना छ भनेर सरकारलाई हामीले बाटो देखाउन आवश्यक छ। त्यसका लागि सबैको सहयोग र दीर्घकालीन लक्ष्य हुन आवश्यक छ ।

ग्रामीण कृषि प्रणाली छ, त्यसलाई बजारसँग जोड्न सक्ने हो भने अहिले कृषिमा देखिएको समस्यालाई समाधान गर्न सकिन्छ । अधिकांश कृषिमा लाग्ने कृषकले खेती गरेर आफूलाई औसतमा खान त पुगेको तर आम्दानी गर्न नसकिरहेको अवस्था छ ।

शहरमा बसोबास गर्नेलाई खेती गर्ने स्थान छैन, भए पनि काम गर्ने फुर्सद छैन । त्यसैले किनेरै खानुको विकल्प छैन । त्यसलाई जोड्ने ग्रामीण कृषिलाई बजारीकरण गर्नु नै पर्छ। ग्रामीण खाद्यवस्तु शहरसम्म पुऱ्याउन सक्ने हो भने पहाडका किसानलाई आर्थिक रूपमा समेत सबल बनाउन सकिन्छ। पहिला गाउँसँग सडक जोडिएको थिएन तर अहिले अधिकांश गाउँमा सडक पुगेको छ । अब बाटोसँगै आर्थिक गतिविधि बढ्दो छ ।

यद्यपि, बाटो गाउँमा पुगेसँगै गाउँबाट बसाइँसराइलाई समेत थप बल पुगेको छ । यो नकारात्मक अवस्थालाई रोक्न सक्ने हो भने गाउँलाई उत्पादनमुखी बनाएर शहरमा बजारीकरण गर्न सक्ने प्रशस्त सम्भावना छ । अहिले पनि गाउँको उत्पादन शहरमा पुग्न सकिरहेको छैन। त्यसैले नेपालको पहाडी जमिनलाई आर्थिक समृद्धिको आधारको रूपमा कृषिबाटै रूपान्तरण गर्न सकिन्छ ।

गाउँमा उत्पादन भएको कृषि उपजलाई संकलन केन्द्र खोलेर काम गर्न सक्ने हो भने नेपाली उत्पादनलाई हामीले भएर विदेशसमेत निर्यात गर्न सक्छौं ।

हाम्रो पहाडमा फल्ने सिस्नो, कोदो, फापरको महत्त्व अझै हामीले बुझ्न सकेका छैनौं। पहिलापहिला गरिबको घरमा पाक्ने ढिँडो अहिले तारे होटलको भीआईपी मेनुमा राखिएको छ । त्यसैले नेपाली उत्पादनको महत्त्व बढ्दो छ ।

हाम्रा कृषि उत्पादन प्रशोधन गर्ने उद्योग मात्र खोल्न सक्ने हो भने एउटा परिवार पाल्न खाडी मुलुक जानै पर्दैन । नेपालमा कृषि उपजहरू छिमेकी मुलुक भारतबाट आउँछन् । नेपाली हाटबजार भारतीय तरकारीले कब्जा छ। त्यसलाई रोक्नका लागि हामीले के गर्ने भन्ने न सरकारलाई थाहा छ, न त नीति बनाउनेलाई ।

गाउँघरमा उत्पादन हुने अर्ग्यानिक तत्त्वलाई हामीले चिन्न नसक्दा आयात गरेर कृषि उपज खान बाध्य छौं ।

अब ग्रामीण अर्थ व्यवस्था र कृषिमा नेतृत्व गर्ने साहसी र विवेकशीलको आवश्यकता छ । नेपालको कृषिलाई एउटा दिगो विकासको मोडलमा लैजान आवश्यक छ । नेपालको कृषि व्यवस्थापनमा आमूल परिर्वतको खाँचो छ । त्यसका लागि भोलि होइन, आजैदेखि सुरु गर्नुपर्छ। सम्भावना भएको कृषि क्षेत्रलाई हामीले अब चिन्न ढिला गर्नु हुँदैन ।

कृषिमा सम्भावना धेरै छ। नेपालमा परापूर्वकालदेखि नै विद्वान् ऋषिमुनिहरूले समेत यहाँ आएर तपस्या गरेका पाइन्छ किनभने नेपालको वातावरण र उत्पादन नै उनीहरूका लागि अनुकूल थियो। यहाँ उत्पादन हुने खाद्यान्न र फलफूलले बाँच्न सक्ने भएकाले नै नेपाल ऋषिमुनिहरूका लागि ध्यान, तपस्या, योग साधना गर्ने पवित्र स्थल बनेको हो ।

हार्दिक बधाई तथा शुभकामना
आज श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो स्थापनाको २२ वर्ष पार गरी २३औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले निरन्तर रूपमा प्रवास र विशेष गरी न्यून आए भएका खाडीका श्रमिकका पक्षमा उठाउँदै आएको आवाज अझै बुलन्द र निष्पक्ष बन्दै जानेछ भन्ने आशा भरोसा र विश्वास व्यक्त गर्दै नेपाली पत्रकारिता जगतमा थप सफलताको शुभकामना व्यक्त गर्दछौं ।
विकास स्याङ्तान तामाङ
अध्यक्ष तथा
नेपाल तामाङ घेदुङ
प्रवास कार्यसमिति कतार, परिवार

हार्दिक बधाई तथा शुभकामना
आज श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो स्थापनाको २२ वर्ष पार गरी २३औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले निरन्तर रूपमा प्रवास र विशेष गरी न्यून आए भएका खाडीका श्रमिकका पक्षमा उठाउँदै आएको आवाज अझै बुलन्द र निष्पक्ष बन्दै जानेछ भन्ने आशा भरोसा र विश्वास व्यक्त गर्दै नेपाली पत्रकारिता जगतमा थप सफलताको शुभकामना व्यक्त गर्दछौं ।
रमेश भट्ट
अध्यक्ष
गैरआवासीय नेपाली संघ,
राष्ट्रिय समन्वय परिषद, कतार, परिवार

हार्दिक बधाई तथा शुभकामना
आज श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो स्थापनाको २२ वर्ष पार गरी २३औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछु । यस पत्रिकाले निरन्तर रूपमा प्रवास र विशेष गरी न्यून आए भएका खाडीका श्रमिकका पक्षमा उठाउँदै आएको आवाज अझै बुलन्द र निष्पक्ष बन्दै जानेछ भन्ने आशा भरोसा र विश्वास व्यक्त गर्दै नेपाली पत्रकारिता जगतमा थप सफलताको शुभकामना व्यक्त गर्दछु ।
कृष्ण पन्थी
प्रथम उपाध्यक्ष (श्रमिक विभाग संयोजक)
गैरआवासीय नेपाली संघ
राष्ट्रिय समन्वय परिषद, कतार

हार्दिक बधाई तथा शुभकामना
२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Prakash Karki
Managing Director
IDEAL GROUP
info@isfqatar.com, prakash.karki1976@gmail.com
P.O Box: 2787, Doha, Qatar +974-44126238
ISF Ideal Services and Facilities
Talent Hospitality Services

# निकासीको अवस्था र विवशता




■ डा. सुमनकुमार रेग्मी


> निर्यातलाई लक्षित गरी वस्तु उत्पादन तथा निकासीको माथि उल्लेखित कार्यहरू समन्वयात्मक एवं व्यावसायिक तवरले संचालन हुन नसक्नुले नै देशको व्यापारघाटा घट्न नसकेको हो । बैदेसिक लगानीका लागि देशभित्र अनुकूल वातावरणको सृजना गर्न नसक्नु व्यापार घाटाको अर्को कारण हो

नेपालको बैदेसिक व्यापारमा साढे ४ दशकभन्दा अघिदेखि निर्यातको तुलनामा आयातको मात्रा बढी भई व्यापारघाटाको मात्रा बढ्दै आएको छ ।

आर्थिक वर्ष सन् १९७५/१९७६ मा करिब १ अर्ब १९ करोड रुपैयाँ निर्यात र करिब १ अर्ब ८१ करोड रुपैयाँको आयात भई करिब ६२ करोड रुपैयाँको व्यापारघाटा रहेको थियो ।

नेपालको संविधान, २०७२ को भाग ४ को राज्यका निर्देशक सिद्धान्तको धारा ५० (३) मा अर्थतन्त्रको मोडेलका बारेमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यका उद्देश्य रहने कुरालाई स्पष्टसँग उल्लेख गरिएको छ ।

विगत ४ दशकभन्दा बढी समयमा अर्थतन्त्रको वार्षिक औसत वृद्धि दर ४ प्रतिशतको न्यून दरले हुन पुगेको देखिन्छ । आ. व. २०३६/०३७ मा २ दशमलव ३ प्रतिशतका ऋणात्मक वृद्धि दरदेखि आर्थिक आ. व. २०४०/०४१ को १० प्रतिशतको २ अंकको आर्थिक वृद्धि दर हासिल हुनाले अर्थतन्त्रको उच्च उतारचढावलाई पुष्टि गर्छ ।

सरकारले आ. व. २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ भित्र सवा २४ खर्ब रुपैयाँ खर्च गरेर औसत आर्थिक वृद्धि दर ७ प्रतिशतभन्दा बढी पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्यका साथ चौधौं योजना २०७३/०७४ देखि २०७५/०७६ सम्म रहेको थियो । पन्ध्रौं योजना आ. व. २०७६/०७७ देखि २०८०/०८१ सम्म कायम थियो ।

हालको आ. व. २०८१/०८२ सोह्रौं योजनाको पहिलो आ. व. हो । आ. व २०७८/०७९ मा व्यापारघाटा, आयात र बैदेसिक व्यापार क्रमशः १५ खर्ब, १६ खर्ब र १७ खर्ब भएको छ । त्यस्तै, आ. व. २०७९/०८० मा व्यापारघाटा, आयात र बैदेसिक व्यापार क्रमशः १४ खर्ब, १६ खर्ब र १७ खर्ब भएको छ । तर, आ. व. २०८०/०८१ मा व्यापारघाटा, आयात र बैदेसिक व्यापार क्रमशः १४ खर्ब, १५ खर्ब र १६ खर्ब भएको छ ।

आ. व. २०८१/०८२ को ६ महिनामा निर्यातभन्दा आयात १० गुणा बढी छ । उक्त ६ महिनामा व्यापारघाटा ७२३ अर्ब, आयात ८२२ अर्ब, बैदेसिक व्यापार ९२२ अर्ब र निर्यात ९८ अर्ब भएको छ ।

सरकारले देशभित्र उत्पादित वस्तुको निर्यात बढाउन वाणिज्य नीति ,२०७२, निर्यातमा अनुदान प्रदान गर्नेसम्बन्धी कार्यबिधि, २०८० निर्माण गरको छ । तर, यसको कार्यान्वयन कमजोर रहँदा बैदेसिक व्यापारमा आयात र निर्यातबीच खाडल उच्च रहेको छ । बाणिज्य नीति, २०७२ संशोधनको पर्खाइमा छ । देशमा १० वर्षयता आयात र निर्यातको खाडल अस्वाभाविक रूपमा बढेको देखिएको छ । देशको निर्यात र आयातको बीचको दुरी धेरै फाटिएको छ । आ. व. २०६१/०६२ मा निर्यातको २ दशमलब ५ गुणा बढी आयात थियो । २०६१/०६२ मा वस्तु निर्यात कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशत थियो भने २०७०/०७१ मा ४ दशमलव ७ प्रतिशतमा झरेको छ ।

त्यस्तै, आ. व. २०६१/०६२ र २०७०/०७१ बीच वस्तु आयात कुल गार्हस्थ्य उत्पादनको २५ प्रतिशत भएकामा ३६ दशमलव ८ प्रतिशत हुन गयो । दशकअघि ३९ दशमलव ३ प्रतिशत रहेको निर्यात-आयात अनुपात आ. व. २०७१/०७२ मा १२ दशमलव ७ प्रतिशतमा झरेको थियो ।

सन्को एकाइसौं शताब्दीको सुरुदेखि नै नेपालमा व्यापारघाटाको वृद्धि दर अधिक रूपमा बढ्दै गएको पाइन्छ । सन् आ. व. २०६७/०६८ मा देशको कुल निर्यातले आयातको करिब १६ प्रतिशत अंश मात्र धानेको थियो भने सन् २०६९/०७० आउँदा देशको निर्यातले आयातको करिब १२ प्रतिशतजति मात्र छ ।

ऋा. व. २०७१/०७२ मा कुल व्यापारमा निकासी-पैठारीको योगदान क्रमशः १० दशमलव १ प्रतिशत र ८९ दशमलव ९ प्रतिशत भएको छ । यही वर्ष नेपालको आयात ६ खर्ब ९४ अर्ब भएको छ ।

देशमा राम्रा केही कम्पनी, उद्योगहरू बन्द भएका पनि देखिन्छ । राम्रो श्रमिक कमीका कारण श्रमिकको उत्पादकत्व, उत्पादनका लागत, उत्पादनमा अनियमितता, वस्तुका यथेष्ट आपूर्तिमा कमी भएको देखिन्छ । नेपालको निकासी समस्या मुख्यतः नेपालमा रहेको भौगोलिक र आर्थिक परिस्थितिले उब्जाएको छ । नेपाल भूपरिवेष्टित भएका कारण धेरै समस्या भोग्नुपरेको छ । नेपालमा योजनाबद्ध विकास प्रयास सन् १९५६ पछि सुरुवात भयो । अझै प्रारम्भिक र कच्चा वस्तुहरू नेपालको निकासी व्यापारमा संलग्न छ । नेपालको निकासी व्यापारको अवरोधका रूपमा भारतबाट समुद्रपार बजारमा सन् १९७० देखि २००० सम्म नेपालको निकासीका मोड विस्थापित भएकोलाई लिइन्छ ।

भारतसँग पहिलेदेखि रहँदै आएको व्यापार बचत यथावत् राखेर नेपालले आफ्नो समुद्रपार व्यापार समुद्रपारतर्फ मोड्न सकेको भए उत्तम हुने थियो ।

सन् १९८० पछि नेपालको निकासी संरचनामा कृषिबाट उत्पादित वस्तुमा बिस्तारै ढल्केको छ । २०७० साल आउँदासम्म पनि नेपालको निकासी व्यापारको क्षेत्रमा धेरै प्रयास भए पनि र यसले




निकासीका विभिन्न पक्ष केन्द्रित गरे तापनि देशको निकासी व्यवस्थापन समस्या सुल्झाउन अझ कठिन प्रयास बाबजुत निकासी व्यवस्थापन गर्नुपर्छ । यसले सरोकारवालालाई नेपालको निकासी व्यवस्थापन क्षेत्रको समस्या बुझ्न प्रयास गर्ने छ ।

सन १९९२ पछि गरेको उदारीकरणसहित निजी क्षेत्र अगाडि आए पनि आर्थिक क्षेत्रमा सन् २०१२ सम्म पनि नेपालको खास उपलब्धि हुन सकेको थिएन तैपनि सन् १९९२ देखि १९९६ सम्म आर्थिक वृद्धि ६ प्रतिशत भएकाले यस अवधिलाई स्वर्ण अवधि मानिएको छ । यसपछि सन् २०१२ अघि र पछिको समयमा पनि यतिको वृद्धि भएको थिएन, छैन ।

नेपाल-भारतबीच २०६६ साल (सन् २००९) कात्तिकमा भएको नयाँ बाणिज्य सन्धि तथा अनधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौताले भारतसँगको व्यापारलाई सहजीकरण गर्न सहयोग पुगेको थियो भनिन्थ्यो । तर, यी सन्धि २०१६ डिसेम्बरमा सकिँदै छ । त्यसपछिको मोड के हुने हो, थाहा छैन ।

सन् २०१३/०१४ मा व्यापारघाटा ६३१ दशमलव ४२ अर्ब भएको छ भने निर्यात-आयात अनुपात १:७ दशमलव ९ रहन गएको थियो । आ. व. २०१३/०१४ मा देशले ७ खर्ब २२ अर्बको आयात गरिसकेको छ । सन् २०१४/०१५ को व्यापार घाटा ७१६ दशमलव ३८ अर्ब पुगिसकेको थियो ।

अघिल्लो वर्षभन्दा यो वर्ष व्यापारघाटा ७ दशमलव ४ प्रतिशतले वृद्धि भएको थियो भने निकासी ५ दशमलव ८ प्रतिशतले वृद्धि भई ७८ अर्ब पुगेको थियो । यो वर्ष पनि निकासी-पैठारी अनुपात १:८ दशमलव ९ भयो ।

चालू आ. व. सन् २०१५/०१६ मा पछिल्लो प्राप्त विवरणअनुसार नेपालको व्यापारघाटा १३१ अर्बभन्दा बढी नाघिसकेको देखिन्छ । तर, ६ असोज २०७२ देखि माघसम्मको भारतसँगको व्यापार एकतर्फी नाकाबन्दी भएकाले सो वर्षको नेपालको बैदेसिक व्यापारको संरचना फरक देखापर्छ कि ! तर, निर्यात-आयातको अनुपात आ. व. २०७१/०७२ मा करिब १:९ भइसकेको देखिन्छ ।

निर्यातलाई लक्षित गरी वस्तु उत्पादन तथा निकासीको माथि उल्लेखित कार्यहरू समन्वयात्मक एवं व्यावसायिक तवरले संचालन हुन नसक्नुले नै देशको व्यापारघाटा घट्न नसकेको हो । बैदेसिक लगानीका लागि देशभित्र अनुकूल वातावरणको सृजना गर्न नसक्नु व्यापार घाटाको अर्को कारण हो । द्विपक्षीय सम्झौताहरूका अतिरिक्त नेपाललाई विकसित तथा विकासशील देशहरूले अतिकम विकसित देशका रूपमा जी. एस. पी., जी. एस. टी. पी. र भन्सारमुक्त, कोटामुक्त बजार पहुँचका छुटका सुविधा पहिचान गरी कार्यान्वयनमा ल्याइनुपर्छ ।

यसका अलावा नेपाल सरकारले आर्थिक कूटनीतिलाई महत्त्व दिइआएको छ । यसमा नेपालले डब्लु. टी. ओ.मा गरेका बाँकी प्रतिबद्धता कायान्वयन गर्दै छ । तर, अतिकम विकसित देशका हैसियतले कार्यान्वयन गर्ने समय सीमा कुनैकुनै त सन् २०१५ सम्म छ तर अरू त यसअघि नै पूरा गरिसक्नुपर्छ ।

*(लेखक ब्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व नायब कार्यकारी निर्देशक हुन् ।)*













# नेपालको संविधान र गरिबी



■ सुवर्ण भुजेल

" नेपालको संविधानले गरिबी हटाउने ठोस नीति तथा अधिकार सुनिश्चित गरेको छ तर कार्यान्वयन तहमा धेरै चुनौतीहरु छन् । सही नीति, प्रभावकारी कार्यान्वयन, तथा दीर्घकालीन योजना अवलम्बन गरेर मात्र नेपालले गरिबीमुक्त समाजको परिकल्पना साकार पार्न सक्छ

नेपालको संविधान, २०७२ ले आर्थिक, सामाजिक र सांस्कृतिक हकलाई सुनिश्चित गर्दै सबै नागरिकलाई समान अवसर प्रदान गर्ने उद्देश्य राखेको छ। तर, संविधानले परिकल्पना गरेको आर्थिक समानता र समृद्धिको सपना अझै पूर्ण रूपमा साकार भएको छैन । नेपालमा गरिबी हटाउने प्रयास भइरहे पनि व्यावहारिक रूपमा धेरै नेपाली अझै आर्थिक अभावमा जीवनयापन गर्न बाध्य छन् ।

### ■ संविधान र आर्थिक अधिकार

नेपालको संविधानले गरिबी न्यूनीकरणका लागि विभिन्न व्यवस्थाहरू गरेको छ। संविधानको भाग ३ अन्तर्गत मौलिक हकहरूमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई विशेष रूपमा समेटिएको छ ।

**धारा** ३३ मा गरिबी निवारणका लागि राज्यले नीति निर्माण गर्ने, सबै नागरिकलाई समान अवसर दिने तथा न्यूनतम आर्थिक सुरक्षाको ग्यारेन्टी गर्ने उल्लेख गरिएको छ । **धारा** ४० मा दलित समुदायको आर्थिक उत्थानका लागि विशेष व्यवस्था गरिएको छ। **धारा** ४२ मा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात् गर्दै विपन्न, अपांगता भएका व्यक्ति तथा अन्य पिछडिएका वर्गलाई विशेष अवसर दिने व्यवस्था छ ।**धारा** ४३ मा गरिबी निवारण तथा जीविकोपार्जनको हकलाई मौलिक हकको रूपमा व्याख्या गरिएको छ । यस्ता संवैधानिक प्रावधानहरूले नेपाललाई आर्थिक रूपमा समतामूलक समाज बनाउने परिकल्पना गरेका छन् । तर, संविधानमा उल्लेखित अधिकारहरू व्यवहारमा लागू गर्न चुनौतीहरू विद्यमान छन् ।

### ■ नेपालमा गरिबीको अवस्था

नेपालमा गरिबी मापन गर्न विभिन्न सूचक प्रयोग गरिन्छ, जस्तै : मानव विकास सूचकांक, बहुआयामिक गरिबी सूचकांक र आयमा आधारित गरिबी दर । विश्व बैंकका अनुसार, नेपालमा २५ प्रतिशतभन्दा बढी जनसंख्या गरिबीको रेखामुनि छ। ग्रामीण क्षेत्रमा गरिबीको दर शहरी क्षेत्रभन्दा बढी छ । आर्थिक अवसरको अभाव, बेरोजगारी तथा गुणस्तरीय शिक्षाको अभाव गरिबीका मुख्य कारणहरू हुन् । संविधानले गरिबी हटाउने प्रतिज्ञा गरे पनि आर्थिक असमानता, बेरोजगारी र अवसरहरूको असमान वितरणले संविधानको मर्मलाई प्रभावकारी रूपमा लागू गर्न कठिन बनाइरहेको छ ।



### ■ गरिबी न्यूनीकरणका प्रयास र चुनौतीहरू

नेपाल सरकारले गरिबी न्यूनीकरणका लागि विभिन्न कार्यक्रमहरू संचालन गरिरहेको छ ।

**सामाजिक सुरक्षा कार्यक्रम** : वृद्ध भत्ता, एकल महिला भत्ता, अपांग भत्ता तथा अन्य सहायता कार्यक्रममार्फत आर्थिक सहयोग प्रदान गर्ने प्रयास गरिएको छ ।

**शिक्षा तथा स्वास्थ्यमा पहुच** : निःशुल्क आधारभूत शिक्षा तथा सार्वजनिक स्वास्थ्य सेवाहरूलाई प्रवर्द्धन गर्दै कमजोर वर्गलाई सुविधा दिन खोजिएको छ ।

**रोजगारी प्रवर्द्धन कार्यक्रम** : प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा उद्यमशीलता कार्यक्रम जस्ता योजनाहरूले रोजगारी सिर्जना गर्न प्रयास गरिरहेका छन् ।

स्थानीय तहको सशक्तीकरण : संघीय प्रणालीअनुसार स्थानीय तहलाई गरिबी न्यूनीकरणका लागि स्रोत र अधिकार प्रदान गरिएको छ । तर, यी प्रयासहरूलाई प्रभावकारी बनाउन निम्न चुनौतीहरू समाधान गर्न आवश्यक छ :

**नीति कार्यान्वयनको कमजोरी** : संविधानले प्रत्याभूत गरेका हकहरू व्यवहारमा कार्यान्वयन गर्न चुनौतीपूर्ण भइरहेको छ ।

**भ्रष्टाचार र दुरुपयोग**: गरिबी निवारणका लागि छुट्याइएको बजेट सही तरिकाले खर्च नहुनु एक प्रमुख समस्या हो । वैदेशिक रोजगारीको निर्भरता : लाखौं नेपाली विदेशमा श्रम गर्न जानुपर्ने बाध्यता छ, जसले दीर्घकालीन आर्थिक स्थायित्वमा असर पार्छ ।

**संरचनागत असमानता** : ग्रामीण तथा शहरी क्षेत्रबीचको असमानता, जातीय विभेद तथा महिला र पुरुषबीचको आर्थिक अन्तरलाई सम्बोधन गर्न अझै धेरै गर्नुपर्ने छ ।

### ■ समाधानका उपायहरू

नेपालमा गरिबी हटाउन संविधानका व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आवश्यक छ । यसका लागि व्यावसायिक तथा प्राविधिक शिक्षाको प्रवर्द्धन गरी युवाहरूलाई सीपमूलक शिक्षा प्रदान गरी स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्छ । कृषि तथा उद्यमशीलताको विकास गरी गरिबी न्यूनीकरणका लागि कृषि आधुनिकीकरण, सहकारी प्रणालीको प्रवर्द्धन तथा स्थानीय उद्यमशीलताको विकास आवश्यक छ। सार्वजनिक सेवा प्रवाह सुधार अतिआवश्यक छ। शिक्षा, स्वास्थ्य, र आधारभूत सेवाहरू सबै नागरिकसम्म समान रूपमा पुऱ्याउनुपर्छ । वैदेशिक लगानी र रोजगारी सिर्जना गरिनुपर्छ। नेपालमा औद्योगिकीकरण र लगानीमैत्री वातावरण सिर्जना गरी रोजगारीका अवसरहरू बढाउनु आवश्यक छ । भ्रष्टाचार नियन्त्रण अत्यावश्यक छ । नीति तथा योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्न पारदर्शिता बढाउनु जरुरी छ ।

नेपालको संविधानले गरिबी हटाउने ठोस नीति तथा अधिकार सुनिश्चित गरेको छ तर कार्यान्वयन तहमा धेरै चुनौतीहरू छन् । सही नीति, प्रभावकारी कार्यान्वयन, तथा दीर्घकालीन योजना अवलम्बन गरेर मात्र नेपालले गरिबीमुक्त समाजको परिकल्पना साकार पार्न सक्छ । संविधानले देखाएको मार्गअनुसार अघि बढ्ने हो भने समृद्ध नेपाल निर्माणको लक्ष्य पूरा गर्न सकिन्छ ।

शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाडा, झापा
कोशी प्रदेश, नेपाल

नगरबासीहरुमा जानकारी मूलक सन्देश

चिसो तथा शितलहरीबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म वाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- आमाको दूध खाने बच्चाहरूलाई नियमित रुपमा स्तानपान गरौं ।
- शितलहरी वा चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- हिडडुल गरिरहने / सक्रिय भइरहने बानीको विकास गरौं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- विद्युतीय उपकरणहरूको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुंइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र भिंगा भन्केको खानेकुरा नखाऔं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री मेगाहाङ्ग थोप्रा (रोशन)
प्रमुख

श्री नरमाया कार्की
उप- प्रमुख

शिवसताक्षी नगरपालिका, ब्याङ्गडाडा, झापा, कोशी प्रदेश, नेपाल

पूर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ, कोशी प्रदेश, नेपाल

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झर्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# संविधानमा कहाँ, के संशोधन ?



■ ईश्वरी पोखरेल

नेपालको संविधानलाई परिमार्जन गरी सर्वस्वीकार्य, जनमुखी, सुशासनमुखी बनाउन अतिजरुरी छ । त्यसका लागि क्रियाशील राजनीतिक दल तथा सांसदहरू, बुद्धिजीवी वर्ग, आमनागरिक समुदाय र सचेत जनताको विशेष ध्यानाकर्षण हुनु आवश्यक छ

विगतमा शासकहरूले हरेक क्षेत्रमा गरेको अपारदर्शी हस्तक्षेप, राजनीतिक घुसपैठले राज्य संयन्त्र कमजोर बने र बिचौलिया संस्कृतिले कुशासन मौलायो । सिंहदरबारदेखि स्थानीय तहसम्मका सबै निकाय राजनीतिक दोहनमा परे । फलतः आमनेपाली जनताको राजनीतिक दलका शीर्षस्थ नेतृत्वप्रति अटलको विश्वास र आस्था पनि गुम्दै गएको छ ।

आफ्ना सत्यपरक गुनासो र पीडा सुनुवाइ नभएकामा आमजनता आक्रोश व्यक्त गरिरहेका छन् र उपायहीन अवस्थामा निराशामा फस्दै युवा-युवतीहरू लाखौंको संख्यामा विदेश पलायन भइरहेका छन् । नेपालको संविधानका कतिपय प्रावधान र विषय पक्षहरू, सुशासन र व्यवस्थापनमा अनुकरणीय खम्बा हुँदाहुँदै पनि राजनीतिक दलको बलमिच्याइँ तथा भ्रष्ट र निकम्मा पात्रहरूको चयनले गर्दा व्यवहार ठीक उल्टो र अधिकार दुरुपयोग हुनाले अधिकांश नेपालीले खुलेर यो संविधानलाई नै दोषी करार गर्दै अपनत्वबोध गर्न सकेका छैनन् र व्यापक असन्तुष्ट पनि छन् ।

यसैले विद्यमान नेपालको संविधान, २०७२ मा राजनीतिक प्रणाली, प्रशासनिक व्यवस्थापन नीति, स्थानीय तहदेखि प्रदेश र संघीय तहसम्मको निर्वाचन नीति, तीनै तहमा जनप्रतिनिधि छनोट प्रणाली तथा सरकार गठन जस्ता विधि र प्रक्रियामाथि नै निर्मम भई तथ्यपरक पुनरावलोकन गरिनु आवश्यक छ । मुलुकका जुनसुकै निकायका शीर्षस्थ नेतृत्व र राजनीतिक दलहरूप्रति जनताको गुनासो उच्च रहने गरेको र आक्रोश बढ्दो हुनाले सर्वशक्तिशाली सम्पत्ति (चल, अचल) छानबिन आयोग गठन गरेर सबै किसिमका अपराधीहरू दण्डित हुने सुनिश्चितता चाहिन्छ । जनस्तरमा हरेक असन्तोषलाई न्यायोचित रूपमा छिटो सम्बोधन गरिनु र निकास दिनुपर्छ ।

साथै, राज्यका कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकासमेत सबै संरचनात्मक अवस्थाहरूको विगतको कार्यसम्पादन र प्राप्तिको निर्मम समीक्षा हुनुपर्छ । राज्य प्रणालीमा स्थापित सबै संवैधानिक अंगहरू र जनसेवासित प्रत्यक्ष सम्बद्ध निकायहरू र तिनका पदाधिकारीहरूको पारदर्शी नियुक्ति र व्यवस्थापन, उत्तरदायित्व र जबाफदेहिता एवं लापरबाही हुनबाट क्षतिपूर्ति भराउने मापदण्डका विषयमा पनि गम्भीर बहस हुनु र त्यसबमोजिम पूर्ण रूपान्तरणमा जान सक्ने कानुन निर्माणको नितान्त आवश्यकता देखिन्छ ।

यसैले हाम्रो संविधानमा विभिन्न संवैधानिक निकाय तथा आयोगहरूको व्यवस्था गरेर जनताहरूलाई आफू सार्वभौम रहेको अनुभूति दिन राज्यको मूल कानुन संविधान प्रयासरत पाइन्छ । तर, व्यवहारमा संस्थागत सुदृढीकरण गरेर सशक्त प्रभावकारी हुन, बनाउन नसकेको अनुभूति सर्वत्र गरिन्छ । अतः जुनसुकै प्रजातान्त्रिक शासन प्रणालीमा समानता, समता र सहभागिता जनताका लागि मुख्य र अनिवार्य सरोकारका विषय हुन्छन् भन्ने कुरा नेतृत्वले बेवास्ता गरेका देखिन्छ । आज समग्रमा नेपालको संविधान देश र जनताको सर्वोपरि हितमा सुनिश्चित हुनेगरी मात्र संविधानको संशोधन र पूर्ण क्रियाशील हुने वातावरण निर्माण आवश्यक भएको छ ।

## भएको व्यवस्था

१) शासन प्रणालीको मुख्य कडी तथा स्थायी सरकार भनिने सार्वजनिक सेवाका जनशक्ति व्यवस्थापन गर्न संवैधानिक लोकसेवा आयोगको व्यवस्था ।



२) जनताको अभिमतअनुरूप आवधिक रूपमा जनप्रतिनिधि चयन, छनोट र शासन सत्ता संचालन गर्न अधिकार दिन संवैधानिक निर्वाचन आयोगको व्यवस्था ।

३) राज्य, सरकारको सत्ता र शक्तिमा हुनेहरूबाट आमसर्वसाधारण जनता र सरोकार राख्ने समूह, वर्ग अनुचित दबाब, अन्याय र शोषणमा पर्न नपरोस् र परेमा न्याय दिन सकियोस् भन्ने मनशायले संवैधानिक राष्ट्रिय मानवअधिकार आयोगको व्यवस्था ।

४) राज्यका निकाय, सरकारी पदको लाभ, सत्ता र शक्तिको उपयोग, सरकारी साधन, स्रोत र सम्पत्तिको पहुँचमा हुने पदाधिकारी हरूबाट हुन सक्ने अख्तियारको दुरुपयोगबाट देश, जनता र समग्र पद्धतिलाई पुग्ने हानि, नोक्सानी र क्षतिबाट मुलुकलाई सुरक्षित गर्न संवैधानिक अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था ।

५) राज्यका निकाय, सरकारी पदको लाभ, सत्ता र शक्तिको उपयोग, सरकारी साधन, स्रोत र सम्पत्तिको पहुँचमा हुने पदाधिकारी हरूबाट हुन सक्ने आर्थिक लाभ, अपचलन, राजस्व अनियमितता र कानुनविपरीतका लेनदेनका कार्यहरूलाई नियन्त्रण र समग्र विकास र सुशासनमा टेवा पुऱ्याउन संवैधानिक महालेखापरीक्षकको व्यवस्था ।

६) केन्द्रीय राज्यका निकाय, संघीय सरकारी पदको लाभ, सत्ता र शक्तिका पदाधिकारीहरूबाट कुनै विभेद नहोस् भन्ने उद्देश्यले तीन तहका सरकार (स्थानीय तह, प्रदेश तह र संघीय तह)लाई समानुपातिक बजेट निर्धारण गर्न संवैधानिक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था ।

७) यी आयोगहरूका अतिरिक्त संविधानको धारा २५२ राष्ट्रिय महिला आयोग, २५५ राष्ट्रिय दलित आयोग, २५८ राष्ट्रिय समावेशी आयोग, २६१ आदिवासी जनजाति आयोग, २६२ मधेसी आयोग, २६३ थारू आयोग र २६४ मुस्लिम आयोगको व्यवस्था ।

## सुधार गरिनुपर्ने कुरा

१) यी सबै आयोगका कार्यक्षेत्र, पदाधिकारी नियुक्तिदेखि कार्यसम्पादनसम्मका सबै पक्षको निर्ममतापूर्वक समीक्षा गरी कुनकुन आयोग राख्ने र कुनकुनलाई गाभ्ने ? कार्यक्षेत्र र पदाधिकारी चयन विधिमा समेत बहस आवश्यक छ ।

२) विद्यमान संविधानका (महिला, दलित, समावेशी, आदिवासी जनजाति, मधेसी, थारू र मुस्लिम) ७ वटा आयोगलाई पूर्ण रूपमा पुनरावलोकन गरी धारा २४८ को राष्ट्रिय मानवअधिकार आयोग मातहत नै छुट्टाछुट्टै सशक्त विभाग स्थापना गरी संचालन गर्ने व्यवस्था मिलाउनु आवश्यक लाग्छ ।

३) पदाधिकारी व्यवस्थापन गर्दा संवैधानिक आयोग, निकाय तथा अंगहरूलाई विशेष प्रभावकारी र विज्ञ हैसियतमा उठाउन निवृत्त निजामती तथा सार्वजनिक सेवाको सचिव पदबाट निवृत्तहरूको नियुक्ति गर्ने पद्धतिमा नै पुनरावलोकन आवश्यक छ ।

४) आयोग तथा निकायहरूलाई नेता र राजनीतिक पहुँचका भरमा निवृत्त सचिवहरूको गफाडी क्लब बनाउने, हुने स्थितिबाट संवैधानिक आयोगहरूलाई सुरक्षा गर्न तथा कार्यक्षमताको वस्तुनिष्ठ विश्वास हासिल गर्न ती पदमा पुग्न योग्य व्यक्तिहरूको सम्भावित सूची राष्ट्रिय तहमा सार्वजनिक गर्ने पद्धति र जनमतबाट सुनुवाइ हुने प्रणाली विकास आवश्यक छ ।

५) नेपाल सरकारका निवृत्त सचिव तथा सार्वजनिक सेवामा रहँदा योग्यता पुगेका जुनसुकै उम्मेदवारहरूका आ-आफ्ना कार्यक्षेत्रमा रहँदा विगतमा उनीहरूले सार्वजनिक क्षेत्रमा सुशासन, प्राविधिक तथा विकासका पक्षमा पुऱ्याएका योगदान केके हुन् ? सबैले आत्मसात् गरी मूल्यांकन गर्न पाउने विधि र पद्धति बसाल्नै पर्छ ।

६) आयोगको प्रमुख आयुक्तको हकमा संवैधानिक परिषद्ले सम्भावित उम्मेदवारहरूको सूचीबाट विषयअनुरूपको योग्यतम् कुनै दाग नलागेको नागरिकलाई संसदीय सुनुवाइका लागि उम्मेदवार पठाउने र सबै विधि प्रक्रियाबाट अनुमोदन भएपछि मात्र संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति हुने विधि विकास गर्ने ।

७) जुनसुकै निकाय तथा आयोगको प्रमुख आयुक्त वा अध्यक्षबाहेकका अन्य आयुक्त तथा सदस्यहरूको नियुक्तिको हकमा नेपाल सरकार, मन्त्रिपरिषद्ले आफैं सम्भावित उम्मेदवार हरूको सूचीबाट योग्यतम् नागरिकलाई विषयगत क्षेत्रको पद तोकेर संसदीय सुनुवाइका लागि पठाउने र समितिबाट सबै विधि प्रक्रियाबाट अनुमोदन भएपछि मात्र संवैधानिक परिषद्ले नियुक्ति दिने विधि विकास गर्ने ।

८) राजदूतको महिमा, गरिमा र विषय क्षेत्रगत विज्ञताले मात्र अन्तर्राष्ट्रिय कूटनीतिक सफलता हासिल हुनाले कुन देशको राजदूत हुन केके योग्यता र क्षमता चाहिन्छ ? वैज्ञानिक मापदण्ड विकास गरेर कार्यान्वयनमा ल्याउने र त्यसबमोजिम राजदूत हुन योग्य उम्मेदवारहरूको सूची मन्त्रिपरिषद्ले देश तोकेर संसदीय सुनुवाइका लागि पठाउने र समितिबाट सबै विधि प्रक्रियाबाट अनुमोदन भएपछि मात्र नियुक्ति दिने विधि विकास गर्ने ।

९) संवैधानिक आयोग, निकाय तथा अंग संचालन गर्न छुट्टै संवैधानिक सेवा समूह (जनशक्ति विकास तथा व्यवस्थापन मापदण्डको)को व्यवस्था गर्ने ।

१०) प्रशासन सेवा समूहको जनशक्ति सबै प्रकृतिको काम गर्न सक्षम हुँदैन तसर्थ कार्यपालिका, व्यवस्थापिका, संवैधानिक आयोग, निकाय, प्रदेश र स्थानीय तह सबैमा उपयुक्त हुने जनशक्तिको वैज्ञानिक पद संरचना आँकलन गरी विषयअनुसार नेतृत्व र सहयोगी भूमिका के हुने ? भन्ने मान्यता सबै विषय क्षेत्रमा आवश्यक हुने ।

११) विषय क्षेत्रगत तथा मन्त्रालयगत सेवा प्रणाली कार्यान्वयनले मात्र आ-आफ्नो विषय क्षेत्रको विज्ञता र विशिष्टतालाई उच्च प्राथमिकतामा राख्ने तथा नतिजाप्रति जबाफदेही बनाउने हुँदा मुलुकको समग्र सुशासन र विकासमा विशेष टेवा पुग्नेगरी सार्वजनिक सेवाको वैज्ञानिक वर्गीकरण गर्ने ।

१२) नेपालको संविधान संशोधन गरिँदा संविधान जारी मिति ३ असोज २०७२ स्पष्ट उल्लेख गर्ने ।

निष्कर्षमा, माथि उठाइएका विषयहरू केन्द्रित बहस हुनु आवश्यक छ । साथै, आमजनताको अपनत्वको समर्थन जुटाएर सर्वहितकारी हुने पक्षमा अविलम्ब नेपालको संविधान संशोधन प्रक्रिया प्रारम्भ हुनै पर्छ । संविधान संशोधनलाई विधिसम्मत् रूपमा अगाडि बढाएर देशलाई अनेकौं विकृति र विसंगतिको भुमरीबाट निकास दिन अतिआवश्यक छ । नेपालको संविधानलाई परिमार्जन गरी सर्वस्वीकार्य, जनमुखी, सुशासनमुखी बनाउन अतिजरुरी छ । त्यसका लागि क्रियाशील राजनीतिक दल तथा सांसदहरू, बुद्धिजीवी वर्ग, आमनागरिक समुदाय र सचेत जनताको विशेष ध्यानाकर्षण हुनु आवश्यक छ ।

*(पोखरेल पूर्वप्रशासक हुन् ।)*

ग्रामथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तेतरिया, मोरङ, कोशी प्रदेश, नेपाल

गाउँबासीहरूमा जानकारी मूलक सन्देश

चिसो तथा शितलहरबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- खाली भुंइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र भिंगा भन्केको खानेकुरा नखाऔं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।
- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म वाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- आमाको दूध खाने बच्चाहरूलाई नियमित रुपमा स्तानपान गरौं ।
- शितलहरी वा चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- हिडडुल गरिरहने / सक्रिय भइरहने बानीको विकास गरौं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- विद्युतीय उपकरणहरूको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नमो नायारण माझी, अध्यक्ष
गुणावती देवी थारू, उपाध्यक्ष

ग्रामथान गाउँपालिका, तेतरिया, मोरङ, कोशी प्रदेश, नेपाल

गढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी, कोशी प्रदेश, नेपाल

चिसो तथा शितलहरबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- हिड्डुल गरिरहने/सक्रिय भइरहने बानीको विकास गरौं ।
- विद्युतीय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङ्को प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र झिँगा भन्केको खानेकुरा नखाऔं ।
- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङ्वाक नगरौं ।
- सकेसम्म वाथरूममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रूपमा स्तानपान गरौं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरुलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।
- शितलहर वा चिसोबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

आश नारायण चौधरी, अध्यक्ष
अनिता कुमारी साह, उपाध्यक्ष

गढी गाउँपालिका कोशी प्रदेश, सुनसरी, नेपाल

# मधेश, संघीयता र जनअपेक्षा



■ रोशन जनकपुरी

> गठबन्धन सरकारको निरन्तरताले प्रदेश राजनीतिमा अस्थिरता तथा अवसरवादितालाई स्थायी चरित्रको रूपमा विकास गराएको छ । यस्तोमा प्रदेशमा जनमुखी, दायित्वपूर्ण र इमान्दार राजनीतिका निम्ति जनदबाबको आवश्यकता बढ्दै गएको छ

विगत केही समयदेखि एउटा राजनीतिक तप्काले संघीयता र प्रदेशहरू खर्चिलो तथा राजनीतिक अस्थिरताको मुख्य कारक बन्दै गएको भाष्य निर्माण गर्न थालेको देखिन्छ । यसै कारण उनीहरूले संविधानमा संशोधन गर्ने आवश्यकता पनि सुझाउन थालेका छन् ।

२०६३ सालमा अन्तरिम संविधानको घोषणा हुँदा संघीयता प्रस्ट रूपमा उल्लेख नभएको भनेर मधेश केन्द्रित दलहरूले यसको तीव्र विरोध गरेका थिए । मधेशी जनअधिकार फोरमको नेतृत्वमा समग्र तराई-मधेश तीव्र रूपमा आन्दोलित भएको थियो । अन्ततः संविधानमा नेपाल 'संघीय लोकतान्त्रिक गणतन्त्र' हुने वाक्यांश थपिएको थियो । हुनत वर्तमान व्यवस्थाको मूल कारक माओवादी जनयुद्धकारी शक्तिहरूको एजेन्डामा पनि संघीयता थियो ।

जनयुद्धकालमा नै उजीहरूले विभिन्न गणराज्यको रूपमा संघीयताको अभ्यास पनि गरेका थिए । तर, गणतन्त्रको स्थापनापछि मधेश केन्द्रित राजनीतिक शक्तिहरूको आन्दोलनको कारण संविधानमा मूर्त रूपमा संघीयता उल्लेख भएको ऐतिहासिक तथ्यलाई उपेक्षा गर्न सकिँदैन । यसै कारण संविधानमा संघीयताका प्राधिकारी आफूहरू रहेको मधेश केन्द्रित राजनीतिक शक्तिहरूले दाबी गर्ने गरेका छन् ।

नेपालमा संघीयताको स्थापना पछाडिको मुख्य उद्देश्य पारम्परिक केन्द्रीकृत राज्य सत्ताबाट जातीय र क्षेत्रीय आधारमा शोषण, दमन, विभेद र उत्पीडनमा परेका समुदायहरूको पहिचान र समानताका आधारमा राज्यसत्तामा सहभागिता तथा आत्मनिर्णयको अधिकारसहित स्वशासित राज्यको चाहना थियो ।

अन्तरिम संविधानमा मधेशी जनताको यही चाहना मूर्त रूपमा उल्लेख नभएपछि मधेश केन्द्रित दलहरू पटकपटक आन्दोलनमा जानुपरेको हो । मधेश केन्द्रित दलहरूले आन्दोलनका बेला समग्र तराई-मधेशलाई एक मधेश प्रदेशको रूपमा व्याख्या गरेका थिए । तर, नेपालको संविधान, २०७२ मा नेपाललाई ७ वटा प्रदेशमा विभाजित गरियो । केन्द्रीय सरकारले आफूहरूलाई उपेक्षा गरेर एकतर्फी रूपमा संविधान घोषणा गरिरहेको भनेर मधेश केन्द्रित राजनीतिक शक्तिहरूले समग्र तराई मधेशमा ६ महिनासम्म आन्दोलन गरे । यो आन्दोलन एक किसिमले नाकाबन्दी जस्तै चरम थियो तर पनि यसै अवधिमा संविधान पनि घोषणा भयो । पछि संविधानप्रति आलोचनात्मक भावमा मधेश केन्द्रित दलहरू संवैधानिक अभ्यासमा सामेल भए ।

मधेश केन्द्रित दलहरूले समग्र तराईलाई मधेश भनिरहेकामा सप्तरीदेखि पर्सासम्मको ८ जिल्लाको मधेश प्रदेश उनीहरूको चाहना विपरीत थियो । तर, मधेश प्रदेशको निर्माणपछि गठबन्धनमा नै भए पनि यस प्रदेशमा मधेश केन्द्रित दलहरूले निरन्तर सरकारको नेतृत्व गरिरहेका छन् ।



घोषणा हुनेबेला प्रदेश नम्बर २ र पछि मधेश प्रदेश भनिएको यस प्रदेशमा भएका २ वटा निर्वाचनमा पहिलोमा मधेश केन्द्रित दलहरूको गठबन्धन सरकार थियो । प्रदेशसभाको दोस्रो निर्वाचनका बेला मधेश केन्द्रित दलहरू सत्ताको लुछाचुँडीमा विभाजित भए । फलस्वरूप प्रदेशसभाको दोस्रो निर्वाचनपछिको गठबन्धनमा हालसम्म नेपाली कांग्रेस र एमालेको निर्णायक भागीदारीमा जनमत पार्टीले प्रदेश सरकारको नेतृत्व गरिरहेको छ ।

मधेशी आन्दोलनको विस्तार र मधेश केन्द्रित दलहरूको व्याख्यामा समग्र तराईलाई मधेशका रूपमा व्याख्या गरिए पनि राजनीतिक घनीभूतताको दृष्टिले मधेशी भावना मधेश प्रदेशमा नै बढी बलियो देखिन्छ । यद्यपि, मधेश केन्द्रित दलहरूको विभाजित, अस्थिर र केन्द्रीय सत्तामुखी चरित्रका कारण प्रदेशको चुनावी परिणाममा केन्द्रीय राजनीतिका शीर्ष राजनीतिक दलहरू एमाले, नेपाली कांग्रेस र माओवादी केन्द्र पनि प्रभावशाली हुँदै गएको देखिन्छ ।

मधेश प्रदेशको वर्तमान संसद्मा सबैभन्दा ठूलो पार्टी एमाले छ र मधेश केन्द्रित पार्टीहरूले आफ्नो नेतृत्वमा सरकार बनाउन ठूला दलहरूको सदासयता खोज्नुपरेको छ । तात्पर्य के हो भने, सामान्यतः मधेश प्रदेशको निर्णायक शक्ति मधेश केन्द्रित दलहरू मानिए पनि यस प्रदेशको राजनीतिक कमान क्रमशः उनीहरूको हातबाट खस्किँदै गइरहेको छ ।

धेरै टुक्रामा विभाजित मधेश केन्द्रित दलहरूबीच अहिले जुन एकता र कार्यगत मोर्चाको बहस चल्दै छ र यसका निम्ति पार्टीहरूले कार्यदल गठन गरिरहेका छन्, त्यसका पछाडि सम्भवतः यो नै मुख्य कारण हो ।

मधेश प्रदेशको अर्को समस्या राजनीति र कर्मचारीतन्त्रमा भ्रष्टाचार तथा अनुभवहीन जनप्रतिनिधिहरूको बहुलता हो । प्रदेशमा निर्वाचित सरकारको सुरुवात भएको ८ वर्ष बितिसकेको छ । यस्तोमा एकातिर यस प्रदेशमा पुरानो सत्ता र संघीय सत्ताबाट विरासतमा पाएको भ्रष्टाचार र गैरराजनीतिक प्रवृत्तिबाट मुक्त भएर प्रदेशलाई योजनाबद्ध विकास र समृद्धिको दिशामा अगाडि बढाउनु राजनीतिक दलहरूको निम्ति चुनौती हो ।

अर्कातिर, अहिले मधेश प्रदेशको राजनीतिक सत्ता वास्तविक अर्थमा जनताको अपेक्षामा खरो उत्रन सकेको छैन । मधेश प्रदेशको जनतामा संघीयताप्रति गहिरो भावनात्मक आकर्षण भए पनि अहिलेसम्मका सरकार अभिजात्य वर्गीय सीमित शासक र पुँजीपति वर्गको वर्चस्वमा मात्र देखिन्छ । संघीयता र मधेशी एजेन्डा विरोधीहरूले हुनत मधेश प्रदेशलाई सबैभन्दा बदनाम प्रदेशको रूपमा भाष्य स्थापित गर्न खोज्छन् तर यथार्थ के हो भने, यस प्रदेशको भ्रष्टाचार पुरानो बहुदलीय राजतन्त्रबाट समग्र राजनीतिले पाएको उत्तराधिकारकै हिस्सा हो ।

यस कारण वर्तमान गणतन्त्रलाई जनमुखी बनाउन देशमै थप राजनीतिक, आर्थिक र जनसाँस्कृतिक संघर्षको आवश्यकताबाट मधेश प्रदेश पनि भिन्न छैन । सूत्रमा भन्ने हो भने संघीयता र मधेश आन्दोलनको पहिलो एजेन्डा प्रदेशको स्थापना थियो भने अबको आगामी कार्यभार प्रदेशलाई वास्तविक अर्थमा स्वायत्त र अधिकार सम्पन्न बनाउनु तथा प्रदेशको राजनीतिक चरित्र वास्तविक अर्थमा जनमुखी र समृद्ध समाजको निर्माण गर्ने हुनुपर्छ ।

तर पनि यसका चुनौतीहरू पनि छन्, केही संवैधानिक, केही कानुनी र केही व्यावहारिक पक्षहरू छन् । संवैधानिक व्यवस्था अनुसार अहिले पनि प्रदेशहरूको हैसियत संघ र स्थानीय सरकारबीच समन्वयात्मक मात्र छ । स्थानीय सरकारहरू प्रदेशका मातहत छैनन् । त्यसैले विकास योजना तथा राजनीतिक प्रशासनको क्षेत्रमा सयौं अवसरमा प्रदेश र स्थानीय सरकारबीच प्रतिद्वन्द्विताको अवस्था छ ।

अधिकार र दायित्वको दृष्टिले प्रदेशमा केही संघ मातहत, केही प्रदेशको एकल अधिकार क्षेत्रभित्र र केही साझा अधिकारका रूपमा संविधानमा व्यवस्था गरिएको छ । तर, व्यवहारमा कतै प्रदेशको एकलकाँटे र कतै संघीय सरकारको अहंकारी व्यवहार समस्याको रूपमा देखिएको छ ।

संविधानले प्रदेशलाई २१ वटा एकल अधिकार दिएको छ तर यसको कार्यान्वयवनमा संघीय सरकार सुरुदेखि नै बाधक बनिरहेको छ । संवैधानिक प्रावधान र आन्दोलनको क्रममा भएका सम्झौताअनुसार प्रदेशमा हस्तान्तरण हुनुपर्ने सयौं कार्यालय, परियोजनाहरू र कार्यक्रमहरू अहिलेसम्म पनि संघीय सरकारले आफ्नो जिम्मामा राखिरहेको छ । हस्तान्तरण भइसकेका धेरै कार्यालय र योजनाहरू संघीय सरकारले फिर्ता लगिसकेको छ ।

प्रदेशको स्वायत्त क्षेत्रका सयौं अधिकारहरू संविधानमा व्यवस्था गरिएको भए पनि प्रयोग गर्न नपाएर संघीय सरकारविरुद्ध प्रदेश सरकार सर्वोच्च अदालतमा कानुनी लडाइँ लडिरहेको छ ।

वर्तमान राज्य प्रणाली संघीय, प्रदेश र स्थानीय गरी ३ तहको सरकारको अवधारणामा आधारित छ । यस कारण प्रदेशको विकास र समृद्धिको दायित्व पनि ३ वटै सरकारको जिम्मामा छ । यी ३ वटै सरकारको अधिकार र दायित्वहरूको स्पष्ट विभाजन र तालमेल विकसित गराउन सकिएन भने प्रदेशको विकास र समृद्धि गाह्रो छ ।

तर, यति भनिरहँदा प्रदेश सरकार र प्रदेशसभाका प्रतिनिधिहरूलाई पनि उन्मुक्ति दिन सकिँदैन किनभने सीमित नै भए पनि संविधानले उनीहरूलाई पनि अधिकार प्रदान गरेकै छ । सीमित रूपमै भए पनि उनीहरूले प्रदेशको समृद्धिमा योगदान दिन सक्नुपर्छ । यस दृष्टिले राजनीतिक दलहरूभित्रको आर्थिक लिप्सा र स्वार्थपरकता गम्भीर समस्याको रूपमा देखिएको छ ।

गठबन्धन सरकारको निरन्तरताले प्रदेश राजनीतिमा अस्थिरता तथा अवसरवादितालाई स्थायी चरित्रको रूपमा विकास गराएको छ । यस्तोमा प्रदेशमा जनमुखी, दायित्वपूर्ण र इमान्दार राजनीतिका निम्ति जनदबाबको आवश्यकता बढ्दै गएको छ ।

यी चुनौतीहरूलाई जित्न सकियो र प्रदेशको सापेक्षतामा सही दिशा अवलम्बन गर्न सकियो भने प्रदेशलाई तीव्र गतिमा विकास गराउन सकिन्छ ।

मधेश प्रदेशको विकास र समृद्धिका सूत्र र चुनौती दुवै यिनै हुन् । यी चुनौतीका साझेदारहरू तीनवटै तहका सरकार र जनप्रतिनिधिहरु हुन् । यसैगरी संघीयताविरोधीहरूको आरोप र आक्रमणको जवाफ दिन सकिन्छ ।


## राजगढ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**नर्घो सप्तरी, मधेश प्रदेश, नेपाल**

### चिसो तथा शितलहरबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- हिडडुल गरिरहने/सक्रिय भइरहने बानीको विकास गरौं ।
- विद्युतीय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र झिँगा भन्केको खानेकुरा नखाऔं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरुलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।
- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङ्वाक नगरौं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- सकेसम्म वाथरूममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तानपान गरौं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- शितलहर वा चिसोबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।
- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।

**हार्दिक बधाई तथा शुभकामना**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ओम प्रकाश मण्डल
अध्यक्ष

रेणु देवी मण्डल
उपाध्यक्ष

**राजगढ गाउँपालिका मधेश प्रदेश, नेपाल**



## तिलाठी कोईलाडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**तिलाठी, सप्तरी, मधेश प्रदेश, नेपाल**

### गाउँबासीहरूमा जानकारी मूलक सन्देश

- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

**हार्दिक बधाई तथा शुभकामना**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अरूण कुमार मण्डल
अध्यक्ष

फुल कुमारी साह
उपाध्यक्ष

**तिलाठी कोईलाडी गाउँपालिका, तिलाठी, मधेश प्रदेश, नेपाल**

# गतिहीन राष्ट्रिय गौरवका आयोजना



■ छवि सापकोटा

सरकारले आयोजना समयमै सक्न भनेर पटकपटक निर्देशन र अनुगमन गरे पनि काम गर्ने शैली उही कछुवाकै गतिमा छ । राष्ट्रिय गौरवका आयोजनाले मुलुकको आर्थिक विकास र समृद्धिमा महत्वपूर्ण यो गदान दिनुपर्ने भए पनि कामको गति बढ्न नसक्दा उल्टै घाटामा गइरहेका छन्


नेपालको आर्थिक विकासका लागि राष्ट्रिय गौरवका आयोजना बनाएर काम सुरु गरिएको हो । तर। राष्ट्रिय गौरवका आयोजनामा भएको कामको गति हेर्दा विकास भन्दा पनि बाधक जस्तै बन्ने गरेका छन् ।

२०३६ सालमा लुम्बिनी प्रदेशका तराईका जिल्लामा सिँचाइ सहजताका लागि बाँकेको अगैयामा राप्ती नदीमा बाँध निर्माण गरी सिक्टा सिँचाइ आयोजना निर्माण गर्न सकिने अध्ययन भएको थियो । अध्ययनको २६ वर्षपछि मात्र आथिक वर्ष २०६२/०६३ मा सुरु गरेर १५ वर्षमा सक्ने भने पनि १९ वर्षमा आधा काम मात्र सकिएको छ ।

यसले देखाउँछ गौरवका आयोजनामा कसरी काम भइरहेको छ भनेर । काम त समयमा सकिएको छैन नै, लागतसमेत दोब्बरले बढ्ने गरेको छ। २४ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये अधिकांश आयोजनाको कामको गति सुस्त छ ।

निर्माण सुरु भएको १ दशक हुँदासमेत निर्माणको भौतिक प्रगति उदेक लाग्ने देखिन्छ । २४ वटा आयोजना निर्माणका लागि सुरुमा १० खर्ब ४५ अर्ब ९७ करोड रुपैयाँ लागत थियो भने अहिले हरेक आयोगजाको लागत दोब्बर हुँदा राष्ट्रिय गौरवको आयोजनाको लागत २६ खर्बभन्दा बढी पुगेको छ ।

बबई सिँचाइ आयोजना २०४५/०४६ देखि २०६९/०७० सम्म मा सम्पन्न गर्ने भनियो तर ३६ वर्ष पुग्दा ७० प्रतिशत मात्र काम भएको छ। यस्तै, बूढीगण्डकी जलविद्युत् आयोजना सुरु भएको ११ वर्ष बितिसक्दासमेत भौतिक प्रगति



शून्य जस्तै छ। यसले राष्ट्रिय गैरवका आयोजना भनेर घोषणा गरे पनि काम भने हुने गरेको छैन भन्ने पुष्टि गर्छ ।

हाम्रोमा राष्ट्रिय गौरवको आयोजना घोषणा गरेसँगै जग्गा अधिग्रहण र मूल्यांकन, स्थानीयको अवरोध, आयोजनामा बनाउनेमा राजनीतीकरण हुँदा आयोजनाको काम नै अगाडि बढ्न सकिरहेको छैन ।

अर्को कुरा, आयोजना घोषणा गने हतार गर्ने गरिन्छ । सरकारले काम गर्न थाल्यो भन्ने देखाउनका लागि लगानीको स्रोतबिनै आयोजना घोषणा गर्न अझै समस्या आइरहेको छ । सरकार परिर्वतन हुनेबित्तिकै नयाँ बन्ने सरकारले राष्ट्रिय गौरवका आयोजनामा चासो देखाउने गरे पनि काम गर्ने वातावरण बनाउन सकिरहेका छैनन् ।

सरकारले आयोजना समयमै सक्न भनेर पटकपटक निर्देशन र अनुगमन गरे पनि काम गर्ने शैली उही कछुवाकै गतिमा छ। राष्ट्रिय गौरवका आयोजनाले मुलुकको आर्थिक विकास र समृद्धिमा महत्त्वपूर्ण योगदान दिनुपर्ने भए पनि कामको गति बढ्न नसक्दा उल्टै घाटामा गइरहेका छन् ।

राष्ट्रिय गौरवका आयोजना देशको पहिचानसँग जोडिएका विषय हुन् । देशको समृद्धि र विकासको गति राष्ट्रिय गौरवका आयोजनाबाटै देखिन्छ । राष्ट्रिय गौरवका आयोजना समयमा सकिँदा देशको आर्थिक गतिविधि बढ्नुका साथै रोजगारीको समेत सृजना हुन्छ। राष्ट्रिय गौरवका आयोजनाका काम समयमै हुने हो भने देशको भौतिक पूर्वाधार विकासले नागरिकमा सहजता थपिन्छ । यातायात, ऊर्जा, कृषि, पर्यटन, जलस्रोतलगायतको विकासले सम्पूर्ण देशको समग्र विकास सुनिश्चित गर्छ ।

तर, आयोजनाको निर्माण सुस्त हुनुमा नेपालमा पहिलो कारण नै आर्थिक स्रोतको अभाव देखिन्छ । ठूलो लगानी आवश्यक पर्ने आयोजनामा वित्तीय स्रोत नहुँदा नहुँदै पनि चर्चाकै लागि घोषणा गर्ने परम्पराले कुनै पनि आयोजना समयमा सकिने गरेका छैनन् ।

अर्कातर्फ, सरकार परिवर्तन हुँदा आफ्नो क्षेत्रअनुसार बजेट र विकास निर्माणको बजेट विनियोजन गर्दा आयोजना बन्नै सकेका छैनन् ।

आयोजनामा राजनीति प्रवेश हुँदा राजनीतिक प्रभावकै कारण आयोजनालाई हेर्ने दृष्टिकोण सरकारपिच्छे फरक पर्ने गरेको छ । राष्ट्रिय गौरवका आयोजनालाई समयमै सम्पन्न गर्नका लागि अबका दिनमा प्रभावकारी योजना र वित्तीय स्रोत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

अहिले जसरी आयोजनाको घोषणा गरिन्छ त्यसरी काम गर्ने पूर्वतयारी केही छैन। त्यसैले राष्ट्रिय गौरवका आयोजनाको प्रगति निकै नै कम भएको छ । देशको आर्थिक विकासका निम्ति राष्ट्रिय गौरवका आयोजनाको महत्त्वपूर्ण भूमिका भए पनि कामको गति पटचारलाग्दो छ ।

शम्भुनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी

शीतलहरबाट बच्ने सम्बन्धमा नगरबासीहरुमा जारी सूचना

- तातो र झोलिलो खानेकुरा खाने गरौं । ❖ न्यानो लुगाको प्रयोग गरौं ।
- चिसो कपडा प्रयोग नगरौं । ❖ चिसो तथा खुला स्थानमा लामो समय सम्म नबसौं ।
- हिँडडुल गरिरहने/सक्रिय भइरहने । ❖ बन्द कोठामा आगो/कोइला नबालौं ।
- विधुतिय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाऔं ।
- बालबालिका तथा बृद्ध बृद्धाको विशेष हेरचाह गरौं ।
- बिरामी परेमा तुरुन्तै स्वास्थ्य संस्थामा जाऔं ।
- शीतलहरबाट बच्ने क्रममा जाँड रक्सी तथा सुर्तिजन्य पदार्थ सुर्ति, चुरोट सेवन नगरौं ।
- शीतलहरको समयमा सधै न्यानो कपडा लगाऔं ।
- शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिका तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहरको प्रभाव र प्रकोप देखा पर्ना साथ नजीकको स्वास्थ्य चौकीमा सम्पर्क गरौं ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौं ।
- सुत्ने समयमा न्यानो कपडाहरु-सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौं ।
- खाली भुइमा नसुतौं खाट पलङ्को प्रयोग गरौं ।
- शीतलहरबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।
- पर्याप्त अक्सीजनको प्रवाह हुने गरी सुत्ने कोठा न्यानो पारी सुतौं ।
- शीतलहरको समयमा भित्र/बाहिर आगो तापी तर आगलागि हुन नदिने तर्फ सतर्कता अपनाऔं ।
- खाने कुराको पर्याप्त व्यबस्था गरी, गेडागुडी र झोलिलो पदार्थको सेवन गरी ।
- विपद् आउनै नदिने तर्फ सजग बनौं ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शम्भुनाथ नगरपालिका, सप्तरी

इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

शीतलहरबाट बच्ने सम्बन्धमा नगरबासीहरुमा जारी सूचना

- न्यानो लुगाको प्रयोग गरौं । ❖ तातो र झोलिलो खानेकुरा खाने गरौं ।
- चिसो कपडा प्रयोग नगरौं । ❖ चिसो तथा खुला स्थानमा लामो समय सम्म नबसौं ।
- हिँडडुल गरिरहने/सक्रिय भइरहने । ❖ बन्द कोठामा आगो/कोइला नबालौं ।
- बालबालिका तथा बृद्ध बृद्धाको विशेष हेरचाह गरौं ।
- विधुतिय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाऔं ।
- बिरामी परेमा तुरुन्तै स्वास्थ्य संस्थामा जाऔं ।
- शीतलहरबाट बच्ने क्रममा जाँड रक्सी तथा सुर्तिजन्य पदार्थ सुर्ति, चुरोट सेवन नगरौं ।
- शीतलहरको समयमा सधै न्यानो कपडा लगाऔं ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौं ।
- सुत्ने समयमा न्यानो कपडाहरु-सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौं ।
- खाली भुइमा नसुतौं खाट पलङ्को प्रयोग गरौं ।
- पर्याप्त अक्सीजनको प्रवाह हुने गरी सुत्ने कोठा न्यानो पारी सुतौं ।
- शीतलहरको समयमा भित्र/बाहिर आगो तापी तर आगलागि हुन नदिने तर्फ सतर्कता अपनाऔं ।
- खाने कुराको पर्याप्त व्यबस्था गरी, गेडागुडी र झोलिलो पदार्थको सेवन गरी ।
- शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिका तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहरको प्रभाव र प्रकोप देखा पर्ना साथ नजीकको स्वास्थ्य चौकीमा सम्पर्क गरौं । ❖ विपद् आउनै नदिने तर्फ सजग बनौं ।
- शीतलहरबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री हेमकर्ण पौडेल
प्रमुख

श्री संगीता कुमारी चौधरी
उप-प्रमुख

इटहरी उप-महानगरपालिका, इटहरी, सुनसरी

# संविधानका धारामा सीमित बालअधिकार



■ अस्मिता बम

"देशमा व्याप्त गरिबी, राजनीतिक अस्थिरता, बेरोजगारी, अर्धबेरोजगारीका साथै शहरी क्षेत्रमा जनसंख्याको चाप बढ्दै गएकाले यस्ता बालश्रम र बालअपराध कम हुनुको साटो बढ्दै गइरहेका छन् । यसको जिम्मा कसले लिने ?

एउटा हातमा पानीको बोतल र अर्को हातमा मास्कको प्याकेट बोकेर काठमाडौंको कोटेश्वर चोकमा उभिइरहेकी छन् एक नानी । रातो बत्ती बल्नेबित्तिकै रुकेका दर्जनौं मान्छेलाई मास्क किन्न अनुरोध गर्छिन् । हरियो बत्ती बल्नेबित्तिकै दौडेर गएर बाटोको छेउमै उभिन्छिन् ।

कक्षा ९ मा अध्ययनरत १५ वर्षीया मीना फुयाँलको विगत ५ वर्षदेखिको दैनिकी हो यो । सिन्धुपाल्चोक घर भएकी उनी दिउँसोको समयमा स्कुल जान्छिन्, अन्य समयमा मास्क र पानी बेच्छिन् ।

शनिबार भने उनको पूरै दिन यही काममा बित्छ । मीनाकन आमाले र दिदीले पनि काठमाडौंमै सडक व्यापार गर्छन् । उनीहरूको व्यापारले खर्च धानिने अवस्था नभएपछि आफ्नो खर्च आफैं जुटाउन मास्क बेच्न थालेको मीना बताउँछिन् ।

काठमाडौंकै कीर्तिपुरदेखि सुन्धारासम्म चल्ने एउटा बसको सहचालकका रूपमा काम गर्छन् १६ वर्षीय विवेक गिरी । बझाङबाट भागेर आएर सहचालकको काम गर्न थालेका उनले कक्षा ६ सम्म मात्र पढेका रहेछन् । बुबा सानैमा गुमाएका उनले आमाले दुःख गरेको देखेर पढ्न छाडेका थिए ।

आफूभन्दा साना २ जना बहिनीलाई पढाउने खर्च आमाले गरेको मजदुरीले नपुगेपछि उनी आमाको अनुमतिबिना नै काठमाडौं आएका हुन् ।

यस्तै, बाँकेको नेपालगन्ज उपमहानगरपालिका- १५ जमुनाहबाट अवैध लागुऔषध खैरो हेरोइन करिब ५०० मिलिग्राम, नियन्त्रित लागुऔषध नाइट्राजेपाम १० ट्याब्लेट र ट्रामाडोल ५० ट्याब्लेटसहित दाङ तुल्सीपुर उपमहानगरपालिका- ५ बस्ने १८ वर्षीय किशोरसमेत गरी २ जनालाई १० माघमा प्रहरीले पक्राउ गरेको छ ।

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय नेपालगन्ज र इलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले भारतबाट नेपालगन्जतर्फ आउँदै गरेका उनीहरूलाई उक्त लागुऔषधसहित पक्राउ गरेको थियो ।



मीना, विवेक र ती किशोर त प्रतिनिधि पात्र मात्र हुन् । राष्ट्रिय योजना आयोगको केन्द्रीय तथ्यांक विभाग र अन्तर र्राष्ट्रिय श्रम संगठनको संयुक्त प्रतिवेदन, २०२१ का अनुसार ५ देखि १७ वर्ष उमेर समूहका कुल ७० लाख बालबालिकामध्ये ११ लाख अर्थात् १५ दशमलव ३ प्रतिशत बालबालिका श्रमिक छन् ।

योसँगै विभागको बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०१४ ले पनि नेपालमा ५ देखि १७ वर्ष उमेर समूहका ३७ दहालव ४ प्रतिशत बालबालिकाले श्रम गरिरहेका देखाएको छ ।

विशेषतः सडक व्यापार, मोटर साइकल, साइकल मर्मत, सामान ओसार-पसार, घरायसी काम, भरिया, सीमामा अवैध सामान ओसार-पसार, कपडामा जरी भर्ने काममा बालश्रम बढेको पनि तथ्यांकमा उल्लेख छ जबकि नेपालको कानुनी व्यवस्थाअनुसार १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई रोजगारीमा संलग्न गराउनु र १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई जोखिमपूर्ण श्रम तथा व्यवसायमा संलग्न गराउनु बालश्रम हो ।

नेपालको संविधान, २०७२ ले पनि बालबालिकाका लागि हकको व्यवस्था गरेको छ । संविधानको भाग ३ मा रहेको मौलिक हकअन्तर्गत धारा ३९ मा रहेको बालबालिकाको हकको उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनुपर्ने उल्लेख छ । साथै, उपधारा (३)मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुने व्यवस्था, उपधारा (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था, उपधारा (५) मा कुनै पनि बालबालिकालाई गैरकानुनी ओसारपसारमा संलग्न नहुने, उपधारा (७) मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान वा अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था र उपधारा (८)मा प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने व्यवस्था गरिएको छ ।

संविधानमा उल्लेख भएअनुसार बालबालिकाले आफ्नो हकको सुनिश्चितता गर्न नपाएको तथ्यांमकले प्रस्ट पारेको छ । अझै प्रहरी प्रधान कार्यालयले आर्थिक वर्ष २०८०/०८१ मा घरेलु शोषणमा मात्र परेका १८ वर्षमुनिका बालबालिकाको संख्या १२५ रहेको बताएको छ । आर्थिक वर्ष २०७९/०८० मा यस्तो संख्या १४१ छ ।

यता, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले उमेर नपुगेका बालबालिबकालाई श्रमिकका रूपमा काम लगाउन निषेध पनि गरेको छ । पढ्न, लेख्न र खेल्नुपर्ने उमेरमा कतिपय बालबालिका भोको पेट भर्न अर्काको चाकडी गरिरहेका छन् त कोही लहैलहैमा लागेर गैरकानुनी काम गरिरहेका छन् ।

देशमा व्याप्त गरिबी, राजनीतिक अस्थिरता, बेरोजगारी, अर्धबेरोजगारीका साथै शहरी क्षेत्रमा जनसंख्याको चाप बढ्दै गएकाले यस्ता बालश्रम र बालअपराध कम हुनुको साटो बढ्दै गइरहेका छन् । यसको जिम्मा कसले लिने ?

अधिकार र कानुन निर्माण गरेर मात्र बालश्रम रोकिने अवस्था छैन । यसका लागि राज्यका सम्बन्धित पक्षले बाल शोषण रोक्न विशेष कदम चाल्न आवश्यक छ । समाजमा प्रत्यक्ष रूपले जोडिएर बाल नैतिकता बढाउने र आधारभूत आवश्यकता पूरा गर्न प्रोत्साहन गर्नेलगायतका जनचेतनामूलक कार्यक्रम चलाउन जरुरी छ ।


भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी, कोशी प्रदेश, नेपाल

शीतलहरबाट बच्ने सम्बन्धमा गाउँबासीहरूमा जारी सूचना

- तातो र झोलिलो खानेकुरा खाने गरौं । ❖ न्यानो लुगाको प्रयोग गरौ । ❖ चिसो कपडा प्रयोग नगरौ ।
- चिसो तथा खुला स्थानमा लामो समय सम्म नबसौं । ❖ हिडडुल गरिरहने/सक्रिय भइरहने । ❖ बन्द कोठामा आगो/कोइला नबालौ । ❖ विधुतिय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाऔं । ❖ बालबालिका तथा बृद्ध बृद्धाको विशेष हेरचाह गरौं ।
- बिरामी परेमा तुरुन्तै स्वास्थ्य संस्थामा जाऔं । ❖ शीतलहरबाट बच्ने भ्रममा जाँड रक्सी तथा सुर्तिजन्य पदार्थ सुर्ति, चुरोट सेवन नगरौ । ❖ शीतलहरको समयमा सधै न्यानो कपडा लगाऔं । ❖ शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिका तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहरको प्रभाव र प्रकोप देखा पर्ना साथ नजीकको स्वास्थ्य चौकीमा सम्पर्क गरौ ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौ ।
- सुत्ने समयमा न्यानो कपडाहरु-सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौ ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौं । ❖ शीतलहरबाट आफू पनि बचौ अरुलाई पनि बचाऔं ।
- पर्याप्त अक्सीजनको प्रवाह हुने गरी सुत्ने कोठा न्यानो पारी सुतौं । ❖ शीतलहरको समयमा भित्र/बाहिर आगो तापी तर आगलागि हुन नदिने तर्फ सतर्कता अपनाऔं । ❖ खाने कुराको पर्याप्त व्यबस्था गरी, गेडागुडी र झोलिलो पदार्थको सेवन गरौं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अजमल अख्तर मियाँ
अध्यक्ष

सुनिता कुमारी उराँव
उपाध्यक्ष

भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी, कोशी प्रदेश, नेपाल



षडानन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दिङ्ला, भोजपुर, कोशी प्रदेश, नेपाल

चिसोबाट बच्ने सम्बन्धमा नगरबासीहरूमा जारी सूचना

- शरीर ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाउने ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गर्ने र घरभित्र राती सुत्दा शरीर पुरै ढाक्ने, कोठामा पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाउने ।
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाउने, आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराउने। पसिनाले भिजेको लुगा फेर्ने फेराउने ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक पोषिलो खानेकुरा र पर्याप्त मात्रमा तातो पानी तथा पोषिलो झोल खाने ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर नसुत्ने, यसले गर्दा ऋबचदयल :यलयहष्मभ एयष्कयलष्लन
- भई श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ। विद्युतीय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाउने तथा
- नुहाउँदा गिजरको प्रयोगमा समेत सावधानी अपनाउने ।
- आफ्नो सुत्ने कोठामा सकभर आगो नबाल्ने, छिटो आगो सल्किने लुगा लगाएर आगोको वरिपरी नबस्ने, आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोड्ने ।
- दमको बिरामीलाई चिसोले च्याप्ने हुँदा सावधानी अपनाउने, जाडो महिनामा रुघाखोकी, निमोनिया जस्ता रोगहरु बढी मात्रामा देखिने हुनाले चिसोबाट बच्ने, स्वास्थ्य सम्बन्धी कुनै समस्या देखा परेमा, ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखे ।
- चिसोका कारण घरपालुवा जनावर, पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गराउने ।
- हिमपातको समयमा घर बाहिर लामो समयसम्म नबस्ने, घरपालुवा जनावर, पशुपंक्षीलाई खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने ।
- हिमपात वा हुस्सु कुहिरोका कारण सडक दूर्घटना हुन सक्ने हुँदा सावधानी अपनाउने ।
- कुनै समस्या भएमा आ-आफ्नो वडा कार्यालय, स्वास्थ्य संस्था वा नजिकको प्रहरी इकाईमा खबर गर्ने ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुरेन्द्रकुमार उदास
प्रमुख

प्रमिला राई
उप-प्रमुख


षडानन्द नगरपालिका, भोजपुर

# जातीय छुवाछुत : कहाँ पुग्नुपर्थ्यो, कहाँ पुग्यौं ?



■ जानकी पाठक

> भेदभावबिनाको समाज निर्माण गर्न राष्ट्रसंघको मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ लाई आत्मसात् हामीले पनि गऱ्यौं । सबै प्रकारका जातीय विभेद उन्मूलनको महासन्धि, १९६९ को पक्षराष्ट्र पनि बन्यौं तर मनुस्मृतिकालीन विभेद र छुवाछुत कायमै छ



नेपालमा विभिन्न कालखण्डमा भारतबाट खेदिएका वा विद्रोह गरी आएका शाक्य, लिच्छवि, मल्ल र शाह वंशहरूले राज्य गरेका पाइन्छ । उनीहरूले नेपाल प्रवेशसँगै वर्ण व्यवस्था पनि लिएर आए । लिच्छिविकाल (ई. ५०० देखि ८७९ सम्म)को नेपाली समाज पूर्णतया वर्ण व्यवस्थामा आधारित थियो ।

नेपालमा पहिलो पटक घोषित रूपमा जाति तथा वर्ण व्यवस्थाको सुरुवात लिच्छिविकालबाट भएको मानिन्छ । लिच्छवि राजा सुपुष्प र त्यसपछि काठमाडौं उपत्यकामा अंशुबर्माद्वारा नेवारी समाजमा हिन्दु वर्ण व्यवस्था लागू गर्न खोजेका थिए ।

मुलुकी ऐन, १९१० लागू हुनुअघि पनि नेपाली समाजमा जातमा आधारित छुवाछुत प्रथा थियो । यद्यपि, कानुनी दस्तावेजका रूपमा भने राजा सुरेन्द्रले २३ पुस १९१० मा जारी गरेको नेपालको पहिलो लिखित कानुन मुलुकी ऐनलाई लिन सकिन्छ ।

योभन्दा पहिले राजा जयस्थिति मल्लको सुधार पहल पनि कानुन नै हो भन्ने तर्क पनि गर्ने गरेको पाइन्छ । मल्लले तागाधारी (ब्राह्मण, राजपुत, क्षत्री), मासिने मतुवाली, नमासिने मतुवाली, पानी नचल्ने (छोइछिटो हाल्नु नपर्ने), पानी नचल्ने (छोइछिटो हाल्नुपर्ने) आदि गरी कानुनी रूपमै जातका आधारमा समाजिक तह निर्धारण गरेको इतिहास छ ।

मनुस्मृतिमा कथित तल्लोजात अर्थात् शुद्रलाई अत्यन्त निम्न हर्कत, निकृष्ट काम र तल्लो दर्जाको, हेय, केवल कारिन्दा, दास र अरू जात ब्राम्हण, क्षेत्री र वैश्यको सेवक भनेर चित्रित गरिए पनि कानुनी रूपमा यसलाई प्रबन्ध गरिएको थिएन तर जंगबहादुर राणाले युरोप भ्रमणपश्चात् शासन पद्धतिलाई व्यवस्थित गर्ने नाममा जातलाई घात हुने कानुन पनि निर्माण गर्न पुगे, जुन इतिहासको अक्षम्य भूल र दलित वर्गका लागि ग्रहण सुरु भएको अवस्था हो ।

पहिलो मुलुकी ऐनको प्रस्तावनामा 'आजसम्म मरमामिला गर्दा एकै व्यहोरामा कसैलाई कमी, कसैलाई बढ्ता सजाय हुन जान्या हुँदा अब उप्रान्त छोटा बडा प्रजा प्राणी सबैलाई जात माफिक एकै सजाय होस्, घटीबढी नपरोस् भन्ना निमित्त भारदारसमेत राखी कौशल गरी कौशलमा ठहऱ्याबमोजिम...' भनी लेखिएको छ । तर, जात उल्लेख गरेकाले जातीय भेद र असमानता ऐनले स्वीकार गरेकाले समानताको प्रबन्ध त्रुटिपूर्ण र अमानवीय भयो ।

अमानवीय कानुन र प्रबन्ध फेर्न त्यो चेत पलाउन त्यसलाई कानुनमा नै निषेध गर्न ११० वर्ष प्रतीक्षा गर्नुपऱ्यो । राजनीतिक नारा र परिवर्तनको क्रान्ति १९९७ पर्व र २००७ सालको वरपर जातीय विभेद र छुवाछुत हटाउने केही समाज जागृतिका लागि तत्कालीन क्रान्तिकारी कांग्रेसका नेताहरू र कम्युनिस्ट पार्टीले समाज जागरण गर्न सहभोज जस्ता कार्य गरेका पाइन्छ ।

नेपालमा विद्यमान जातीय भेदभाव र छुवाछुतलाई अन्त्य गर्न विभिन्न कालखण्डमा ऐन, कानुनहरू निर्माण भएका पाइन्छ । २०२० सालमा जारी भएको मुलुकी ऐनले जातीय भेदभाव र छुवाछुत गर्नेलाई दण्ड दिने व्यवस्था गऱ्यो । त्यसपछि २०४६ सालको आन्दोलनले ल्याएको प्रजातन्त्रको स्थापनापछि निर्माण भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले पुनः जातीय भेदभाव तथा छुवाछुतलाई दण्डनीय बनाउने व्यवस्था गऱ्यो । ३२ साउन २०५८ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले छुवाछुतलाई व्यवहारमै अन्त्य गर्ने घोषणा गरे ।

प्रधानमन्त्री सूर्यबहादुर थापाले २०६० सालमा पनि जातीय भेदभाव र छुवाछुतसम्बन्धी मुद्दालाई सरकारवादी बनाउने निर्णय गराए । १२ माघ २०६५ मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताको नाममा सम्बोधन गर्दै छुवाछुत हेर्ने निगरानी केन्द्रको स्थापना गर्ने र छुवाछुत अपराध हेर्ने छुट्टै इजलास स्थापनाको घोषणा गर्दै प्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय छुवाछुत उन्मूलन समिति गठन हुने व्यवस्था गरे ।

२०६६ सालमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले अन्तरजातीय विवाहलाई प्रोत्साहन स्वरूप १ लाख रकम दिने निर्णय गरे । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले उच्चस्तरीय छुवाछुत उन्मूलन समिति गठन गरेका थिए ।

गणतन्त्र नेपालको व्यवस्थापिका संसद्ले २१ जेठ २०६३ मा नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गऱ्यो । त्यसैगरी २०६८ सालमा जातीय भेदभाव तथा छुवाछुत कसुर सजाय ऐन, २०६८ को निर्माण र पहिलो संशोधन, २०७५ जारी भयो ।

संविधानको प्रस्तावनामै विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्दै भनेर उल्लेख गरिएको अवस्था छ । त्यसैगरी मौलिक हकमै भेदभाव र छुवाछुतसम्बन्धी व्यवस्था गरिएको छ । धारा २४ मा छुवाछुत तथा भेदभावविरुद्धको हक, धारा ४० मा दलितको हक, धारा ४२ मा सामाजिक न्यायको हक, त्यसैगरी धारा २५५ मा राष्ट्रिय दलित आयोगलाई संवैधानिक आयोगको रूपमा व्यवस्था गरिएको छ ।

वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले पनि पहिलो पटक प्रधानमन्त्री हुँदा उच्चस्तरीय जातीय भेदभाव तथा छुवाछुत उन्मूलन समिति गठन गर्ने २०७३/०७४ को बजेटमै व्यवस्था गरी भेदभाव र छुवाछुतको उन्मूलन गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।

समयसमयमा प्रधानमन्त्रीको तहबाट थुप्रै घोषणा र कार्यक्रम बने तर नेपालमा जातीय छुवाछुत र विभेद कम भएको छैन । सन् १९६७ देखि संसारभर २१ मार्चलाई अन्तर्राष्ट्रिय भेदभाव उन्मूलन दिवसको रूपमा मनाउन थालिएको झन्डै ६० वर्ष र नेपालको कानुनमा भेदभाव दण्डनीय मानिएको ५७ वर्ष र गणतान्त्रिक संविधान बनेको १० वर्ष पुग्दै गर्दा जातीय हिंसा र विभेदकै कारण १० जेठ २०७७ मा रुकुममा नवराज विकलगायत ६ जना र देशभर २ दर्जन दलितको ज्यान गइसकेको छ भने कति अप्रत्यक्ष कारण र असरले मारिएका छन्, आत्महत्या गर्न बाध्य छन् । अपमान, ताडना र पीडा खप्न अभिशप्त छन् । भेदभावबिनाको समाज निर्माण गर्न राष्ट्रसंघको मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ लाई आत्मसात् हामीले पनि गऱ्यौं । सबै प्रकारका जातीय विभेद उन्मूलनको महासन्धि, १९६९ को पक्षराष्ट्र पनि बन्यौं तर मनुस्मृतिकालीन विभेद र छुवाछुत कायमै छ ।

कानुन नियम र ऐनको बर्खिलाप हुनेगरी किन हत्या, हिंसा, अपमान र ज्यादती खेप्नुपर्छ दलित समुदायले ? किन दोस्रो र निम्न दर्जाको नागरिक बनी अपमान र ताडना, बहिस्करण र भेदभाव सहनुपर्छ ? यसको मूल चुरो र अन्तर्य हो, नेपालमा विद्यमान जात व्यवस्था अनि राज्य संरक्षित धार्मिक कुचलन, कुप्रथा, अन्धविश्वास, धर्मको मनोविज्ञान र सामाजिक कुरीति । अप्रत्यक्ष रूपमा धर्म संस्कार निर्देशित राज्य संरचना र यसको नेतृत्वमा कथित उच्च जातको प्रचण्ड बहुलता, सरकारी द्वैध चरित्र र आफूअन्तर्गत कर्मचारी, राज्यको निकायमा प्रतिनिधित्व गर्ने जननिर्वाचित पदाधिकारीहरूको अकर्मण्यता, जातीय उच्चताको अहंकार आदि ।

राजनीतिक रूपमा बाध्यकारी व्यवस्था भएका कारण स्थानीय तहदेखि प्रदेश हुँदै संघीय संसद्सम्म दलितको उपस्थिति देखिए पनि राज्यका सबै तह र तप्कामा जनसंख्याको १४ प्रतिशत हिस्सा रहेको दलितको प्रतिनिधित्व र पहुँच आज पनि दयनीय अवस्थामा नै छ । राज्यका विभिन्न पदहरू, जस्तै : राजदूत, न्यायाधीश, सचिव, सेना, प्रहरी अनि विभिन्न नियुक्तिहरूमा दलितको प्रतिनिधित्वलाई निषेध र बन्देजको नीति अख्तियार गरेको कुरा सरकारद्वारा भर्खरै नियुक्त ७७ जना भूमि आयोगको अध्यक्षमा १ जना पनि दलित समुदायका व्यक्तिलाई नसमेटिनुले पुष्टि गर्छ जबकि भूमि समस्याको सबैभन्दा ठूलो मार खेपेका सीमान्तकृत दलित समुदाय हुन् ।

समतामूलक र विभेदरहित समाजको परिकल्पना, मर्यादा र आत्मसम्मानको विषय नेपालको संविधानको प्रमुख लक्ष्य भए पनि हामी जहाँ र जसरी पुग्नुपर्ने हो, त्यसरी पुग्न सकिरहेका छैनौं । हामी कानुनमा कमजोर छैनौं तर हाम्रा सामाजिक, धार्मिक, आर्थिक र सांस्कृतिक व्यवहारहरू, आचरणहरू कानुनको मर्मबमोजिम छैनन् ।


## दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी, कोशी प्रदेश, नेपाल

### जनहितका लागि नगरबासीहरूमा जारी सूचना

- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं । ❖ सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं । ❖ सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं । ❖ जेष्ठ नागरिकको सम्मान गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।

२२ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बेद नारायण गच्छदार — प्रमुख
मेनुका पोखरेल खतिवडा — उप-प्रमुख

दुहवी नगरपालिका, दुहवी, सुनसरी



## तिरहुत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गोइठी, सप्तरी, मधेश प्रदेश, नेपाल

### शीतलहरबाट बच्ने सम्बन्धमा गाउँबासीहरूमा जारी सूचना

- तातो र झोलिलो खानेकुरा खाने गरौं । ❖ न्यानो लुगाको प्रयोग गरौ । ❖ चिसो कपडा प्रयोग नगरौ ।
- चिसो तथा खुला स्थानमा लामो समय सम्म नबसौं । ❖ हिडडुल गरिरहने/सक्रिय भइरहने । ❖ बन्द कोठामा आगो/कोइला नबालौ । ❖ विधुतिय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाऔं । ❖ बालबालिका तथा बृद्ध बृद्धाको विशेष हेरचाह गरौं ।
- बिरामी परेमा तुरुन्तै स्वास्थ्य संस्थामा जाऔं । ❖ शीतलहरबाट बच्ने भ्रममा जाँड रक्सी तथा सुर्तिजन्य पदार्थ सुर्ति, चुरोट सेवन नगरौ । ❖ शीतलहरको समयमा सधै न्यानो कपडा लगाऔं । ❖ शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिका तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहर को प्रभाव र प्रकोप देखा पर्ना साथ नजीकको स्वास्थ्य चौकीमा सम्पर्क गरौ ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौ ।
- सुत्ने समयमा न्यानो कपडाहरु-सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौ ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौं । ❖ शीतलहरबाट आफू पनि बचौ अरुलाई पनि बचाऔं ।
- पर्याप्त अक्सीजनको प्रवाह हुने गरी सुत्ने कोठा न्यानो पारी सुतौं । ❖ शीतलहरको समयमा भित्र/बाहिर आगो तापी तर आगलागि हुन नदिने तर्फ सतर्कता अपनाऔं । ❖ खाने कुराको पर्याप्त व्यबस्था गरी, गेडागुडी र झोलिलो पदार्थको सेवन गरौं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विजयकुमार यादव — अध्यक्ष
विणा देवी यादव — उपाध्यक्ष

तिरहुत गाउँपालिका, सप्तरी, मधेश प्रदेश, नेपाल

# जहाज नउड्ने विमानस्थल



■ नारायण अर्याल

६ हस्तक्षेप अझै पनि विमानस्थल क्षेत्रमा अगाडि बढ्यो भने राज्यको राजस्व गलत ठाउँमा प्रयोग हुँदै जाने र विमानस्थल क्षेत्र थप बर्बाद हुने देखिन्छ । त्यसैले नेपालको विमानस्थल क्षेत्रलाई व्यवस्थित गर्न छिटोभन्दा छिटो नयाँ गतिशील हवाई नीतिको विकास गर्न जरुरी छ

अहिले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (एनएसी)का आन्तरिक उडानतर्फका सम्पूर्ण जहाज ग्राउन्डेड अवस्थामा छन् । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का अनुसार अहिले नेपालमा ५४ वटा विमानस्थल हवाई उडानका लागि बनाइएका छन् तर तीमध्ये २८ वटा मात्र संचालनमा छन् । अन्य विमानस्थलले भने जहाज देख्दैनन् ।

खोटाङको लामीडाँडा विमानस्थलले गत वर्ष ४७७ रुपैयाँ मात्र आम्दानी गऱ्यो । विराटनगर, नेपालगन्ज र धनगढीलाई क्यानले आन्तरिक हब विमानस्थलको रूपमा संचालन गर्दै आएको छ, जहाँबाट अन्य आन्तरिक विमानस्थलमा उडान हुन्छ ।

त्यस्तै, संचालनमा रहेकामध्ये ३ वटै अन्तर्राष्ट्रिय विमानस्थल, विराटनगर, चन्द्रगढी, धनगढी, जनकपुर, नेपालगन्ज, सिमरा र राजविराज विमानस्थलमा रात्रि उडानको समेत सुविधा छ । तर, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मात्र पूर्ण क्षमतामा संचालन हुने गरेको छ ।

पछिल्लो समय निर्माण सम्पन्न भएकामध्ये आन्तरिकतर्फका २० वटा विमानस्थल भने संचालन हुन नै सकेका छैनन् । बागलुङ, रुकुमको चौरजहारी, दार्चुला, ढोरपाटन, गोर्खाको पालुङटार, जिरी, कालीकोट, कमलबजार, काँगेलडाँडा, खिजी चण्डेश्वर, लाङटाङ, लामीडाँडा, महेन्द्रनगर, मनाङ, डोल्पाको मसिनेश्वर, मेघौली, रोल्पा, रुम्जाटार, स्याङ्बोचे र टीकापुर विमानस्थलको अवस्था ठप्प छ । राज्यको अर्बौं रुपैयाँ खर्च गरेर बनाइका झण्डै आधा संख्याका विमानस्थल संचालनमा नआउँदा राज्यको हवाई नीतिमा ठूलो समस्या रहेको अनुमान गर्न सकिन्छ ।

सन् १९६३ देखि हालसम्म नेपालले विभिन्न ४२ वटा देशसँग द्विपक्षीय हवाई उडान सम्झौता गरेको छ, जसमा विभिन्न १५ वटा विमान कम्पनीले २८ वटा विमानमार्फत उडान सेवा प्रदान गर्दै आएका छन् । त्यस्तै, आन्तरिक उडानतर्फ ९ वटा विमान कम्पनी र १२ वटा कम्पनीका हेलिकोप्टरले हवाई सेवा प्रदान गर्ने गर्छन् । क्यानको तथ्यांकअनुसार सन् २०२३ मा त्रिभुवन विमानस्थलमा ३१ हजार ४६० बाह्य र ९६ हजार ९८९ आन्तरिक उडान भएका थिए, जसमार्फत आन्तरिकतर्फ ४३ लाख २५ हजार ५६ र बाह्यतर्फ ४३ लाख २९ हजार ४०० यात्रुले सेवा लिएका थिए ।

अध्यागमन विभागका अनुसार सो अवधिमा १० लाख १४ हजार ८८५ जना पर्यटक नेपाल घुम्न आएका थिए । बाह्य उडान गर्ने अन्य व्यक्तिहरू भने नेपाली नै रहेका तथ्यांकको तुलनाले देखाउँछ । सरकारले विदेशी पर्यटक भित्र्याउने विषयमा राखेको संख्यात्मक लक्ष्य तुलनात्मक रूपमा पूरा हुँदै आएको देखिए पनि अर्बौं लगानीमा बनाइएका आन्तरिक विमानस्थलहरू भने उडानविहीन बन्दा राज्यलाई ठूलो घाटा हुन पुगेको छ ।



तर, आन्तरिक विमानस्थलहरू संचालनमा आउन नसक्नुका पछाडि सडक यातायातको विस्तार र जहाजको समस्या रहेको पनि बताउने गरिएको छ । विगतमा सडक नभएको अवस्थामा विमानस्थलहरू संचालन भएकामा सडक संजाल विस्तार भएपछि संचालन हुन नसकेको पनि बताउने गरिएको छ । त्यस्तै, अहिले आन्तरिक उडानतर्फका साना जहाजको संख्या पनि कम भएका कारण प्रतिस्पर्धा नहुँदा महँगो हुन गई सेवाग्राहीले हवाई उडान रोज्न छाडेको बताउने गरिएको छ । ती दुवै तर्कहरूमा सापेक्ष सत्य देखिन्छ । साथै, राजनीतिक रूपमा जनमत प्राप्त गर्ने नाउँमा संचालनको सम्भावना नभएको ठाउँमा विमानस्थल निर्माण गर्दा पनि अधिकांश विमानस्थल संचालन नभएको केही विश्लेषकहरूले तर्क गरेका पाइन्छ ।

क्यानका अनुसार अहिले उडान गर्ने ट्वीनअटर जहाजहरू जम्मा ७ वटा छन् । साना जहाज उडान गर्ने विमानस्थलको संख्याको तुलनामा जहाजको संख्या निकै कम हुनुमा निजी क्षेत्रको आकर्षण पनि कम रहेको देखिन्छ । यसका लागि लगानीको वातावरण बनाउन राज्यले नै पहल गर्नुपर्ने हुन्छ ।

तर, संचालन नभएका विमानस्थलको संख्या दर्जन बढी भएको अवस्थामा अझै पनि कतिपय राजनीतिक व्यक्तिहरूले आफ्नो लहडमा नयाँ विमानस्थल थप्ने होडबाजी गरिरहेका पाइन्छ । यस्तो हस्तक्षेप अझै पनि विमानस्थल क्षेत्रमा अगाडि बढ्यो भने राज्यको राजस्व गलत ठाउँमा प्रयोग हुँदै जाने र विमानस्थल क्षेत्र थप बर्बाद हुने देखिन्छ । त्यसैले नेपालको विमानस्थल क्षेत्रलाई व्यवस्थित गर्न छिटोभन्दा छिटो नयाँ गतिशील हवाई नीतिको विकास गर्न जरुरी छ ।


**बुढीगंगा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
हात्तीमुडा, मोरङ, कोशी प्रदेश, नेपाल

**बुढीगंगा गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना**

- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं । ❖ सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं । ❖ जेष्ठ नागरिकको सम्मान गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।

**हार्दिक बधाई तथा शुभकामना**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जितनाराण थापा मगर, अध्यक्ष
अमृता कुमारी गच्छदार, उपाध्यक्ष

बुढीगंगा गाउँपालिका, हात्तीमुडा, मोरङ, कोशी प्रदेश, नेपाल



**हार्दिक बधाई तथा शुभकामना**

२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



खगेन्द्र न्यौपाने
अध्यक्ष
बिकाश हाईड्रोपावर लि.
साग्रीला हाईड्रोपावर प्रा. लि.
बुढीगण्डकी हाईड्रोपावर प्रा. लि.
स्मार्ट होलिडे प्रा. लि.
ग्रीनलाइन होलिडेज प्रा. लि.
मिनोलिभा रेस्टुरेन्ट प्रा. लि.
डाइरेक्टर
एटी ग्रुप अफ कम्पनी, मलेसिया



**एक्सप्रेस कलर प्रेस कं.प्रा.लि.**
EXCOP
फोनः ५२४२८१०,९८१५-२२५९०८ १५६-सिद्धार्थमार्ग, शंखमुल, काठमाण्डौं । ईमेलः expresscolorpress@gmail.com

उचित मुल्यमा दैनिक, साप्ताहिक, पाक्षिक र मासिक
सय प्रति दखि पत्रिका छाप्नुहोस् लाखौं प्रति सम्म

सीधा काटिएको हुन्छ
९०० प्रतिसम्म फोल्ड नहुने
अब प्लेट, छपाई र वाण्डिङ्ग एकै छाना मुनी
करौंती जस्तो काटिएको हुन्छ
साप्ताहिक, दैनिक प्लेट सहित छपाई सुपथ मूल्यमा
१,००,००० प्रतिसम्म फोल्ड भई आउने
डिजाईन दिनुस् र पत्रिका, पुस्तक लिईजानुस् ।।।

सरकारी विधालयका पुस्तकहरू (पाठ्यक्रम बिकास केन्द्र) सुपथ मुल्यमा धमाधम बिक्री भईरहेकोछ ।
साथै विध्यालयका पुस्तक, पाम्प्लेट, पोष्टर आदिको लागि सम्झनुहोस् ।



**विराटनगर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
विराटनगर, मोरङ, कोशी प्रदेश, नेपाल

**चिसो तथा शितलहरीबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना**

- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- हिडडुल गरिरहने / सक्रिय भइरहने बानीको विकास गरौं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- विद्युतीय उपकरणहरूको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र भिंगा भन्केको खानेकुरा नखाऔं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।
- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म वाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- आमाको दूध खाने बच्चाहरूलाई नियमित रुपमा स्तानपान गरौं ।
- शितलहरी वा चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

**हार्दिक बधाई तथा शुभकामना**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगेश कोइराला, प्रमुख
शिल्पा निरला कार्की, उप- प्रमुख

विराटनगर महानगरपालिका, विराटनगर, मोरङ, कोशी प्रदेश, नेपाल

# संविधान संशोधन र दलहरूको नियत



■ लोकनारायण सुवेदी

❛ राजनीतिक परिवर्तनको प्रतिनिधित्व गर्नेगरी राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या समाधान गर्न जुन भूमिका खेल्नुपर्ने थियो, त्यसमा असफल भएपछि त्यसलाई ढाकछोप गर्न संविधान संशोधनको हौवा खडा गर्न खोजिएको हो भन्ने प्रस्टै देखिन्छ...

वर्तमान संविधानलाई ठूलो महिमा गानका साथ लागू गरिएको थियो। यसलाई संसारकै उत्कृष्ट संविधान भनिएको थियो । तर, त्यसलाई सत्तामा पुगेका दलहरूले खरो साबित गर्न सकेनन्। करिब एक दशक समय र अर्बौं रुपैयाँ खर्च गरी बनाएको त्यो संविधानअनुसारको चिन्तन, चरित्र र आचरण देखाउन पनि सकेनन् ।

देशमा राजनीतिक परिवर्तनपछि नेपाली जनताको राजनीतिक, आर्थिक सामाजिक र सांस्कृतिक जीवनमा सीमित रूपमै भए पनि जुन उर्ध्वगामी परिवर्तनको जग बसाल्नुपर्ने थियो त्यस संविधानको सीमाभित्र रहेर, त्यसो पनि पटक्कै गर्न सकेनन् । फलतः संविधानका कारणले भन्दा उनीहरूको आचरण र व्यवहारका कारणले देश र जनतालाई अधोगतिमा धकेल्दै लगियो ।

राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक कुनै पनि क्षेत्र न्यूनतम मूल्य पद्धतिअनुसार चलाइएन । देशको राजनीति परिवर्तन चालू सत्ताधारीहरूको स्वार्थ सिद्ध गर्ने हतियार मात्र बन्न पुग्यो र बनाइयो । अनेक विकृति र विसंगतिहरू बढे/बढाइए । यस प्रकारको अनपेक्षित अवस्थामा देश र जनतालाई धकेलिदिएपछि अहिले संविधान संशोधनको हल्ला चलाइएको छ ।

उनीहरूले यसको आवश्यकता र औचित्य विभिन्न आधारमा प्रमाणित गर्ने तर्क गर्न सक्छन्। ती आधारहरूमा राजनीतिक, सामाजिक, कानुनी र आर्थिक पक्ष समावेश गरेर उराल्न पनि सक्छन्। तर, उनीहरूका राष्ट्र, जनतामन हितविपरीतका अहिलेसम्मका व्यवहारले उनीहरूका ती तर्कलाई पुष्टि गर्न सक्दैनन् ।

## ■ राजनीतिक आवश्यकता

जनताको इच्छा र आवश्यकताको हवाला दिएर संविधान संशोधन गर्नका लागि जनताको अभिमत र इच्छालाई आधार बनाउन सकिन्छ । यदि जनतामा कुनै विशेष परिवर्तनको आवश्यकता महसुस हुन्छ भने त्यसका आधारमा संशोधनको औचित्य प्रस्तुत गर्न सकिन्छ । उदाहरण स्वरूप, संविधानमा भएका व्यवस्था जनताको व्यापक इच्छासँग मेल नखाने, असमानतासम्बन्धी वा विशेष क्षेत्रको प्रतिनिधित्वको विषयमा असन्तोष हुन सक्छ। त्यसलाई आधार बनाएर यससम्बन्धी कुरा पनि हुन सक्छ।




राजनीतिक अस्थिरता संविधानले गर्दा आएको भन्ने आधार खडा गरेर पनि संशोधनको कुरा उठाउन सकिन्छ । सत्तामा पुगेका दलहरूले संविधानको विभिन्न प्रावधानहरूलाई राजनीतिक स्थिरता बनाउनका लागि संशोधन गर्न आवश्यक ठहऱ्याउन सक्छन् ।

उदाहरणका लागि, संसद्को संरचना वा निर्वाचन प्रणालीमा कुनै असमझदारी वा समस्या देखापरेमा त्यसको समाधान गर्न संशोधनको आवश्यकता पर्न सक्छ भन्ने तर्क गर्न पनि उनीहरूले सक्छन् ।

## ■ सामाजिक आवश्यकता

यसका अतिरिक्त उनीहरूले समानता र अधिकारको सुनिश्चितता संविधान संशोधनको अर्को औचित्य हो भनेर सामाजिक असमानता र विभेदलाई समाप्त गर्ने उद्देश्य हो भन्न सक्छन् । उदाहरणका लागि, महिला, आदिवासी, दलित र अन्य पिछडिएका समुदायका अधिकारहरूको सुनिश्चितता गर्न संशोधन आवश्यक हुन सक्ने यसमा आरक्षणको प्रावधान, भाषा अधिकार र सांस्कृतिक संरक्षण समावेश हुन सक्ने कुरा पनि उठाउन सक्छन् ।

अर्को कुरा, सामाजिक न्यायको पनि हुन सक्छ । समाजका विभिन्न वर्ग र समुदायलाई समान अधिकार र अवसर प्राप्त गराउन संविधानमा संशोधन गर्नुपर्ने आवश्यकता पनि अघि सार्न सक्छन् । यो विशेष रूपमा धार्मिक, जातीय र भाषिक असमानता हटाउने दृष्टिकोणबाट महत्त्वपूर्ण छ भन्न आधार खडा गर्न पनि सक्छन् ।

## ■ कानुनी आवश्यकता

अर्को कुरा, संविधानको व्याख्यामा अस्पष्टतालाई प्रस्ट पार्नका निम्ति संविधानका केही प्रावधानहरू अस्पष्ट वा विवादास्पद हुँदा, सत्तामा पुगेका दलहरूले यसलाई स्पष्ट बनाउन पनि संशोधनको प्रस्ताव अघि सार्न सक्छन्। यसले कानुनी विवादहरू कम गर्न र संवैधानिक व्यवस्था स्थिर बनाउन मद्धत पुऱ्याउने तर्क दिन सक्छन् ।

यस्तै कुनै पनि विषयको समीक्षा र सुधार समयानुसार हुन्छ, समाज र अर्थ व्यवस्था परिवर्तन हुन्छ र यस्तो अवस्थामा संविधानलाई अद्यावधिक गरेर आधुनिक आवश्यकता र अन्तर्राष्ट्रिय मापदण्डसँग मिलाएर सुधार गर्नु आवश्यक हुन सक्छ भन्ने तर्क पनि हुन सक्छ ।

## ■ आर्थिक आवश्यकता

देशको विकासका लागि आवश्यक संरचना निर्माणका लागि संविधानका केही प्रावधानहरूले देशको आर्थिक विकासमा अवरोध पुऱ्याएको या पुऱ्याउन सक्ने स्थिति देखापरेको भनेर आर्थिक विकास र समृद्धिका लागि आवश्यक सुधार गर्न संविधान संशोधनको आवश्यकता पनि उनीहरूले औंल्याउन सक्छन् ।

उदाहरणका लागि, सार्वजनिक उपक्रम, निजी क्षेत्रको सहभागिता र अर्थतन्त्रको खुकुलोपना आदिका लागि कानुनी परिवर्तनहरू आवश्यक हुन सक्ने कुरा उठाउन पनि सक्छन् ।

## ■ संविधानको लचिलोपन र स्थायित्व

संविधानका कतिपय प्रावधानहरूको लचिलोपन सुनिश्चित गर्न र नयाँ परिस्थितिहरूसँग मेल खाने बनाउनका लागि पनि संविधान संशोधनको आवश्यकता परेको तर्क उनीहरूले अघि सार्न पनि सक्छन् ।

यस प्रकार संविधानको स्थायित्व र लचिलोपनबीचको सन्तुलन खोजेर त्यसलाई समाजको आवश्यकताअनुसार अद्यावधिक गर्न सकिने कुरा उनीहरूले पहिलापहिला पनि गर्दै आएका हुन् । यी सबै कुरा वास्तवमा संविधान संशोधनका लागि अन्यत्र पनि गर्ने गरेका कुरा नै हुन् ।

तर, सत्तामा पुगेका दलहरूले संविधान संशोधनको आवश्यकता र औचित्य विभिन्न पक्षमा आधारित गरी प्रमाणित गर्न खोजे पनि जनताको आवाज, राजनीतिक आवश्यकता, सामाजिक समानता, कानुनी स्पष्टता तथा आर्थिक प्रगति आदि समग्र कुरालाई समेटेर बितेको करिब एक दशकयता देश र जनताको हितमा कुनै उल्लेखनीय काम गर्न खोज्दा संविधानले यस्तो कुनै बाधा अड्काउ गरेको कुरा औंल्याउन सकेका छैनन् र सक्ने पनि छैनन् ।

त्यसैले राजनीतिक परिवर्तनको प्रतिनिधित्व गर्नेगरी उनीहरूले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या समाधान गर्न जुन भूमिका खेल्नुपर्ने थियो । त्यसमा असफल भएपछि त्यसलाई ढाकछोप गर्न संविधान संशोधनको हौवा खडा गर्न खोजिएको प्रस्टै देखिन्छ । अनि, विगतदेखि अहिलेसम्म जतिवटा संविधान नेपालमा प्रस्तुत भए, असफल तुल्याइए, देशको विद्यमान अर्थ-राजनीतिक तथा सामाजिक-सांस्कृतिक संरचनाभित्र त्यसले उन्नत र भिन्न अर्थ-राजनीतिक तथा सामाजिक-सांस्कृतिक ढाँचाको रूपरेखा कोर्न सक्दैन भन्ने एकदमै प्रस्ट छ ।

अनेक आवरणमा यथास्थितिलाई कायम राख्ने तथा विकृति र विसंगतिलाई नयाँनयाँ आवरणमा दोहोऱ्याइरहने आजसम्मको अनुभवले आमूल र अग्रगामी समग्र परिवर्तनसहितको संविधान व्यवस्थित गरिनुपर्ने एक मात्र विकल्प छ। अरू सबै फजुल कुरा हुन् भन्ने निष्कर्ष मात्र निस्कन्छ ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
२२औं वार्षिकोत्सव यात्रा २३ वर्षको
रघु पुरी
अध्यक्ष, तथा
The River Overseas (P.) Ltd.
दि रिभर ओभरसिज प्रा. लि., परिवार
बत्तिसपुतली (होटल द्वारिकाजको पछाडी, गौशाला, काठमाडौं, नेपाल, फोन: ४४६७४३१

हार्दिक बधाई
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
२२औं वार्षिकोत्सव यात्रा २३ वर्षको
शम्भु गौतम
प्रबन्ध निर्देशक तथा
स्यारोन मेनपावर सर्भिस प्रा. लि.
परिवार
महाराजगंज-४, काठमाडौं, नेपाल,
फोन: ०१-४४८१५०५

# नेपालमा डिजिटल करेन्सी : चुनौती र सम्भावना



■ सन्दिप वि. क.

> नेपालमा डिजिटल करेन्सीको धेरै सम्भावना छ । सरकारले डिजिटल वित्तीय सेवाहरूमा थप ध्यान पुर्‍याउँदै सही कानुनी र प्राविधिक संरचना निर्माण गर्ने हो भने डिजिटल मुद्रा नेपालका लागि एक सकारात्मक कदम साबित हुन सक्छ

के तपाईं एकछिन कल्पना गर्न सक्नुहुन्छ, यदि संसारमा पैसा नभएको भए के हुन्थ्यो ? यसको उत्तर अति नै जटिल छ । आज मान्छे पैसा नै निम्ति दिनरात दौडिरहेको छ। संघर्ष, परिश्रम गरिरहेको छ।

वास्तवमा राज्यद्वारा कानुनी मान्यताप्राप्त वस्तु, जुन आमनागरिकले विनिमयको माध्यमका रूपमा प्रयोग गर्छन्, त्यो नै पैसा हो। पैसाको विकास हुनुपूर्व विनिमय प्रथा थियो, जुन हामीले पाठ्यक्रममा पढ्दै आएका छौं । त्यो समय आफूसँग भएको वस्तु दिएर अरूबाट आफूलाई चाहिएको वस्तु साटेर विनिमय गर्ने प्रचलन थियो । जब वस्तुहरूको मूल्यांकन प्रणालीमा समानता नहुने, एकअर्कासँग भएका वस्तु दुवै पक्षलाई आवश्यक नपर्ने, वस्तुलाई स-साना इकाईमा विभाजन गर्न नसकिनेलगायतका समस्या हुन थाले, त्यसपछि सबैलाई स्वीकार्य हुने विनिमयको माध्यमका रूपमा मुद्रा (पैसा)को विकास भयो ।

मुद्राको सुरुवाती अवस्थामा सिक्का तथा बहुमूल्य धातुको प्रयोग हुने गर्थ्यो । सिक्काको प्रचलन पनि ओसार पसार अव्यावहारिक भएपछि कागजी नोटको प्रचलन भएको पाइन्छ । त्यसपछि प्लास्टिक नोटको प्रचलन भयो ।

हाल अमेरिकाले विश्वकै महँगो भर्चुअल मुद्रा बिटक्वाइन अर्थात् क्रिप्टोकरेन्सी कारोबारलाई कानुनी मान्यता दिइसकेको छ । यस्तै, पछिल्लो समय भौतिक मुद्रालाई प्रतिस्थापन गर्न डिजिटल करेन्सीको विकास हुन थालेको छ। २१औं शताब्दीसम्म आइपुग्दा पैसाको नयाँ रूप डिजिटल करेन्सीले लिएको छ ।

आज विश्वका केन्द्रीय बैंकहरू तथा अन्य नियामक निकायहरूले वित्तीय कारोबारमा डिजिटल मुद्राको प्रयोग गर्न सकिने वा नसकिने भन्नेबारे अध्ययन गरिरहेका छन् । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)का अनुसार विश्वका १०० हाराहारी देश विद्युतीय मुद्रा निर्माणको अन्तिम चरणमा रहेका छन् ।आज विश्वमा क्यारेबियन टापु बहामस भर्चुअल करेन्सी प्रयोग गर्ने पहिलो देश बनेको छ । सन् २०२० अक्टोबरमा 'बहामियन सान्ड डलर' नाममा त्यहाँ डिजिटल मुद्रा कारोबारमा आइसकेको छ । नाइजेरियाले २०२१ अक्टोबरमा 'इनाइरा' नामको विद्युतीय मुद्रा सार्वजनिक गरिसकेको छ। यस्तै, हाम्रो छिमेकी देश भारतले पनि १ डिसेम्बर २०२२ देखि नै रिटेल डिजिटल रुपैयाँ (इ-रुपी) सुरुवात गरिसकेको छ । चीनले सन् २०२२ मै डिजिटल युआन मुद्रा ल्याइसकेको छ। चीन जाने मानिसहरूले यही नयाँ डिजिटल मुद्रामा किनमेल वा लेनदेन गर्न सक्ने छन् ।

**नेपालमा कहिले ?**

विश्वव्यापी रूपमा फैलिएको कोभिड- १९ महामारीको सुरुवातसँगै नेपालमा डिजिटल भुक्तानी द्रुत रूपमा अगाडि बढेको छ । डिजिटल भुक्तानीहरू द्रुत रूपमा विकास भएसँगै नेपाललाई पनि डिजिटल करेन्सीको विकास गर्न उत्प्रेरित गरेको छ । विश्वभरमा विद्युतीय मुद्राको प्रयोग तथा सम्भाव्यता अध्ययन भइरहेका बेला नेपालमा पनि पहिलो पटक आर्थिक वर्ष २०७८/०७९ को मौद्रिक नीतिमा सीबीडीसीको सम्भाव्यता अध्ययन गरिने छ भन्ने उल्लेख गरिएको छ ।




यसबाहेक २०२१ अगस्टमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरको अध्यक्षतामा उच्चस्तरीय सीबीडीसी स्टेयरिङ कमिटी गठन गरिएको थियो र २०२१ सेप्टेम्बरमा एक अध्ययन कार्यदल (आर्थिक अनुसन्धान विभाग, भुक्तानी प्रणाली विभाग, मुद्रा व्यवस्थापन विभाग इत्यादि विभागबाट प्रतिनिधि सम्मिलित सदस्य) गठन भयो ।

२०२२ अगस्टमा 'सेन्ट्रल बैंक डिजिटल करेन्सी (सीबीडीसी) : आइडेन्टिफाइड एप्प्रोप्रियट पोलिसी गोल्स एन्ड डिजाइन फर नेपाल' नामक कन्सेप्ट रिपोर्ट सार्वजनिक परामर्शका लागि जारी गरिएको थियो ।

यससँगै २०२३ मेमा भुक्तानी प्रणाली विभागअन्तर्गत रहनेगरी सीबीडीसी डिभिजन स्थापना गर्ने निर्णय गरिएको थियो र २०२३ जुलाईदेखि सो डिभिजन संचालनमा आएको छ । नेपाल राष्ट्र बैंकको चौथो रणनीतिक योजना, (२०२२-२०२६) मा सीबीडीसी विकास गर्न विज्ञहरू हायर गरी सीबीडीसी पाइलट परीक्षण सन् २०२६ मा गरिने छ भन्ने लेखिएको छ ।

यस्तै, डिजिटल करेन्सी प्रयोजनका लागि राष्ट्र बैंकले एक अध्ययनसमेत गरेको छ । विभिन्न मुलुकमा यस्तो डिजिटल मुद्रा प्रवाहका संरचना, प्रयोगमा रहेका भिन्न शैलीका कारण नेपालले एउटै तरिका अनुसरण गर्नुपर्ने अवस्था नरहेको र भविष्यमा हुने विकासक्रम अनुसार नै नेपालले डिजिटल मुद्रामा जान सकिने उल्लेख गरेको छ ।

राष्ट्र बैंकले डिजिटल मुद्रा प्रयोगमा ल्याउनुअघि नीति निर्माता, सरकारी निकाय, नियामक, बैंक तथा वित्तीय संस्थालगायतका विविध पक्षसँग सहकार्य गर्न आवश्यक रहेको अध्ययनले उल्लेख गरेको छ । राष्ट्र बैंकले गरेको अध्ययनअनुसार दक्षिण एसियाली मुलुकहरू भारत र भुटानमा नमुना परीक्षण भइरहेको उल्लेख छ । त्यस्तै, पाकिस्तान र श्रीलंकामा खुद्रा कारोबार सम्बन्धमा अनुसन्धान भइरहेको छ ।

**नेपालमा करेन्सीको सम्भावना**

नेपालमा डिजिटल करेन्सीको सम्भावना छ, जसलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

**वित्तीय समावेशीकरण**

डिजिटल करेन्सीको प्रयोगले नेपालका ग्रामीण र दुर्गम क्षेत्रमा रहेका व्यक्तिहरूलाई वित्तीय सेवामा पहुँच पुर्‍याउन सहयोग पुर्‍याउने छ । यदि सही प्रविधि र संरचना लागू गरियो भने डिजिटल मुद्रामार्फत बैंकिङ पहुँचलाई बढाउन सकिने छ ।

**आर्थिक विकास र डिजिटल कारोबारको प्रोत्साहन**

डिजिटल मुद्रा प्रयोग गर्नेले अर्थतन्त्रमा वित्तीय प्रवाहलाई पारदर्शी बनाउन सक्छ र अनलाइन कारोबारका लागि सजिलो बनाउँछ। यसले व्यापारको वृद्धि र डिजिटल प्लेटफर्महरूको उपयोगलाई प्रोत्साहन गर्न सक्छ ।

**कम लागत र छिटो ट्रान्जेक्सन**

डिजिटल मुद्रा (जस्तै : क्रिप्टोकरेन्सी वा सरकारी डिजिटल मुद्रा)ले विद्यमान भुक्तानी प्रणालीहरूको तुलनामा कम शुल्क र छिटो पैसा आदान प्रदान गर्न सहयोग गर्छ । यसले अन्तर्राष्ट्रिय ट्रान्जेक्सनमा पनि लागत घटाउन सक्छ।

**नयाँ प्रविधिको समावेश**

डिजिटल करेन्सीले नेपालको बैंकिङ क्षेत्रमा नयाँ प्रविधि भित्र्याउन सहयोग गर्छ । डिजिटल करेन्सीको प्रयोगले नेपाली अर्थतन्त्रलाई ग्लोबल फाइनान्समा जोड्न सहयोग पुर्‍याउँछ ।

यति हुँदाहुँदै पनि डिजिटल करेन्सीका केही बेफाइदा अर्थात् चुनौतीहरू छन् ।

**प्रविधि र संरचनामा चुनौती**

नेपालका अधिकांश जनता अझै इन्टरनेटको पहुँचमा छैनन् । डिजिटल मुद्रा सुरु गर्नका लागि पर्याप्त इन्टरनेट नेटवर्क र डिजिटल प्लेटफर्महरूको विस्तार आवश्यक हुनेछ, जसले ठूलो लगानी र समय खर्च हुने गर्छ ।

**साइबर सुरक्षाको खतरा**

डिजिटल करेन्सीसँग जोडिएका साइबर अपराध र सुरक्षासम्बन्धी चुनौतीहरू हुन सक्छन् । यदि उपयुक्त सुरक्षा उपायहरू लागू नगर्ने हो भने, ह्याकरहरूको आक्रमण हुने सम्भावना रहन्छ ।

**कानुनी र नीति ढाँचा**

डिजिटल मुद्रा प्रचलनमा ल्याउनका लागि उपयुक्त कानुनी ढाँचा तयार गर्नुपर्ने हुन्छ। नेपालमा क्रिप्टोकरेन्सीको प्रयोगसँग सम्बन्धित अस्पष्टता र नियमहरूको अभाव छ, जसले यसलाई पूर्ण रूपमा स्वीकार गर्न चुनौतीपूर्ण बनाउँछ।

**प्रचलन र स्वीकृति**

डिजिटल मुद्रा प्रयोगका लागि जनमानसमा पर्याप्त विश्वास र स्वीकृति हुनु आवश्यक छ। पारस्परिक मुद्रासँग तुलना गर्दा डिजिटल मुद्रा अझै नयाँ हुन्छ, जसले त्यसको प्रयोगलाई बढाउन थप समय र प्रयास आवश्यक पर्ने छ ।

तसर्थ, नेपालमा डिजिटल करेन्सीको चुनौतीका साथै सम्भावनाहरू पनि उत्तिकै छन् । यसको पूर्ण कार्यान्वयनका लागि सुधार र योजनाबद्ध ढंगले अघि बढ्नुपर्छ । नेपाल सरकारले डिजिटल वित्तीय सेवाहरूमा थप ध्यान पुर्‍याउँदै सही कानुनी र प्राविधिक संरचना निर्माण गर्ने हो भने, डिजिटल मुद्रा नेपालका लागि एक सकारात्मक कदम साबित हुन सक्छ ।






# व्यवस्थाप्रतिको चिन्ता



■ सन्देश अर्याल

" नेपालमा व्यवस्थाका नाममा परिवर्तन भए पनि आर्थिक असमानता भने जस्ताको तस्तै छ । समाजमा वर्गीय विभाजन र अवसरहरूको असमान वितरणले मुख्यगरी नागरिकमा व्यवस्थाप्रति असन्तोष बढाएको हो

नेपालको राजनीतिक इतिहास परिवर्तन र संघर्षको शृंखलाबाट बनेको छ। लोकतन्त्र, प्रजातन्त्र, राजतन्त्र र गणतन्त्र जस्ता विभिन्न व्यवस्था भोग्दै आएको हाम्रो समाज अहिले पनि असन्तुष्टि र विकर्षणको सिकार भइरहेको छ । राजनीतिक स्थिरता, सुशासन र नागरिक अपेक्षाको समुचित व्यवस्थापनमा भएको असफलता यस विकर्षणको प्रमुख कारण हो ।

व्यवस्था परिवर्तनका हरेक प्रयासले नागरिकमा ठूलो आशा जगाए पनि ती आशा पूरा नहुँदा व्यवस्थाप्रतिको विश्वास र आकर्षण क्रमशः घट्दै गएको छ ।

नेपालमा व्यवस्था परिवर्तनको लामो इतिहास छ । २००७ सालको प्रजातान्त्रिक क्रान्तिदेखि २०६२/०६३ सालको जनआन्दोलनसम्म हरेक परिवर्तनले देशलाई नयाँ मोडमा पुर्‍याए । यी परिवर्तनले हरेक पटक जनताको जीवनमा सुधार ल्याउने अपेक्षा गरिएको थियो । तर, परिवर्तनका नाराहरू व्यवहारमा कार्यान्वयन हुन सकेनन् । यसका कारण व्यवस्थामा आमजनताको विश्वास गुम्दै गएको छ ।

विशेषगरी अस्थिर प्रकृतिको राजनीतिले पनि जनतालाई निराश बनाइरहेको छ । राजनीतिक दलहरूबीचको विवाद, सरकारहरूको छोटो आयु र स्थिर सरकारको अभावले व्यवस्थाप्रतिको विश्वासलाई कमजोर बनाएको छ । सँगै, नेताहरूले व्यक्तिवादी स्वार्थमा ध्यान दिनु, भ्रष्टाचारमा लिप्त हुनु र जनताको समस्याप्रति संवेदनशीलता देखाउन नसक्नुले व्यवस्थालाई अलोकप्रिय बनाएको छ ।

नेपालमा व्यवस्थाका नाममा परिवर्तन भए पनि आर्थिक असमानता भने जस्ताको तस्तै छ। समाजमा वर्गीय विभाजन र अवसरहरूको असमान वितरणले मुख्यगरी नागरिकमा व्यवस्थाप्रति असन्तोष बढाएको हो ।

**विकर्षणको मुख्य कारक**

नेपाली समाजमा स्वास्थ्य, शिक्षा र सार्वजनिक सेवाका क्षेत्रमा सरकारको उपस्थिति कमजोर छ । यी सेवाहरू पहुँचयोग्य र गुणस्तरीय नहुँदा नागरिकहरू निजी क्षेत्रमा निर्भर हुन बाध्य छन् । यद्यपि, प्रत्येक परिवर्तनकारी आन्दोलनका पछाडि यिनै मुद्दाहरू उठेका पाइन्छ । चाहे विभिन्न चरणका जनआन्दोलन हुन् वा सशस्त्र युद्ध, जसको पछाडि जनताले आधारभूत मानिएका सेवामा पहुँच खोजेका छन् ।

आज सरकारी निकायहरूमा व्यापक राजनीतिक हस्तक्षेप छ, जसले जनतालाई समान रूपले सेवा दिन सकिरहेको छैन । योग्यताका आधारमा नभई राजनीतिक पहुँचका आधारमा पद र जिम्मेवारी बाँड्ने प्रचलनले व्यवस्थाको कार्यक्षमता कमजोर पारेको छ। यसले व्यवस्थाप्रति तल्लो तहका जनतामा विकर्षण सिर्जना गराएको छ ।

सँगै, न्यायपालिकाको ढिलासुस्ती र प्रभावकारिताको अभावले सर्वसाधारणमा व्यवस्था न्यायपूर्ण छैन भन्ने अनुभूति भएको छ, जसका कारण न्याय प्रणालीप्रति नागरिकको विश्वास घट्दै गएको छ ।

**सामाजिक पक्षहरू**

आज देशभित्र अवसर नपाएर ठूलो संख्यामा युवा विदेशिने क्रम बढेको छ। वैदेशिक रोजगारी युवाका निम्ति बाध्यकारी बनेको छ। शिक्षा, रोजगारी र उद्यमशीलताको अभावले गर्दा युवाहरू आफ्नो देश र व्यवस्थाप्रति निराश छन् ।

नीति निर्माण र कार्यान्वयन प्रक्रियामा तल्लो तहका जनताको समुचित सहभागिता छैन । जनताको मत त व्यवस्थाको निर्माणमा प्रयोग हुन्छ तर उनीहरूको आवाज व्यवस्थामा समावेश हुन सकेको छैन ।

सँगै, जातीय, लैंगिक र क्षेत्रीय विभाजन व्यवस्थाले सम्बोधन गर्न सकेको छैन। यस्तो असमानताले व्यवस्थाप्रति उपेक्षा र विरोधको भावना उत्पन्न गरेको छ। संविधानमा समावेशिताको कुरा उल्लेख भए पनि विगतमा त्यो एजेन्डाबाट फाइदा उठाउने तप्का नै आज पनि लाभमा छ । अन्यले पहुँच पुर्‍याउन सकेका छैनन् ।

**राजनीतिक कारणहरू**

भ्रष्टाचार नेपालको प्रमुख समस्या हो । व्यवस्थाले भ्रष्टाचार नियन्त्रण गर्न सकेको छैन । ठूला घोटालाहरू, सार्वजनिक सम्पत्तिको दुरुपयोग र दोषीलाई उन्मुक्ति दिने परिपाटीले व्यवस्थाको प्रभावकारितामा गम्भीर प्रश्न खडा गरेको छ ।

राजनीतिक दलहरूबीचको विवाद, गुटबन्दी र सत्ता स्वार्थका लागि हुने खेलहरूले आमजनतालाई व्यवस्थाप्रति वितृष्णा जगाएका छन् ।

सँगै, जनताको माग र समस्यालाई बेवास्ता गर्दै व्यक्तिगत तथा पार्टीगत स्वार्थका लागि नीतिहरू निर्माण र कार्यान्वयन हुनु व्यवस्थाको लोकप्रियता घटाउने मुख्य कारण बनेको छ ।

**विकर्षण रोक्न के गर्ने ?**

व्यवस्थाप्रतिको आकर्षण बढाउन र विश्वास पुनर्स्थापना गर्न केही प्रभावकारी कदम चाल्न आवश्यक छ। पारदर्शिता र जबाफदेहिता सुनिश्चित गर्नुपर्छ। सरकारी कामकारबाही पारदर्शी बनाउँदै जबाफदेहिता कायम गर्नुपर्छ ।

भ्रष्टाचारमा कडा कारबाहीको व्यवस्था हुनु जरुरी छ । देशभित्र रोजगारीका अवसर सिर्जना गर्दै युवाहरूलाई उद्यमशीलतामा प्रोत्साहन गर्नुपर्छ। कृषि, उद्योग र प्रविधिमा लगानी बढाउनु आवश्यक छ ।

जातीय, लैंगिक र क्षेत्रीय असमानताका मुद्दालाई सम्बोधन गर्दै सबैलाई समान अवसर सुनिश्चित गर्नुपर्छ । स्वास्थ्य, शिक्षा र अन्य सार्वजनिक सेवामा पहुँच र गुणस्तर बढाउन सरकारले प्राथमिकता दिनुपर्छ । दलीय विवादलाई हल गर्दै दीर्घकालीन राजनीतिक स्थिरता कायम गर्न राष्ट्रिय सहमतिको खाका तयार गर्नुपर्छ ।

निष्कर्षमा, व्यवस्थाप्रतिको विकर्षण नेपाल जस्तो देशका लागि गम्भीर चुनौती हो। यो विकर्षणलाई समयमै सम्बोधन गर्न सकिएन भने देश थप अस्थिरतातर्फ धकेलिन सक्छ । व्यवस्थाको सफलताका लागि सबै पक्ष- राजनीतिक दल, नागरिक समाज र सरकारले मिलेर काम गर्नुपर्छ ।

राजनीतिक स्थिरता, सुशासन र नागरिक अपेक्षाको सम्मानले मात्र व्यवस्थाप्रतिको आकर्षण पुनर्स्थापित हुन सक्छ । व्यवस्थाको प्रभावकारिता र जबाफदेहिता कायम गरिएन भने कुनै पनि व्यवस्था जनताको समर्थन र विश्वास कायम राख्न सक्दैन ।












# नेपाली राजनीतिका चुनौती र सम्भावना



■ शिव विक 'मिलन'

> स्रोत, साधनको दुरुपयोग, व्यक्तिगत स्वार्थ र पारदर्शिताको अभावले राजनीतिप्रतिको जनताको विश्वास गुम्दै गएको छ । यदि यो प्रवृत्ति जारी रह्यो भने राजनीतिक प्रणाली अझ कमजोर हुन सक्छ

राजनीति एक अद्वितीय यात्रा हो, जसले इतिहास, संस्कृति र भौगोलिक अवस्थासँग गहिरो सम्बन्ध राख्छ। राजनीतिक संक्रमण, विभिन्न आन्दोलन र शासन प्रणालीको परिवर्तनले नेपालको राजनीतिक प्रणालीलाई परिपक्व बनाएको छ । यद्यपि, समसामयिक अवस्थामा नेपालको राजनीति चुनौतीपूर्ण मोडमा रहेको देखिन्छ ।

यो लेखले नेपाली राजनीतिको भविष्यलाई चुनौती र सम्भावनाको दृष्टिकोणबाट विश्लेषण गर्ने प्रयास गर्ने छ।

### ■ वर्तमान अवस्था र चुनौतीहरू

नेपाली राजनीतिमा विविध समस्याहरू छन्, जसले भविष्यलाई धुमिल बनाउन सक्छ। तीमध्ये केही महत्त्वपूर्ण चुनौतीहरू निम्न छन् :

१. राजनीतिक अस्थिरता : नेपाल लामो समयदेखि राजनीतिक अस्थिरतासँग जुधिरहेको छ। संविधानसभाको स्थापना, नयाँ संविधानको निर्माण र संघीय प्रणालीको स्थापना भए तापनि सरकारको स्थायित्व एक प्रमुख चुनौती बनिरहेको छ। सरकारहरू छिटोछिटो परिवर्तन हुनु, गहिरो विचारधारात्मक मतभेद र दलहरूको आन्तरिक खिचातानीले राजनीतिक प्रणालीलाई कमजोर बनाएको छ।

२. भ्रष्टाचार र राजनीतिक स्वार्थ : राजनीतिक नेतृत्वमाथि लाग्ने भ्रष्टाचारका आरोपले जनतामा निराशा उत्पन्न गरेको छ । स्रोत, साधनको दुरुपयोग, व्यक्तिगत स्वार्थ र पारदर्शिताको अभावले राजनीतिप्रतिको जनताको विश्वास गुम्दै गएको छ। यदि यो प्रवृत्ति जारी रह्यो भने राजनीतिक प्रणाली अझ कमजोर हुन सक्छ।

३. संघीयता र कार्यान्वयनको समस्या : संघीय प्रणाली नेपालका लागि नयाँ हो। यसको सही कार्यान्वयनका लागि आवश्यक कानुनी, प्राविधिक र प्रशासनिक ढाँचा अझै पनि मजबुत बनाइएको छैन। प्रादेशिक सरकार र केन्द्रीय सरकारबीच देखिने अधिकार क्षेत्रको विवादले जनतामा असमझदारी उत्पन्न गरिरहेको छ।

४. वैदेशिक दबाब र कूटनीति : नेपाल २ ठूला छिमेकी भारत र चीनको बीचमा रहेको देश हो। यो अवस्थाले नेपालको कूटनीतिक भूमिकालाई संवेदनशील बनाएको छ। कुनै पनि पक्षप्रतिको अत्यधिक निर्भरता वा असन्तुलनले नेपालको सार्वभौमसत्ता र स्वतन्त्र निर्णय प्रक्रियालाई चुनौती दिन सक्छ।

५. युवाहरूको राजनैतिक मोहभंग : युवा पुस्तामा राजनीतिप्रतिको रुचि घट्दै गएको छ। बेरोजगारी, अवसरको अभाव र नेतृत्वले पुऱ्याउन नसकेको परिवर्तनले युवा शक्तिलाई विदेश पलायनमा धकेलिरहेको छ।



### ■ सम्भावनाहरू र सुधारका उपायहरू

यद्यपि, चुनौतीहरू गम्भीर छन्, नेपालको राजनीतिक भविष्य उज्यालो बनाउन सक्ने सम्भावनाहरू पनि पर्याप्त छन्। ती सम्भावनाहरूलाई सम्बोधन गर्न ठोस रणनीतिहरू अपनाउन सकिन्छ।

१. सुदृढ लोकतान्त्रिक प्रणाली : नेपाली जनताले विगतमा धेरै संघर्ष र बलिदानबाट प्रजातन्त्रलाई प्राप्त गरेको हो। लोकतान्त्रिक मूल्य, मान्यतालाई अझै मजबुत बनाउनका लागि राजनीतिक दलहरूलाई जिम्मेवारीपूर्वक काम गर्नुपर्ने आवश्यकता छ। संस्थागत सुधार, संविधानको पूर्ण पालना र कानुनी शासनको प्रवर्द्धनले राजनीतिलाई सही मार्गमा लैजान सक्छ।

२. युवा नेतृत्वको प्रवर्द्धन : राजनीतिमा नयाँ र सक्षम युवा अनुहारहरूको प्रवेशले राजनीतिक प्रणालीमा नयाँ ऊर्जा र दृष्टिकोण ल्याउन सक्छ। पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको जोशको संयोजनले दीर्घकालीन विकास र स्थिरतालाई सुनिश्चित गर्न सक्छ।

३. संघीयता बलियो बनाउने पहल : संघीय प्रणालीलाई सफल बनाउन सरकारको स्पष्ट नीति, समन्वय र पर्याप्त स्रोत वितरण अनिवार्य छ। प्रादेशिक र केन्द्रीय सरकारबीचको सम्बन्धलाई सुधार गर्न, स्पष्ट कार्य विभाजन र सहयोगी संरचनाको विकास आवश्यक छ।

४. वैदेशिक सम्बन्धमा सन्तुलन : भारत र चीनसँग सन्तुलित कूटनीति, गैरआश्रित सम्बन्ध र बहुपक्षीय अन्तर्राष्ट्रिय साझेदारीको खोजीले नेपालको भविष्यलाई सुरक्षित बनाउँछ। भू-राजनीतिक रूपमा सन्तुलन कायम गर्न सक्षम कूटनीतिज्ञहरूको भूमिकालाई प्रोत्साहन गर्नुपर्छ।

५. भ्रष्टाचार नियन्त्रण : सशक्त कानुनी व्यवस्था, स्वतन्त्र न्यायपालिका र भ्रष्टाचारविरुद्धको प्रभावकारी अभियानले जनताको विश्वास जित्न मद्धत गर्छ। पारदर्शिता, उत्तरदायित्व, र सुशासनको प्रवर्द्धन राजनीतिक भविष्यका लागि अपरिहार्य छ।

६. शिक्षा र रोजगारीमा सुधार : शिक्षामा सुधार, उद्यमशीलतालाई प्रोत्साहन र रोजगारी सिर्जनाले युवा शक्ति देशभित्रै रोक्न सकिन्छ। युवाहरूको सक्रिय सहभागिताले मात्र दीर्घकालीन राजनीतिक स्थिरता सम्भव हुन्छ।

नेपाली राजनीतिको भविष्य चुनौतीपूर्ण भए पनि यसमा अपार सम्भावना छ। राजनीतिक नेतृत्व, युवा पुस्ता र नागरिक समाजले एकसाथ प्रयास गरेमा लोकतन्त्रलाई सुदृढ गर्दै दीर्घकालीन विकास र स्थिरता हासिल गर्न सकिन्छ। वर्तमानका कमजोरीलाई सुधार गर्दै उत्तरदायी, पारदर्शी र समावेशी शासन प्रणालीको स्थापना गर्ने हो भने नेपाली राजनीतिको भविष्य उज्ज्वल र समृद्ध हुने छ। नेपालको राजनीतिक प्रणालीले आफ्नो इतिहासबाट पाठ सिक्दै नयाँ युगको सुरुवात गर्नुपर्ने समय आएको छ। दिगो विकास र राष्ट्रिय एकताको मार्गमा अघि बढ्न सबै पक्षहरूको सामूहिक प्रयास नै सफलताको आधार हो।



# विश्व राजनीति र नेपाल



■ टंककला तिमिल्सेना

भारत र चीनसँगको छिमेकी सम्बन्धलाई आवश्यकताअनुसार समयानुकूल सन्तुलित बनाउने, अर्थ कूटनीतिलाई थप सशक्त बनाउने, सैन्य कूटनीतिमा संवेदनशील बन्ने, आर्थिक, राजनीतिक, सुरक्षा, भौगोलिक यी सबै पाटोमा तिखारिएको रणनीति अवलम्बन गर्नेलगायतका कुरा नेपालको कूटनीतिक क्षेत्रले अगाल्नै पर्छ

विश्वमा राज कसरी गर्न सकिन्छ ? यसको सरल जबाफ हो- राजनीतिद्वारा । मानव जातिको विकासक्रमसँगै राजनीतिको सुरुवात भएको हो भन्दा फरक नपर्ला । साम, दाम, दण्ड, भेद यी सबैको प्रयोग गरेर भए पनि अरूमाथि राज जमाउनु अर्थात् आफू शक्तिशाली बन्नु मानवीय स्वभाव हो ।चाहे त्यो घरभित्र होस्, चाहे त्यसको दायरा विश्वभर होस्, आफ्नो राज जमाउन प्रयोग गरिने नीति राजनीति हो । अनि, राजनीतिका लागि सबैभन्दा महत्त्वपूर्ण पाटो हो- कूटनीति । अरूमाथि आफ्नो नियन्त्रण राख्नका लागि कूटिलता सबैभन्दा महत्त्वपूर्ण पाटो हो । आफ्नो लक्ष्यसम्म पुऱ्याउने ज्ञान वा तवरतरिका नै कूटिलता अर्थात् कूटनीति हो ।

यहाँ भन्न खोजेको कुरा के हो भने, वर्तमान विश्वले कूटनीतिको उच्चतम अभ्यास गरिरहेको छ, अरूमाथि आफ्नो नियन्त्रण कायमका लागि । विशेषगरी शक्ति राष्ट्रहरूको शक्तिको दायरा कूटनीतिकै धरातलमा तीव्र वेगमा कुदिरहेको छ । लाखौं मानिसको ज्यान जानेगरी, विध्वंश मच्चाउनेगरी, कति ठाउँमा त मानव अस्तित्व नै समाप्तिको नजिक पुग्नेगरी युद्धको डंका बजिरहेको छ । यी सबै केका लागि त ? जबाफ हो- अरूमाथि आफ्नो नियन्त्रण जमाएर सर्वशक्तिमान बन्नका लागि । अनि, कोही आफू अरूको नियन्त्रणमा नबसी स्वयं शक्तिशाली बनिरहनका लागि । यसरी शक्ति आर्जनको होडमा शक्तिशाली मानिने देशहरू कूटनीतिको उच्च अभ्यास गरिरहेका समय नेपाल कूटनीतिको कुन चरणमा छ ?

विश्वमा आफ्नो अस्थित्व विस्तार एवं बलियोका लागि भूमि विस्तार मात्र होइन, आर्थिक, साँस्कृतिक, सामाजिकलगायत अन्य थुप्रै पाटाहरू छन्, जसलाई अनुमान गरी आफ्नो समग्र अवस्थालाई हेरेर कूटनीतिक रूपमा सशक्तीकरणमा लाग्ने गरेका छन् विश्वभरका राष्ट्रहरू । नेपालले यसमध्ये कुन पक्षलाई सशक्त बनाउँदा उपयुक्त छ त ? अहिलेको अवस्था हेर्दा नेपालले आफ्नो शक्ति विस्तार गर्ने भन्दा पनि आफूलाई जोगाउने कसरी ? आफूमाथि अरूको हस्तक्षेप कम गर्ने कसरी भन्ने चरणमा छ ।

समग्रमा भन्दा, नेपाल अहिले विश्व शक्ति राष्ट्रहरूसँग कूटनीतिक रूपमा रक्षात्मक चरण (डिफेन्सिङ स्टेज)मा रहेको छ । अब कुरा रहयो, के नेपालले कूटनीतिको रक्षात्मक चरणमा राम्रो प्रदर्शन गरिरहेको छ ? अहँ ! छैन । विश्व शक्ति राष्ट्रका रूपमा उदीयमान २ ठूला राष्ट्रहरू भारत र चीनको बीचमा संवेदनशील भू-राजनीतिक भुमरीमा रहेको नेपालले थोरै मात्र पनि लरबर गरे अवस्था गम्भीर आउन सक्छ । त्यसमाथि उदाउँदै गरेका शक्ति राष्ट्रको बीचमा रहेको नेपालको भूमि अन्य शक्ति राष्ट्रका लागि अर्जुन दृष्टि बन्नु नेपालका लागि जटिलताको जालोले घर थपेको थप्यै गर्नु सरह छ नै ।

अहिलेको विश्वमा सर्वशक्तिमान कहलिएको संयुक्त राज्य अमेरिकामा अनि ४७औं राष्ट्रपतिका रूपमा डोनाल्ड ट्रम्पको आगमनले विश्वलाई नै कता लैजान्छ भन्ने बहस गरम भइरहेको अहिलेको अवस्थामा चीन र भारतमाथि ट्रम्पको नजरको प्रभाव नेपालमाथि नपर्ने कुरै छैन । अर्थात्, विशेषगरी नेपालले चीनसँग कस्तो लेनदेन गर्छ, त्यसले पनि विश्व शक्ति राष्ट्रका नजरमा नेपालको कूटनीतिक अवस्थाको मापन गर्ने नै देखिन्छ । हालसम्म १८२ देशसँग नेपालले कूटनीतिक सम्बन्ध स्थापना गरेको अवस्था छ । कूटनीतिको प्रभाकारिताका लागि नै ३३ दूतावास, ३ संयुक्त राष्ट्रसंघीय स्थायी नियोग र ६ महावाणिज्य दूतावास गरी विदेशमा ४० वटा नेपाली कूटनीतिक कार्यालय छन् । विदेशका कूटनीतिक कार्यालयमा करिब १४० नेपाली कार्यरत छन् । तर, यी नै पर्याप्त छैनन् र हाल कूटनीतिक क्षेत्रमा देखिएको परिणाम सन्तोषजनक छैन भन्ने टिप्पणी विज्ञहरूबाटै यत्रतत्र सर्वत्र छरपस्ट छ ।



**नेपालको कूटनीतिको विगत**

नेपालले कूटनीतिको उच्चतम प्रयोग त अझै पनि पूर्ण रूपमा गरेको छैन । यद्यपि, आधुनिक नेपाल अर्थात् बाइसे, चौबीसे राज्य एकीकरणपछि औपचारिक रूपमा अझ बढी व्यवस्थित कूटनीतिको सुरुवात गरेको हो भन्ने दस्तावेजहरूले दर्शाउँछन् ।

तत्कालीन राजा पृथ्वीनारायण शाहले सन् १७६९ मा स्थापना गरेको मुन्सी खाना/जैसी कोठा नेपालको परराष्ट्र मामिला हेर्ने पहिलो अड्डा थियो । नेपालको परराष्ट्र विभाग भने पहिलो पटक सन् १९३४ मा खुलेको थियो । २००७ सालको क्रान्तिसम्ममा नेपालको परराष्ट्र सम्बन्ध बेलायत, भारत, चीन, फ्रान्स र अमेरिकासँग थियो । त्यसमा पनि भारत र चीनसँग नेपालको कूटनीतिक सम्बन्ध निकै पुरानो रहेको तथ्य हामीमाझ छ । समयक्रमसँग अहिले नेपालको परराष्ट्र मन्त्रालयले सबै कूटनीतिक मामिला हेर्दै आएको छ ।

**परराष्ट्र नीति र कूटनीतिको तालमेल कस्तो ?**

परराष्ट्र नीतिकै आधारमा कूटनीति अघि बढ्ने भएकाले कूटनीतिक अवस्थाको चर्चालाई परराष्ट्र नीतिसँग छुटचाउन सकिँदैन । अर्थात, परराष्ट्र नीति र कूटनीतिको तालमेल एक हुनुपर्छ । नेपालले यी २ पक्षबीचको तालमेल बलियो बनाउन सकेको छ त ? यो अहं सवाल हो । नेपालको परराष्ट्र नीतिको मूल उद्देश्य सार्वभौमसत्ताको रक्षामा क्रियाशील भई राष्ट्रको सर्वांगीण हितलाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलका सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यतामा आधारित स्वतन्त्र परराष्ट्र नीति संचालन गर्ने हो । यी पक्ष पूरा गर्न अपनाइने नीति कूटनीति हो ।

यहाँ महत्त्वपूर्ण समीक्षाको विषय हो नेपालले राष्ट्रहितका सबै पक्षलाई सशक्त बनाउन कूटनीतिक प्रदर्शन उच्च गरेको छ त ? उत्तर एउटै आउँछ- कूटनीतिक कदममा अझै धेरै सुधार गर्नै पर्छ । कूटनीतिक सुधार आवश्यक छ भन्नुका आधारहरूको पनि चर्चा गरौं ।

**नेपाल-भारत कूटनीतिक अवस्था**

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्धले वर्तमान अनि भविष्यको सम्बन्धलाई समेत निर्क्योल गर्छ । नेपाल-भारत सम्बन्ध इतिहासका पुस्तकमा मात्र नभएर धार्मिक ग्रन्थ र मिथसम्ममा समेटिएको कुराले पनि यो सम्बन्ध प्राचीन छ भन्न हिच्किचाउनु पर्ने छैन । तर, भारतसँग नेपालको कूटनीतिक सम्बन्ध बलियो भने छैन । नेपाल सबै क्षेत्रमा रक्षात्मक बन्नुपरेको र पल्ला कमजोरको अवस्थामा छ । विश्व शक्ति राष्ट्रहरूको नजर, चीनसँगको सम्बन्धलगायत सबै पक्षमा जटिलताले गाँजेकाले पनि नेपाल-भारत कूटनीतिक सम्बन्ध संवेदनशील छ ।

**नेपाल-भारत-चीन भू-राजनीतिक धरातल र सुरक्षा चासो**

कूटनीतिक क्षेत्रमा खटिरहेका चिनियाँ अधिकारीले विभिन्न फोरमहरूमा दिएका अभिव्यक्ति आधार मान्ने हो भने उनीहरू नेपाल-भारत सम्बन्ध जस्तो छ, त्यही प्रकारको हुनुपर्छ भन्ने चीनको चाहना नभएको बताउँछन् ।

नेपाल-चीन सम्बन्ध मौलिक अनि बलियो हुनुपर्छ भन्ने मत आफूहरूको रहेको चिनियाँ अधिकारीहरूको भनाइ सुनिन्छ । विशेषगरी नेपालमा अमेरिकी प्रभावप्रति चीनको सजग दृष्टि देखिन्छ । नेपाल-भारत-चीन एकअर्कासँग अतिसंवेदनशील मोडमा रहेको र चीन र भारतप्रति शक्ति राष्ट्र अमेरिकाको प्रतिस्प्रर्धात्मक होड रहेकाले पनि नेपाल यसरी घानमा परेको हो । त्यसमाथि नेपालमा कसको प्रभाव बढी छ भन्ने होडमा भारत र चीन छन् । त्यसैले यी दुवै देश नेपालको एक-एक कदमको गरिहाइमा गएर बहस छेड्ने गर्छन् । नेपालले कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र समेटेर आफ्नो प्रशासनिक नक्सा सार्वजनिक गरेपछि केही भारतीय उच्च अधिकारी र विज्ञले नेपाल चीनतर्फ ढल्किएको अभिव्यक्ति अहिले पनि दिँदै आएका छन् । नयाँ नक्सा सार्वजनिक गर्दा प्रधानमन्त्री थिए, केपी शर्मा ओली । अहिले पनि नेपाल सरकारको नेतृत्वकर्ता अर्थात् प्रधानमन्त्री केपी शर्मा ओली नै छन् । त्यसैले भारत अहिलेसम्म पनि वर्तमान सरकारप्रति सकारात्मक देखिँदैन । त्यसमाथि ओलीले चीन गएर बीआरआई सम्झौता गरेपछि नेपालप्रतिको भारतीय दृष्टि झन् संशययुक्त छ ।

केही समयअघि परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा भारत भ्रमणमा रहँदा भारत सरकारले गरेको बेवास्ता नेपाली कांग्रेससँग र आरजुको व्यक्तिगत सम्बन्ध बिग्रेकाले नभई प्रधानमन्त्री केपी ओलीप्रति भारतको अरुचिले हो भन्ने प्रस्ट छ । सीमा क्षेत्रको सम्बन्ध र शक्ति राष्ट्रको स्वार्थकै कारण भू-राजनीतिक धरातलको संवेदनशीलता थप जटिल बनिरहेको छ । यसले गर्दा नेपालले भारत र चीनसँग सन्तुलन मिलाउन सजग हुनुपरिरहेको छ ।

कमजोर कूटनीतिले शक्ति राष्ट्रको घानमा नेपाल

अमेरिकाको रणनीतिक योजना एमसीसी र चीनको रणनीतिक योजना बीआरआई यी दुवैसँग नेपालले अहिले सम्झौता गरिसकेको अवस्था छ । यिनै सम्झौताले चीन र अमेरिकासँगको कूटनीतिमा नेपालको केही चिसोपना देखिएकै छ ।

अमेरिकाको नेतृत्वमा रहेको पश्चिमा सरकारले तिब्बती मामिलालाई उचाल्न खोजिरहेको र नेपाली भूमिबाट चीनलाई नियन्त्रणमा राख्न खोजिएको अनि यसलाई हिन्द-प्रशान्त रणनीतिको हिस्सा बनाउन खोजिरहेको भन्ने प्रस्ट मत चिनियाँ पक्षको छ । अमेरिकासँग एमसीसीदेखि एसपीपीसम्मका एकपछि अर्को सम्झौताले चीन सशंकित छ भने बीआरआई सम्झौताले अमेरिका र भारत सशंकित छन् । यो अवस्था राजनीतिक, आर्थिक र कूटनीतिक रूपमा बहुआयामिक महत्त्वका रूपमा देखिएको जटिल समस्या हो । त्यसैले यहाँनिर अब कूटनीतिक कौशल देखाउनु नेपालको कूटनीतिक क्षेत्रको सफलता मापनको एक कडी हो ।

**अब के गर्न सकिन्छ ?**

विगतका कूटनीतिक चर्चा सुन्दा र दस्तावेज पल्टाउँदा अनि परिणामबारे बुझ्दा नेपालको कूटनीति अहिलेको तुलनामा बलियो नै थियो भन्न सकिन्छ । बहुदलीय व्यवस्थापश्चात् झन् नेपालको कूटनीतिक साख कमजोर भएको टिप्पणी विज्ञहरूले गर्दै आएका छन् ।

नेपाल आफैंमा भू-संवेदनशील अवस्थामा छ भने शक्ति राष्ट्रहरूको आ-आफ्नो शक्ति आर्जनको थलोका रूपमा परिणत भइरहेको छ । त्यसैले नेपालको भू-धरातल र शक्ति राष्ट्रहरूको चासोलाई मन्थन गर्दा अब नेपालले के गर्नुपर्ला ? यो मूल चासोको कुरा हो । सूक्ष्म अध्ययन र गहन विश्लेषणका साथ भन्दा, भारत र चीनसँगको छिमेकी सम्बन्धलाई आवश्यकताअनुसार समयानुकूल सन्तुलित बनाउने, अर्थ कूटनीतिलाई थप सशक्त बनाउने, सैन्य कूटनीतिमा संवेदनशील बन्ने, आर्थिक, राजनीतिक, सुरक्षा, भौगोलिक यी सबै पाटोमा तिखारिएको रणनीति अवलम्बन गर्नेलगायतका कुरा नेपालको कूटनीतिक क्षेत्रले अगाल्नै पर्छ ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजेन्द्र प्रजापति, अध्यक्ष | राकेश प्रजापति, प्रबन्ध निर्देशक
MR ADVERTISING AGENCY PVT. LTD.
Tokha-1, KTM, Tel.: 9846700291, 9826172438
E-mail: mradvtagency@gmail.com
पत्र-पत्रिका तथा विभिन्न सञ्चार माध्यमहरुमा विज्ञापन गर्न विश्वासिलो एजेन्सीको लागि हामिलाई सम्झनु होला ।

max media
your in-house media partner
+977 1 526 83 77 / 526 83 78 +977 1 526 85 79
Maxmedia Pvt. Ltd., Maxmedia Villa, Chakupat Road
[Behind Patan Multiple Campus] G.P.O Box: 750
info@maxmedia.com.np www.maxmedia.com.np

Managing Director Kamala Dangi
Trilaxmi Advertising Services Pvt. Ltd.
Tokha-08, Kathmandu
trilaxmiadvertising14@gmail.com
kushmadangi86@gmail.com
All kinds of advertising publication.

किरण पौडेल, प्रोपाइटर
मो.: ९८५५०६१४०७
chitwanadvertising@gmail.com
चितवन एडभरटाइजिङ्ग तथा मिडिया सर्भिस
सम्पर्क कार्यालय: जिल्ला प्रशासन ठिक अगाडि, ☎: ०५६-५३१००८, ९८५५०८०७०७, ९८५५०८३७०७
राजधानी सञ्चारपत्र चितवन पोष्ट गोरखापत्र मध्यान्ह कान्तिपुर नयाँ पत्रिका नागरिक

Akshaya Publication & G Media Pvt. Ltd.
PHONE 01-5554815, 5549880 G.P.BOX 8450
EMAIL gmedia07@gmail.com
ADDRESS Kopundole, Lalitpur, Nepal

SMD Smart Media
Services: Advertising Services, Design & Illustration, Printing Services, T-shirt, Cap, Hat, Keyring, Bags etc.
SMD Smart Media Pvt. Ltd.
Dillibazar, Kathmandu, Nepal
Email: smdsmartmedia@gmail.com

जेनी शाक्य, अध्यक्ष
त्रिरत्न सञ्चार गृह प्रा.लि.
खाँदबारी, सखुवासभा

श्याम खतिवडा, अध्यक्ष
गौरी शंकर मिडिया प्रा.लि.
चरिकोट, दोलखा
सम्पर्क नं.: ९८५११५४२५२
विभिन्न पत्रपत्रिकामा विज्ञापन गर्न परेमा हामीलाई सम्झनुहोस ।

BAHAR MEDIA PVT. LTD.
बहार मिडिया प्रा.लि.
Thapagaun, New Baneshwor, Kathmandu
9843509211, 9851026747, 9808082077
baharmedia17@gmail.com
budhadharm0@gmail.com
Our Services: Advertisement on all Daily Newspaper, Best Media Counseling, Complete Advertisement Products, Creative Designing & Printing...

पूर्बेली विज्ञापन सेवा
नयाँबानेश्वर, काठमाडौं
विज्ञापन छपाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क: ०१-५९१७२३७
९८५१०५६५१४, ९८५१०२११७२

Pramila Basnet, Proprietor
9866430155, 9813635609
Advertising Service
(PASHUPATI BIGYAPAN SEWA)
Sorhakhutte, Kathmandu, Nepal
Tel: 977-1-4355760
E-mail: pashupatibigyapan2075@gmail.com
Website: www.adsgorkha.com
Advertisement Booking Counter For All Media

रमेश सुवेदी
९८४०२३२५८३
ADVENTURE Media House
Bharatpur-9, Chitwan
हामी कहाँ स्थानीय तथा राष्ट्रियस्तरका पत्रपत्रिकामा सूचना/विज्ञापन प्रकाशन गरिन्छ ।
adventuremediahouse709@gmail.com

# नेपालमा जलस्रोतको सम्भावना





तिशन राई

6 यदि सरकारले दीर्घकालीन योजना, लगानीमैत्री नीति, प्रविधि विकास र अन्तर्राष्ट्रिय सहकार्यलाई प्राथमिकता दिन सक्यो भने जलविद्युत् तथा अन्य जलस्रोतको प्रभावकारी उपयोग गरी आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ

नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण देश हो, विशेषगरी जलस्रोतको दृष्टिले नेपाललाई एसियाकै अग्रणी मानिन्छ । यहाँका हिमाल, हिमनदी, ताल-तलैया, खोला-नदी तथा भूमिगत जलस्रोतले नेपाललाई जलविद्युत् उत्पादन, सिँचाइ, खानेपानी तथा पर्यटनमा अपार सम्भावना प्रदान गरेका छन् । तर, पर्याप्त योजना, लगानी र प्रविधिको अभावमा यी स्रोतहरूको पूर्ण उपयोग हुन सकेको छैन ।

नेपालमा ६ हजारभन्दा बढी नदीहरू बग्छन्, जसको कुल लम्बाइ ४५ हजार किलोमिटर छ । यसैगरी, नेपालमा लगभग ८३ हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने क्षमता रहेको विभिन्न अध्ययनले देखाएका छन् । तर, हालसम्म करिब ३ हजार ५०० मेगावाट मात्र उत्पादन भइरहेको छ, जुन कुल सम्भावनाको झण्डै ५ प्रतिशत मात्र हो ।

नेपालका प्रमुख नदी प्रणालीहरूमा कोशी, गण्डकी, कर्णाली र महाकाली पर्छन् । यी नदीहरूले उच्च बहाव र जलविद्युत् उत्पादनका लागि उपयुक्त भौगोलिक बनावट प्रदान गर्छन् । हिमनदी पग्लिएर आउने पानी तथा वर्षाका कारण नदीहरू वर्षभर नै प्रवाहित हुन्छन्, जसले जलविद्युत् उत्पादनका लागि नेपाललाई विशेष अनुकूल बनाएको छ ।

## जलस्रोत उपयोगका प्रमुख क्षेत्रहरू

### जलविद्युत् उत्पादन

नेपालमा हालसम्म जलविद्युत्का केही ठूला आयोजना निर्माण भइसकेका छन् । माथिल्लो तामाकोशी, मध्य भोटेकोशी, अरुण-३, त्रिशूली र कालीगण्डकी ए सम्पन्न भइसकेका छन् ।

पर्याप्त लगानी र नीति सुधार गरिएमा नेपालले विद्युत् उत्पादनलाई बढाएर भारत, चीन तथा अन्य देशमा निर्यात गर्न सक्ने सम्भावना छ । केही विद्युत् भारत र बंगलादेशमा विक्रीको आरम्भ पनि भइसकेको अवस्था छ ।

### सिाचाइ तथा कृषि

नेपालको कुल कृषियोग्य जमिनमध्ये करिब ६५ प्रतिशत क्षेत्र सिँचाइको आवश्यकता हुने भूमि हो । नेपालका मुख्य सिँचाइ आयोजना नारायणी, गण्डक, कोशी, कमला, राप्ती तथा महाकाली नदीबाट संचालित छन् ।

जलस्रोतको भरपूर उपयोग गरी आधुनिक प्रविधियुक्त सिँचाइ प्रणाली अपनाइयो भने कृषिमा उत्पादकत्व वृद्धिको ठूलो सम्भावना छ ।

### खानेपानी आपूर्ति

नेपालमा वर्षाका कारण पर्याप्त पानी उपलब्ध भए पनि स्वच्छ खानेपानीको अभाव छ । शहरी तथा ग्रामीण क्षेत्रमा पाइपबाट पानी वितरण गर्ने आयोजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा खानेपानीको समस्या समाधान गर्न सकिन्छ । काठमाडौं उपत्यकामा मेलम्ची खानेपानी आयोजना एक प्रमुख उदाहरण हो, जसले दीर्घकालीन रूपमा स्वच्छ पानी आपूर्ति गर्ने लक्ष्य राखेको छ ।

### पर्यटन र मनोरञ्जन

नेपालका ताल-तलैया, झरनाहरू, नदीहरू तथा जलविद्युत् बाँधहरू पर्यटकीय आकर्षणका केन्द्र बन्न सक्छन् ।

पोखराको फेवा ताल, रारा ताल, गोसाइँकुण्ड, तिस्ता ताल जस्ता स्थानहरू पर्यटकीय गन्तव्यका रूपमा प्रसिद्ध छन् ।

र्‍याफ्टिङ, कयाकिङ, फिसिङ तथा बोटिङ जस्ता जलक्रीडालाई प्रवर्द्धन गर्न सके पर्यटन उद्योगमा जलस्रोतको ठूलो योगदान हुन सक्छ ।

### जलस्रोत विकासमा आउने चुनौतीहरू

नेपालमा जलस्रोतको अपार सम्भावना रहे पनि यसको विकासमा विभिन्न चुनौतीहरू छन् ।

### आर्थिक अभाव

जलविद्युत् आयोजना निर्माण गर्न ठूलो पुँजी आवश्यक पर्छ । नेपालमा निजी क्षेत्रको सहभागिता बढ्दै गएको भए पनि लगानीको अभाव कायमै छ ।

### राजनीतिक अस्थिरता

नीति अस्थिरता, परियोजना अनुमोदनमा ढिलाइ र राजनीतिक हस्तक्षेपका कारण जलविद्युत् आयोजना प्रभावकारी रूपमा कार्यान्वयन हुन सकिरहेको छैन ।

### प्राविधिक र पूर्वाधार समस्याहरू

नेपालमा आवश्यक दक्ष जनशक्ति र अत्याधुनिक प्रविधिको अभाव देखिन्छ । विद्युतीय ग्रिड प्रणाली कमजोर भएकाले उत्पादन भएको विद्युत् उपयोग गर्न चुनौती छ ।

### पर्यावरणीय प्रभाव

जलविद्युत् आयोजना निर्माण गर्दा जैविक विविधता, नदी प्रवाह तथा वातावरणमा असर पर्ने भएकाले दिगो विकासका सिद्धान्त अपनाउन आवश्यक छ ।

### समाधान र भावी रणनीति

नेपालले जलस्रोतको अधिकतम उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न विभिन्न रणनीतिहरू अपनाउनु आवश्यक छ ।

### नीति तथा कानुनी सुधार

जलविद्युत् विकासलाई प्राथमिकता दिँदै सरकार तथा निजी क्षेत्रको सहकार्य आवश्यक छ । लगानीकर्ता आकर्षित गर्न कानुनी र प्रक्रियागत सुधार आवश्यक छ ।

### विद्युत् निर्यात प्रवर्द्धन

भारत, बंगलादेश र चीन जस्ता छिमेकी मुलुकहरूसँग विद्युत् व्यापार सम्झौता गरी निर्यात वृद्धि गर्न सकिन्छ ।

### स्थानीय समुदायको सहभागिता

जलविद्युत् तथा सिँचाइ आयोजना स्थानीय जनताको हितमा हुनेगरी योजना बनाउन आवश्यक छ ।

विस्थापित हुन सक्ने समुदायका लागि उचित पुनर्स्थापना तथा क्षतिपूर्ति कार्यक्रम लागू गर्नुपर्छ ।

### दिगो विकास र वातावरणीय सन्तुलन

जलविद्युत् आयोजना निर्माण गर्दा वातावरणीय प्रभाव मूल्यांकनलाई प्राथमिकता दिनुपर्छ । जैविक विविधता र नदी पारिस्थितिकी प्रणालीको संरक्षणमा विशेष ध्यान दिनुपर्छ ।

### निष्कर्ष

नेपालको जलस्रोतको अपार सम्भावना रहेको भए पनि यसको उपयोग सीमित मात्रामा भइरहेको छ । यदि सरकारले दीर्घकालीन योजना, लगानीमैत्री नीति, प्रविधि विकास र अन्तर्राष्ट्रिय सहकार्यलाई प्राथमिकता दिन सक्यो भने जलविद्युत् तथा अन्य जलस्रोतको प्रभावकारी उपयोग गरी आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ । जलस्रोत नेपालको भविष्यको मेरुदण्ड बन्न सक्छ, यदि यसको बुद्धिमानीपूर्वक उपयोग गरियो भने ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ZERO Media Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal
T: 01-5705695, 5705327
E: zeromediamail@gmail.com
www.merozero.com
Be faithful in small things because it is in them that your strength lies.

BUSINESS ADVANTAGE PRIVATE LIMITED
Tanka Prasad Marg, Old Baneshwor Height, Kathmandu
Tel.: 977 01 44 78 817

सपोर्ट मिडिया प्रा.लि.
टोखा-३, काठमाडौं, फोन : ९८६३५९३९६०, ९७६५३०२५११
E-mail: suportmedia02@gmail.com
विभिन्न पत्र-पत्रिका तथा विभिन्न सञ्चार माध्यमहरुमा विज्ञापन गर्न विश्वासिलो एजेन्सीको लागि हामिलाई सम्झनु होला ।

v-chitra

COSMOS ADVERTISING
Kupandole, Lalitpur
01-590 4780, 590 5667 | 9851077965
cosmosagency@gmail.com cosmosadvertising.com.np

WELCOME ADVERTISING & MARKETING
Bhimsengola, Old Baneshwor Kathmandu, Nepal
977-1-4116227, 4594842
info@welcomeadnepal.com
www. welcomeadnepal.com

FUTURE HUB MEDIA
फ्यूचर हब मिडिया मल्टिप्रपोज प्रा. लि.
Future Hub Media Multipurpose Pvt. Ltd.
Head Office: Anamanagar-32, Kathmandu Tel: 01-4102679, 80, 4102855
Branch Office: Nayabazar-9, Pokhara, Kaski Tel: 061-538584
Email: futurehub2@gmail.com

+977 1 4541775, 4002032
9851196549, 9851036249
mediaforadvt@gmail.com
sunmoonmedia.com.np
Lazimpat, Kathmandu, Nepal
SUNMOON Media Pvt. Ltd.
"your business supporter"
नेपाल सरकार विज्ञापन बोर्डमा सुचिकृत विज्ञापन एजेन्सी

नागेश्वर मिडिया एण्ड एडभरटाइजिङ प्रा.लि.
इटहरी सुनसरी

EVEREST AD. & EVENT MANAGEMENT
Tel: 015441875
Kupondole, Lalitpur, Nepal

KAROBAR MEDIA
KAROBARMEDIA Pvt. Ltd.
977-1-5232329 / 5232045
www.karobarmedia.com
karobarmedia@gmail.com
Kamaladi, Kathmandu, Nepal

कामना टेलिभिजन द्वारा सञ्चालित कामना टुडे अन्लाईन पत्रीका
नेपाली भाषाको यो पोर्टलले समाचार, विचार, मनोरन्जन, खेल, विश्व, सुचना प्रविधि, भिडियो तथा जीवनका विभिन्न आयामका समाचार र विश्लेषणलाई समेट्छ। कामना टुडे ले मर्यादित समाज विकास र उन्नतीको पथमा अगाडी बढ्ने उद्देश्यका साथ आवाज बिहिनहरुको आवाज बनेर बाहिर प्रस्फुटन हुन नसकेको सत्य तथ्य, निष्पक्ष र भ्रस्टाचार, अनियमितता सम्बन्धी कुनै अडियो भिडियो तपाई संग छ भने हामीलाई उपलब्ध गराउनुहोस र जिम्मेवार नागरिकको दायित्व पुरा गर्नुहोस श्रोत गोप्य राखिने छ ।
मोबाइल न. :९८५८४८८०२४ | ९८५८४८२०३७ | ९८५८४८८०२३ | ९८५११७१९५५
कामना टुडे
Kamanatoday.com
३५३५-०७९/८० सूचना विभाग दर्ता नं
३५१९ प्रेस काउन्सिल नेपाल दर्ता नं
०३३८ विज्ञापन बोर्ड सूचीकरण नम्बर
Our Team 091-590933

Herald Media & Advertising Agency (P) Ltd.
हेराल्ड मिडिया एण्ड एडभरटाइजिङ एजेन्सी प्रा.लि.
बागबजार, काठमाडौं ।
फोन नं. ०१-५३४५३४४
Email : heraldadagency@gmail.com

blitz
www.blitz.com.np

30 YEARS Building Brands.
PRISMARK AN ADVERTISING & MARCOMM AGENCY
Jawalakhel, Lalitpur, Nepal
977 01 5438180, 5438181
prismark@prismark.com.np
www.prismark.com.np

# विद्यालय व्यवस्थापनमा ३ तहका सरकार



■ हरिविनोद अधिकारी

मुलुक सपार्ने राजनीतिक दूरदृष्टिले हो, मुलुक सखाप पार्ने राजनीतिक अदूरदृष्टिले हो । सबै दलहरु र सरोकार वालाहरूले भ्याएसम्म आफ्ना धारणाहरु आफ्ना किसिमले लागू गरिरहेका छन् र मार मा विद्यालय शिक्षकलाई पारिएको देखिन्छ




नेपालमा जहिले पनि विवादको घेरामा प्रचलित शिक्षा प्रणाली परेको पाइन्छ । शिक्षामा देखिने असन्तुष्टिले नै नेपालमा बारम्बार सत्ता परिवर्तनसमेत भएका छन् । अर्थात्, शिक्षा ग्रहण गरिरहेका शिक्षार्थीहरूले नै प्रणालीगत विद्रोहको शंखघोष गरेर राणातन्त्रको अन्त्यको विगुल फुकेको देखिन्छ भने पञ्चायती व्यवस्थाको निर्दलीय र निर्विकल्पको जग हल्लाउने पनि शिक्षा प्रणालीगत दोषको कारणले मान्नुपर्छ ।

अर्थात्, जनविद्रोह आधारस्तम्भको तयारीका पृष्ठभूमिमा जहिले पनि शिक्षा प्रणालीमा देखिने त्रुटि नै देखिएको छ । हुनत विद्रोहको नायकत्व दलहरूले लिएका थिए र पनि ।

अहिले पनि मुलुकमा शिक्षा प्रणालीका बारेमा तीव्र असन्तुष्टि जनमानसमा पाइन्छ । मुलुकबाट विभिन्न निहुँमा युवाहरूको पलायन, बेरोजगारीको चक्रव्यूह, भ्रष्टाचारको जगजगी र मुलुकमा बढ्दै गएको अनैतिकताका कारणलाई लिएर पनि हालको शिक्षा प्रणालीको अदूरर्शितालाई इंगित गर्न थालिएको छ ।

अझ विद्यालय तहमा शिक्षाको अवस्था नाजुक बनेको छ । त्यस सम्बन्धमा सुधारका लागि केही प्रयास भएका पनि छन्, हुने क्रममा पनि छन् तर ती निदानात्मक हुन सकेका छैनन् र त उपचारका क्रमहरू असफल हुँदै छन् । गम्भीरताका साथ आजको सूचना प्रविधिमैत्री शिक्षा प्रणालीको बारेमा सोच्ने फुर्सद कसैलाई देखिँदैन । शिक्षामा राजनीति भयो भनेर कोकोहोलो गरिएको छ र त्यसका लागि विद्यालय शिक्षकहरूको टाउकोमा दोष थुपारेर साँच्चै राजनीति गर्नेहरू चाहिँ पानीमाथिका ओभाना हुँदै छन् ।

शिक्षालाई कसरी बुझ्ने र कसरी भावी दिनका लागि जीवनमुखी बनाउने, परिणाममुखी बनाउने, समाजमुखी बनाउने, राष्ट्र-अन्तर्राष्ट्रमुखी बनाउने भन्नेमा भन्दा पनि भइरहेको प्रणालीलाई पनि अझ दूषित बनाउँदै राजनीतिको चरम दुरुपयोग गरिँदै छ ।

मुलुक सपार्ने राजनीतिक दूरदृष्टिले हो, मुलुक सखाप पार्ने राजनीतिक अदूरदृष्टिले हो । सबै दलहरू र सरोकारवालाहरूले भ्याएसम्म आफ्ना धारणाहरू आफ्ना किसिमले लागू गरिरहेका छन् र मारमा विद्यालय शिक्षकलाई पारिएको देखिन्छ । हुनत सैद्धान्तिक, प्रायोगिक तथा व्यावहारिक शिक्षाको नीतिलाई बालबालिकासम्म पुर्‍याउने अनिवार्य जिम्मा शिक्षकको हो तर राम्रो नीतिको प्रतिफल राम्रो दिलाउन सकिन्छ, नराम्रो नीतिका बारेमा यति मात्र भन्न सकिन्छ- मुखमा लागेको कालो धब्बा ऐना पुछेर जाँदैन, मुख नै धुनुपर्छ । अर्थात्, परिणाम सकारात्मक ल्याउनका लागि शिक्षा नीति नै नयाँ विश्व सुहाउँदो, समाजको आवश्यकता पूरा गर्न सक्ने र विद्यालयमा आवश्यक पूर्वाधार पूरा भएको हुनुपर्ने हो ।

शिक्षा न सरकारी हुन्छ, न त निजी हुन्छ । शिक्षा त मानवीय जीवनलाई भरपर्दो ज्ञानको आवश्यक स्रोत प्रदान गर्ने हुनुपर्छ । शिक्षा भन्नेबित्तिकै ज्ञानको मुहान भन्ने बुझिन्छ । ज्ञानले शिक्षालाई कहिले साँघुरो अर्थमा अर्थ्याउँछ त कहिले व्यापक अर्थमा लैजान्छ ।

शिक्षालाई ज्ञानको स्रोत मानिएको छ । ज्ञानलाई परिमार्जित गरेर जीवन बाँच्ने सूचना दिने काम शिक्षाले गर्छ । अहिले शिक्षाको कुरा गर्दा म विद्यालयीय शिक्षाको कुरा गर्न चाहन्छु । हाम्रो नयाँ संविधान, नेपालको संविधान, २०७२ ले शिक्षालाई जन्मसिद्ध अधिकारका रूपमा स्वीकार गरेको छ र मौलिक हकको रूपमा नै राखिएको छ । संविधानको धारा ३१ मा भनिएको छ :

शिक्षासम्बन्धी हक : (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ । (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ । (३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने छ । (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ । यसरी नै, (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुने छ ।

यसैगरी दलितको हक, समाजिक न्यायको हक, महिलाको हक, अपांगको हकमा पनि शिक्षा अपरिहार्य मानिएको छ । त्यसो त मौलिक हकका लागि मात्र भनेर संरक्षित ३१ वटा धाराहरू सबैको प्राप्तिका लागि शिक्षा नै आवश्यक छ ।

यसरी आवश्यक मानिएको शिक्षा प्रदान गर्ने र शिक्षा पाउने हकको प्रारम्भिक स्थान विद्यालय हो । नेपालमा अहिले विद्यालयलाई २ तहमा बाँडिएको छ, आधारभूत र माध्यमिक । आधारभूत तह भन्नाले शिशु कक्षादेखि कक्षा ८ सम्म ( शिशु कक्षालाई प्रारम्भिक बाल शिक्षाका रूपमा सामाजिकीकरण गर्ने भनिएको छ) र माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म मानिएको छ ।

नेपालको संविधानले संघीय संरचना अंगीकार गरेको छ । संघीय संरचना ३ तहको भनेर विभाजन गरिएको छ । संघीय अर्थात् केन्द्रीय, प्रदेश तह र स्थानीय तह । विद्यालय शिक्षाको सम्पूर्ण जिम्मा स्थानीय तहलाई दिएको छ भने कतिपय शिक्षासम्बन्धी अधिकार संघ, प्रदेश तथा स्थानीय तहमा साझा गरिएको पनि छ ।

राज्यका ३ तहमा अहिले शिक्षाका बारेमा अनावश्यक विवाद छ । २०२८ सालदेखि आजसम्म विद्यालयको सर्वांगीण ऐन आउन सकेको छैन । आफ्नो समसामयिक शिक्षा नीति छैन, जहाँ संविधानलाई पुरानो शिक्षा ऐनले, त्यही बारम्बार संशोधन गरिएको ऐनलाई बारम्बार संशोधित शिक्षा नियमावलीले, शिक्षा नियमावलीलाई विनियम र परिपत्रहरूले गाँजेको छ ।

शिक्षाका बारेमा संविधानले स्पष्ट भनेको छ- विद्यालयको सम्पूर्ण जिम्मा स्थानीय तहको हो । शिक्षा निःशुल्क हुनुपर्छ । शिक्षामा सबैको पहुँच हुनु अनिवार्य छ । तर, त्यसका बारेमा खोइ शिक्षा नीति, खोइ त्यसको रणनीति ? जब शिक्षा ऐनको तयारीको कुरा आउँछ, मात्र शिक्षकले राजनीति गर्न नपाउने भन्ने कुरामा मात्र बहस गरिन्छ र झोले भनेर अपमान गरिन्छ । सरकारको अधीनमा विद्यालय हुन्छ, विद्यालयको अधीनमा शिक्षक हुन्छ र ३ तहका सरकारको प्रयास भनेको, लक्ष्य भनेको विद्यालय शिक्षालाई कसरी प्रभावकारी, कसरी जनमुखी, कसरी प्रविधिमैत्री र सबैको सहज पहुँचमा पुर्‍याउने भन्नेमा हुनुपर्ने हो । शिक्षाका उद्देश्यअनुरूप विद्यालय संचालन भएका छन् कि छैनन् भन्ने बारेमा खोइ अवलोकन ? खोइ दण्ड र पुरस्कारको व्यवस्था ?

विद्यालयमा १७ प्रकारका शिक्षक छन् भनेर सरकारहरू आफैंले भन्ने, त्यसको व्यवस्थापना गर्न नसक्ने, अनेक प्रकारका विद्यालयहरूको संरचना तयार गर्ने र तिनको एकीकृत व्यवस्था नगर्ने ? अनि, शिक्षा गुणस्तरीय भएन भनेर आफ्ना नीतिगत अदूरदर्शिताको दोषका जगमा सरकारका उद्देश्य पूरा गर्न बसेका आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई दोष थुपारेर राजनीति गर्ने अनि अरूलाई राजनीति नगर्न कडा निर्देशन दिने ?

हो, यही बेलामा हो- राज्यले बुद्धिजीवीहरूसँग सल्लाह लिने, अभिभावकहरूसँग सल्लाह गर्ने र विद्यार्थीहरूको भावी पिँढीका लागि ठोस निर्णय लिने र अरू देशहरूको पनि अनुभवलाई आधार बनाएर निर्णय गर्ने । यस्तै बेलामा हो शिक्षाविद्हरूले आफ्नो अनुभवलाई बाँडचुँड गरेर भावी पुस्ताको समय पनि बर्बाद हुन नदिने अनि गुणस्तरीय जनशक्तिको पनि ह्रास हुन नदिने । कसरी सम्भव होला त ?

केही उपायहरू यस्ता हुन सक्छन्

क) पोहोरका कक्षाहरूको तथ्यांकका आधारमा कक्षा १ देखि कक्षा १२ सम्मको संख्या निरूपण गर्ने ।

ख) उमेरका आधारमा कक्षा लाग्नेबेलामा अघिल्लो कक्षाका लागि तयारी हुन सार्वजनिक संचारका माध्यमबाट जानकारी दिने, सम्बन्धित विद्यालयहरूले स्थानीय स्तरमा जानकारी दिने र कक्षा सुरु हुनेबेलाका लागि तयारी बस्नका लागि प्रेरित गर्ने ।

ग) कक्षा १ देखि कक्षा ११ सम्म विद्यालयका आन्तरिक कक्षाहरू हुन्, कक्षा १२ मात्र माध्यमिक विद्यालयको अन्तिम कक्षा हो । त्यसको परिणाम चाहिँ अभिलेखीकृत हुनु अनिवार्य छ किनभने त्यो मानक परिणाम हो । त्यो प्रमाणपत्र देखाएर अरू ठाउँमा पनि पढ्ने आधारभूत प्रमाणपत्र हो । त्यसैले विद्यालयको आवधिक शैक्षिक तथ्यांकीय जानकारीले मात्र यो संभव छ । कक्षा १० लाई प्रदेश परीक्षाको अधिकार दिने भनेको पनि मिलेको छैन । केन्द्रीकृत किन गर्ने परीक्षा ? सबै परीक्षालाई विद्यालय, पालिका तहमा छाडे हुन्छ तर कार्यक्रम राम्रो चाहिन्छ । २०४८ सालको दरबन्दीका शिक्षक र विद्यालय निरीक्षकहरूबाट न पढाइ सुचारु हुन सकेको छ, न त अवलोकनमा नै सक्रियता देखिन्छ ।

घ) सधैं सकिँदैन भनेर मात्र हुन्नँ । विद्यालय, विद्यार्थी र शिक्षकहरूलाई प्रविधिमैत्री बनाउन पनि अब लगानीको जरुरत छ । दूरसंचारको प्रगतिले नै आजको डिजिटल डिभाइडलाई ( कोहीसँग कम्प्युटर जडित सामग्री हुने, कोहीसँग नहुने अवस्था अर्थात् डिजिटल साधन हुने र नहुने) हटाउन त्यो कमी सबैको पहुँचमा पुर्‍याएर मात्र सेवा सम्भावनाभित्र आउन सक्छ । सूचना प्रविधिको अत्यधिक प्रयोगका आधारमा स्वनियन्त्रणमा शिक्षाको सिकाइलाई अघि बढाउनु जरुरी छ ।

ज) यसका लागि बृहत् शैक्षिक समन्वयको व्यवस्था गरौं, भर्चुअल तरिकाले । अरू देशको पनि अनुभवलाई सँगालौं ।

झ) आफ्ना-आफ्ना विद्यार्थीहरूको यथार्थ अभिलेख राख्न विद्यालयहरूलाई अभिप्रेरित गरौं ।

ञ) सरकारी सहयोग पाउनेबाहेकका निजी, संस्थागत तथा गैरनाफामूलक धार्मिक विद्यालयहरूलाई पनि प्रत्येक शैक्षिक वर्षका लागि शिक्षकहरूको पारिश्रमिक उपलब्ध गराऔं र अभिभावकहरूको गाह्रो साँघुरोमा सरकारले मद्धत गरौं किनभने विद्यार्थीहरू हाम्रै सन्तान हुन् । यदि ती सरकारी अनुदान प्राप्त विद्यालयमा अभिलिखित भएका भए त हामीले खर्च बेहोरेका नै हुन्थ्यौं या भर्नाका लागि ठाउँ दिन सक्दैन थियौं । यसरी सम्पूर्ण विद्यालयहरूको अभिभावकको रूपमा सबै सरकारले समन्वयका आधारमा आफ्नो भूमिका विस्तार गरेको खण्डमा मात्र सरकारका आदेशहरू मान्न भोलि पनि ती विद्यालयहरू बाध्य हुने छन् ।

ट) आजका बारेमा छलफल गर्दा भोलिको परिणामलाई ध्यान दिऔं र शिक्षाको नयाँ मानक तयार गरौं ताकि भोलिको कुनै पनि समस्यालाई समाधान गर्न सक्ने जनशक्ति तयार गर्न सकियोस् ।

२२ औँ वार्षिकोत्सव यात्रा २३ वर्षको
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक २२ वर्ष पुरा गरी २३औं वर्षमा प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं । यस दैनिकले आगामी दिनमा पनि अझै अटल रहेर काम गर्नेछ भन्ने हाम्रो विश्वास रहेको छ । वार्षिकोत्सवको अवसरमा यसका प्रकाशक, सम्पादक लगायत यससँग जोडिनु भएका सम्पूर्ण साथीहरुलाई शुभकामना दिन चाहन्छौं ।
एम.एस.काप्री
प्रबन्ध निर्देशक
तथा
LUCKY HR Solution Pvt. Ltd. लक्की एच.आर. सोलुशन प्रा.लि. परिवार
जावलाखेल, ललितपुर
Celebrating 14 Years of Excellence

हार्दिक बधाई
२२ औँ वार्षिकोत्सव यात्रा २३ वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
के. एल. इम्प्लोयमेन्ट सर्भिर्स प्रा. लि.
परिवार
शम्भुमार्ग, एयरपोर्ट, काठमाडौं, नेपाल, फोन: ४५६४११३, ४५९३१८०

# नेपाली चलचित्र सुधारका १० उपाय



■ रोजित मानन्धर

नेपालको चलचित्र क्षेत्रले पछिल्ला केही वर्षमा राम्रो प्रगति गरेको छ । यद्यपि, यो क्षेत्र अझै पूर्ण व्यावसायिक र अन्तर्राष्ट्रिय मापदण्डमा पुग्न सकेको छैन । यहाँ केही प्रमुख सुधारका उपायहरू प्रस्तुत गरिएका छन्, जसले नेपाली चलचित्रलाई नयाँ उचाइमा पुऱ्याउन सहयोग पुऱ्याउन सक्छ ।

**गुणस्तरमा ध्यान**

नेपाली चलचित्रहरूको मुख्य समस्या गुणस्तर हो । कथा, पटकथा, छायांकन र सम्पादनमा अझै पनि धेरै सुधारको आवश्यकता छ । प्राविधिक ज्ञान र दक्षतामा अभावका कारण चलचित्रको उत्पादन स्तर कमजोर हुने गरेको छ । यो समस्यालाई समाधान गर्न, प्राविधिक तालिम र अत्याधुनिक उपकरणको प्रयोग अनिवार्य गर्नुपर्छ ।

**शिक्षित जनशक्तिको सहभागिता**

चलचित्र क्षेत्रलाई सशक्त बनाउन शिक्षित र दक्ष जनशक्ति आवश्यक छ । चलचित्र निर्माणका विभिन्न पक्षहरूमा विज्ञहरूलाई सहभागी गराएर चलचित्रको गुणस्तर सुधार गर्न सकिन्छ । फिल्म स्क्रिप्ट लेखनदेखि निर्देशन, सम्पादन र छायांकनसम्म यस क्षेत्रमा नयाँ र क्रियटिभ प्रतिभालाई प्रोत्साहन गर्नुपर्छ ।

" चलचित्र क्षेत्रलाई सशक्त बनाउन शिक्षित र दक्ष जनशक्ति आवश्यक छ । चलचित्र निर्माणका विभिन्न पक्षहरूमा विज्ञहरूलाई सहभागी गराएर चलचित्रको गुणस्तर सुधार गर्न सकिन्छ । फिल्म स्क्रिप्ट लेखनदेखि निर्देशन, सम्पादन र छायांकनसम्म यस क्षेत्रमा नयाँ र क्रियटिभ प्रतिभालाई प्रोत्साहन गर्नुपर्छ

**वितरण प्रणालीको सुधार**

नेपालमा चलचित्र वितरण प्रणाली कमजोर छ । डिजिटल प्लेटफर्मको विकाससँगै सिनेमा हलबाहिर पनि चलचित्रलाई दर्शकसम्म पुऱ्याउने उपायहरूमा ध्यान दिनुपर्छ । नेटफ्लिक्स, अमेजन प्राइम जस्ता अन्तर्राष्ट्रिय प्लेटफर्ममा नेपाली चलचित्रको पहुँच पुऱ्याउन पहल गर्नुपर्छ ।

**अन्तर्राष्ट्रिय बजारमा पहुच**

नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन विशेष रणनीति आवश्यक छ । अन्तर्राष्ट्रिय फिल्म महोत्सवहरूमा सहभागिता, विदेशी भाषामा डबिङ र चलचित्रको प्रचारप्रसारले नेपाली सिनेमा उद्योगलाई ठूलो लाभ पुऱ्याउन सक्छ ।

**अभिनेतालाई प्रशिक्षण**

नेपाली चलचित्रमा अभिनयको स्तर अझै पनि कमजोर देखिन्छ । यो समस्यालाई समाधान गर्न कलाकारका लागि नियमित अभिनय प्रशिक्षण र कार्यशालाको आयोजना गर्नुपर्छ । विश्वस्तरीय प्रशिक्षकको सहयोगमा स्थानीय कलाकारलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम बनाउनुपर्छ ।

**अनुसन्धानमूलक कथा चयन**

चलचित्रमा पुरानै खालका कथावस्तु दोहोरिने समस्या छ । यसले दर्शकलाई निराश मात्र बनाउँदैन, चलचित्र क्षेत्रको विकासलाई पनि रोक्छ । ऐतिहासिक, साँस्कृतिक र समसामयिक विषयमा आधारित अनुसन्धानमूलक कथा छनोटले दर्शकलाई नयाँ अनुभव दिन सक्छ ।



**आर्थिक लगानी र पारदर्शिता**

चलचित्र निर्माणमा पर्याप्त लगानीको अभाव छ । सरकार र निजी क्षेत्रबाट चलचित्र क्षेत्रमा लगानी बढाउन प्रेरित गर्नुपर्छ । यसका साथै पारदर्शी वित्त व्यवस्थापन प्रणालीलाई अपनाउनुपर्छ । यसले लगानीकर्तामा विश्वास सिर्जना गर्न मद्दत गर्छ ।

**चलचित्र बोर्ड र नीतिमा सुधार**

चलचित्र क्षेत्रलाई नियमन गर्ने बोर्ड र सम्बन्धित निकायलाई थप जिम्मेवार बनाउनु आवश्यक छ । चलचित्र विकास बोर्ड, लाइसेन्स प्रणाली र अनुदान वितरण प्रक्रियामा सुधार गर्नुपर्छ । सरकारको स्पष्ट नीति र कलाकार तथा निर्माता, निर्देशकसँगको सहकार्यले यस क्षेत्रलाई अझ मजबुत बनाउन सक्छ ।

**दर्शक शिक्षाका कार्यक्रम**

नेपाली दर्शकलाई गुणस्तरीय चलचित्रको मूल्य बुझाउने अभियान आवश्यक छ । दर्शक शिक्षित र सचेत हुँदा मात्र राम्रो चलचित्रले बजार पाउने छ । यसका लागि प्रचारप्रसारका माध्यमबाट फिल्म समीक्षा, सेमिनार र कार्यशालाहरू संचालन गर्न सकिन्छ ।

**स्थानीय र क्षेत्रीय कथाहरूको प्रयोग**

नेपालका विविध भाषा, संस्कृति र परम्परामा आधारित कथाहरूले अन्तर्राष्ट्रिय दर्शकलाई आकर्षित गर्न सक्छन् । हाम्रा मौलिक कथाहरूलाई चलचित्रमा समावेश गरेर हाम्रो संस्कृति विश्वभरि फैलाउन सकिन्छ ।

नेपाली चलचित्र क्षेत्रमा सुधार गर्न योजनाबद्ध र सामूहिक प्रयास आवश्यक छ । गुणस्तर सुधार, शिक्षित जनशक्ति र आधुनिक प्रविधिको प्रयोगले मात्र यो क्षेत्रलाई समृद्ध बनाउन सकिन्छ । सरकार, निजी क्षेत्र र दर्शकको सहकार्यले नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सकिन्छ ।




कमल गाउँपालिका
नगर कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा, कोशी प्रदेश, नेपाल

चिसो तथा शितलहरबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।
- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म वाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- आमाको दूध खाने बच्चाहरूलाई नियमित रुपमा स्तानपान गरौं ।
- शितलहरी वा चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- हिडडुल गरिरहने / सक्रिय भइरहने बानीको विकास गरौं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- विद्युतीय उपकरणहरूको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र भिंगा भन्केको खानेकुरा नखाऔं ।

हुकुम सिंह राई
अध्यक्ष

प्रमिला न्यौपाने
उपाध्यक्ष

कमल गाउँपालिका, तोपगाछी, झापा, कोशी प्रदेश, नेपाल

# बालबालिका राष्ट्रिय गौरव हुन्



विमल थापा

नेपालमा बालअधिकारको क्षेत्रमा सैद्धान्तिक र कतिपय व्यावहारिक रूपमा समेत थुप्रै उपलब्धि भएका छन् । झण्डै ४ दशक लामो बालअधिकार अभियानले धेरै नीतिगत र संस्थागत कार्यलाई अगाडि बढाएको देखिन्छ भने तुलनात्मक स्थिति विश्लेषण गर्दा पनि नेपाली बालबालिकाको अवस्थामा केही बदलाव आएको देखिन्छ ।

हरेक बर्ष २० नोभेम्बरका दिन 'अन्तर्राष्ट्रिय बालअधिकार दिवस' मनाइन्छ । विश्वका अधिकांश मुलुकहरू जस्तै नेपालमा पनि अन्तर्राष्ट्रिय बालअधिकार दिवसका सन्दर्भमा विविध कार्यक्रमहरू हुने गरेका छन् । खासगरी संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिलाई महासभाले पारित गरेको दिन २० नोभेम्बर १९८९ लाई आधार मानेर यसलाई अनुमोदन गर्ने संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले 'बालअधिकार दिवस'का रूपमा मनाउने गरेका छन् ।

विश्वमा बालअधिकारसम्बन्धी अवधारणा सुरु भएको १०० वर्ष पूरा भएको छ । सन् १९२३ देखि अनौपचारिक ढंगले सुरु भएको यो अवधारणा सन् १९८९ मा आएर संयुक्त राष्ट्रसंघको महासभाबाट पारित हुने अवस्थामा पुगेको थियो । औपचारिक रूपमा संयुक्त राष्ट्रसंघले समेत बालअधिकारसम्बन्धी छुट्टै कानुनी दस्तावेजका रूपमा यो महासन्धिलाई प्रस्तुत गरेको थियो २० नोभेम्बर १९८९ का दिन, जसलाई नेपालले संयुक्त राष्ट्रसंघको पक्ष राष्ट्रका हैसियतले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको थियो ।

त्यतिखेर नेपालका अन्तरिम सरकारका प्रधानमन्त्री थिए कृष्णप्रसाद भट्टराई । उनी २०४६ सालको राजनीतिक परिवर्तनपछि तत्कालीन राजा वीरेन्द्रद्वारा गठन गरेको अन्तरिम सरकारका प्रधानमन्त्री थिए । सोही बेला उनले नेपाल सरकारका तर्फबाट संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन जाँदा बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदनका लागि हस्ताक्षर गरेर फर्किएका थिए । हाल (२० जनवरी २०२५)सम्म यो महासन्धिलाई अनुमोदन गर्ने राष्ट्रहरूको संख्या १९६ पुगेको छ ।

**अमेरिकाले यो महासन्धिलाई किन अनुमोदन गरेन ?**

विश्वभर प्रजातन्त्र र मानवअधिकारको वकालत गर्दै आएको संयुक्त राज्य अमेरिकाले भने यो महासन्धिलाई हालसम्म पनि अनुमोदन गरेको छैन ।

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धिको मूल उद्देश्य भनेको संसारभरका बालबालिकाको सुरक्षा गर्दै उनीहरूको हकअधिकारको सुनिश्चितता गर्नु हो । यो नै संसारको पहिलो महासन्धि हो, जसले बालबालिकाको अधिकारलाई सम्पूर्ण रूपमा सुनिश्चित गरेको छ । मूलतः यसले बालबालिकाको बाँच्न पाउने, उनीहरूको सुरक्षा र संरक्षण तथा सहभागिताको अधिकारलाई सुनिश्चित गरेको छ ।

बालबालिकामाथि भइरहेको हिंसा, दुर्व्यवहार तथा शोषण जस्ता अपराधजन्य घटनाबाट उनीहरूबाट मुक्त गर्ने ध्येय उक्त महासन्धिमा व्यवस्था गरिएको छ । सोही कारण अमेरिकाले यो महासन्धिलाई पूर्ण रूपमा अनुमोदन गर्न हिच्किचाएको हो ।

अहिले पनि कतिपय अमेरिकी राज्यमा विवाहका लागि न्यूनतम उमेर तोकिएको छैन, जसका कारण बालविवाहलाई रोक्न सकिएको अवस्था छैन । यो महासन्धिले बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण, न्यायपूर्ण समाज र अपांगता भएका बालबालिकाको अधिकारको सुनिश्चिततालाई समेत स्पष्ट रूपमा निर्देशित गरेको छ । अमेरिकाले भने यो महासन्धिलाई अनुमोदन गर्न नखोज्नुमा आन्तरिक र बाह्य दुवै कारण हुन सक्ने अनुमान गरिँदै आएको छ । एउटा कारण भनेको अमेरिकाले कुनै पनि कानुन वा सन्धि सम्झौताको पक्ष राष्ट्र भएपछि त्यसले व्यवस्था गरेका कानुनी पाटोलाई पूर्ण रूपमा कार्यान्वयन गर्न अमेरिका जिम्मेवार छ भन्ने पुष्टि गर्नु हो । अर्को कारण भनेको जसले यो महासन्धिलाई अनुमोदन गरिसकेका छन्, त्यसलाई अक्षरशः पालना गर्न नखोजेको भन्दै उनीहरूमाथि नैतिक दबाब सिर्जना गर्नु नै हो भनी बुझ्न सकिन्छ ।

**नेपालले तुरुन्तै अनुमोदन किन गऱ्यो ?**

२० नोभेम्बर १९८९ मा संयुक्त राष्ट्रसंघको ३०औं वार्षिक साधारणसभाबाट बालअधिकारसम्बन्धी महासन्धि पारित भएको थियो । यद्यपि, यो महासन्धि लागू हुन झण्डै १ वर्ष लागेको थियो । यो महासन्धि २ सेप्टेम्बरदेखि लागू भएको थियो ।

नेपालले यो महासन्धि लागू भएको १२ दिनपछि १४ सेप्टेम्बरमा अनुमोदन गरेको थियो । यसर्थ, बालअधिकारका विषयमा सैद्धान्तिक रूपमा अन्तर्राष्ट्रिय समुदायमा समेत आफ्नो प्रतिबद्धता कायम गर्ने सवालमा नेपाल अत्यन्तै प्रगतिशील देखिन्छ ।

खासगरी विक्रम सम्बत् ३० को दशक (२०३६ सालको विद्यार्थी आन्दोलन) पश्चात् नेपालमा मानवअधिकारसँगै बालअधिकारको आन्दोलनको सवालले संस्थागत रूपमै प्रवेश पाएको देखिन्छ । त्यतिन्जेल मानवअधिकारकर्मी पद्मरत्न तुलाधर, डा. मथुराप्रसाद श्रेष्ठलगायत थुप्रै अधिकारकर्मीहरूको नेतृत्वमा अगाडि बढ्दै गरेको मानवअधिकारको आन्दोलनसँगै विद्यार्थी राजनीतिका अगुवा गौरी प्रधानलगायतका विद्यार्थी नेतृत्वले बालअधिकारको बिषयलाई नेपाल समाजमा प्रवेश मात्र गराएनन्, उनीहरूले नेपालमा मानवअधिकारसँगै बालअधिकारको बिषयलाई समेत छुट्टै र विशिष्ट ढंगले स्थापित गराउन सफल भए ।

प्रधानले त दक्षिण एसिया स्तरीय अन्तर्राष्ट्रिय सम्मेलनमा बालश्रमको बिषयमा नेपालको परिवेश र स्थिति विश्लेषणसहितको अध्ययन प्रतिवेदन प्रस्तुत गरेका थिए भने नेपालभित्र पनि बालअधिकारको अवधारणाका बारेमा छलफल चलाइसकेका थिए । त्यससँगै आजभन्दा ३७ वर्ष अगाडि प्रधानकै नेतृत्वमा नेपालमा सन् १९८७ मा बालअधिकारको बिषयमा संस्थागत रूपमा काम गर्न भनेर नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन-नेपाल)को स्थापना भएको देखिन्छ । यसले बालअधिकारको मुद्दालाई नीतिगत र नागरिक तहसम्म पनि सैद्धान्तिक बहसको विषय बनाउन भने सफल भएको छ । यद्यपि, यो विषयमा नेपालले गरेका उपलब्धिसँगै चुनौती चाहिँ बाँकी नभएका भने होइनन् ।

**चुनौती विद्यमान**

नेपालमा बालअधिकारको क्षेत्रमा सैद्धान्तिक र कतिपय व्यावहारिक रूपमा समेत थुप्रै उपलब्धि भएका छन् । झण्डै ४ दशक लामो बालअधिकार अभियानले धेरै नीतिगत र संस्थागत कार्यलाई अगाडि बढाएको देखिन्छ भने तुलनात्मक स्थिति विश्लेषण गर्दा पनि नेपाली बालबालिकाको अवस्थामा केही बद्लाव आएको देखिन्छ ।

मूलतः औपचारिक क्षेत्रमा विद्यमान बालश्रमको लगभग अन्त्य भएको छ भने बालश्रम कानुनी रूपराध हो भन्ने बुझाइ आमरूपमा हुन थालेको छ ।

विद्यालय भर्ना हुने बालबालिको संख्यामा थुप्रै सुधार आएको देखिए पनि विद्यार्थी भर्नाको संख्याको तुलनामा माध्यमिक तहसम्मको कक्षा पूरा गर्ने संख्यामा अझै उल्लेखनीय उपलब्धि हासिल हुन सकिरहेको छैन ।

नेपालको बालअधिकारको अवस्था अत्यन्तै सन्तोष गर्ने अवस्थामा अझै पनि पुग्न नसकेको बरिष्ठ बालअधिकारकर्मी गौरी प्रधान पनि स्वीकार्छन् । उनी भन्छन्, 'यसको उपलब्धिको कुरा गर्दा एकदमै सन्तोष गर्ने अवस्थामा छैन, यो विकसित हुँदै गरेको अवस्थामा छ । निरन्तर प्रगति गरिरहेको अवस्थामा चाहिँ छ । सँगसँगै केही नयाँ चुनौतीहरू समेत थपिएका देखिन्छ ।'

प्रधानका अनुसार शिक्षामा सहभागिताको सवाल त्यतिञ्जेल ७० प्रतिशत पनि थिएन । अहिले झण्डै ९७ प्रतिशत पुगेको छ । यद्यपि, त्यहाँभित्र गुणस्तरीय शिक्षा प्राप्त गऱ्यो कि गरेन, त्यस विषयमा समीक्षा गर्न सकिन्छ । नेपालमा बालश्रममा संलग्न बालबालिकाको संख्या ३० लाखको हाराहारीमा भएको तथ्यांक सन् १९९६ मा गरिएको एक अध्ययनले देखाएको थियो । त्यसमा पनि उल्लेखनीय प्रगति भएको देखिन्छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले सार्वजनिक गरेको बालश्रमको स्थिति प्रतिवेदनअनुसार सन् २०१८ सम्ममा ११ लाख श्रमिक बालबालिकाको तथ्यांक देखिन्छ ।

सरकारले सन् २०३० सम्ममा सबै खालका बालश्रमको अन्त्य गर्ने लक्ष्यसहित गुरुयोजनासमेत ल्याएको छ तर त्यसलाई व्यवस्थित रूपमा सम्पन्न गर्न सकिरहेको छैन ।

**'बालबालिका राष्ट्रिय गौरव हुन्'**

बालबालिका राष्ट्रिय गौरव हुनुका मूलभूत आधारहरू यस्ता छन् ।

**क. जनसंख्याको आधारभूत र महत्त्वपूर्ण हिस्सा**

नेपालमा अहिले पनि १८ वर्षमुनिको जनसंख्या झण्डै ३६ दशमलव २७ प्रतिशत छ । जानसांख्यिक लाभांशको दृष्टिकोणले राष्ट्रको निम्ति यो एउटा सुनौलो अवसर पनि हो । यदि हामीले आजदैखि घरपरिवार, समुदाय, समाज र राष्ट्र सबैले बालबालिकाको हितका निम्ति भरपर्दो र सम्बर्द्धन गर्न थाल्यौं भने देशको समृद्धि र समुन्नतिको सपना छिट्टै पूरा गर्न सकिन्छ ।

**ख. बालबालिकामाथिको लगानी सार्थक र उत्पादनशील**

कुनै पनि क्षेत्रमा गरिएको लगानीको सबैभन्दा बढी फिर्ता पाउन परिवार, समाज र सिंगो राष्ट्रलाई सक्षम, सबल र दिगो हुनुपर्छ । यसर्थ पनि बालबालिकाको निम्ति भएका लगानी कम्तीमा पनि १० दोब्बरले फिर्ता हुने विभिन्न अध्ययनहरूले देखाएका छन् ।

**ग. बालबालिकाको शिक्षा सर्वांगीण राष्ट्रिय विकासको आधार**

बालबालिकाको शिक्षा, सीप र विकासमा पर्याप्त लगानी गर्न सकेमा त्यसले व्यक्ति, परिवार र समाजलाई नै बृहत्तर हित प्रदान गर्छ । यससम्बन्धी अध्ययनका प्रमाणहरूले बालबालिकालाई पढाइ छाड्ने बाध्यताबाट १ वर्ष मात्र जोगाउन सके पनि भाविष्मा ५ देखि १० प्रतिशतसम्म शिशु मृत्यु दर घटाउन सकिन्छ ।

**घ. बालबालिकामाथिको लगानीबाट अदृश्य लागत तथा बृहत् आर्थिक क्षति कम**

विश्व बैंकको तथ्यांकअनुसार जुन देशमा बालविवाहको अवस्था गम्भीर छ, त्यस देशले औसतमा आफ्नो वार्षिक आम्दानीको कम्तीमा पनि १ प्रतिशत गुमाएको छ । बालविवाहका कारण हरेक वर्ष संसारमा खर्बौं डलरको नोक्सानी भइरहेको छ । त्यसैले बालबालिकामाथि लगानी गर्नु जरुरी छ ।

**ङ. बालबालिकाका निम्ति लगानी ू दिगो विकास र उत्पादनशील लाभको बलियो आधार**

प्रारम्भिक बाल अवस्थामा गरेको लगानीले परिवार र देशलाई ६ देखि १७ गुणासम्म बढी उपलब्धि आर्जन हुन सक्छ ।

**च. बालबालिका राष्ट्रिय सुरक्षाका महत्त्वपूर्ण अंश**

मानव सुरक्षाबिना कुनै पनि देशको राष्ट्रिय सुरक्षा सम्भव हुन सक्दैन । बालबालिकाको सम्पूर्ण सुरक्षाको प्रत्याभूतिले अन्ततः राष्ट्रिय सुरक्षाको जग बलियो हुन्छ । कमजोर युवा पुस्ताले देशको भार थेग्न गाह्रो हुन्छ । त्यसैले राष्ट्रिय सुरक्षा भनेको बालबालिकाको सुरक्षा र हित पनि हो ।

**छ. बालबालिका र पर्यावरण संरक्षण**

बालबालिका र पर्यावरणको संरक्षण र विकाससँग नजोडिएका कुनै पनि विकास तथा विस्तारहरू यथार्थमा दिगो र सबल हुन सक्दैन । त्यसैले बालबालिकालाई आजैदेखि पर्यावरण संरक्षण, जलवायु परिवर्तनका बिषयमा सचेत बनाउन उपयुक्त शिक्षा र सूचनाहरू प्रदान गर्नुपर्छ ।

**ज. बालबालिका शान्ति क्षेत्र**

बालबालिका देशको एक संवेदनशील समुदाय भएकाले उनीहरू सबैखाले द्वन्द्व र हिंसाबाट जोगिनुपर्छ । समाजमा हुने जस्तोसुकै द्वन्द्व होस्, त्यसलाई सम्वाद र वार्ताको माध्यमबाट शान्तिपूर्ण रूपान्तरणको प्रक्रियामा अगाडि बढाउनुपर्छ ।

**झ. स्थानीय, क्षेत्रीय र राष्ट्रिय विकासका पूर्वाधार**

विकासलाई दिगो बनाउन स्थानीयदेखि क्षेत्रीय एवं राष्ट्रिय स्तरमा बालबालिकाका आधारभूत अधिकारलाई सुनिश्चित गर्ने खालका विकासका कार्यक्रम अगाडि सार्नुपर्छ । बालबालिकालाई केन्द्रबिन्दु बनाई कार्यान्वयन गरिएका विकासका कार्यक्रमहरूले सबै तहमा दिगो विकासको जरा बसाउँछ ।

**ञ. 'समृद्ध नेपाल : सुखी नेपाली'को जग**

बालबालिकाको संरक्षण र सम्बर्द्धन नै वास्तवमा 'समृद्ध नेपाल : सुखी नेपाली'को बलियो जग हो । बालबालिकाको हकहित र संरक्षणको बिषयलाई पर सारेर कुनै पनि देश सफल, सबल र विकसित हुनै सक्दैन । त्यसैले जस्तोसुकै संकटको घडीमा पनि बालबालिकामाथिको लगानीमा कुनै पनि देशले कन्जुस्याइँ गर्नु हुँदैन ।



We take care of your
INTEREST
with our loan products.
AGRICULTURE
HOME
PERSONAL
BUSINESS
The true worth of money is when you can have it, when you need it the most.
Come to Goodwill for your loan needs and we will take care of it.
गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था
Corporate Office
Hattisar, Kathmandu, P. O. Box: 8867
Tel: 4544039, Fax: 4543414
Email: info@goodwill.net.np
Branches
Dillibazar 4522290 · Indrachowk 5329554 · Bhaktapur 6620067 · Kumaripati 5408690 · Tripureshwor 5331533 · Nayabazar 5910738 · Itahari, Sunsari 025-587051 · Birtamod 023-530548 · Nepalgunj 081-532056
Ghorai, Dang 082–563350 · Ilam 027-520949 · Phidim 024-523068 · Butwal 071–537282 · Bardibas 044–550102 · Dhangadi 091-417357 · Nawalpur 046-570060 · Gaindakot 078-501411 · Bhairahawa 071-590963
www.goodwillfinance.com.np
financing for success..... since 1995

नेपालको पहिलो र सर्वाधिक घातक रोगहरू विरुद्ध आर्थिक सुरक्षा दिने जीवन बीमा कम्पनी
३५ वटा घातक रोगहरू विरुद्ध
रू ५० लाख सम्मको आर्थिक सुरक्षा सहितका योजनाहरू
क्यान्सर जस्ता घातक रोगको विरुद्ध लड्न आवश्यक ३ अस्त्र:
इच्छा शक्ति
आर्थिक तयारी
उत्कृष्ट उपचार
"उज्वल भविष्यको लागि आजैदेखि संगसंगै यात्रा आरम्भ गरौं ।"



SuryaJyoti
जीवनको लागि
facebook.com/suryajyotiofficial
www.suryajyotilife.com

# युवाको विदेश पलायन : बाध्यता कि रहर ?



■ मुकुन्द लामिछाने

> राजनीतिक अस्थिरता र कमजोर प्रशासनले देशको विकासमा अवरोध पुऱ्याएको छ । प्रभावकारी नीति र योजना नभएकाले युवाहरूको भविष्यप्रति निराशा बढेको छ । देशभित्र न रोजगारी छ, न त उद्यमशीलता विकासका लागि प्रोत्साहन

नेपाल एक कृषिप्रधान देश हो, जहाँ २१औं शताब्दीको सूचना प्रविधि र ग्लोबलाइजेसनले नयाँ सम्भावनाहरू खोलेको छ । तर, नेपाली युवा विदेश पलायनको दर दिनप्रतिदिन बढिरहेको छ । हरेक वर्ष लाखौं नेपाली युवा रोजगारी, अध्ययन र भविष्यको खोजीमा विदेश जाने क्रम जारी छ ।

यो समस्या देशको सामाजिक, आर्थिक र राजनीतिक अवस्थासँग प्रत्यक्ष सम्बन्धित छ । यो लेखमा विदेश पलायनका प्रमुख कारण, यसको प्रभाव र समाधानका उपायहरूबारे छलफल गरिने छ ।

## विदेश पलायनका कारणहरू

### १. रोजगारीको अभाव

नेपालमा शिक्षित युवाहरूको संख्या बढ्दै गएको भए पनि, रोजगारीका अवसर भने न्यून छन् । शिक्षाको गुणस्तर र रोजगारदाताले खोज्ने सीपबीच मेल नखाने हुँदा युवा विदेश पलायन हुन बाध्य हुन्छन् । खासगरी नेपालमा स्थायी र व्यवस्थित रोजगारी पाउन कठिन छ, जसले गर्दा युवा खाडी देशहरू, मलेसिया, कोरिया र अन्य देशतर्फ आकर्षित भइरहेका छन् ।

### २. आर्थिक असमानता

नेपालमा गरिबीको स्तर अझै उच्च छ । ग्रामीण क्षेत्रका युवाहरूले शहरमा राम्रो काम पाउन संघर्ष गर्नुपर्छ । परिवारलाई आर्थिक सहयोग पुऱ्याउन, उनीहरू विदेश जान बाध्य हुन्छन् । विशेषगरी, खाडी मुलुकहरूमा काम गरेर कमाएको पैसा परिवारको जीविकोपार्जन र छोरा-छोरीको शिक्षामा खर्च गर्न सकिन्छ ।

### ३. शैक्षिक अवसरको खोजी

नेपालमा उच्च शिक्षाको सीमितता र गुणस्तरप्रति असन्तुष्टि छ । विज्ञान, प्रविधि र व्यवस्थापन जस्ता विषयमा उच्चस्तरीय शिक्षा प्राप्त गर्न चाहने विद्यार्थी विदेशमा अवसर खोज्छन् । साथै, धेरैले विदेशमा अध्ययन गर्न गएकै आधारमा रोजगारी पाउन सजिलो हुने अपेक्षा राख्छन् ।

### ४. राजनीतिक अस्थिरता

राजनीतिक अस्थिरता र कमजोर प्रशासनले देशको विकासमा अवरोध पुऱ्याएको छ । प्रभावकारी नीति र योजना नभएकाले युवाहरूको भविष्यप्रति निराशा बढेको छ । देशभित्र न रोजगारी छ, न त उद्यमशीलता विकासका लागि प्रोत्साहन ।

### ५. ग्लोबलाइजेसन र सामाजिक प्रभाव

ग्लोबलाइजेसनके कारण युवाहरू पश्चिमी जीवनशैलीतर्फ आकर्षित भइरहेका छन् । उनीहरू आधुनिक जीवन जिउने र राम्रो अवसर पाउने आशामा विकसित देशहरूतर्फ जान चाहन्छन् । साथै, विदेश गएका साथीहरू र आफन्तको प्रभाव पनि यो निर्णयमा ठूलो भूमिका खेल्छ ।



## विदेश पलायनका प्रभावहरू

### १. आर्थिक पक्ष

विदेशमा काम गर्ने नेपालीहरूले पठाउने रेमिटचान्स नेपालको अर्थतन्त्रको प्रमुख आधार हो । यसले देशको गरिबी घटाउन सहयोग गरे पनि दीर्घकालीन रूपमा उत्पादनशीलता र सृजनात्मकतामा नकारात्मक असर पर्छ । देशमा युवाशक्ति घट्दै जानु देशको विकासका लागि ठूलो चुनौती हो ।

### २.सामाजिक पक्ष

विदेश पलायनले समाजमा पारिवारिक विखण्डनको समस्या ल्याएको छ । लामो समय विदेशमा बसेका कारण पारिवारिक सम्बन्धमा टाढापन बढेको छ । विशेषगरी, बुबा-आमाको स्याहार गर्ने र छोरा-छोरीको भविष्य सुनिश्चित गर्ने जिम्मेवारी चुनौतीपूर्ण बन्दै गएको छ ।

### ३. सांस्कृतिक पक्ष

विदेशमा लामो समय बिताएका युवा आफ्नो पहिचान र संस्कृति बिर्सने जोखिममा हुन्छन् । उनीहरूमा नेपाली भाषाप्रति कम झुकाव र पश्चिमी संस्कृतिप्रति बढी आकर्षण हुने सम्भावना रहन्छ ।

### ४. देशको विकासमा प्रभाव

देशभित्र दक्ष जनशक्तिको अभावले विकासका कार्य प्रभावित हुन्छन् । विशेषगरी, शिक्षित र दक्ष युवा विदेश जानु देशको प्रगतिमा ठूलो बाधक बनेको छ ।

## समाधानका उपायहरू

### १. रोजगारी सिर्जना

सरकारले युवालाई रोजगारी दिन सक्ने परियोजनाहरू ल्याउनुपर्छ । कृषि, पर्यटन र साना उद्यमहरूलाई प्रवर्द्धन गरेर देशभित्रै रोजगारी सिर्जना गर्न सकिन्छ ।

### २. शिक्षा प्रणालीमा सुधार

शिक्षा प्रणालीलाई व्यावसायिक बनाउनु आवश्यक छ । व्यावसायिक तालिम र प्राविधिक शिक्षाको प्रवर्द्धनले युवा स्वरोजगार बन्ने सम्भावना बढाउँछ ।

### ३. उद्यमशीलताको प्रोत्साहन

युवाहरूलाई उद्यमशीलता र व्यवसायमा लाग्न सहुलियत ऋण र प्रोत्साहन दिनुपर्छ । सरकारी र निजी क्षेत्रले संयुक्त रूपमा युवा उद्यमीहरूलाई प्रोत्साहन गर्न योजना ल्याउनुपर्छ ।

### ४. राजनीतिक स्थिरता र सुशासन

राजनीतिक स्थिरता र प्रभावकारी प्रशासनले युवाहरूको विश्वास जित्न सक्छ । युवाहरूलाई देशमै बस्ने वातावरण बनाउन सरकार जिम्मेवार हुनुपर्छ ।

### ५. परामर्श र सचेतना कार्यक्रम

विदेश जानुअघि, युवाहरूलाई सही परामर्श दिने र विकल्पहरूको बारेमा जानकारी गराउने कार्यक्रम आवश्यक छ । देशमै रहँदा हासिल गर्न सकिने सम्भावनाहरूबारे उनीहरूलाई सचेत पार्नुपर्छ ।

## निष्कर्ष

नेपालबाट युवाहरूको विदेश पलायन गम्भीर चुनौती हो तर यो समस्या समाधान गर्न सकिन्छ । यसका लागि सरकार, निजी क्षेत्र र नागरिक समाज सबैले मिलेर काम गर्नुपर्छ । देशभित्रै रोजगारीका अवसर सिर्जना गरी युवाहरूलाई आफ्नो दक्षता र प्रतिभा प्रयोग गर्न प्रेरित गराउनुपर्छ । विदेश पलायनलाई दीर्घकालीन समाधान दिन सकियो भने मात्र देशको समृद्धि सम्भव हुने छ ।

नेपालका युवाहरू आफ्नो माटोमै खुसी र सफल बन्न सकून् भन्ने लक्ष्यमा सबै लाग्नुपर्छ । तिनै युवाशक्ति देशको भविष्यको जग हो ।

